# सगरमाथा पुत्र
# तेञ्जिङ नोर्गे शेर्पा



निमा छिरिङ शेर्पा

# सगरमाथा पुत्र

## तेन्जिङ नोर्गे शेर्पा

निमा छिरिङ शेर्पा

* प्रकाशक – तेन्जिङ ल्होडु शेर्पा
होटल शेर्पा इण्टरनेशनल, दार्जीलिङ
फोन नं° ९४३४३२९१७४

* संस्करण– प्रथम (१०००प्रति) २००९

* मूल्य– भा° रु° २००
ने° रु° ३५०

* सर्वाधिकार– लेखकसित

* लेजर सेटिङ्ग – सिस्टम्याटिक कम्प्युटराइड अफसेट प्रिन्टर्स, दार्जीलिङ

* मुद्रक– सिस्टम्याटिक डिजाइनर्स एण्ड प्रिन्टर्स प्रा° लि°,
युनिटी बिल्डिङ, सेभोक रोड,सिलगढ़ी।

# समर्पण



*ती सबै शेर्पा पर्वतारोहीलाई*

*जसले सगरमाथाको चोटीमा आफ्ना पदचिन्ह छोड़े*

# प्रस्तावना




नेपाली साहित्यमा आफूले चासो लिन थालेको समयदेखि नै तेन्जिङ नोर्गे शेर्पाको जीवनी लेख्ने इच्छा थियो। त्यो पूरा भयो। तथागत, गुरू रिम्पोछे र जाम्पे याङको आशीर्वादले यो सम्भव भयो।

कुनै पनि पुस्तक लेख्नअघि लेखकलाई एउटै चिन्ताले सताउँछ। पुस्तक लेखिसिध्याएर प्रकाशक पाएन भने? पुस्तकको महत्त्व बुझेर औ त्यसको प्रकाशन हाम्रो समाजको लागि अनिवार्य सम्झेर कुनै उदार महानुभावले प्रकाशनको अभिभारा काँध लिइहाले तापनि पाठकको नगण्य संख्या सम्झेर हामी पहिले नै हतास भइसकेका हुन्छौं। पुस्तक सित्तैँ पाएर पनि केही नपढ़ी पुस्तक थन्काइराख्ने शिक्षित व्यक्तिहरूको संख्या बढ़दै गइरहेको कुरा

लेखकहरूको लागि ठूलो चिन्ताको विषय बन्न गएको छ। यसकारण पुस्तक–प्रकाशनमा आफ्नो पूँजी लाउने मूर्खता कोही गर्न चाहँदैन।

पुस्तक आरम्भ गर्नअघि मैले होटल शेर्पा इण्टरनेशनलका मालिक श्री तेञ्जिङ ल्होडुसित कुरा गरें। उहाँले भन्नुभयो, ''तेञ्जिङ नोर्गे शेर्पाको जीवनी नेपालीमा लेखिनु र यसको प्रचार–प्रसार हाम्रो शेर्पा समाजमा हुनु अत्यावश्यक छ। तपाईं पुस्तक लेख्नुहोस्। जतिसुकै खर्च लागोस्, प्रकाशनको भारा म लिनेछु।''

आश्वासन पाएर लेख्न थालें। चार महीनामा सिध्याउन सकें। तेञ्जिङ नोर्गे शेर्पाको आत्म कथा (दुइ भाग) र एभरेष्ट आरोहणबारे अन्य पुस्तकको म आभारी छु। प्रबुद्ध पाठकको सकारात्मक प्रतिक्रियाबाट लेखक र प्रकाशकले अवश्य प्रोत्साहन पाउनेछन्।

## विषय क्रम


| | | |
|---|---|---|
| १. | जन्मस्थल सोलुखुम्बु र बाल्यकाल | – १ |
| २. | दार्जीलिङ | – ११ |
| ३. | प्रथम एभरेष्ट अभियान | – १७ |
| ४. | दोस्रो एभरेष्ट अभियान र अन्य अभियान | – २० |
| ५. | जीवनको नवप्रभात र केही विजय केही पराजय | – ३० |
| ६. | तिब्बत यात्रा | – ३६ |
| ७. | नेपाल र गढ़वाल अभियान | – ४१ |
| ८. | नंगा पर्वत | – ४६ |
| ९. | नन्दा देवी र काङपिक | – ५२ |
| १०. | स्वीससित एभरेष्ट अभियान | – ५७ |
| ११. | हेमन्तमा स्वीससित अर्को एभरेष्ट अभियान | – ६४ |
| १२. | सातौं एभरेष्ट अभियान | – ६९ |
| १३. | सपना साकार भयो | – ८२ |
| १४. | तेञ्जिङ जिन्दावाद | – ९१ |
| १५. | जीवनको अर्को घुम्ती | – १०२ |
| १६. | हिमालयन माउण्टेनियरिङ इन्स्टिट्यूट | – १०७ |
| १७. | अन्तिम यात्रा | – १२१ |
| १८. | पर्वतारोहण र शेर्पा | – १२६ |

# जन्मस्थल सोलुखुम्बु र बाल्यकाल



तिब्बतको खाम क्षेत्रको साल्मोगाङदेखि प्रायः १३०० माइल टाढ़ा दक्षिणमा स्थित नेपालको खुम्बुमा १५३० ईश्वीमा शेर्पाहरू आइपुगेका थिए। हिंस्रक पशुहरूले भरिपूर्ण दुर्गम जंगल फाँड़दै चौरी र ससाना केटाकेटीहरू डोस्याउँदै हिंड़नुपर्ने विवशताको वास्ता नगरी गन्तव्य स्थानमा पुग्नलाई कम्मर कसेका शेर्पाहरूको यात्रा प्रायः पचास वर्षमा पूर्ण भएको अनुमान मानव शास्त्रीहरूको छ। साल्मोगाङदेखि नेपाल बसाइँ सरेका शेर्पाहरूको अर्को जमात सोलुमा १५५३ ई० मा आइपुगेको थियो। डा० रमेशराज कुँवरअनुसार शेर्पाहरू सोलुखुम्बुमा आउनअघि त्यहाँ राईहरू बस्थे।

खुम्बु १२००० फीटदेखि १४००० फीटसम्मको उँचाइमा अवस्थित छ भने सोलु ८००० फीटदेखि १००० फीटसम्मको उँचाइमा अवस्थित छ। बहुसंख्यक शेर्पाहरूलाई सोलु–फारक–खुम्बुको सीमित क्षेत्रमा पाइन्छ। जनसंख्याको वृद्धिको कारण र खेतीपातीबाहेक जीवन–निर्वाहका अन्य साधनहरू खोज्ने क्रममा सोलु–खुम्बुका शेर्पाहरू नेपालभित्रकै सिन्धुपालचोक, ओखलढुंगा, दोलाखा,रामेछाप, काठमाड़ौ अनि भारतका पहाड़ी क्षेत्र र भोटाङतिर देशान्तरण भएका छन्। बीस हजारभन्दा केही अधिक शेर्पाहरू यूरोप र उत्तर अमेरिकाका नागरिक भइसकेका छन्।

तेन्जिङ नोर्गेका बाबु घाङला मिङमा र आमा किन्जोम थामेका निवासी



थिए। उनीहरूका सातजना छोरा र छःजना छोरी जन्मे। तेन्जिङ नोर्गेको जन्म १९१४ ईस्मा उनीहरूको एघारौं सन्तानको रूपमा भएको थियो। किन्जोम तीर्थ यात्रामा जाँदा मकालु पर्वतछेउको 'साछु' (तातो पानी) नामक स्थानमा तेन्जिङ नोर्गेको जन्म भएको थियो। गाउँले शेर्पा पुरोहितले एघारौं नानीको नाम नामग्याल वाङ्दी राखे।

एक दिन रोङबुक गुम्बाका एकजना विद्वान लामा घाङला मिङमाको घर आए। किन्जोमको काखको नानीलाई देखेर लामाको मनमा नानीको नाम जान्ने उत्सुकता जागृत भयो। उनले किन्जोमलाई सोधे, ''छोराको नाम के हो?''

''नामग्याल वाङ्दी,'' किन्जोमको संक्षिप्त उत्तर।

लामाले भने,''छोराको उज्ज्वल भविष्य देख्दा उसलाई यो नाम उपयुक्त भएन। उसलाई अर्कै नाम दिनुपर्छ।''

लामाको कुरा सुनेर घाङला मिङमा र किन्जोमको दृष्टि जुध्यो, दुवै मुसुक्क हाँसे अनि त्यतिञ्जेल मौन घाङला मिङमाले भने, ''तपाईंको विचारमा जुन नाम ठीक लाग्छ त्यही नाम दिनुहोस्, लामा ला।''

झोलादेखि एउटा धर्मग्रन्थ निकालेर लामाले त्यसका पृष्ठहरू ध्यानपूर्वक पल्टाउन थाले औ एउटा पृष्ठ दृष्टिगोचर भएपछि त्यसैमा उनको मनोयोग केन्द्रित भयो। घाङला मिङमाले इशाराद्वारा लामाको प्यालामा चिया थपिदिने आग्रह किन्जोमलाई गरे। लामाले प्यालाको चिया सिध्याएपछि किन्जोमले लामाको प्यालामा फेरि चिया भरिदिइन्। लामाले किन्जोमलाई 'अब चिया पर्दैन' भन्ने संकेत दिएर धर्मग्रन्थको त्यो विशेष पृष्ठमा केही क्षण घोरिएर भने, ''केही समयअघि सोलुखुम्बुमा एउटा अति धनी व्यक्तिको देहान्त भएको थियो। तपाईंहरूको यो छोरा उनै व्यक्तिको पुनर्जन्म हो। यो छोराको नाम तेन्जिङ नोर्गे उपयुक्त छ। विश्वप्रसिद्ध व्यक्ति हुनेछ।''

''तेन्जिङ नोर्गेको अर्थ बताइदिनुहोस् न, लामा ला,'' पति–पत्नीले प्रसन्न मुद्रामा संयुक्त अनुनय गरे।

आदेशात्मक रवाफिलो स्वरमा लामाले भने, ''तेन्जिङको अर्थ हो धर्मपरायण औ नोर्गेको अर्थ धनी वा भाग्यशाली हो। आजदेखि यो नानीलाई यही नामले बोलाउनुहोस्।''

विदा लिनलाई लामा आसनदेखि उठे। घाङला मिङमाले र किन्जोमले लामाको चरणमा ढोगेर उनीप्रति आफ्नो असीम श्रद्धा र कृतज्ञता प्रदर्शित गरे। घरदेखि बाहिर निस्कनअघि लामाले तेन्जिङ नोर्गेको शिरमा हात राखेर मौन आशीर्वाद दिए।

लामा गइसकेर किन्जोमले भनिन्, ''साछु गुम्बाका लामाहरूको भविष्यवाणी र यो लामाको भविष्यवाणी ठीक मिल्यो, हगि?''

''हो'' छोटो स्वीकृतिसूचक उत्तर दिएर घाङला मिङमा घरदेखि बाहिर निस्के औ खेततिर लागे।

सोलु–खुम्बुका प्रायः सबै शेर्पा घरहरू ढुंगाले बनेका दुइतले थिए। ढोका, झ्याल र छाना सबै काठका हुन्थे। झ्यालमा गिलास लाउन शेर्पा सिकर्मीहरूले जानेका थिएनन्, न झ्यालका निम्ति गिलास किन्ने शेर्पाहरूको आर्थिक क्षमता नै थियो। तल्लो तलामा पशुहरू र अन्नबाली राखिन्थे भने माथिल्लो तल्लामा शयनकक्ष, भान्साकोठा र शौचालय हुन्थे।

शेर्पाहरूको मुख्य खेती ८००० फीट–१०००० फीटको उँचाइमा गहुँ अनि त्यहाँदेखि मास्तिर १४००० फीटसम्मको उँचाइमा जौ र आलु हुन्। शेर्पाहरू भेड़ा, बाखा र चौरी पाल्छन् तापनि चौरी उनीहरूको लागि सबभन्दा महत्त्वपूर्ण हो। चौरीबाट सोलुखुम्बुका शेर्पाहरूलाई न्यानो लुगा, जुत्ता, मल, दूध, घिउ, छुर्पी र कहिले काहीँ मासु प्राप्त हुन्थ्यो। सोलु–खुम्बुमा आलुको उब्जनी सर्वाधिक हुन्थ्यो। आलुको खेती सर्वप्रथम सोलु–खुम्बुको फोर्चेमा १८५० ई० देखि शुरू भएको थियो। १८३० ई० को दशकमा डा० क्याम्प बेल काठमाडौंमा ब्रिटिशकालीन भारत सरकारका रेजिडेण्टको रूपमा कार्यरत हुँदा जर्ज बोगल र ह्यामिल्टनले इंगल्याण्डदेखि प्रशस्त आलुको बीउ ल्याई काठमाडौंमा बाँड़ेका थिए। फोर्चेका शेर्पा किसानहरूले काठमाड़ौंदेखि नै आलुको बीउ ल्याएर आलुको खेती शुरू गरेको अनुमान विद्वानहरूले लाएका छन्।

बालक तेन्जिङ नोर्गेको लागि संसार एकदमै सानो थियो किनभने आमाबाबु, दाज्यूभाइ, दिदीबहिनी, गाउँ, खेत, चौरी र चरनभूमि, वरिपरिका पर्वत र दूधकोशी नदीबाहेक उनले अरू केही देखेका थिएनन्। उमेर छिप्पिँदै जाँदा उनले सुनेको सबभन्दा पहिलो नाम थियो 'तिब्बत'। आफ्ना आमाबाबु र घरमा बेला बेलामा आउने लामाहरूको गफमा तिब्बत र पवित्र ल्हासाको उल्लेख अधिकांश हुन्थ्यो। उत्तरमा स्थित पर्वत श्रृंखलामा सबभन्दा अग्लो पर्वतको नाम 'छोमोलुङमा' हो भनी

आमाबाबु र गाउँका ठूलाहरूले चिनाएका थिए। बौद्ध भएको नाताले ल्हासाको तीर्थयात्रामा जाने उनका आमाबाबुको इच्छा थियो तर ल्हासा निकै टाढ़ो भएकोले र यात्रा खर्च जुटाउन नसकेकाले गरीब दम्पतिको इच्छा आजन्म पूरा भएन।

घाङला मिङमा साह्रै गरीब थिए तर लामाहरूले भविष्यवाणी गरे झैं तेन्जिङ नोर्गे परिवारको लागि भाग्यमानी सिद्ध हुन थाले। तेन्जिङ नोर्गे जन्मेको पहिलो वर्षमा नै उनीहरूको चौरी गोठमा एक सयवटा चौरीको जन्म भयो। उनीहरूको आर्थिक अवस्थामा क्रमशः सुधार हुन थाल्यो। कालान्तरमा उनीहरूका चौरीको संख्या चार सयसम्म पुग्यो। चौरीसहित उनीहरूका प्रशस्त भेड़ा थिए। आलु र जौको उप्जनीमा पनि वृद्धि हुँदै गयो। सानो घरमा रहने ठूलो परिवारलाई आवश्यक परेका खाद्य र अन्य सामग्री आफ्नै खेत अनि भेड़ा र चौरीबाट प्राप्त हुन्थ्यो। केवल तिब्बतको सुकेको मासु र भारतको नून चाहिएको खण्डमा आफ्नै खेतका अन्नबालीसित साटिन्थे।

त्यति बेला सोलु–खुम्बुमा औपचारिक आधुनिक शिक्षा प्रदान गर्ने प्राथमिक पाठशाला पनि स्थापित भएको थिएन र छोराछोरीलाई लामा वा लमिनी बनाउन गुम्बा पठाउनुबाहेक आमाबाबुको लागि अरू कुनै विकल्प थिएन। यसकारण लामो विचारविमर्शपछि घाङला मिङमा र किन्जोमले छोरा तेन्जिङ नोर्गेलाई थ्याङबुचे गुम्बा पठाउने निर्णय गरे। छोरालाई गुम्बामा भर्ना गरेर घर फर्कंदा ती दुइ जुन सीमासम्म हर्षित थिए, त्यतिकै विषादमा उनीहरू डुबेका थिए आफ्नो भाग्यमानी छोरा आफ्ना दृष्टि र स्नेहदेखि अनेक वर्षसम्म दूर रहने कल्पनाको कारण।

गुम्बाको नियमअनुसार तेन्जिङ नोर्गेको केश खौरने काम सर्वप्रथम भयो। त्यसपछि उनले विद्यार्थीको भेष धारण गरे। 'विद्यार्थीको जीवन सुनौलो जीवन हो' भन्ने उक्ति गुम्बामा तेन्जिङ नोर्गेको प्रारम्भिक दिनहरूबाट प्रमाणित भयो। विभिन्न स्थानहरूबाट एकत्र भएका अनेक अपरिचित समवयस्क सहपाठीहरूसित सम्पर्क अनि गुरूहरू र वरिष्ठ विद्यार्थीहरूको स्नेहपूर्ण व्यवहार उनको लागि लामा बन्नमा ठूलो प्रेरणा थियो। तर थ्याङबुचे गुम्बामा तेन्जिङ नोर्गेका आनन्दमय दिनहरू अस्थायी थिए। जसरी केही विश्वप्रसिद्ध व्यक्तिको जीवनमा एउटा सानो घटना जीवनको आवर्त्त विन्दु सिद्ध भएको पाइन्छ उसरी थ्याङबुचे गुम्बाका एक शिक्षकको तेन्जिङ नोर्गेप्रतिको निर्मम व्यवहारले तेन्जिङ नोर्गेको जीवनलाई सही अपेक्षित दिशातिर मोड़ेको थियो। गुम्बामा भर्ना भएको केही समयपछि तेन्जिङ नोर्गेको एउटा सानो भूलमा क्रुद्ध भएर एकजना शिक्षकले उनको शिरमा एउटा तख्ताद्वारा

प्रहार गरे। त्यो प्रहारको प्रतिक्रियास्वरूप उनी तुरन्तै घर गए। मलीन अनुहारमा छोराको आकस्मिक गृह प्रवेशले आमा बाबुलाई क्षणभर असमञ्जसमा पार्‍यो। दुवैजनाले एक–अर्कालाई हेरे अनि किन्जोमले केही प्रश्न गर्न आँटेकी मात्र थिइन्, तेञ्जिङले भने, ''आमा, अब म फर्केर गुम्बा जाँदिनँ। मलाई गुम्बा जान कर नलाउनुहोस्।''

अन्तिम शब्द बोल्दा बोल्दै तेञ्जिङका नयनयुगलबाट बहेका अश्रुधारा आमाबाबुको दृष्टिमा पर्‍यो। छोरालाई आलिंगनमा लिएर किन्जोमले सोधिन्, ''किन त्यसो भन्दैछौ, नानी? के चाहिँ भयो, राम्ररी भन।''

तेञ्जिङले सविस्तार गुम्बामा भएको घटना सुनाए अनि आमाबाबुलाई अपलक दृष्टिले हेरिरहे। उनका आँखामा आमाबाबुप्रति क्षमा, ममता र दयाको याचना थियो। ''त्यसो हो भने तिमी फर्केर गुम्बा नजाऊ। हामीलाई यहाँ घरमा नै तिम्रो खूबै आवश्यकता छ,'' मायाले छोराको शिर मुसार्दै किन्जोमले आफ्नो ममता प्रदर्शन गरिन् र पतिको मन्तव्य बुझ्न चाहने अभिप्रायले पतितिर दृष्टि पठाइन्।

''म तिमीसित सहमत छु, किन्जोम। अबदेखि हामी तेञ्जिङलाई आफ्नो आँखादेखि टाढ़ो पठाउने छैनौं'' पत्नीको निर्णयलाई समर्थन दिए घाङला मिङमाले।

किन्जोमलाई पतिबाट त्यस्तै निर्णयको अपेक्षा थियो। हर्षले विभोर भएर उनी छोराको लागि चुल्हामा चिया तताउन गइन्। तेञ्जिङ बाबुसित लुटपुटिए अनि छोराको सान्निध्यमा प्रतीक्षारत घाङला मिङमाले छोरालाई बलिष्ठ बाहुपाशमा कसे अनि छोराको गालामा म्वाइको अविराम वर्षा भयो। किन्जोमले छोराको लागि तातो चियामा अलिकति चम्बा भिजाएर ल्याइदिइन्।

थामेका अन्य शेर्पाहरू छोराछोरीले भूल गरेको खण्डमा कठोर दण्ड दिन्थे तर घाङला मिङमा उनीहरूका ठीक विपरीत थिए। छोराछोरीबाट भूल भइहालेको खण्डमा उनीहरूलाई कूटपीट गर्न वा शास्ति दिनका सट्टा उनी फकाउँथे औ भविष्यमा त्यस्तो भूल नदोहोर्‍याउने उपदेश दिन्थे। उनको त्यो व्यवहारले छोराछोरीको मनमा ठूलो प्रभाव पारेको थियो। तेञ्जिङ आफ्ना बाबुलाई खूबै चाहन्थे, उनले अह्राएको जस्तोसुकै काम गर्नमा उनलाई आनन्द प्राप्त हुन्थ्यो, बाबुको लागि जस्तै लामो र कठिन यात्रा गर्न उनी आफ्नो सौभाग्य सम्झन्थे। तेञ्जिङलाई आमाबाबुले झैं माया गर्ने परिवारकी अर्की वरिष्ठ सदस्या थिइन् तेञ्जिङकी दिदी ल्हामू कीपा। ल्हामू कीपाले चौरी दुहेको बेला तेञ्जिङ जहिले पनि त्यहाँ पुग्थे र दिदीसित गफ गर्थे। चौरी दुहिसकेपछि ताजा दूध उमालेर भाइलाई दिनु ल्हामू कीपाको दैनिक

दायित्व भइसकेको थियो। तर उनले दायित्वलाई निरन्तरता दिन सकिनन् किनभने उनलाई आनी बन्न थ्याङबुचे गुम्बा पठाइयो। उनी सात वर्ष थ्याङबुचे गुम्बामा अध्ययनरत रहिन्। त्यो अवधिमा तेन्जिङले बेला बेलामा उनलाई घरदेखि खानेकुरा लगिदिन्थे। दिदीप्रति अगाध माया प्रकट गर्न उनीसित त्योभन्दा असल उपाय अरू थिएन। गुम्बामा ल्हामू कीपा र लामा नावाङला प्रणय सूत्रमा बाँधिए, दुवैले बिहे गरेर गुम्बाको जीवन त्यागी गृहस्थ बने। ती दुइ धेरै वर्ष सोलु–खुम्बुमा बसे अनि १९५३ मा दार्जीलिङ बसाइँ सरे। १९६३ र १९६५मा लगातार सगरमाथा चढ्ने प्रथम व्यक्ति विश्वप्रसिद्ध पर्वतारोही पद्मभूषण नावाङ गोम्बु उनीहरूका छोरा हुन्।

ल्हामू कीपा गुम्बामा भर्ना भएपछि तेन्जिङ आफ्नो दाज्यूलाई दंग्याउँथे। दाज्यू उनको लागि घोड़ा हुनुपर्थ्यो। भेड़ा र चौरी चराउन जाँदा दाज्यू–भाइ यस्तै खेलमा मस्त हुन्थे। साँझमा घर फर्केपछि माथिल्लो तल्लाको एउटा सानो कोठामा खाँदाखाँद भएर बस्नुपर्ने अनि तल्लो कोठाबाट आएको पशुहरूको शरीर र मलमूत्रको दुर्गन्ध सहनुपर्ने विवशताको स्मरण तेन्जिङलाई युवावस्था र वृद्धावस्थामा पनि भइरहन्थ्यो। उनको बाल्यावस्था त्यसरी बितेको थियो। त्यही परिवेशमा उनी हर्षित र सन्तुष्ट थिए किनभने जीवन निर्वाहको अर्को उपायसित उनको परिवार अवगत थिएन।

तेन्जिङ एकान्तप्रिय थिए। भेड़ा र चौरी चराउन जाँदा अधिकांश समय उनी आफ्ना दाज्यूसित हुन्थे। दाज्यूको मृत्युपछि उनी नितान्त एक्लो भए। गाउँका साथीहरू एक–अर्कालाई खेदाखेद गर्दै हिलो छेपाछप गर्न र ढुंगा हानाहान गर्नमा व्यस्त रहँदा उनी एक्लै बसेर टाढ़ा टाढ़ाका स्थान र लामा लामा कष्टप्रद यात्राको कल्पनामा डुब्थे। उनी कल्पना गर्थे: *उनी ल्हासाका एक महान लामालाई पत्र लेखिरहेका छन्। एक दिन त्यो लामा आएर उनलाई ल्हासा लैजानेछन्। कहिले काहीँ उनी आफूलाई तिब्बती सेनाका प्रमुख ठान्थे अनि युद्धमा सेनालाई नेतृत्व दिइरहेको कल्पना गर्थे।* एक दिन उनले बाबुलाई भने ''पपा,मलाई एउटा घोड़ा ल्याइदिनुहोस्। म त्यसमा चढ़ेर ल्हासा जानेछु।'' छोराको उटपटाङ कुरा सुनेर बाबु खूबै हाँसेका थिए।

एक चोटि यस्तै कल्पनामा डुब्दा डुब्दै तेन्जिङ चउरमा निदाए। भेड़ा र चौरीहरू निकै टाढ़ा पुगिसकेका थिए। खुम्बुमा अघि कहिल्यै नदेखिएको कोब्रा त्यहाँ आइपुग्यो। कोब्राले आफ्नो फन खोल्यो र सुतिरहेको तेन्जिङको शिरमाथि फिँजायो। केही परतिर चौरीको अर्को बथान चराइरहेको गोठालोले त्यो दृश्य

देख्यो। त्यो कोब्रा बौद्ध र हिन्दु धर्मशास्त्रमा उल्लिखित नागदेव झैं देखिन्थ्यो। केही छिनपछि त्यो कोब्रा अदृश्य भयो। थामेका सबै गाउँलेहरूले त्यो घटना सुने अनि उनीहरूले त्यसलाई तेन्जिङप्रति ईश्वरको आशीर्वाद सम्झे।

सानै छँदा तेन्जिङले ल्हासा र दार्जीलिङका कुराहरू खुम्बुका शेर्पाहरूबाट सुन्थे। धेरै वर्षअघिदेखि सोलु–खुम्बुका शेर्पाहरू दार्जीलिङ जान थालेका थिए–कोही कमानमा काम गर्न, कोही भरिया हुन, कोही ब्रिटिश सेनामा भान्से र बूटब्वाई हुन। ती शेर्पाहरू कहिले काहीँ विदामा आफन्तहरू भेट्न जाँदा सोलु–खुम्बुका शेर्पाहरूलाई आ–आफ्ना कथा सुनाउँथे। प्रख्यात अंग्रेज अन्वेषक डा० केल्लास र भारतीय सेनाको जनरल ब्रुशबारे उनीहरूदेखि नै तेन्जिङले सानैमा सुनेका थिए। उनीहरूका कथाले तेन्जिङलाई खूबै रोमाञ्चित बनाउँथे अनि पहाड़ चढ़ने र विदेश हेर्ने अदम्य आकांक्षाले उनलाई सदा बेचैन राख्थ्यो। कहिले काहीँ उनी चौरी चराउन १२००० फीटको उँचाइसम्म पुग्थे औ त्यहाँदेखि दृष्टिगोचर हुने छोमोलुङमा, लाबो छे, नूप छे, इत्यादि पर्वत श्रृंखलाको दृश्यले उनमा झन् उत्तेजना भरिदिन्थ्यो। तेन्जिङले छोमोलुङमाबाहेक अरू पर्वतहरूका नाम सुनेका थिएनन्। उनले येतीको विषयमा अनेक कथा सुनेका थिए तर देखेका थिएनन्। येतीको कथा सुनेर उनको मनमा भयभन्दा धेरै अधिक येतीको साक्षात दर्शन गर्ने उत्सुकता थियो।

बाहिरी संसारको विषयमा तेन्जिङले जति अधिक सुन्दै गए सोलु खुम्बु उनको लागि उति नै सानो हुँदै जान थाल्यो। अनि बाहिरी संसार हेर्ने आकांक्षावश उनले घर छोड़ेर जाने निर्णय लिए। घरदेखि भाग्नअघि उनले दिदी ल्हामू कीपालाई भेट्न आवश्यक सम्झे। दिदीलाई भेट्न उनी थ्याङबुचे गुम्बा गए पनि उनलाई आफ्नो योजना बताए। भाइको योजना सुनेर दुःखी बनेकी ल्हामू कीपाले भनिन्, ''पपा र ममाले तिमीलाई साह्रै माया गर्नुहुन्छ। तिम्रो विछोड़ उहाँहरूलाई असह्य हुनेछ। तिमी पनि त ममा पपालाई खूबै चाहन्छौ, तब उहाँहरूलाई कसरी छोड़ेर जान सक्छौ?''

प्रत्युत्तरमा तेन्जिङले दिदीको पाउ छोए अनि आँखाभरि आँसु पारेर वेगसित त्यहाँदेखि हिँड़े। भाइलाई फकाउने प्रयास विफल भएकोमा र भाइको विछोड़ असह्य लागेकोमा ल्हामू कीपा अपरिसीम विह्वलतामा डुबिन्। आमाबाबु र दिदीको मन दुखाउने इच्छा नभए तापनि काठमाडौं हेर्ने इच्छाको सामु तेन्जिङ नतमस्तक भए। उनी नितान्त एक्लो मकालुको बाटो भएर काठमाडौंतर्फ लागे। निकै लामो यात्रा गरिसकेपछि केही यात्रीहरूसित उनको भेट भयो। तेह्र वर्षको उमेरमा घरदेखि

भागेर एक्लै काठमाड़ौं जाने आँट उनलाई कहाँदेखि आयो सम्झेर उनी स्वयं छक्क पर्थे। काठमाड़ौं पुग्नु उनलाई दुइ साताभन्दा केही अधिक समय लाग्यो।

काठमाड़ौं तेह्र वर्षीय तेन्जिङले देखेको प्रथम शहर थियो, आश्चर्यचकित तुल्याउने र अल्मल्याउने। काठमाड़ौंका अधिकांश मानिस हिन्दू थिए। आफू बौद्ध भएको नाताले काठमाड़ौं पुगेकै साँझ उनी त्यहाँको बौद्ध गुम्बा गए। गुम्बाका व्यवस्थापकवर्ग र लामाहरूले उनलाई गुम्बामा केही समय बस्ने अनुमति दिए। उनीहरूको आतिथ्य तेन्जिङले आफूमाथि लाएको ठूलो गुण सम्झे।

प्राय: दुइ साता काठमाड़ौं शहर घुम्दा उनले मानिसको भीड़, बजार, विशाल अट्टालिकाहरू, देवालयहरू अनि अघि कहिल्यै नदेखेको सबै प्रकारका वस्तुहरू पनि देखे। संगीतको धुनमा पंक्तिवद्ध भई हिँड़ेका र सैनिक तालीम लिएका गोर्खा फौजलाई देख्दा उनी चकित भए। उनी त्यतिकै चकित र प्रफुल्लित हुन्थे जब सोलु–खुम्बु निवासीहरूभन्दा बेग्लै रूपरंगका मानिसहरू रंग–विरंगी वस्त्र र आभूषणमा सुसज्जित भई विचरण गरिरहेको दृश्य उनलाई दृष्टिगोचर हुन्थ्यो। एकातिर रमणीय दृश्य र अपरिचित मानिसहरू देखेर उनी खुशी हुन्थे, अर्कातिर एकान्तमा बसेको बेला घर–परिवार र गाउँको सम्झना आउँदा उनी खूबै दु:खी हुन्थे।

धित् मरुञ्जेल काठमाड़ौं शहर घुमिसकेर घर फर्किने इच्छा भइरहेको बेला तेन्जिङले सोलुखुम्बुका केही मानिसहरू भेटे। उनीहरू पनि काठमाड़ौंमा आ–आफ्ना काम सिध्याएर सोलुखुम्बु फर्कन लागेका थिए। काठमाड़ौं आउँदा तेन्जिङ लामो घुमाउरो बाटो हिँड़नुपरेको थियो तर घर फर्कंदा व्यापारीहरूले उनलाई छोटो र सोझो बाटो देखाए।

प्राय: छ: सातापछि छोरालाई देखेर घाङला मिङमा र किन्जोमको हर्षको सीमा रहेन। ती दुवैले तेन्जिङलाई अंगालो हाले। दुवैजनाको उदास अनुहारमा धेरै दिनपछि आनन्दको लहर दौड़्यो। बिना भोजन अनिद्रामा बिताएका अनेक रात उनीहरूले चट्ट भुले मानो पुत्र वियोगबाट सृजित त्यो विषम परिस्थितिको सामना उनीहरूले गरेकै थिएनन्। किन्जोमले निर्निमेष हेरिरहिन् तेन्जिङको उद्दीप्त मुखमण्डल, शरीर र स्वास्थ्य केही क्षण अनि मौनता तोड़ेर भनिन्,''नानी, तिमी थाकेका र भोकाएका छौ। पपासित तिम्रो यात्राको अनुभवबारे गफ गर। म तिम्रो लागि केही भोजन बनाउँछु।''

आमाको आलिंगनदेखि निस्केर तेन्जिङले बाबुलाई च्याप्प समाते अनि भने, ''पपा, मलाई क्षमा गर्नुहोस्।''

क्रोधित भएको भावभंगिमामा घाङला मिङमाले तेन्जिङको चाकमा एक थप्पड़ हिर्काएर भने, ''लाटा त्यस्तो काम पनि गर्नु हुन्छ? तिमी गएकै भोलिपल्ट ल्हामू कीपाले तिमी एक्लै काठमाड़ौं भागेर गएको खबर हामीकहाँ पठाइछ र हामी केही ढुक्क भयौं। नत्र हामी सुर्ताले नै मर्ने थियौं। नजीक भए पनि एउटा कुरा। त्यस्तो टाढ़ो दुइ साताको बाटो एक कौड़ी नलिई जानु कसरी सक्यौ?''

बाबुको स्वभावसित राम्ररी अवगत भइसकेका तेन्जिङले निर्भीकतासहित भने, ''मलाई काठमाड़ौं हेर्ने साह्रै इच्छा लागेको थियो। मैले तपाईंहरूलाई अनुमति मागेर जाने विचार गरेको थिएँ तर तपाईंहरूले त्यति टाढ़ो ठाउँको यात्रा गर्ने अनुमति दिनुहुँदैन होला भन्ने शंका लागेर भागेर गएँ। मलाई उता पनि दिनरात तपाईंहरूको याद आइरहन्थ्यो। काठमाड़ौं खूबै ठूलो र सुन्दर शहर रहेछ। जीवनमा एकपल्ट ममा र तपाईं पनि काठमाड़ौं जानुहोस्।''

किन्जोमले केही उसिनेको आलु, टिम्बुरको अचार र  पानी चोकचीमाथि राख्दै भनिन्, ''नानी, पहिले भुँड़ी भर्ने काम गरिहाल। तिम्रो कथा पछि सुनुँला।''

लामो अन्तरालपछि आमाको हातबाट निर्मित र प्रस्तुत भोजन आफ्नो अघिल्तिर देखेर थालभरिको भोजन एकै गाँसमाा सिध्याउने इच्छा तेन्जिङको मनमा जागृत भयो। तर झट्ट केही सोचेर उनले दुइवटा आलु छिले, अचारमा डुबाए, दुवै हातमा लिए अनि आमा र बाबुलाई दिँदै भने, ''पहिले ममा र पपाले लिनुहोस्। त्यसपछि मात्र म लिनेछु।''

यात्राले लखतरान पारेको र दिनभरिको भोको छोरोले भोजनको थाल रित्याएको देखेर घाङला मिङमा र किन्जोमले सन्तोषको सास फेरे।

भोलिपल्टदेखि तेन्जिङको त्यही दिनचर्या आरम्भ भयो–बिहान उठेर हातमुख धोएपछि चिया र चम्बा खानु, त्यसपछि भेड़ा र चौरी चराउनु, भियाएको बेला बाबुलाई खेतमा सघाउनु  र दाउरा बटुल्नु। प्रति दिन भेड़ा र चौरी चराउँदै, शेर्पा लोक लयमा गीत सुसेल्दै कहिले काहीं उनी  १२०००फीटको उँचाइभन्दा माथि पुग्थे अनि स्वभावतः उनको दृष्टि उपत्यकाका गाउँहरू खमजुङ, प्याङबुचे, दामदाङ, शाकसुम, शिमबुङ र थामेमाथि पर्थ्यो। ती गाउँहरूसित संलग्न विस्तृत खेतबारी, खेतबारीमा तल्लीन किसानहरू, गाईवस्तुको झुण्ड देखेर उनी कुण्ठित हुन्थे अनि मनमनै ईश्वरलाई आफ्नो वेदना व्यक्त गर्थे: ''हे भगवान! मैले किसान र गोठालाको जीवन बिताउनु नपरोस्!'' यसको विपरीत जब उनको दृष्टि उत्तरमा अवस्थित पर्वत श्रृंखलामाथि पर्थ्यो उनी कल्पनामा डुब्थे, आफूलाई सफल पर्वतारोही ठानी हर्षले विभोर हुन्थे।

मनस्थितिको यस्तो आरोहण–अवरोहण दिनमा अनेक चोटि हुन्थे। यसरी पाँच वर्ष बिते। यही अवधिमा दार्जीलिङको रमणीयताको वर्णन, पर्वतारोहणमा दार्जीलिङे शेर्पाहरूको सहभागिताको कथा र उनीहरूको जीवन–स्तरमा भएको प्रगतिका कुराहरू तेन्जिङको कर्णकुहरमा अगणित चोटि प्रविष्ट भए। खाँदा, बस्दा, सुत्दा प्रतिपल दार्जीलिङ हेर्ने उत्कण्ठाले उनको हृदयमा जरा गाड्न थाल्यो अनि उनी उद्विग्न, झन् उद्विग्न बन्दै गए।

आफूजस्तै केही अल्हड् युवक, कोही आफूभन्दा केही वयस्क, सबै एक मतका, एउटै लक्ष्य ताकेका मित्रहरूको प्रायः एक महीनासम्म गुप्त सभाहरू भए। तेन्जिङलगायत बाह्रजना महत्त्वाकांक्षी युवाहरूको एउटा समूह बन्यो। सबै यात्रामा चाहिने खाद्य सामग्री बटुल्नमा व्यस्त रहे। पैसा कमाउन र सोलु–खुम्बुदेखि बाहिरका संसार हेर्न गइरहेका ती बाह्रजना युवाहरूसित पैसा थिएन–थिए त केवल आँट, आत्मावलम्बन, अध्यवसाय र लक्ष्यमा पुगिछाड्ने अभीप्सा।

अठाह्र वर्ष पुगेको तेन्जिङले १९३२ ई० को अन्तमा सोलु–खुम्बुका अन्य एघारजना साथीहरूसित सोलु–खुम्बुदेखि विदा लिए आमाबाबुको अनुमतिबिना दार्जीलिङलाई गन्तव्य मानेर। आफ्नो पिठ्यूँ छोमोलुङमातिर फर्काएर विदेश लाग्ने निर्णयमा आफू एकातिर विदीर्ण हृदय लिई हिँड्रिहेको भए तापनि आफ्नो लक्ष्य छोमोलुङमालाई नै बनाएको विचारले उनी अत्यधिक हर्षित हुन्थे।

आफ्ना अति सरल धर्मपरायण, स्नेहमयी र दयालु आमाबाबुलाई केही नभनी जानुपरेकोमा तेन्जिङ खूबै दुःखी भए। उनलाई आमाको साह्रै माया लाग्यो। उनले जीवनभरि केवल दुःख भोगिन्, कहिल्यै राम्रो लुगा लाइनन्, मीठो भोजन कहिल्यै खाइनन्। आफू आधा पेट खाएर उनी लामा र लमिनीहरूलाई भोजन दान गर्थिन्। ईश्वर भक्तिमा उनको प्रगाढ़ विश्वास थियो। अवकाशको अधिकांश समय उनी जपमालामा'ओम मणि पेमे हुँ' मन्त्रोच्चारण गर्थिन्।

# दार्जीलिङ



अनेक दुर्गम जंगल, वेगवान नदीहरू, उत्तुंग पर्वतश्रेणी पार गर्दै, हिंस्रक पशुहरूदेखि आफूलाई सुरक्षित राख्दै सोलु–खुम्बुका बाह्रजना युवक–युवतीहरू सिमाना पुगे। त्यहाँ पुगेपछि तेन्जिङ नोर्गेका एघारजना साथीहरू अदृश्य भए। उनको खानेकुरा पनि उनीहरूले लगेर गएछन्। हतोत्साहित भएर उनले सिमाना बजारमा खोज्दै जाँदा भाग्यवश उनको भेट रिङा लामासित भयो। उनले शेर्पा भाषामा रिङा लामासित आफ्नो दुखेसो पोखे। उनी नेपाली भाषा पटक्क जान्दैनथे तर अलिअलि शेर्पा भाषा बुझ्ने रिङा लामाले तेन्जिङको अवस्था बुझे अनि उनलाई आफ्नो घर लगे। घरमा पुगेर रिङा लामाले आफ्नी पत्नीलाई भने, ''इ हेर त, मैले छोरा लिएर आएँ, शेर्पा हो। उसलाई यही राखौं है।''

मन्द हाससहित उनकी पत्नीले तेन्जिङको स्वागत गरिन् र खानेकुरा ल्याइन् औ भनिन्, ''अबदेखि यहीँ बस्नुपर्छ ल, नानी। हामी तिमीलाई छोराजस्तै माया गरेर, स्याहारेर राख्छौं।''

नेपाली भाषा नबुझे तापनि 'यहीँ बस्नुपर्छ' भन्ने उनको हातको संकेत बुझेर तेन्जिङले स्वीकृतिसूचक शिर हल्लाए।

भोलिपल्ट रिङा लामाले तेन्जिङको लागि नयाँ दौरा–सुरूवालबाहेक तन्देरीलाई चाहिने अन्य सबै वस्त्रहरू ल्याइदिए। लामो यात्राको थकाइ र घरको सम्झनाले निन्याउरो बनाएका पाँच फीट आठ इञ्च अग्लो तेन्जिङ आज सुडौल

शरीरमा कुनै राजकुमारभन्दा कम देखिँदैनथे।

रिङा लामा र उनकी पत्नी खूबै दयालु थिए। दुवैजनाले तेन्जिङलाई माया गर्थे। उनीहरूले दिएका लुगाफाटा, भोजन र माया–ममताको कृतज्ञतास्वरूप तेन्जिङ घरका सानातिना काम गरिदिन्थे औ प्रति दिन जंगलदेखि दाउरा ल्याइदिन्थे। केही दिनसम्म तेन्जिङले आफ्नो परिवार, गाउँ र सोलु–खुम्बुलाई बिर्सिसकेका थिए। तर समयको लम्काइसितै ती मानिसहरूको सान्निध्य उनलाई उच्चाटलाग्दो लाग्न थाल्यो। आफ्ना परिवार र गाउँको सम्झना अनि दार्जीलिङ पुग्न नसकेको असमर्थता उनलाई एकान्तमा रूवाउने कारणहरू थिए। उनले बुझ्न थाले कि सपना र वास्तविकता एउटै कुरा होइनन्।

दिनहुँ एउटा रूखमुनि बसेर रूने प्रक्रमको केही समयपछि साहस बटुलेर तेन्जिङले रिङा लामालाई भने, "आस्याङ, मलाई दार्जीलिङ हेर्न इच्छा लागिरहेको छ। कृपया मलाई त्यहाँ लानुहुन्छ?"

"ठीक छ। यही साताभित्र म व्यापारको सिलसिलामा दार्जीलिङ शहर जाँदैछु। त्यति बेला म तिमीलाई लिएर जानेछु।"

सिमानादेखि कारमा चढ़ेर उनीहरू दार्जीलिङतर्फ प्रस्थान भए। तेन्जिङले त्यसभन्दा अघि कार देखेका थिएनन्। दार्जीलिङ पुगेर उनलाई झन् उदेक लाग्यो। पहिले कहिल्यै नदेखेका सबै थोक त्यहाँ थिए। दार्जीलिङ काठमाड़ौंजतिकै ठूलो थिएन तर थियो धेरै सभ्य आधुनिक आविष्कारहरूले भरिपूर्ण। यूरोपेलीहरू उनले सर्वप्रथम दार्जीलिङमा देखे। रिङा लामाले उनलाई मोटर स्टयाण्डदेखि सोझै आलुबारी लगे आफ्ना काकाको छोरा पौरीको घरमा। एक रात त्यहाँ बास बसेर रिङा लामा सिमाना फर्के तर तेन्जिङलाई त्यहीँ छोड़े किनभने पौरीलाई एउटा गोठालाको आवश्यकता थियो। आफ्नो इच्छाको अनुकूल तारतम्य मिल्दै गएको देखेर तेन्जिङ खूबै खुशी भए।

तेन्जिङले पौरीका पन्ध्रवटा गाईको घाँस काटनु, दूध दुहुनु र बेच्न जानु, दाउरा ल्याउनु र घरका सानातिना काम गर्नुपर्थ्यो। उनले नेपाली र योल्मो भाषा सिक्न आरम्भ गरे। आफूसितै घाँस काट्न जाने मन बहादुर तामङ उनका गुरू थिए। ती दुइमा घनिष्ठता बढ़दै गयो। एक दिन एउटा प्रतिवन्धित क्षेत्रमा ती दुइले दाउरा बटुल्दै गर्दा एकजना फरेस्ट गार्डले दुवैलाई रूखमा बाँधेर पिटेको घटना तेन्जिङको स्मृतिमा चिरहरित भएर रहेको थियो।

कहिले काहीँ पौरी तामङले तेन्जिङलाई दूध बेच्न दार्जीलिङ बजार पठाउँथे। ती क्षणहरू तेन्जिङको लागि महत्त्वपूर्ण हुन्थे किनभने चौरस्तादेखि उनको दृष्टि

हिमालयको पूर्वीय श्रृंखलामाथि पर्थ्यो जसको मध्यमा कञ्चनजंगा थियो। उनी कञ्चनजंगालाई धेरै वेरसम्म अपलक दृष्टिले हेरिरहन्थे र खुशी हुन्थे। जुन शहर हेर्नलाई र जहाँ आफ्नो जीवनको सर्वाधिक समय बिताउनलाई उनी सदा लालायित रहन्थे, आज त्यही शहरको वक्षमाथि उभिरहेका थिए। जब चौरस्तामा निकै समय उभिएर उनी बजारतिर लाग्थे, त्यहाँका हाट, मन्दिर र साँघुरो गल्लीहरूले उनलाई काठमाडौंको स्मरण गराउँथ्यो। शहरको माथिल्लो भागमा अंग्रेज र धनी भारतीयहरूका भव्य भवन, मूल्यवान् वस्तुहरूद्वारा सजधज दोकानहरूको लहर, सरकारी कार्यालयहरू, चिया पसलहरू, सिनेमा घर, दुर्गजस्तो एउटा होटेल र महाराजको महल दार्जीलिङको सौन्दर्यमाथि थप आकर्षण थिए। यसरी दिनहुँ पौरी तामङको लागि घाँस र दाउरा ल्याउनुपर्ने औ घरका अन्य काम गर्नुपर्ने नीरस एकनासे जीवन उनलाई मन नलाग्ने भए तापनि कहिले काहीं दूध बेच्नलाई दार्जीलिङ शहर घुम्न पाउँदा उनी आफ्नो सपना साकार हुन लागेको सम्झन्थे।

आलुबारीमा बस्न थालेको दुइ महीना पनि राम्ररी नबित्दै एभरेष्ट अभियानको लागि ह्यू रटलेज र उनको दल शेर्पा भरियाहरू नियुक्त गर्न प्लान्टर्स क्लबमा आएका छन् भन्ने हल्ला तेञ्जिङले सुने। उनीसितै सोलु–खुम्बुदेखि भागेर आएका साथी तर उमेरले अलिक ठूलो दावा थोण्डुप अभियानको लागि नियुक्त भइसकेको थियो। तेञ्जिङलाई सोझै रटलेजकहाँ जान डर लाग्यो र उनी दावा थोण्डुपकहाँ पुगे। उनले भने, ''चुचु, अभियानमा म पनि भरिया भएर जान चाहन्छु। तपाईंले मेरो सिफारिश गरिदिनुहोस्न।''

दावा थोण्डुपले हेय दृष्टिले उनलाई हेर्‍यो र भन्यो, ''तँ सानै छस्। म तेरो लागि केही भन्न सक्तिनँ।''

''म जवान छु अनि तपाईंहरूजतिकै बलियो पनि छु। तपाईंले भनिदिनुभयो भने उनी अवश्य मान्नेछन्।''

''हुँदैन, हुँदैन, तँ साह्रै कलिलो छस्,'' दावा थोण्डुप र उसका साथीहरूले एक स्वरमा भने।

उनी स्वयं रटलेजलाई भेट्न प्लान्टर्स क्लब गए। दौरा–सुरूवाल लाएका युवकलाई देखेर रटलेजले तेञ्जिङको उम्मेदवारीलाई अस्वीकार गर्दै भन्ने, ''हामीलाई शेर्पा चाहिएको छ, अरू जात होइन।''

''महाशय, म शेर्पा हुँ।''

''त्यसो हो भने तिमीसित कुनै अभियानमा भरिया काम गरेको अनुभव छ?'

"छैन हजूर।"

"भेरी सरी! हामी तिमीलाई लिन सक्तैनौं", रटलेजले आफ्नो निर्णय सुनाए।

निराश भएर तेन्जिङ आलुबारी फर्के। उनको त्यो नैराश्य क्षणिक थियो। उनले स्वयं आश्वस्त हुँदै मनमनै भने, "साहेबले ठीकै भने होलान्। म सानै र पर्वतारोहणमा अनुभवहीन छु। तर म हरेश खाँदिनँ। म आफ्नो प्रयास जारी राख्नेछु।"

जीवन निर्वाहको लागि उनले पौरी तामङका गाईहरूको घाँस काट्ने र दूध बेच्ने कामलाई निरन्तरता दिनु कर लाग्यो। यही अवधिमा उनको भेट एउटी शेर्पा युवती आङ ल्हामूसित भयो। उनको दूध किन्ने नियमित ग्राहकहरूमध्ये आङ ल्हामू एक थिइन्। दार्जीलिङमा नै जन्मेर हुर्केकी आङ ल्हामू कुनै अंग्रेज परिवारकी आयाह थिइन्। उनी सधैं बक्खुमा हुन्थिन् र उनलाई शेर्पा भनी चिन्नु तेन्जिङलाई गाह्रो भएन। ती दुइको कुराकानी सधैं नेपालीमा हुन्थ्यो। उनले 'म शेर्पा हुँ' भनी आफ्नो वास्तविक परिचय आङ ल्हामूलाई दिएका थिएनन्। ती दुइको बहस भइरहन्थ्यो। आङ ल्हामूले दूध फाउ माग्दा तेन्जिङ असमर्थता व्यक्त गर्थे औ आङ ल्हामू उनलाई कञ्जूस भन्थिन्।

यसरी दूध बेचेर आलुबारी फर्किरहेको बेला एक दिन सोलु–खुम्बुदेखि आएका केही शेर्पाहरूसित तेन्जिङको भेट भयो। तेन्जिङलाई देख्नेबित्तिकै उनीहरूले आश्चर्यचकित हुँदै भने,"तेन्जिङ, तिमी ठीकै छौ? तिमी घरबाट भागेर यहाँ आएको दिनदेखि तिमी कहाँ छौ, कस्तो छौ, कसैलाई थाह छैन। प्रायः एक वर्ष हुन आँट्यो। यतिका दिनसम्म तिम्रो केही खबर नपाउँदा तिम्रा आमाबाबुले तिमीलाई मरिसकेको ठानेका छन्। उनीहरू सधैं शोकमा डुबेका हुन्छन्। अब के गर्नुपर्ने हो, तिमी आफै विचार गर।"

तेन्जिङलाई आफू उभिएको जमीन धस्किँदै गइरहे झैं लाग्यो। ती शेर्पाहरूलाई कस्तो उत्तर दिनुपर्ने उनले केही सोच्न सकेनन्। उनी चूपचाप घरतिर लागे। पाइलाहरू स्वतः द्रुत भए।

घरमा पुगेर उनले आफ्ना मालिकसमक्ष आफ्नो समस्या बताए। पौरीले भने, "तिमी जान सक्छौ तर जानअघि तिम्रो सट्टा एउटा केटा खोजेर ल्याऊ, नत्र यी गाईहरूको लागि घाँस कसले काट्छ? दाउरा कसले ल्याउँछ? दूध कसले बेच्छ?"

दिनभरि बजारमा एउटा बेरोजगार युवकको खोजीमा तेन्जिङ घुमिहिँडे।

मुश्किलले एउटा युवकसित भेट भयो। तेन्जिङले उसलाई राम्ररी सम्झाए औ पौरीको घर लगे। अर्को दिन नै तेन्जिङ सोलु–खुम्बुतिर लागे।

थामे पुगेर तेन्जिङलाई यात्रीहरूले भनेको सामाचार साँचो लाग्यो। घाङला मिङमा र किन्जोमले तेन्जिङलाई मृत सम्झेर उनको अन्त्येष्टि क्रिया गरिरहेका थिए। छोरालाई देखेर दुवैजना एक छिन रोए। रोइसकेपछि उनीहरूले छोरालाई अंगालोमा लिएर खुशी व्यक्त गरे।

तेन्जिङ दार्जीलिङमा हुँदा सोलु–खुम्बमा भूइँचालो आएछ र उनीहरूको घरको एक भाग भत्केछ। केही दिनसम्म भत्केको घर मरम्मत गर्न व्यस्त रहे। त्यो काम सिद्धिएपछि खेतमा बाबुलाई सघाउनु र चौरी चराउन जानु उनको दिनचर्या बन्यो।

ग्रीष्म ऋतु शुरू भएपछि घाङला मिङमाले तेन्जिङलाई पहिलोपल्ट नून लिन तिब्बत पठाए। यही अवसरमा तेन्जिङले प्रसिद्ध रोङबुक गुम्बा हेरे। सोलु–खुम्बुको थ्याङबुचे गुम्बाभन्दा धेरै ठूलो रोङबुक गुम्बामा पाँच सयभन्दा अधिक लामा र लमिनी थिए। ब्रिटिश एभरेष्ट अभियान दलले त्यहीँ गुम्बाको छेउमा प्रत्येकपल्ट बेस क्याम्प बनाएको थियो। १९३४ ई० मा एभरेष्ट अभियान भएन।

केही महीनापछि घाङला मिङमाले तेन्जिङलाई फेरि नून लिन तिब्बत जाने आदेश दिए। बाबुको आदेश पालन गर्न उनी असमर्थ थिए किनभने उनलाई दार्जीलिङको सम्झनाले दिनरात सताउँदथ्यो। दार्जीलिङले नै उनलाई प्रारब्धद्वारा निर्धारित उचित दिशा देखाउनेछ भन्ने उनलाई पूर्ण विश्वास थियो। र उनी पहिलो दुइ चोटि झैं आमा बाबु र घरको माया मारेर दार्जीलिङतिर लागे।

सोलु–खुम्बुदेखि दार्जीलिङ आएका अधिकांश शेर्पाहरू तुङसुङ र भोटे बस्तीमा बस्छन् भन्ने उनलाई थाह थियो। यसकारण उनी आलुबारी नगएर केही नजीक तुङसुङ गए। भाग्यवश उनलाई आङ थार्केको एउटा खाली घर किराईमा प्राप्त भयो। उनको साथी दावा थोण्डुप उनका छिमेकी थिए। टिनको छाना र काठले बनेको खालि एउटा कोठा तेन्जिङको लागि पर्याप्त थियो।

दावा थोण्डुप र आङ छिरिङले उनलाई १९३४ को नंगा पर्वत अभियानको दर्दनाक कथा सुनाए। अभियानमा गएका अनेक शेर्पा भरियामध्ये छःजना शेर्पा र चारजना जर्मन पर्वतारोहीको एउटा ठूलो आँधीमा मृत्यु भएको थियो। त्योबाहेक अभियानमा नायक विली मरकिललाई बचाउने हुँदा ग्याले शेर्पाले आफ्नो प्राण गुमाएका थिए। त्यही दलका दावा थोण्डुप र आङ छिरिङ बाँचे। १९३४ को हेमन्त

ऋतुमा तुङसुङमा सर्वत्र शोक व्याप्त थियो। एकातिर मृतका परिवारहरू आफ्ना प्रियजन गुमाएकोमा गहिरो शोकमा डुबेका भए तापनि अर्कातिर आफन्तहरूले नंगा पर्वत अभियानमा देखाएका साहस र शौर्यका कथा सुनेर गर्व पनि गर्थे।

तेन्जिङ तुङसुङ आइपुगेपछि बेरोजगार बस्नुपरेन। केही महीनाअघि दार्जीलिङमा आएको भूइँचालोले सेण्ट पल्स स्कूलको सानो गिर्जाघर ध्वस्त पारेको थियो। त्यही गिर्जाघरको पुनर्निर्माण आरम्भ भएपछि उनले त्यहाँ मजदूरको रोजगार पाए। एक्लो जीउको लागि बाह्र आना दैनिक भत्ता प्रत्येक छाकमा भात र आलु खानलाई औ घर किराई दिनलाई उनी पर्याप्त मान्थे।

बिहान काममा जाँदा र साँझमा घर फर्कंदा उनको भेट दावा फुटीसित हुन्थ्यो। उनले दावा फुटीलाई सोलु–खुम्बामा पनि देखेका थिए निकै चोटि तर बातचीत भएको थिएन। दार्जीलिङ उनी दुइको संगम स्थल भयो । तीन–चार भेटमा नै ती दुइजनाले एका–अर्कालाई आ–आफ्ना हृदय साम्राज्यमा आधिपत्य जमाउने अवसर प्रदान गरे।

१९३५ को नयाँ वर्ष आरम्भ भयो अनि वर्षको प्रथम महीनालाई नै शुभ मानेर तेन्जिङ र दावा फुटी दाम्पत्य जीवनमा बाँधिए जीवनका दुर्गम–सुगम दुवै पथमा सँगै हिंड्ने अनि शीत–उष्ण दुवै स्थितिको सँगै सामना गर्ने ध्येय लिएर।

# प्रथम एभरेष्ट अभियान



वर्षको आरम्भदेखि नै दार्जीलिङमा अर्को एभरेष्ट अभियानको हल्ला हुन थालेको थियो। अभियानका नायक एरिक शिप्टन दार्जीलिङ आइपुगे। अभियानका सरदार दार्जीलिङका एकजना व्यापारी कर्म पाल थिए। शिप्टन र हिमालयन क्लबका सचिव डबल्यु॰ जे॰ किडले शेर्पा युवकहरूको अन्तर्वार्ता लिए अनि अनुभवी अथवा कर्म पालले सिफारिश गरेका उम्मेदवार मात्र चयन गरे। अभियान अधिकारीहरूको चयन प्रकिया थाह पाएर तेञ्जिङले अन्तर्वार्तामा जाने साहस गरेनन्। केही दिनपछि अभियानको लागि अझ दुइजना शेर्पा भरियाको आवश्यकता पऱ्यो भन्ने हल्ला उनले सुने। नयाँ खाकी बुश ज्याकेट र खाकी हापेन लाएर उनी अन्तर्वार्ताको लहरमा उभिए। लहरमा बीसभन्दा अधिक उम्मेदवारहरू थिए। शिप्टन र किडले पालैसित उम्मेदवारहरूको अन्तर्वार्ता लिए। अन्य उम्मेदवारहरूलाई झैं तेञ्जिङलाई पनि उनीहरूले अनुभवको प्रमाण–पत्र मागे। अंग्रेजी र हिन्दी भाषाको अलिकति पनि ज्ञान नभएको तेञ्जिङले हातको इशाराले 'छैन' भन्ने उत्तर दिए। दुइ साहेबले उनलाई लहरदेखि बाहिर निस्कने आदेश दिए। उनी घर जान लाग्दा शिप्टन र किडले बोलाए अनि अभियानको लागि उनको चयन भएको निर्णय सुनाए। बीसजना उम्मेदवारबाट तेञ्जिङ र आङ छिरिङ छानिएका थिए। बीस वर्षीय अनुभवहीन तेञ्जिङको चयन हुँदा उनीभन्दा केही वयस्क शेर्पा युवकहरू रिसाए।

बाह्रजना शेर्पा भरियाहरू छानिएका थिए तर खच्चरको हेरचाह गर्ने र बेस क्याम्पसम्म माल उतार्न जाने तिब्बतीहरूको संख्या धेरै अधिक थियो। शेर्पा भरियाहरूले साठीदेखि नब्बे पाउण्डसम्मका भारी बोक्नुपर्थ्यो। उँचाइ बढ्रे गएपछि उनीहरूको भारी पचपन्न पाउण्ड पुग्थ्यो। उनीहरूले विशेष प्रकारका पोशाक, बूट र गगल्स पाउँथे। पहिले नदेखेको प्रेशर स्टोभ, स्लीपिङ ब्याग र अरू सामग्रीहरू तेन्जिङले देखे। सोलु–खुम्बुमा जन्मी हुर्केको तेन्जिङलाई हिँउ कुनै वाधा थिएन तर पर्वतारोहणमा उनले प्रथम चोटि डोरी, खन्ती प्रयोग गरेर बाटो बनाउँदै आरोहण गर्नुपर्ने नयाँ प्रविधि सिक्न पाए। पूर्वानुभव नभएकोले उनलाई अधिक दायित्व दिइएन। बाइस हजार फीटको उँचाइमा अवस्थित नर्थ कोलसम्म उनले भारी बोके। उनको परिश्रम देखेर साहेबहरू खुशी भए औ उनलाई मन पराउन थाले।

शिप्टन र किडले आफ्नो दललाई रंगीत रोडको बाटो भएर सिक्किम लगे। त्यहाँदेखि अनेक पहाड़, समतल, उपत्यका र घाटी पार गर्दै तिब्बत पुऱ्याए। दार्जीलिङदेखि तिब्बतको सोझो दूरत्व प्रायः एक सय माइल थियो तर बतास र धूलो सहँदै घुमाउरा, अपठ्यारा बाटाहरू हिँड्दै उनीहरूले प्रायः तीन सय माइलको यात्रा पूरा गरे। त्यति बेला नेपालको बाटो भएर पर्वतारोहणको अनुमति दिइँदैनथ्यो।

उनीहरू तिब्बतदेखि रोङबुक पुगे अनि त्यहाँदेखि एभरेष्ट नगएर वरिपरिका ससाना धेरै चुचुराहरू चढ़े। अन्तमा उनीहरू इष्ट रोङबुक आइपुगेको कुरा सुनेर घाङला मिङमा नाङपा लाको बाटो भएर त्यहाँ पुगे। तेन्जिङलाई त्यो दलमा देखेर उनको हर्षको सीमा रहेन। केही दिन क्याम्पमा बसेर उनी सोलु–खुम्बु फर्के।

नर्थ कोलको अलिक तलतिर तीन नम्बर क्याम्पको छेउमा उनीहरूले मरिस विल्सन नामक अंग्रेज पर्वतारोहीको लास भेटे। एउटा चिथ्रा चिथ्रा परेको तम्बुभित्र उनको लास थियो। उनको कंकाल भूइँमा बसेर बूट फुकाल्दै गरेको अवस्थामा थियो। उनले एउटा बूट फुकालिसकेका थिए। उनको हड्डी मात्र भएको हातमा अर्को बूटको लेश थियो। यस्तो भान हुन्थ्यो कि उनी नर्थ कोल चढ्न नसकेर तम्बुमा फर्केका थिए अनि अतिशय जाडो र थकाइमा उनको स्याहार गर्ने कोही नभएर उनले त्यहीँ प्राण गुमाएका थिए।

१९३४ मा मरिस विल्सन दार्जीलिङदेखि तेवाङ भोटिया, रिञ्जिङ भोटिया र छिरिङ भोटिया नामक तीनजना तिब्बती भरिया लिएर गुप्त रूपले एभरेष्ट अभियानमा गएका थिए। उनले तिब्बत पस्ने अनुमति लिएका थिएनन्। रोङबुक पुगेर त्यहाँ उनीहरू पन्ध्र दिन बसे। त्यो अवधिमा उनीहरूले रोङबुक र इष्ट

रोङबुक ग्लेशियरको बीचमा तीनवटा क्याम्प बनाए। तेस्रो क्याम्पदेखि तिब्बती भरियाहरू उँभो जान मानेनन्। त्यसो हुँदा क्रुद्ध विल्सनले भने, ''ठीक छ, म एक्लै नर्थ कोल चढ्नेछु। मलाई तिमीहरू यहाँ तीन दिनसम्म पर्ख।'' भरियाहरूले विल्सनलाई तीन दिनसम्म तेस्रो क्याम्पमा पर्खे औ विल्सन नफर्कंदा उनीहरू दार्जीलिङ फर्के। शिप्टनको दलले मरिस विल्सनको लास त्यहीं छेउमा गाड्यो।

शिप्टन र किड एभरेष्ट सर्वेक्षणको लागि गएका थिए, आरोहणको लागि गएका थिएनन्। यसकारण उनीहरू नर्थ कोलदेखि फर्के। तेञ्जिङलाई उनीहरूको योजना निराशाजनक लाग्यो। उनी अझ माथि, अझ माथि जान चाहन्थे। फर्कनुपर्दा निराश हुनपरे तापनि उनले आफैलाई प्रोत्साहित गर्न मनमनै भने, ''तँ अहिले एकाइस वर्ष त पुगिस्। किन निराश हुन्छस्? यस्ता अभियान अरू धेरै हुनेछन्। तँ चाँडै हिउँको बाघ बन्नेछस्।''

दार्जीलिङ फर्केपछि तेञ्जिङले आफ्नी पत्नी दावा फुटीसित केही समय बिताए। उनीहरूको एउटा छोरा जन्म्यो। त्यो खूबै सुन्दर छोराको नाम उनीहरूले निमा दोर्जे राखे। पत्नी र छोरासित केही आनन्दमय दिनहरू बिताएपछि तञ्जिङलाई काब्रु अभियान दलको लागि बोलाहट भयो। उत्तर सिक्किममा अवस्थित काब्रु पर्वत अभियान दलका नेता थिए भारतीय डाकतार विभागका अभियन्ता मिस्टर कूक र तिनका एकजना जर्मन मित्र। शेर्पा भरियाहरू थिए आङ छिरिङ, पासङ फुत्तर, पासाङ किकुली र तेञ्जिङ नोर्गे। अभियान दलका सबभन्दा कान्छो तेञ्जिङले अस्सी पाउण्ड चामलको सबभन्दा गह्रौं भारी बोकेका थिए तर बेस क्याम्प पुग्ने उनी पहिलो व्यक्ति थिए । बेस क्याम्पसम्म भारी पुर्‍याएर उनी फर्किहाले।

मिस्टर कुक र उनका जर्मन मित्र २४००० फीट काब्रु पर्वत आरोहण गर्न सफल भए।

तेञ्जिङले अन्य शेर्पाहरूले झैं जाड़ो महीनाभरि सानोतिनो काम गरे। पत्नी र छोरासित उनी सुखी थिए तर कहिले काहीं उनी खूबै बेचैन हुन्थे। खाँदा, बस्दा, हिँड्दा हर समय उनलाई एभरेष्टको सम्झना हुन्थ्यो।

# दोस्रो एभरेष्ट अभियान  र अन्य अभियान



१९३६ को ग्रीष्म ऋतुको आगमनसित दार्जीलिङमा पर्वतारोहणसम्बन्धी गतिविधिहरूको श्री गणेश भयो। त्यो  अभियान दलमा एरिक शिप्टन र फ्र्यांक स्मिथ थिए तर दलका नायक थिए ह्यू रटलेज । बूढ़ो रटलेज भद्र र दयालु हुनाले सबै शेर्पा उनीसित काम गर्न मन पराउँथै। साठीजना सबै शेर्पा भरिया, खच्चर र भारीको हेरचाह गर्ने फाल्तु तिब्बती भरिया र अनेक साहेबहरूको त्यो समूह लड़ाइँमा गइरहेको सेनाको ब्रिगेडजस्तो देखिन्थ्यो। त्यो अभियान दल दुइ दलमा विभक्त भएर कालेबुङको बाटो भई तिब्बत पुग्यो। अभियान दलका डाक्टरको काममा तेञ्जिङ खटिएका थिए। डाक्टरको धेरै दिनको सर्म्पकमा तेञ्जिङले रोग, चोट र प्राथमिक चिकित्साबारे धेरै कुरा सिके।

त्यो अभियान दल सबैभन्दा व्यवस्थित थियो। सबै उपकरण र सर–सामान संग्रह गरिएका थिए। एभरेष्ट आरोहणमा सफलता पाइनेछ भनी सबै आशावान थिए। तर अभाग्यवश शुरूदेखि अन्तसम्म प्रतिकूल मौसमले उनीहरूको आशा चकनाचूर पारिदियो। जोरले हिमवर्षा हुँदा हुँदै पनि भरियाहरूले तीनवटा क्याम्प खड़ा गरे। छातीसम्मको हिमवृष्टिको वास्ता नगरी उनीहरू नर्थ कोल पुग्नलाई उकालो चढ़न थाले। उनीहरूको चढ़ाइ खूबै जोखिमपूर्ण थियो। उनीहरूलाई सबभन्दा ठूलो डर हिम स्खलनको थियो। अन्तमा तेञ्जिङ र केही  आरोहीहरू नर्थ कोल

पुगे। नर्थ कोलको मौसम पनि उनीहरूको पक्षमा थिएन। त्यहाँ बाक्लो हिउँ परिरहेको थियो। केही फीट टाढ़ामा उभिएको साथीलाई देख्न कठिन हुन्थ्यो। हिमवर्षा थामिएपछि मान्छे उड़ाउन सक्ने बतास चल्थ्यो। उनीहरू तल झरे अनि अनुकूल मौसमको प्रतीक्षामा बसे। तर अनेक दिनसम्म पनि हिमवर्षा नथामिँदा रटलेजको एभरेष्ट अभियान दल निराश भएर फर्क्यो। केही व्यक्ति फर्कन सहमत नहुँदा रटलेजले भने, ''हुँदैन, म कुनै दुर्घटना वा सदस्यको मृत्यु चाहँदिनँ। एभरेष्ट आरोहण अर्को वर्ष हुनेछ।''

फर्कंदा खेरि गादोङ पागाको एउटा नदी पार गर्दा एकजना शेर्पा भरिया वेगवान नदीमा खस्यो। पौड़ी जान्ने केही साहेबहरूले झट्टै लुगा खोलेर उसलाई बचाउन नदीमा हाम फाले तर वेगवान नदीले उसलाई निकै टाढ़ो पुऱ्याइसकेको थियो। बग्दै गइरहेको त्यो हतभागी भरियाको चुल्ठोमा बाँधिएको रिबिन बिस्तारै अदृश्य हुँदै गयो।

कालेबुङ आइपुग्दा अभियान दलका सबै सदस्य दु:खी थिए। अभियानका नायक रटलेजलाई सम्झेर तेञ्जिङ खूबै दु:खी भए किनभने उनी असल व्यक्ति र कुशल नायक थिए। उनी बूढ़ो भइसकेको हुनाले एभरेष्ट अभियान उनको अन्तिम अभियान थियो।

असफल एभरेष्ट अभियानदेखि दार्जीलिङ फर्केको केही दिनपछि एरिक शिप्टनले तेञ्जिङलाई गढ़वाल लगे। यही यात्रामा उनले रेल चढ़न पाए अनि कोलकाता र दिल्लीजस्ता महानगर देखे। मधेशको गर्मी जीवनमा उनले पहिलो चोटि अनुभव गरे। गढ़वालको रानीखेतमा शिप्टनले रोयल इञ्जीनियर्सको मेजर ओसमास्टनसित तेञ्जिङको परिचय गराइदिए। मेजर ओसमास्टन नन्दा देवी पर्वतको सर्वेक्षण गर्न खटिएका थिए औ उनको सेवाको लागि शिप्टनले तेञ्जिङलाई तैनाथ गरे।

रानीखेतबाट हिँड़ेको दिनदेखि अविराम पानी पऱ्यो। एभरेष्ट अभियानले थकाएको शरीरले राम्ररी विश्राम लिन पाएको थिएन। त्यहीमाथि मधेशको गर्मीले शरीरलाई झन् शिथिल बनाएको थियो। यी सब कारणले तेञ्जिङले आफूलाई कमजोर महसूस गरिरहेका थिए। कमजोर शरीर हुँदा हुँदै उनले यात्रा जारी राखे। अचानक उनलाई जरो आयो। मेजर ओसमास्टन र अरूहरूले पालैसित तेञ्जिङलाई बोक्नुपर्थ्यो। मेजर ओसमास्टनले त्यो स्थितिमा उनीप्रति देखाएको दया तेञ्जिङले कहिल्यै नबिर्सने प्रण गरे। त्यहाँका केही रैथानेहरूको सुझाउअनुसार ढुंगामा उम्रने एक विशेष झ्याउ पानीमा उमालेर पिएपछि उनको जरो निको भयो।

ऋषि गंगाको बाटो भएर उनीहरू नन्दा देवी पुगे। उनीहरूले एउटा चउरमा क्याम्प बनाए। त्यहाँ केही साता बसेपछि मेजर ओसमास्टनले नन्दा देवी पर्वतको सर्वेक्षण पूरा गरे। क्याम्पको छेउमा टिलम्यान अभियानको बेला बिमारीले मरेको एउटा शेर्पा भरियाको चिहान थियो।

गढ़वालदेखि फर्केर अर्को पर्वत अभियानको समय आइञेल तेञ्जिङले पर्यटकहरूलाई टाइगर हिल, सन्दकपू र फालुटको बाटो देखाउने काम गरे। उनलाई यस्तो पेशामा केही रूचि नभए तापनि जीवन निर्वाहको उनी यस्तो पेशा अस्थायी रूपमा अपनाउन वाध्य थिए।

१९३७ मा उनी फेरि गढ़वाल गए। २०,७२० फीट अग्लो 'बन्दर पूँछ'' अभियानका नायकद्वय थिए दून स्कूल, देहारादुनका शिक्षक जे॰ एम॰ गिब्सन र जे॰ ए॰ के॰ मार्टिन। ती दुइ नायकका बाह्रजना भरिया थिए–दशजना गढ़वालका औ दार्जीलिङबाट तेञ्जिङ र रिञ्जिङ। घना हिमवृष्टिले गर्दा उनीहरू १७०००फीटदेखि उँभो जान सकेनन्। गिब्सन र मार्टिनले बन्दर पूँछ आरोहणको योजना रद्द गरे अनि छेउछाउको इलाकाको अन्वेषण गर्नलाई निकै समय बिताए। यस कामको लागि उनीहरू दुइ दलमा विभक्त भए–गिब्सन र रिञ्जिङ औ मार्टिन र तेञ्जिङ।

फर्कंदा खेरि तेञ्जिङले गंगोत्रि र गोमुखीजस्ता प्रसिद्ध तीर्थस्थलको दर्शन गरे। दार्जीलिङ आएर उनी अर्को अभियानको प्रतीक्षामा बसे। १९३८ को ग्रीष्ममा उनले एभरेष्ट अभियानमा तेस्रो मौका पाए। अभियानका नायक थिए एच॰ डब्ल्यु॰ टिलम्यान, सोझो र अल्पभाषी, शेर्पा भरियाहरूका प्रिय। दलमा एरिक शिप्टन, फ्र्यांक स्मिथ, एन॰ इ॰ ओडेल, पिटर लोयड र क्याप्टन अलिभर पनि सामेल थिए। पिटर लोयड र क्याप्टन अलिभरले एभरेष्ट अभियानमा पहिलो चोटि भाग लिइरहेका थिए।

अभियान दल अप्रेलको पहिलो साता रोङबुक गुम्बा पुग्यो अनि त्यसको केहीमाथि बेस क्याम्प बनायो। घाङला मिङमा नाङपा लाको बाटो भएर छोरालाई भेट्न त्यहाँसम्म पुगे। बाबु र छोराको त्यो अन्तिम भेट थियो। टिलम्यान तेञ्जिङ, आङ छिरिङ र जिङमेलाई लिएर ल्हो लासम्म पुगे। उनीहरूले त्यहाँदेखि खुम्बु ग्लेशियरको छेउमा चौरीहरू चरिरहेको र एउटा गोठालो देख्न सक्थे। अधिक कुइरो र बादलको कारण उनीहरू त्यहाँदेखि अघि बढ़न सकेनन् र बेस क्याम्प फर्के।

बेस क्याम्पदेखि उनीहरू नर्थ कोलतिर लागे। उनीहरूका दुइ दल इष्ट

रोङबुक ग्लेशियर र मेन रोङबुक ग्लेशियरको बाटो भएर नर्थ कोल पुगे। मेन रोङबुक ग्लेशियरको बाटो साह्रै भिरालो र खतरनाक थियो। छः जना व्यक्ति दुइवटा डोरी प्रयोग गरेर त्यो भिरालो बाटो चढ्रिरहेका थिए। एउटा डोरीमा थिए क्याप्टन अलिभर, तेन्जिङ र वाङदी नर्बु शेर्पा अनि टिलम्यान र दुइजना शेर्पा अर्को डोरीमा थिए। खतराहरूको सामना गर्दै उनीहरू नर्थ कोल पुगे औ त्यहाँ क्याम्प फोर खड़ा गरे।

क्याम्प फोरदेखि उँभो चढ्नलाई अभियान दल दुइ दलमा बाँड्रियो। तेन्जिङ र अन्य छःजना शेर्पा भएको पहिलो दलका नायक स्मिथ र शिप्टन थिए। ती छः जना शेर्पाहरू थिए रिञ्जिङ, लोबजाङ, वाङदी नर्बु, लाकपा तेन्जिङ, दा छिरिङ र ओल्लो भोटिया। पहिलेका अभियान दलहरू हिँड्रेको बाटो भएर उनीहरू २५८०० फीटको उँचाइसम्म पुगे औ त्यहाँ क्याम्प फाइभ खड़ा गरे।

क्याम्प फाइभमा निकै समय आराम गरेर क्याम्प सिक्स खड़ा गर्नलाई उनीहरू उँभो चढ्न चाहन्थे तर तम्बु र ईन्धन बोकेको दुइ शेर्पा भरिया त्यति बेलासम्म क्याम्प फाइभ पुगेका थिएनन्। ती भरियाहरूलाई सघाउन तेन्जिङ ओह्रालो लागे। सामानहरू आधा बाटोमा छोड्रेर दुइ भरिया क्याम्प फोर फर्किसकेका थिए। सामान पछाड्रि झुण्ड्याएर तेन्जिङ उकालो लागे तर खुट्टामा स्टिल स्पाइक नभएकोले कड़ा हिउँमा उनी चिप्ले। बञ्चरोको सहायताले उनले आफूलाई बचाए नत्र प्रायः एक माइल तल रोङबुक ग्लेशियरमा उनी खस्ने थिए। अँध्यारो हुनअघि उनी क्याम्प फाइभ पुगे। स्मिथ र शिप्टनले उनलाई बधाइ दिए। अर्को दिन उनीहरू २७,२००फीटसम्म चढ्रे औ त्यहाँ क्याम्प सिक्स बनाए। स्मिथ र शिप्टन त्यहीँ बसे। तेन्जिङलगायत सबै शेर्पा भरियाहरू नर्थ कोल झरे। उनीहरूले टिलम्यान, लोयड र शेर्पा भरियाहरूलाई क्याम्प फाइभमा भेटे।

क्याम्प सिक्सदेखि दुवै दलले एभरेष्टको शिखरसम्म पुग्ने चेष्टा गरे तर असफल भए। काखीसम्म हिउँमा डुबेर उनीहरू चढ्नुपर्थ्यो औ हिउँ परेको परकै थियो। त्यस्तो स्थितिमा अभियान नितान्त असम्भव थियो। तेन्जिङले सर्वप्रथम यही अभियानमा अक्सिजन उपकरण देखे। लोयडबाहेक अन्य कसैले अक्सिजन प्रयोग गरेनन्। टिलम्यान भन्थे, ''अक्सिजन प्रयोग नगरी एभरेष्ट आरोहण गर्न सकिन्छ।'' अक्सिजन उपकरण देखेर अधिकांश शेर्पाहरू हाँसे। उनीहरू त्यसलाई 'अंग्रेजी हावा' भन्थे।

मौसममा सुधार आउने आशा रत्तिभर थिएन। हिउँ परेको परेकै थियो।

सबैलाई हिम–स्खलनको डर थियो। अचानक क्याम्प फोरमा एउटा दु:खद घटना घट्यो। तेन्जिङ साहेबहरू र शेर्पा साथीहरूको लागि एक बिहान क्याम्प फोरभित्र चिया लिएर पस्दा उनले पासङ भोटियालाई लाटिएको अवस्थामा देखे। त्यो क्याम्पका जिम्मेवार एरिक शिप्टनले पासङ भोटियाको जाँच गरे तर रोग पत्ता लाउन सकेनन्। अभियान समाप्त भएपछि पनि उनको आधा शरीरलाई पक्षाघातले प्रभावित पारेको थियो।

यही अभियानदेखि टिलम्यानले सर्वोच्च क्याम्पसम्म पुग्ने शेर्पाहरूलाई टाइगर पदक दिन शुरू गरेका थिए। क्याम्प सिक्ससम्म पुग्ने तेन्जिङलगायत सबै शेर्पाहरूलाई टाइगर पदक प्रदान गरिए। तेन्जिङले टाइगर पदकबाहेक पच्चीस रूपियाँको विशेष इनाम पाए। क्याम्प फोर र क्याम्प फाइभको बीचमा दुइ भरियाले तम्बु र ईन्धनको भारी छोड़ेका थिए जसलाई तेन्जिङले बोकेर क्याम्प फाइभसम्म पुर्‍याए।

एभरेष्ट अभियानको असफलता  र पासङ भोटियालाई लागेको पक्षाघात तेन्जिङलाई केही दिनसम्म दु:खी बनाउने कारण थिए।

दार्जीलिङ फर्केर तेन्जिङले पत्नी दावा फुटीसित हिउँद बिताए। छोरा निमा दोर्जेले तीन वर्ष नाघिसकेको थियो। ऊ खूबै सुन्दर थियो। कहिले काहीँ उसलाई हेरेर तेन्जिङले आफैलाई भन्थे, "तिमी साह्रै बूढ़ो भएपछि उसले तिम्रो स्थान लिनेछ अनि ऊ सर्वश्रेष्ठ टाइगर बन्नेछ।" यो वर्ष उनको जीवनमा घटेको महत्त्वपूर्ण घटना थियो उनकी जेठी छोरी पेम पेमको जन्म।

१९३९ को ग्रीष्ममा क्यानाडाकी महिला श्रीमती बेरिल स्मिटन दार्जीलिङ आइन्। उनी तिरिच मीर अभियानको लागि केही शेर्पा भरिया लैजान आएकी थिइन्। अफगानिस्तानको सीमामा अवस्थित तिरिच मीर पर्वत तेन्जिङलाई यूरोप वा अमेरिकाजस्तै अति सुदूर लागे तापनि उनी श्रीमती स्मिटनसित अभियानमा जान राजी भए। अन्य केही शेर्पाहरू पनि नियुक्त भए।

लाहौरमा अभियान दललाई श्रीमती स्मिटनका पति क्याप्टन स्मिटन र उनका साथी मेजर ओगिलले पर्खिरहेका थिए। लाहौरदेखि उनीहरू भारतको सबभन्दा उत्तर–पश्चिम जिल्ला चित्रलतिर लागे। चित्रल शहर पुगेर उनीहरूले तिरिच मीरको लागि सबै व्यवस्था मिलाए। श्रीमती स्मिटनको अभियान दलमा कम मानिस र कम उपकरण थिए। बतास चलिरहेको थियो, जाड़ो अधिक थियो औ हिमदाहको डर थियो तापनि प्रतिकूल स्थितिको वास्ता नगरी उनीहरू २३,०००

फीटसम्म पुगेर फर्के। तिरिच मीरको चोटीसम्म पुग्न नसकेकोमा श्रीमती स्मिटन र दल निराश भएनन् किनभने त्यो अभियानलाई उनीहरूले आनन्दमय यात्राको रूपमा लिएका थिए। तेन्जिङ यस अभियानमा शेर्पा र स्थानीय भरियाहरूका सरदार नियुक्त भएका थिए। त्यस दललाई भारतीय सेनाका मेजर व्हाइटले खूबै मदत गरे।

तिरिच मीरबाट दार्जीलिङ फर्कंदा मेजर व्हाइटले तेन्जिङलाई चित्रलमा बसेर उनीसित काम गर्ने आग्रह गरे। अन्य शेर्पाहरू दार्जीलिङ फर्के तर तेन्जिङ चित्रलमा बसे। उनी साह्रै व्यस्त रहे। महीनौं बितेर वर्षको अन्त हुन आँटेको उनलाई पत्तो भएन। यही बला दार्जीलिङदेखि उनको लागि साह्रै दुःखद समाचार आयो। रगत मासीले उनको चार वर्षे छोरा निमा दोर्जेको देहान्त भएछ। तेन्जिङ विदा लिई दार्जीलिङ गए। विदाको अवधिमा उनीहरूकी अर्की छोरीको जन्म भयो। छोरीको नाम उनीहरूले निमा राखे। अति सुन्दर छोरा निमा दोर्जेको देहावसानले घरमा छाएको शोक छोरी निमाको आगमनले धेरै मात्रामा कम गरेको थियो।

यूरोपमा दोस्रो विश्वयुद्धको अविधभरि कुनै अभियानको आयोजना हुने छाँट थिएन। यसकारण तेन्जिङ सपरिवार चित्रल फर्के। उनले केही महीना मेजर व्हाइटको निजी अर्दली र सहायक भई काम गरे, त्यसपछि मेजर व्हाइटले उनलाई चित्रल स्काउट्सको अफिसर्स मेसमा भान्से बनाए। उनले त्यहाँ पाश्चात्य भोजन र सभ्यताबारे धेरै कुरा सिक्ने अबसर पाए अनि उनी पारंगत भान्से भए।

उत्तर–पश्चिम सीमान्त इलाकाको वरिपरि रेजिमेण्टको सरूवा हुँदा तेन्जिङ पनि जानुपर्थ्यो। मेजर व्हाइटले उनलाई छोरालाई झैं माया गरेर राम्रा राम्रा लुगाफाटा र उपहार दिन्थे औ निजी सैरमा लैजान्थे। यस्तै एक मौकामा उनले काश्मीररमा स्कीइंग सिके। एकपल्ट स्कीइंग सिक्दा उनी लडे, उनको घुँडामा गहिरो चोट लाग्यो, केही करङ पनि भाँचिए तर स्कीइंग सिक्ने उनको जोश सेलाएन।

सपरिवरि चित्रलमा बसुञ्जेल उनले कुनै शेर्पा वा नेपाली देखेनन्। कहिले काहीं उनी आफूलाई एक्लो सम्झन्थे तर यहाँ उनले धेरै कुरा सिक्न पाए। उनको सम्पर्क अंग्रेज, भारतीय, तुर्की, अफगान, हिन्दु, मुस्लिम, क्रिस्तान र यहूदीसित भयो। भाषाहरूमा उनले हिन्दी, चित्राली र पस्तु सिके। उनको अंग्रेजी परिमार्जित हुँदै गयो। समय बित्दै जाँदा दार्जीलिङ र छोमोलुङमा उनको स्मृतिदेखि धूमिल हुँदै गयो। एक दिन मेजर व्हाइटले तेन्जिङलाई एउटा पत्र पढ़ेर सुनाए जसमा १९३८ को एभरेष्ट अभियानमा तेन्जिङले गरेको साहसिक कार्यको प्रशंसामा उनलाई 'टाइगर' को पदवी प्रदान गरिएको उल्लेख थियो।

संसारमा इंगल्याण्डबाहेक अरू देश छैन भन्ने उनी सोच्दथे तर उनले अलिअलि गर्दै अन्य देश र जातिबारे थाह पाए। युद्ध थामिएको थिएन तापनि संसारका अन्य देशहरू हेर्ने उनको इच्छा थियो। कहिले काहीँ उनलाई फौजमा भर्ना हुने जोश पनि चल्थ्यो। दोस्रो विश्वयुद्धसितै देशमा स्वाधीनता संग्रामले उग्र रूप धारण गरिसकेको थियो। राजनीतिको उनलाई केही ज्ञान थिएन, न त्यसमा चासो थियो। उनी केवल शान्तिपूर्वक जिउन चाहन्थे अनि केवल आफ्नो काममा रूचि लिन्थे।

चित्रलमा मेजर व्हाइटबाहेक तेञ्जिङका अर्को शुभ चिन्तक थिए सिविल सर्जन डा० एन० डी० जेकब। उनी जिल्लाका असैनिक स्वास्थ सेवाका अधिकारी थिए। उनी अति व्यस्त र महत्त्वपूर्ण व्यक्ति थिए। भारतमा कार्यरत केही ब्रिटिश अधिकारी झैं उनमा रूखोपन थिएन। तेञ्जिङ र उनका परिवारलाई उनी सधैँ मदत गर्थे। तेञ्जिङप्रति उनी यसरी व्यवहार गर्थे मानो तेञ्जिङ कुनै राजा वा मेजर–जनरल हुन्।

चित्रलको जलवायु दावा फुटीको स्वास्थ्यको लागि अनुपयुक्त सिद्ध भयो। उनी सधैँ अस्वस्थ रहन्थिन्। डा० जेकबले आफ्नो उपचारमा नाना प्रकारका पद्धति अपनाए तापनि दावा फुटीको बिमारी बीसको उन्नाइस पनि भएन। उनी प्रतिदिन कमजोर बन्दै गइन् अनि १९४४ मा आफ्ना पति, पाँच वर्षीया ठूली छोरी पेमपेम र चार वर्षीया निमालाई छोड़ेर उनले संसारदेखि विदा लिइन्। आमाबिनाका दुइ छोरीको हेरचाह गर्नलाई तेञ्जिङले एउटा आयाह नियुक्त गरे। तर आमाको न्यानो काख र ममतादेखि वञ्चित दुइ छोरीहरूको स्याहार–सुसार राम्ररी नभएको देखेर उनले दार्जीलिङ फर्कने निश्चय गरे।

छ: वर्ष चित्रलमा नोकरी गरेर तेञ्जिङले प्राय: पन्ध्र सय रूपियाँ बचाएका थिए। विश्वयुद्ध चलिरहेकोले उनलाई दिर रेलवे स्टेशनसम्म परिवहनको समस्याले सतायो। उनले एउटा घोड़ा किराइमा लिए, दुइ छोरीलाई त्यसमाथि चढ़ाए औ दिर रेलवे स्टेशनतर्फ प्रस्थान भए। दिर रेलवे स्टेशनमा यात्रीहरूको ठूलो भीड़ थियो। निकै दिनसम्म पनि उनले ट्रेन पाएनन्। उनलाई दुइ छोरीको सुर्ता लाग्न थाल्यो। अन्तमा उनलाई एउटा युक्ति सुझ्यो। मेजर व्हाइटले पिप्ससहित आफ्नो फौजी यूनिफर्म दिएका थिए। उनले त्यो पुरानो फौजी यूनिफर्म लाए अनि मिलिटेरी ट्रेनका प्रतीक्षामा बसिरहे। मिलिटेरी ट्रेन आएपछि उनी दुइ छोरीसित प्रथम श्रेणीको डब्बाभित्र पसे। फौजी यूनिफर्ममा उनी पक्का फौजी अधिकारी देखिन्थे। कसैले विरोध गरेन।

दिर स्टेशनदेखि सिलगढ़ी स्टेशनसम्मको ट्रेन यात्रामा उनको केही खर्च भएन। सिलगढ़ी स्टेशन आइपुगेर उनले फौजी यूनिफर्म फुकालेर साधारण पोशाक लाए। अवैध पोशाक लाएर उनी पक्रा पर्न चाहँदैनथे।

छः वर्षपछि दार्जीलिङ फर्केका तेन्जिङलाई भिन्नै प्रकारको भेषमा देखेर पुराना साथीहरूले उनलाई विस्फारित आँखाले हेरे अनि उनको बोल्ने ढंग सुनेर हाँसे। ती साथीहरूले उनलाई निकै दिनसम्म 'पठान' भनी सम्बोधन गरे। उनले आफूसित चित्रलदेखि केही मणि ल्याएका थिए। केही स्थानीय व्यापारीहरू ती मणि देखेर खूबै उत्तेजित भए। उनीहरूले ती मणि बहुमूल्य हुन् भनी बताउँदा तेन्जिङ छक्क परे। केवल तेन्जिङलाई होइन, चित्रलका बासिन्दासमेतलाई ती मणिको मूल्य थाह थिएन। त्यहाँका मानिसहरू अलिकति चियापानी वा खानेकुरासित मणि साट्थे। केही साथीहरूले तेन्जिङलाई चित्रलबाट प्रशस्त मणि ल्याएर त्यसको व्यापार गर्ने औ धनी बन्ने सुझाउ दिए। साथीहरूको उनलाई धनी बन्ने सुझाउको विरोध गर्न उनी चाहँदैनथे। सुझाउ सराहनीय थियो तापनि व्यापारीको रूपमा सफलता पाउने उनलाई आशा नभएकोले उनी निरूत्तर रहे।

आमाबिनाका दुइ ससाना छोरीहरूको स्याहार–सुसार तेन्जिङ स्वयंले गर्नुपर्थ्यो। दिनभरि छोरीहरूको हेरचाह गर्नु एक्लो बाबुको सामर्थ्यदेखि बाहिरको कुरा थियो। त्यो विकट स्थितिदेखि उन्मुक्त हुन उनी युक्तिहरू सोचिरहन्थे। त्यो दयनीय अवस्था देखेर केही शुभचिन्तक साथीहरूले भने, ''तेन्जिङ, यी दुइ छोरीको लागि तिमीले फेरि बिहे गर्नैपर्छ। तिमी दिनहुँ काममा जानुपर्दा अथवा लामो समयको लागि अभियानमा जानुपरेको खण्डमा यिनीहरूलाई कसले स्याहार्छ?''

साथीहरूको सुझाउको स्वागत र सराहना गर्दै तेन्जिङले भने, ''सुझाउका लागि धन्यवाद तर यो झट्ट हुँदैन। मनले रूचाएकी स्वास्नी पाउनलाई आफूले पनि यताउति दौड़धूप गर्नैपर्स्यो र केही समय लाग्न सक्छ।''

छोरीहरूको हेरचाह गर्नलाई एउटी धाईको नियुक्ति उनलाई अनिवार्य लागेको थियो तर युवावस्थामा नै विधुर भइसकेको स्वयंलाई एउटी जीवनसंगिनीको आवश्यकताबारे उनले सोचेकै थिएनन्। आज अचानक साथीहरूको सुझाउले उनको मनमस्तिष्क रन्थनाइदियो। उनी केही क्षण गहिरो सोचमा डुबे अनि दोस्रो विवाह नै बाबु र दुइ छोरीको समस्याको समाधान हो भन्ने निष्कर्षमा पुगे।

आफू अधिकांश समय अभियान र जीवन–निर्वाहका अन्य उपायहरूमा व्यस्त रहनुपरेको हुनाले शेर्पा युवतीहरूसित घनिष्ठता राख्ने अवसर तेन्जिङले

पाएका थिएनन्। केही लज्जालु स्वभावका हुनाले उनले आफ्ना साथीहरूलाई ''लौ है साथी हो, मेरो लागि एउटी सुहाउँदिली स्वास्नी हेरिदेऊ है'' भन्न उनी हिचकिचाउँथे। यस्तो स्थितिमा आफूले रूचाएकी स्वास्नी पाउनु सहज कुरा थिएन। यस्तै चिन्ताले ग्रस्त भएर बजार डुल्दै गर्दा उनको भेट आङ ल्हामूसित भयो। आङ ल्हामूले तेञ्जिङदेखि केही चोटि दूध किनेकी थिइन्। दूधको मूल्यसम्बन्धी ती दूधबीच बहस भइरहन्थ्यो। लामो समयको अन्तरालपछि भेट हुँदा दुवैले आश्चर्य र हर्ष प्रकट गरे। एक अर्काको व्यक्तिगत र पारिवारिक जीवनबारे दुइबीच विवरणको आदान प्रदान भयो। साइनो केलाउँदै जाँदा आङ ल्हामू तेञ्जिङकी साली भइन् किनभने उनी तेञ्जिङकी जेठी स्वास्नी दावा फुटीको काकाकी छोरी थिइन्। छुट्टिने बेलामा आङ ल्हामूले तेञ्जिङलाई भनिन् ''भेना, तपाईंले पेमपेम र निमाको लागि चाँडै सानीआमा ल्याउनुपर्छ नत्र यतिकै बस्नु भएन नि।''

आङ ल्हामूको प्रेरणादायक सुझाउ र व्यंग्यले तेञ्जिङमा अचानक नयाँ स्फूर्ति र साहसको सृजना भयो अनि उनले प्याच्चै भनिहाले, ''सबैले त्यसै भन्दैछन्। मैले पनि त्यस्तै सोचिरहेको छु। पेमपेम र निमाकी सानीआमा हुनलाई तिमीभन्दा योग्य उम्मेदवार अरू कोही छैन। त्यहीमाथि भेनाको सालीमाथि अधिकार छ। तिमी राजी छ्यौ?''

खितिति हाँस्दै आङ ल्हामूले भनिन्, ''म झट्ट भन्न सक्तिनँ, सोचेर भन्छु।''

यति भनेर उनी आफ्नो नोकरीतिर लागिन्। उनको उत्तरमा अर्ध–स्वीकृतिको गन्ध पाएर तेञ्जिङले पनि भनिहाले, ''उसो भए आज रातभरि सोचेर भोलि दिउँसो यही ठाउँमा 'ल' वा 'नाइँ' मा मलाई उत्तर देऊ है।''

''हुन्छ, भेना,'' संक्षिप्त उत्तर दिइन् आङ ल्हामूले। आङ ल्हामूसित जीवनको नयाँ अध्याय आरम्भ गर्ने विचार गर्दै तेञ्जिङ उल्लासित हृदय लिई घर पुगे। आज सधैँभन्दा छोरीहरूको लागि उनको हातमा मिठाईको परिमाण अधिक थियो औ गुणस्तर पनि अधिक।

सल्लाहअनुसार भोलिपल्ट तेञ्जिङ र आङ ल्हामूको चौकबजारमा भेट भयो। हातमा एउटा ठूलो पोका बोकेर टाढैदेखि हाँस्दै आफूतिर आइ रहेकी आङ ल्हामूलाई देखेर आङ ल्हामूले उनको विवाहको प्रस्ताव स्वीकार गरिन् भनी तेञ्जिङले सहजै अनुमान लाए। आङ ल्हामू नगीच आइसकेपछि तेञ्जिङले सोधिहाले,''साली, के विचार गर्‍यौ? 'ल' कि 'नाइँ'?''

रिसाएकी कृत्रिम अभिनय गर्दै आङ ल्हामूले भनिन्, ''यो भेना त जिस्किनु

पनि जान्नुहुन्न। जानी जानी बूझ पचाउनुहुन्छ। यो लुगाको पोका देख्नुभएन? 'नाइँ' भन्ने भए यो पोका म ल्याउने थिएँ र?''

''साँच्चै हो के?''

''बजारबीचमा जिस्किरहने काम छैन। हिँड्नुहोस् घर। मलाई दुइ छोरीसित भेट्ने खूबै हतार छ।''

''जस्तो तिम्रो इच्छा,'' तेन्जिङले भने अनि लुगाको पोका आङ ल्हामूको हातदेखि लिएर तुङसुङतर्फ प्रस्थान गरे। एक दिनअघि 'भेना' को साइनो लागेको व्यक्तिलाई पति स्वीकारेर आङ ल्हामू पनि तेन्जिङको पछि पछि हिँड्न् सुनौलो भविष्यको कामना गर्दै।



# जीवनको नव प्रभात अनि केही विजय, केही पराजय



*दाकु, तेञ्जिङ र आङ ल्हामू*

आङ ल्हामू गरीब शेर्पा परिवारमा दार्जीलिङमा जन्मेकी थिइन्। सानै छँदा आमाबाबुले उनलाई केही समयको लागि सोलु खुम्बु लगेर गएका थिए तर त्यहाँको शैशव कालको झीनो स्मृतिसमेत उनलाई थिएन। आठ वर्षको उमेरदेखि दार्जीलिङ शहरमा उनले भरियाको काम गर्न थालिन्। ठूली भएपछि उनी धनी परिवारहरूमा धाई बनिन्। १९३८ मा उनको जीवनमा ठूलो परिवर्तन आयो। वालेश नामक ब्रिटिश परिवारले उनीहरूका दुइजना नानीको हेरचाह गर्न उनलाई इंगल्याण्ड लगे। उनी लण्डनको हाइड पार्क नगीचको होटलमा अनेक महीना बसिन्। समुद्र यात्राको अनुभव नभएको हुँदा उनी धेरजसो बिमार भइन्। लण्डनमा पुगेर पनि उनी बिमार भइन् तर वालिस परिवारसित उनले धेर दिन बस्ने सुयोग पाइनन् किनभने उनीहरूको इंगल्याण्डदेखि अन्यत्र स्थानान्तरण भयो। उनी दार्जीलिङ फर्किन्।

आङ ल्हामूसित बिहे भएको दुइ सातापछि लेफ्टिनेण्ट कर्णेल एच॰ टेलरले

तेन्जिङलाई तिब्बत जानलाई नियुक्त गरे। सामान केही खच्चरमा लदाएर कर्णेल टेलर र तेन्जिङ दुइवटा घोड़ामा चढ़ी सिक्किमका उपत्यकाहरू र अग्ला चिसा घाटीहरू हुँदै तिब्बतको ग्याङसी पुगे। कर्णेल टेलर मिलनसार र उदार थिए। अन्य अमेरिकीहरूजस्तै उनी पैदल यात्रा गर्नभन्दा घोड़ा चढ़नमा रूचि लिन्थे। दुइ महीनाव्यापी तिब्बत यात्रामा कर्णेल टेलरले अनेक चोटि तेन्जिङलाई भने, ''तेन्जिङ, तिमी अमेरिका आयौ भने म तिमीलाई जीप चलाउन सिकाउनेछु।''

तिब्बत यात्रादेखि फर्केर तेन्जिङले चित्रलमा सञ्चय गरेको पैसाले दुइवटा घोड़ा किनेर किराइमा लाए। दुइवटा घोड़ाबाट उनी राम्रो कमाइ पाउँथे। मध्य दिनमा उनी घोड़ालाई घर ल्याउँथे अनि बाँकी समय परिवारसित बिताउँथे जबकि अन्य शेर्पाहरू शहरका उकाला ओह्राला सड़कमा दिनभरि भारी बोक्थे। कहिले काहीँ उनी घोड़ाहरूलाई आराम दिएर पर्यटकहरूलाई शहरका विभिन्न रमणीय स्थान देखाउन लैजान्थे। एक दिन उनले सातजना अमेरिकी युवतीहरूलाई सूर्योदय र माउण्ट एभरेष्ट देखाउन भनी टाइगर हिल लगे। त्यहाँ पर्यटकहरूका अनेक समूह आ–आफ्ना गाइड लिएर गएका थिए। पर्वत शिखरका नाउँहरूसित राम्ररी परिचित नभएका केही ढोंगी गाइडहरूले पर्यटकहरूलाई मकालुतिर औंल्याउँदै 'त्यो एभरेष्ट हो' भनी चिन्हाइरहेका थिए। त्यो देखेर तेन्जिङलाई लाज लाग्यो। एभरेष्ट ल्होछे र मकालुको पछिल्तिर निकै टाढ़ो अवस्थित भएको हुनाले सानो देखिन्छ। यसकारण ल्होछेभन्दा अग्लो मकालुलाई मानिसहरू एभरेष्ट ठान्ने भूल गर्छन्। तेन्जिङले सातजना अमेरिकी युवतीहरूलाई वास्तविक कुरा बताइदिए। उनको ईमानदारी देखेर ती पर्यटकहरू खूबै खुशी भए। भोलिपल्ट उनीहरूले तेन्जिङका घोड़ा चढ़ेर मालरोड घुमे अनि आफ्ना अन्य पर्यटक साथीहरूलाई पनि तेन्जिङका घोड़ा चढ़न पठाए।

एक दिन चौरास्तामा घुम्दै गर्दा तेन्जिङको भेट श्री र श्रीमती स्मिटनसित भयो। तिरिच मीर अभियानको लामो समयपछि उनीहरूको भेट भएको थियो। दोस्रो विश्वयुद्धमा श्री स्मिटनको नाकमा बुलेट लागेको हुनाले उनको अनुहार अदभुत ढंगले बदलिसकेको थियो। स्मिटन दम्पति पहिले झैं मिलनसार र दयालु थिए। तेन्जिङ उनीहरूसित कालेबुङ घुम्न गए।

तेन्जिङ पर्यटकहरूलाई टाइगर हिलको अतिरिक्त फालुट, टोङलु र सन्दकपु पनि लैजान्थे। एक अंग्रेज दम्पतिले टाइगर हिल घुमिसकेर टोङलु हेर्ने इच्छा व्यक्त गरे। तेन्जिङले दम्पतिलाई घोड़ाद्वारा टोङलु लगे। अंग्रेज युवतीका मोतीजस्ता

सेता दाँत र आकर्षक सौन्दर्य देखेर तेञ्जिङ मक्ख भए। टोङलुको डाक बंगलामा उनीहरूले रात बिताए। बिहान अंग्रेज दम्पतिको लागि हातमुख धुने पानी र चिया लिएर तेञ्जिङ कोठाभित्र पसे। कोठाभित्र पसेर उनले सुन्दरी युवतीको सट्टा एउटी बूढ़ी महिला देखे जसको एउटै दाँत थिएन। आफू गलत कोठामा पसेको उनलाई सन्देह भयो। तर डाक बंगलामा अंग्रेज दम्पतिबाहेक अन्य कुनै पर्यटक बास बसेका थिएनन् भने त्यो बूढ़ी महिला को हुन सक्छिन्? पानी र चियाको ट्रे टेबलमाथि राखेर रन्थनिएको मस्तिष्क लिई उनी फनक्क फर्के। बूढ़ी महिलाको भेद खुल्यो। उनको टेबलमाथि राखिएका बहुमूल्य श्रृंगार प्रसाधन र एक गिलास पानीमा डुबाइएको सेता दाँतको पंक्ति देखेर तेञ्जिङले वास्तविकता बुझे अनि आफ्नो अट्टहासलाई कठिनतासित दमन गरेर बाहिर निस्के। चिया–चमेना लिएर पतिसित बाहिर निस्कँदा बूढ़ी महिला हिजजस्तै मदमस्त तरूणी र सौन्दर्यवती देखिन्थिन्।

दुइवटा घोड़ालाई किराईमा लाएर अनि विदेशी पर्यटकहरूको गाइड भएर दोस्रो विश्वयुद्धको अवधिभरि तेञ्जिङले परिवारको दायित्व राम्ररी सम्हाले। विश्वयुद्धको समाप्ति तेञ्जिङको जीवनमा सुनौलो अध्यायको आरम्भ थियो। १९४६ को बसन्त ऋतु शुरू भएपछि दून स्कूलका शिक्षकद्वय मार्टिन र गिब्सनले 'बन्दर पूँछ' अभियानको लागि फेरि तेञ्जिङलाई गढ़वाल बोलाए। लामो अन्तरालपछि पर्वत अभियानको निमन्त्रण पाएर उत्तेजित तेञ्जिङले स्वयंलाई भने, ''तँ पर्वतमा वापस जाँदैछस्! ती पर्वतहरू तेरै हुन्!''

उनी गढ़वाल पुगे। दून स्कूलका अर्का शिक्षक आर॰ एल॰ होल्डस्वर्थ, रोयल आर्टिलेरीका मेजर मन्रो र भारतीय सैन्यका लेफ्टिनेण्ट एन॰ डी॰ जयाल पनि अभियान दलमा सम्मिलित भए। घना हिमवृष्टि र अतिशय जाड़ोले गर्दा दोस्रो बन्दर पूँछ अभियान पनि असफल भयो। अभियान दल १८००० फीटदेखि उँभो जान सकेन। दुइपल्ट असफल भएर पनि हरेश नखाएका गिब्सनले फर्कने बेलामा भने, ''हामी फेरि आउनेछौं र यो बाँदरको पुच्छर अवश्य पक्रनेछौं।''

हाँस्दै तेञ्जिङले आफ्नो विचार व्यक्त गरे, ''कुरा यति हो कि यसलाई बन्दर पूँछ नभनेर 'दून स्कूल पर्वत' भन्नुपर्छ।''

दोस्रो विश्वयुद्ध समाप्त भएपछि केही समय दार्जीलिङले विकट आर्थिक स्थितिको सामना गर्नुपर्‍यो। दुइ ब्रिटिश बटालियनलगायत सिविल ब्रिटिश पदाधिकारीहरू दार्जीलिङ छोड़्न बाध्य भए। विदेशी पर्यटकहरूको संख्या शून्य भने पनि हुने। असंख्य युवाहरू बेरोजगारी र गरीबीको शिकार भए।

प्रतिकूल आर्थिक परिस्थितिको चपेटदेखि तेन्जिङको परिवार पनि उम्कन सकेन। उनको ससुराको देहान्त भइसकेको थियो। दुइ वर्ष अघिदेखि थला परेकी सासूको उपचार र सुश्रुषाको दायित्व तेन्जिङ दम्पतिको काँधमा परेको थियो। चित्रलदेखि ल्याएको पूँजी लामो समय बेरोजगार रहनुपर्दा तेन्जिङले घर–खर्चमा उपयोग गरे। यस्तो परिस्थितिमा पत्नी आङ ल्हामूको आर्थिक सहयोग र आश्वासन तेन्जिङको उत्पीड़न कम गर्नमा सहायक बन्यो। आङ ल्हामू विभिन्न परिवारमा धाई गर्थिन् अनि समय निकालेर चौरस्तामन्तिरको 'दाँत कोठी' मा स्मिथ ब्रदर्शलाई पनि सघाउँथिन्। आङ ल्हामूको अथक परिश्रम र परिवारप्रतिको अगाध मायादेखि द्रवीभूत भएर तेन्जिङले अनेक चोटि भने, "आङ ल्हामू, यस्तो दु:खको बेला तिमीले परिवारको लागि जे गर्दैछ्यौ, त्यो म कहिल्यै बिर्सन सक्तिनँ।"

कहिले काहीँ आफ्नो इच्छाको विरूद्ध तेन्जिङले मजदूरी गरे। एक दिन यहाँ,भोलि फेरि अर्कै ठाउँ अनियमित रूपले। उत्तरमा अवस्थित अग्लो, सेतो रमणीय कञ्चनजंगालाई अब उनी घृणा गर्थे किनभने कञ्चनजंगाले उनको दीनताको उपहास गरिरहे झैं उनलाई प्रतीत हुन्थ्यो। नैराश्यमा डुबेर उनी सोच्थे: "मलाई के भयो? जुन पर्वतहरूलाई म असाध्य माया गर्छु अनि जसको लागि मेरो जन्म भएको हो, म त्यहाँ किन जान सक्तिनँ।"

पर्यटकहरू नभएकोले टाइगर हिल जाने कुरै थिएन। उनी एभरेष्टसमेत हेर्न चाहँदैनथे तर अधिकाशं समय उनी एभरेष्टबारे सोच्दथे।

बेरोजगारी र गरीबीलाई अभिशाप सम्झँदै दु:खी जीवन बिताइरहेको बेला अफ्रिकादेखि अर्ल डेनम्यान दार्जीलिङ आइपुगे। १९४७ को बसन्त शुरू भइसकेको थियो र त्यो पर्वत अभियानको लागि उपयुक्त समय थियो। पर्वत अभियानका वरिष्ठ सरदार कर्म पालले तेन्जिङ र आङ दावालाई आफ्नो कार्यालयमा बोलाएर डेनम्यानसित उनीहरूको भेट गराइदिए। डेनम्यान एक्लो थिए। उनीसित तिब्बत पस्ने अनुमति, प्रशस्त धन र पर्याप्त सामग्री थिएन। त्यस्तो स्थितिमा अभियान सजिलो थिएन र कसैले पनि डेनम्यानको गाइड हुन अस्वीकार गर्नेथ्यो। तर तेन्जिङले अस्वीकार गर्न सकेनन् किनभने उनको लागि संसारको कुनै पनि शक्तिभन्दा एभरेष्टको आकर्षण बलवती थियो। एभरेष्ट अभियानको अवसर उनी कुनै परिस्थितिमा गुमाउन चाँहदैनथे। केही क्षण आङ दावासित सल्लाह गरेर उनले डेनम्यानलाई आफ्नो सहमति व्यक्त गरे, "महाशय, हामी दुइजना तपाईंसित जान तयार छौं।"

डेनम्यान, तेन्जिङ र आङ दावा सिक्किमको बाटो भएर तिब्बतको सिमाना पुगे। त्यहाँदेखि रोङबुक गुम्बा पुगिञेल उनीहरूले अनेक विघ्न वाधाको सामना गर्नुपर्‍यो। रोङबुकदेखि स्पष्ट दृष्टिगोचर हुने एभरेष्टले तेन्जिङलाई नौ वर्षअघिको सम्झना दिलायो र उनी रोमाञ्चित भए। तर अर्कोतिर १९३४ मा मरिस विलसनको दर्दनाक मृत्युको सम्झनाले उनको मुटु नकमाएको पनि होइन। उनले आफैसित कुरा गरे, ''हे ईश्वर! हामीलाई त्यस्तो नहोस्! हामीलाई यस्तो भयो भने तम्बुभित्र हिउँले कुहेको हाम्रो शरीर कसले खोजेर निकाल देला!''

अल्प खाद्य सामग्री, हावा छेल्न सक्ने लुगाको अभाव र अत्यधिक जाड़ो उनीहरूको अभियानको अवरोध भए तापनि उनीहरू अघि बढ़िरहे। जाड़ोको सबभन्दा महत्त्वपूर्ण वस्तु चिया सिद्धिएको थियो। अत्यधिक जाड़ोसित अभ्यस्त नभएको डेनम्यान राति सुत्न सक्तैनथे। कहिले काहीं उनलाई हिंड़न पनि कठिन पर्थ्यो। चौथो क्याम्पदेखि उनीहरू अघि बढ़न सकेनन्। साहसी र दृढ़ भए तापनि अविराम हूरी बतास र प्रतिकूल मौसमको अघि डेनम्यान नतमस्तक भए अनि घर फर्कनुबाहेक उनले कुनै विकल्प देखेनन्। उनी विलसन झैं आफ्नो प्राण गुमाउन चाहँदैनथे। अप्रेलको अन्तमा उनीहरू दार्जीलिङ आइपुगे।

१९४८ को बसन्तमा डेनम्यान फेरि दार्जीलिङ आए तर तिब्बत पस्ने अनुमति नभएकोले तेन्जिङ उनीसित जान मानेनन्। आफूसित ल्याएको अभियान सामग्री तन्जिङलाई दिएर उनी अफ्रिका फर्के। उनी र तेन्जिङबीच केही समयसम्म पत्राचार चलिरह्यो।

तेन्जिङ डेनम्यानसित अभियानमा जान नसकेकोमा दुःखी थिए तर डेनम्यानलाई साथ दिन नसक्नु उनको विवशता थियो। घर फर्केको केही दिनपछि प्रसिद्ध स्वीस पर्वतारोही आन्द्रे रोच गढ़वाल अभियानको लागि शेर्पाहरू नियुक्त गर्न दार्जीलिङ आए। अभियान दलमा धनी व्यापारी, अनुभवी पर्वतारोही र शिकारी अल्फ्रेड सट्टर, रिन डेटर्ट, श्रीमती एनिलिज लोहनर र एलेक्स ग्रोभन थिए। उनीहरू सबै स्वीस थिए।

सर्वोच्च क्याम्पसम्म पुगेपछि तेन्जिङलाई श्रीमती लोहनरको व्यक्तिगत सेवा गर्ने दायित्व सुम्पियो। तेन्जिङ दुःखी भए। केदारनाथ आरोहण गरेर फर्कदै गर्दा एउटा दुर्घटना भयो। अल्फ्रेड सट्टर र सरदार वाङदी नर्बू प्रायः एक हजार फीट तल झरेर घाइते भए। सट्टरलाई हल्का चोट लागेको थियो। वाङदी नर्बूको एउटा खुट्टा भाँच्चियो र अर्को खुट्टा काटियो। तेन्जिङ र शेर्पा साथीहरूले एउटा स्ट्रेचरमा बोकेर

उनलाई क्याम्पमा लिएर आए। त्यहाँदेखि उनलाई मसूरीका अस्पताल लगियो। स्वस्थ भएपछि उनी दार्जीलिङ फर्के। वाङदी नर्बूको अनुपस्थितिमा तेञ्जिङ अभियान दलका सरदार नियुक्त भए। उनको जीवनमा त्यो एउटा आवर्त्त विन्दु थियो। एकातिर उनी सरदार हुन पाएकोमा जति अधिक हर्षित थिए अर्कातिर सुयोग्य सरदार वाङदी नर्बूको दुर्भाग्य सम्झेर उतिनै अधिक दु:खी भएका थिए।

२२००० फीट अग्लो केदारनाथ शिखरको आरोहणपछि रोच, डेटर्ट, सट्टर, ग्रोभन र तेञ्जिङको दलले क्रमैसित सतोपन्थ, बलबला र कालिन्दीको आरोहणमा सफलता प्राप्त गरे। यो अभियानमा उत्तर गढ़वालका बद्रीनाथ र गंगोत्रिबाहेक अनेक ससाना, स्थानहरू हर्ने मौका उनीहरूले पाए।

मसुरी भएर अभियान दल घर फर्कनुपर्ने थियो जब त्यहाँ सैनिक कानून लागू भइसकेको थियो। जताततै सैनिक तैनाथ थिए। व्यापारिक संस्थाहरू बन्द थिए। कर्फ्यूले गर्दा राति हिँड्डुल गर्न निषेध थियो। यातायातसमेत अचल भएकोले त्यहाँदेखि बाहिर निस्कनु उनीहरूलाई असम्भव लाग्यो। अन्तमा स्थानीय अधिकारीवर्गले स्वीसहरूलाई सैनिक गाड़ीमा दिल्ली पठाए तर दशजना शेर्पाहरू दुइ सातासम्म त्यहीँ अलपत्र भएर बसे। उनीहरूले अभियानमा कमाएको पैसा सिद्धिन आँटेको थियो। गोजीमा खालि पन्ध्र रूपैँया लिएर तेञ्जिङ मुख्य पुलिस अधिकारीकहाँ सहायता माग्न गए। निकै आनाकानी गरेपछि उनले दशजना शेर्पाका निम्ति देहरादून जाने एउटा ट्रकको व्यवस्था गरिदिए। गिबसनले उनीहरूलाई देहरादूनदेखि दार्जीलिङ जाने चाँजो मिलाइदिए।

# तिब्बत यात्रा



*पोटाला राजमहल*

गढ़वाल अभियानमा कमाएको पैसा तेन्जिङले यात्रामा खर्च गर्नुपर्‍यो। घर फर्केर झट्ट काम पाउनु गाह्रो थियो। आङ ल्हामूले आयाह काम गरेर घर चलाउँथिन्। दुइ छोरी पेमपेम र निमा वयस्क हुँदै गएर उनीहरूको आवश्यकतामा वृद्धि हुनु स्वाभाविक थियो। छ्यात्तर वर्ष पुगेकी सासूको दुइ वर्ष थला परेर देहान्त भयो। मर्ने बेलामा सासूले तेन्जिङको शिरमा हात राखेर भनिन्, ''नानी, तिमीले मेरो खूबै सेवा गर्‍यौ। ईश्वरले तिमीलाई आशीर्वाद दिनेछ। तिम्रो भाग्योदय हुनेछ।''

सासूको आशीर्वाद खेरो गएन। तेन्जिङको जीवनमा त्यसपछि नराम्रो दिन कहिल्यै आएन। बसन्त लाग्नेसाथ प्राच्य कला र साहित्यका प्रसिद्ध विद्वान प्राध्यापक गिसेप टूची इटलीदेखि दार्जीलिङ आए। उनी दार्जीलिङदेखि केही सहायक र भरियाहरू तिब्बत लैजान चाहन्थे। उनी यसभन्दा अघि सात चोटि तिब्बत गइसकेका थिए। भरिया र सहायक चयन गर्ने काममा उनलाई स्थानीय सरदार कर्मा पालले सहयोग दिए। नोकरी पाउने आशा लिएर तेन्जिङ गिसेप टूचीलाई भेट्न गए। निराश भएर उनी घर फर्के किनभने नियुक्ति पाइसकेका भरिया र सहायकहरू त्यति बेलासम्म गान्तोक पुगिसकेका थिए। त्यो हूलमा तिब्बती, हिन्दी, नेपाली र

अंग्रेजी भाषाको कामचलाउ ज्ञान भएको व्यक्ति कोही नहुँदा केही दिनपछि सरदार कर्मा पालले तेञ्जिङलाई टूचीकहाँ गान्तोक पठाए। टूचीले मशीन गनजस्तै पड्केर विभिन्न भाषामा तेञ्जिङलाई प्रश्नहरू गरे अनि सन्तोषजनक उत्तर पाएर भने, ''हुन्छ, मसित जानलाई तयार होऊ।''

टूचीले इटलीदेखि तीनजना सहायक ल्याएका थिए। भान्सेको लागि एकजना शेर्पा नियुक्त भयो। भरियाहरू स्थानीय थिए किनभने दार्जीलिङदेखि लगिएका शेर्पाहरू टूचीसित काम गर्न असमर्थता देखाएर फर्किसकेका थिए। दार्जीलिङदेखि ल्हासा गइरहेका एकजना लामा पनि त्यो हूलमा थिए। खाद्य सामग्री, लुगाफाटा र अन्य सामग्रीको लागि प्रायः एक सय खच्चर अनि मान्छे बोक्नलाई घोड़ाहरूको व्यवस्था सिक्किम सरकारद्वारा भएको थियो। टूचीले तेञ्जिङलाई सम्पूर्ण सामग्रीको दायित्व सुम्पिनको साथै उनको व्यक्तिगत मालतालको चाबी र यात्रामा खर्च गर्नलाई प्रशस्त पैसा पनि दिए।

गिसेप टूची महान् विद्वान थिए। उनलाई तिब्बतबारे तिब्बतीहरूभन्दा अधिक ज्ञान थियो। उनी अनेक भाषाका ज्ञाता थिए। वार्तालाप उनी एउटा भाषामा शुरू गर्थे, बीच बीचमा अन्य भाषाहरू प्रयोग गर्थे अनि वार्तालापको अन्त अर्कै भाषामा हुन्थ्यो। उनी तेञ्जिङसित बोल्नुपर्दा इटली र शेर्पाबाहेक उनले जानेका विभिन्न भाषा प्रयोग गर्थे। गुम्बाहरूमा उनको विशेष रूचि थियो। कुनै गुम्बा देख्नुसाथ त्यहाँ पसेर बौद्ध साहित्यका पाण्डुलिपि र प्राचीन कलाकृति हेर्थे।

याटुङ पुग्दा टूचीका तीन इटलीवासी मित्रहरूले त्यहाँका अधिकारीहरूलाई सही अनुमति पत्र देखाउन सकेनन् र उनीहरू घर फर्कन वाध्य भए। सिक्किमदेखि ल्याएका घोड़ाहरू र खच्चरहरू टूचीले सिक्किम फर्काइपठाए अनि याटुङदेखि तिब्बती घोड़ा र खच्चरको बथान लिएर अघि बढ़े। बाटामा जति गुम्बा भेटे त्यहाँका पुराना पुस्तक, पाण्डुलिपि र कलाकृति नहेरी उनको चित्त बुझ्दैनथ्यो। ती विषयहरूमा उनको अगाध ज्ञान देखेर लामाहरू छक्क पर्थे। धर्मपरायण भएको हुनाले प्रत्येक गुम्बामा छ्योमी बाल्न र मणि घुमाउन तेञ्जिङले बिर्सेनन्। बास बसेको प्रत्येक स्थानमा टूची राति अबेरसम्म संग्रहित पुस्तक र पाण्डुलिपिहरू अध्ययन गर्दै टिप्पणी लेख्थे। त्यस्तो व्यस्ततामा कसैले वाधा पुऱ्याए उनी खूबै रिसाउँथे। कहिले काहीं मध्यरात वा केहीपछि उनी अचानक तम्बुदेखि बाहिर निस्कन्थे र भन्थे,'' लौ मैले काम सिध्याएँ। अब हिँड़ौ।'' सबै ओछ्यानदेखि उठेर हिँड़न तयार हुन्थे।

प्रायः बीस दिनको यात्रापछि प्राध्यापक गिसेप टूची र उनको दल ल्हासा

पुगे। उनीहरूको भव्य स्वागत भयो। सरकारद्वारा उनीहरूको लागि एउटा ठूलो बंगलाको प्रबन्ध गरियो। उनीहरूको सम्मानमा सरकारी र गैरसरकारी व्यक्तिहरूले भोजको आयोजन गरे। केही भोजनहरूको आयोजन नगरदेखि टाढ़ा खेतहरूमा हुन्थ्यो। अतिथिहरू घोड़ामा चढ़ेर भोजको आनन्द लुट्थे। तेन्जिङले त्यस्तो भोज अघि कहिल्यै देखेका थिएनन्। तिब्बतीहरूले तेन्जिङको जाति छुट्याउन सकेनन्। उनको पोशाक र आचरण भिन्नै थिए। उनले तिब्बती भाषा बोलेको सुनेर तिब्बतीहरू छक्क परे। उनले आफ्नो जाति शेर्पा भनी बताएपछि उनीहरूले पर्वत र पर्वत आरोहणबारे अनेक प्रश्न राखे। कसैले यो प्रश्न पनि गरे, ''तपाईंको विचारमा छोमोलुङमाको आरोहण हुन सक्ला?''

सोझो स्पष्ट उत्तर दिए उनले, ''मानिसको लागि केही असम्भव छैन। कोशिश गरिरह्यो भने ऊ एकदिन सफल हुन सक्छ।''

एउटा भोजमा उनले उच्च पदाधिकारीहरूसित बातचीत गर्ने र स्वीसहरूसित गरिएको गढ़वाल अभियानका फोटोहरू देखाउने अवसर पाए। उनीहरूले छोमोलुङमाबाहेक अन्य पर्वतहरूको नाम सुनेका थिएनन्। ल्हासामा छँदा दलाई लामाको दर्शन उनीहरूको सबभन्दा महत्त्वपूर्ण उपलब्धि थियो। पन्ध्र वर्षीय दलाई लामालाई उनीहरूले दुइ चोटि पोतालामा भेटे। दलाई लामाको दर्शन गर्न जाने व्यक्तिले उनलाई सोझै हेर्न पाउँदैनथ्यो। शिर निहुराएर उनको छेउमा बस्नुपर्थ्यो। तर प्राध्यापक टूचीमाथि त्यस्तो औपचारिकता लागू थिएन। उनी लामो समयसम्म दलाई लामासित निर्धक्क बात मार्थे अनि तेन्जिङ छेउमा बसेर उनीहरूको बातचीत सुन्नमा लीन हुन्थे। विदाको बेला दलाई लामाले ती दुवैलाई आशीष दिन्थे।

प्रायः एक महीना ल्हासामा हुँदा तेन्जिङको भेट हेनरिक हेरर र पिटर आस्कनेटरसित भयो। हेनरिक हेरर पर्वत अभियानबारे कथाहरू सुन्न अति उत्सुक थिए। उनले भने, ''तेन्जिङ, तिमी भाग्यमानी छौ। तिमी जहाँसुकै जान सक्छौ, पर्वत आरोहण होस् अथवा अभियान। म युद्ध बन्दी थिएँ। अहिले पनि एक प्रकारको बन्दीजस्तै छु। मैले फेरि पर्वत आरोहणको अवसर पाउने छुइनँ।''

टूची तिब्बतको पूर्वीय भाग जान चाहन्थे तर त्यो चीनको सीमान्त क्षेत्र हुनाले त्यहाँ पुग्न सम्भव थिएन अनि साम्यवादीहरूले तिब्बतमाथि आक्रमण गर्ने योजना बनाइसकेका थिए। यसकारण टूची र तेन्जिङले ल्हासादेखि प्रस्थान भएपछि सम्पूर्ण तिब्बत सात महीनाभित्र भ्रमण गरे। पवित्र बौद्ध भूमिका गुम्बा, शहर र पवित्र तीर्थस्थलहरूको दर्शन गर्नलाई एउटा प्रकाण्ड विद्वानको संगति तेन्जिङको लागि एउटा वरदान भयो। उनीहरूलाई दृष्टिगोचर भएको शहर, गुम्बा र तीर्थस्थलबारे विस्तृत विवरण टूचीले तेन्जिङलाई सुनाउँथे।

रूपियाँ–पैसाको मामिलादेखि टूची सधैं दूर रहन चाहन्थे। यसोसले उनले जति पैसा पाउँथे, सबै तेन्जिङलाई नै राख्न र चलाउन दिन्थे। कहिले काहीं आफू कतै व्यस्त रहेको बेला कुनै गुम्बादेखि केही आवश्यक वस्तु ल्याउनुपरेको खण्डमा तिब्बती भाषामा पत्र लेखेर उनी तेन्जिङलाई पठाउँथे। यो प्रक्रिया निकै चोटि चल्यो। गुम्बाका लामाहरू तेन्जिङलाई टूचीको डेबा ला (एजेण्ट वा प्रबन्धक) भन्न थाले। तेन्जिङले तिब्बतका गुम्बाहरूबारे यति अधिक ज्ञान आर्जन गरिसकेका थिए कि उनी ती गुम्बाहरूको मार्गदर्शिका लेख्न सक्षम भइसकेका थिए। टूचीले खच्चरहरूमा ल्याएका अनेक बाकस र क्रेट संग्रहहरूद्वारा भरिँदै गइरहेका थिए। अर्कातिर तेन्जिङले पनि मखुण्डा, तलवार, खदा, टोपी, कटौरा र मणिहरू संग्रह गरिसकेका थिए। यी सब सामग्रीहरू उनले उपहार पाएका थिए।

प्राध्यापक टूचीलाई तिब्बतमा चाहिएको सबभन्दा महत्त्वपूर्ण वस्तु थियो रूखका बोक्रामा संस्कृतमा लेखिएको एउटा पाण्डुलिपि। टूचीअनुसार त्यो पाण्डुलिपि प्रायः दुइ हजार वर्षअघि तुर्कीस्थानमा लेखिएको थियो अनि धेरै वर्षअघि त्यो पाण्डुलिपि तिब्बतको घांगर नामक पुरानो गुम्बामा ल्याइएको थियो। टूची र तेन्जिङ घांगर गुम्बा गए। त्यहाँका लामाहरूलाई त्यो बहुमूल्य पाण्डुलिपिबारे केही जानकारी थिएन। अनेक दिन लगाएर दुइजनाले धूलो र माकुराका जालमा लपेटिएका हजारौं पाण्डुलिपि र पुराना लेखहरूको थाकमा त्यो पाण्डुलिपि खोजे। टूचीले हरेश खाएनन् जबकि तेन्जिङले त्यो पाण्डुलिपि पाउने आशा हराइसकेका थिए। कुनै काममा तल्लीन हुँदा टूची अरू काममा अधिक ध्यान दिँदैनथे। एक बिहान उनी कोटको बाहिर कमीज लाएर घरदेखि निस्के। त्यो देखेर तेन्जिङले उनलाई भने, ''महाशय, यो शुभ लक्षण हो। आज हामी सफल हुन सक्छौं।''

तेन्जिङले भनेजस्तै भयो। अनेक प्राचीन पाण्डुलिपिहरूको थाकभित्र तेन्जिङले एउटा धूलै धूलोले भरिएको पुरानो चीज फेला पारे। उनले हत्तपत्त टिपेर त्यो वस्तु टूचीलाई देखाए। एउटा ठूलो सुनको खानी पाए झैं टूची त्यो बहुमूल्य पाण्डुलिपि पाएर खूबै उत्तेजित भए। उनले घांगर गुम्बाका लामाहरूलाई त्यो बहुमूल्य पाण्डुलिपिको पैसा दिन चाहे तर उनीहरूले भने, ''ज्ञान बेच्नलाई होइन, जसलाई चाहिन्छ उनलाई सित्यैं दिइनुपर्छ। इटली पुगेर तपाईंले यो पाण्डुलिपि सार्नुहोस् र यो मौलिक पाण्डुलिपि हामीलाई फर्काइदिनुहोस्।''

घांगर गुम्बा छोड्ने बेलामा प्राध्यापक टूचीले गुम्बाको सहायतार्थ भनी लामाहरूलाई पाँच सय रूपियाँ दिए। विरल संस्कृत पाण्डुलिपि हात परेपछि टूचीले आफ्नो यात्रा सफल भएको सम्झे औ घर फर्कने तयारीमा लागे। लामाहरूले तेन्जिङलाई तिब्बती प्रजातिका लामा केश भएका दुइवटा सुन्दर टेरियर कुकुर

उपहार दिए। ती दुइ कुकुरको नाम घांगर र तासंग राखिए। तिब्बतका अग्ला अग्ला घाटीहरू पार गर्दै प्राध्यापक टूची र तेन्जिङ आफ्नो गन्तव्यतिर लागे। दार्जीलिङ पुगेर तेन्जिङले तासाङ आफ्ना पुराना मित्र आङ थार्केलाई उपहार दिए।

ꣿꣿꣿ



# नेपाल र गढ़वाल अभियान



प्राध्यापक गिसेप टूचीदेखि विदा लिएर घर फर्केपछि तेञ्जिङलाई घांगर गुम्बा र तिब्बतको स्मरण गराउनलाई तिब्बती टेरियर घांगर अधिकांश समय उनीहरूसित हुन्थ्यो। तिब्बत यात्राले उनलाई दिएको सन्तुष्टि थियो आर्थिक संकटदेखि उन्मुक्ति। परिवारले अबउप्रान्त जीवनमा घमाइला र रमाइला दिनहरू मात्र देख्नेछ भन्ने सोचाइले उनी विभोर भइरहेको बेला उनीकहाँ भारत र यूरोपदेखि आएका पत्रहरूको पहाड़ बन्दछ। गरीब आमाबाबुको छोरा भएकोले साक्षरताको लाभदेखि उनी वञ्चित रहेका थिए। त्यसो र प्राप्त भएका असंख्य पत्रहरू उनी कसैलाई पढ़ाउन र तिनका प्रत्युत्तरहरू लेखाउन विवश थिए। जीवनमा कलम र टाइपराइटरसित उनको केही सरोकार थिएन तर उनका अनेक अभियान पत्रहरूको माध्यमबाट नै आरम्भ भएको थियो।

१९४८ को शीतकालमा दून स्कूलका श्री गिब्सनले उनलाई एउटा पत्र पठाए जसमा उनलाई भारतीय सेनाको ओपरेशनल रिसर्च सेकशनमा नोकरी दिइने कुराको उल्लेख थियो। केही दिनपछि भारतीय सेनालाई पर्वतारोहणबाहेक शिविर निर्माण, घर बाहिरको पाक प्रणाली, सामानहरूको प्रयोग र हेरचाह अनि

अनकण्टारहरूमा जीवन निर्वाह गर्ने ढंग सिकाउनलाई उनी तैनाथ भए। १९४८ को शीतकालमा उनी कुलु गए औ अर्को शीतकालमा काश्मीर। भारतीय सेनाबाट उनले प्रमाण पत्र पाए।

फ्र्यांक स्मिथ १९४९ को बसन्तमा दार्जीलिङ आए। अभियानको लागि नभएर उनी एक्लै विभिन्न पर्वत र पार्वतीय फूलहरूको चित्र लिन आएका थिए। तेन्जिङले त्यो कामका पूर्वाधारहरू तयार गर्नमा सहायता गरे। स्मिथ पहिले झैं थिएनन्। भूलक्कड् भइसकेका थिए औ बेटुंगोका कुरा गर्थे। दार्जीलिङ आइपुगेको दुइ दिनपछि चौरस्तामा घुम्दै गर्दा उनले तेन्जिङलाई हिउँ फोर्ने बञ्चरो मागे। तेन्जिङले त्यसलाई ठट्टा सम्झेर ठट्टामै उत्तर दिए तर उनले बञ्चरो मागिरहे। उनलाई अस्पताल लगियो। तेन्जिङ उनलाई अस्पतालमा हेर्न गए। उनले तेन्जिङलाई चिनेनन्। उनी पर्वतारोहणका कुरा गरिरहन्थे। उनलाई मेरूदण्ड र मगजको रोग लागेको डाक्टरहरूले निष्कर्ष निकाले अनि उनलाई इंगल्याण्ड पठाए।

स्मिथलाई इंगल्याण्ड पठाइएको केही दिनपछि रेनी डेटर्ट कञ्चनजंगा अभियानको लागि दार्जीलिङ आए। उनी तेन्जिङलाई आफूसित लैजान चाहन्थे तर त्यस भन्दाअघि नै तेन्जिङले एच॰ डबल्यू॰ टिलम्यानसित नेपाल जान राजी भइसकेका हुनाले डेटर्टलाई नकरात्मक उत्तर दिनपर्‍यो। तेन्जिङले डेटर्टको लागि अन्य शेर्पाहरूको व्यवस्था मिलाइदिए।

तेन्जिङ चारजना शेर्पा साथीहरूसित टिलम्यानलाई भेट्न कलकत्ता गए। त्यहाँ टिलम्यानसित अन्य दुइ अंग्रेज थिए। उनीहरू कलकत्तादेखि रकसौलसम्म ट्रेनमा गए। रकसौलदेखि ट्रकमा चढ़ेर उनीहरू भीमफेदी पुगे। भीमफेदीदेखि अघि बढ़न उनीहरूले न ट्रेन पाए, न ट्रक। पैदल यात्रा नगरी उनीहरूले धर पाएनन्। कहिले काहीं आफ्नो शिरमा सामान बोकेर झोलुंगे पूल पार गर्नुपर्थ्यो। त्यति बेला साम्यवादीहरूले विदेशीहरूको लागि तिब्बत–प्रदेश निषेध गरेका थिए भने तुलनामा अनेक वर्ष विदेशीहरूको लागि बन्द रहेको नेपाल भर्खरै खुलेको थियो। यस्तो स्थितिमा टिलम्यान र दुइ अंग्रेज नेपाल पस्ने प्रथम विदेशी थिए। निकै लामो यात्रापछि काठमाड़ौं पुगेर उनीहरूले सन्तोषको सास फेरे। तेह्र वर्षको हुँदा घरदेखि भागेर काठमाड़ौं पुगेका तेन्जिङले त्यति बेला देखेको काठमाड़ौं र वर्तमान काठमाड़ौंमा ठूलो परिवर्तन भइसकेको थियो। नयाँ भवनहरू, बिजुली बत्ती, टेलिफोन र नयाँ गाड़ीहरूबाट बीसौं शताब्दीमा अन्य विकासशील देशहरूसित सभ्य हुने होड़मा नेपालले पनि कम्मर कसेको प्रतीत हुन्थ्यो। पुराना भत्केका बाटाघाटा, घुइँचो

बजार, प्रशस्त हिन्दू र बौद्ध देवालयहरू, सुन्दर हस्तशिल्प र मूर्तिहरू, शहरदेखि बाहिरका रमणीय हरिया खेतहरू पहिलेजस्तै थिए। पाश्चात्य सभ्यताको प्रभाव नेपालमाथि साह्रै परेको थिएन।

टिलम्यान पर्वतारोहणको लागि नेपाल गएका थिएनन्, न उनी प्राध्यापक टूची झैं बौद्ध साहित्यका मौलिक पाण्डुलिपिको खोजीमा गएका थिए। उनी नेपालको भूगोल अध्ययन गर्न चाहन्थे अनि दुइ वैज्ञानिक मित्र फूल र खनिज पदार्थको अध्ययन गर्न गएका थिए। उनीहरू काठमाड़ौंदेखि सोलुखुम्बु र एभरेष्ट जालान् भनी तेञ्जिङले सोचेका थिए तर उनीहरू पश्चिमतिर लाङ दाङ हिमालय नामक स्थानतिर लागे। टिलम्यान र दुइ वैज्ञानिकको अनुसन्धान कार्यले त्यो दललाई धानको खेतबीचबाट, घनघोर जंगलको बाटो, उत्तुंग पहाड़को बाटो, हिउँले ढाकिएका घाटीहरू हुँदै अघि बढ़ायो। कहिले काहीँ लामो समयसम्म हिमाच्छादित क्षेत्रहरूमा हिँड़नुपर्दा तेञ्जिङ झण्डै अन्धा भए। कहिले काहीँ उनीहरू एकाअर्कादेखि छुट्टिएर जंगलमा भड़किरहन्थे। एक दिन टिलम्यान, तेञ्जिङ र दावा नामग्याल हूलदेखि छुट्टिए। दावा नामग्याल र तेञ्जिङले जंगलमा एकजना लिम्बु युवकलाई भेटे। उनीहरूले लिम्बु युवकलाई पाँच रूपियाँ दिएर उसको गाउँसम्म पुर्‍याउने अनुरोध गरे। पाँच रूपियाँ हातमा लिएर उनीहरूलाई लिम्बु युवकले ''लौ, मसित हिँड़नोस्'' भनेको मात्र थिए टिलम्यान टुप्लुक्क त्यहाँ आइपुगे। टिलम्यानको भयावह रूप देखेर त्यो युवक डरले चिच्यायो र भाग्यो। टिलम्यानका लामा लामा केश, दाह्री र बाहिर निस्केका ठूल्ठूला आँखीभौं देखेर भयभीत हुनु स्वाभाविक थियो। तेञ्जिङको पाँच रूपियाँ खेरो गयो।

उनीहरूले त्यो रात रूखमनि बिताए। अति हिँस्रक बाघ र भालूले भरिएको त्यो जंगलमा एउटा धारा थियो। तिर्खाएका तेञ्जिङ त्यहाँ गएर पानी पिउन चाहन्थे तर टिलम्यानले उनलाई त्यसो गर्न दिएनन्। टिलम्यानले भने,''यो धारा जंगली जनावरहरूले पानी पिउने ठाउँ हुन सक्छ। तिमी त्यहाँ जानु ठीक होइन।''

बिहान भएर उनीहरू धारा हेर्न गए। टिलम्यानले भनेको कुरा साँचो निस्क्यो। त्यहाँ हिलोमा जनावरहरूका पदचिन्ह थिए। छुट्टिएका साथीहरूसित भेट भएपछि उनीहरू खुकुरीले झार जंगल फाँड़दै अघि बढ़न थाले। जब उनीहरू कुनै गाउँ पुग्थे, त्यो लिम्बु गाउँ हुन्थ्यो। प्रत्येक लिम्बु गाउँमा टिलम्यानलाई देखेर मानिसहरूमा ठूलो उत्तेजना फैलिन्थ्यो। कहिले काहीँ टिलम्यानलाई देखेर उनीहरू तर्सन्थे र भाग्थे। कहिले काहीँ भाग्नको सट्टा उनीहरू टिलम्यानको वरिपरि जम्मा हुन्थे,

उनलाई देखाउँदै हाँस्थे अनि उनीबारे जान्न उत्सुक हुन्थे। कुनै गाउँदेखि खानेकुरा वा पिउनेकुराको आवश्यकता पर्दा शेर्पाहरू त्यहाँ जान्थे। साहेबहरूलाई, विशेष गरी टिलम्यानलाई, गाउँलेहरूको दृष्टिदेखि टाढ़ो राखिन्थे। लिम्बु गाउँवासीहरूबाट उनीहरूले प्रत्येक कुरामा यथेष्ठ सहयोग पाए। उनीहरूका मुख्य शत्रु जंगली जनावरहरू नभएर ती जूकाहरू थिए जसबाट उनीहरू समतलको यात्राभरि त्रस्त रहे। टिलम्यान र दुइ अंग्रेज वैज्ञानिकको संसर्गमा तेञ्जिङले नेपालबारे धेरै कुरा सिक्ने मौका पाए।

घर फर्केर पत्नी र दुइ छोरीसित गफिँदै र खेल्दै केही दिन बिताउने तेञ्जिङको इच्छा हुँदा हुँदै पनि आफ्नो इच्छाको विरूद्ध १९५० को बसन्तमा उनले गिब्सनसित गढ़वाल नगई धर पाएनन्। यसपल्टको गढ़वाल अभियानमा तीनजना नयाँ व्यक्ति थपिएका थिए। ती थिए भारतीय इञ्जीनियरिङ कोरका मेजर जनरल विलियम्स्, सर्जण्ट–इन्सट्रक्टर रोय ग्रीनउड, दून स्कूलका युवा प्रशिक्षक गुरू दयाल सिँह। गिब्सनले भने, ''हेर तेञ्जिङ, हामीले बन्दर पूँछमा चढ़ने दुइपल्ट प्रयास गऱ्यौं। अन्य दलले पाँचपल्ट प्रयास गरे। यसरी जम्मा सातवटा प्रयास विफल भइसके। यसपाली हामी अवश्य सफल हुनेछौं।''

यति भनेर गिब्सन मुसुक्क हाँसे मानो उनको तेस्रो प्रयासमा सफलता निश्चित थियो।

उनीहरूले बेस क्याम्प खड़ा गरे अनि १९४६ कै बाटो प्रयोग गरेर अभियान शुरू गरे। क्याम्प दुइसम्म पुग्नु उनीहरूलाई खूबै कठिन भयो। बाटो खूबै साँघुरो थियो अनि शिरमाथि झुण्डिएका कार्निसहरूको कारण उकालो हिँड़नमा वाधा भइरहेको थियो। असल मौसमले उनीहरूलाई क्याम्प दुइसम्म पुग्न खूबै मदत गऱ्यो। विघ्न–वाधाहरूको कुनै वास्ता नगरी १८००० फीटको उँचाइमा उनीहरूले क्याम्प तीन निर्माण गरे। पचास वर्ष नाघिसकेको जनरल विलियम्सलाई क्याम्प तीनसम्म पुग्न कुनै कठिनाइ भएन। नम्र र विचारशील जनरल विलियम्सको संगति सबैले चाहन्थे। उनी भन्थे, ''तेञ्जिङ, म बूढ़ो छु तर मेरो सुर्ता नगर। बरू युवाहरूको हेरचाह गर। यदि म शिखरमा पुगें भने त्यसमा आश्चर्य मान्ने कुनै कारण छैन।''

क्याम्प तीनदेखि उनीहरू सबै एक साथ बन्दर पूँछको शिखरमा पुग्न चाहन्थे तर अत्यधिक उँचाइको बिमारीले गुरूदयाल सिँह अभाग्यवश क्याम्प तीनदेखि उँभो चढ़न असमर्थ भए। उनलाई निम्न उँचाइमा झर्नु आवश्यक भयो। त्यो कामको लागि गिब्सन तयार भए। मौसम खूबै असल भएको हुनाले जनरल विलियम्स र

केही शेर्पाहरूलाई सहायताको लागि क्याम्प तीनमा राखेर सर्जण्ट ग्रीनउड, किन्छोक छिरिङ शेर्पा र तेञ्जिङलाई अर्को बिहान शिखरमा पठाउने सर्वसम्मतिले निर्णय गऱ्यो। ती तीन व्यक्तिको चन्द्रमा दाहिने भएकोले आरोहण गर्नलाई मौसम खूबै असल थियो। केही घण्टापछि बन्दर पूँछको टुप्पामा पुगेर सर्जण्ट ग्रीनउड, किन्छोक छिरिङ र तेञ्जिङले एक–अर्कालाई राम्ररी हेरे अनि जोरसित हाँसे। २०,७२० फीटको उँचाइमा उभिरहेका ती तीन विजयीलाई त्यहाँदेखि अझ उँभो जानलाई ठाउँ थिएन। ''अन्त्यमा मैले बाँदरको पुच्छर समातिछाड़ें'' भनी सम्झने तेञ्जिङको छाती गर्वले फुलेको थियो।

सर्जण्ट ग्रीणउड, किन्छोक छिरिङ र तेञ्जिङ बन्दर पूँछको शिखरबाट फर्केर क्याम्प पुग्दा गिब्सन गुरूदयाल सिँहलाई बेस क्याम्पसम्म सुरक्षित पुऱ्याएर क्याम्प तीनमा आइसकेका थिए। त्यो राति क्याम्पमा विजय उत्सव मनाइयो।

अर्को दिन गिब्सन, जनरल विलियम्स र दुइजना शेर्पा क्याम्प तीनदेखि आफ्नो गन्तब्यतिर लागे। अनेक दिन असल रहेको मौसम अचानक खराब भयो। हावा चल्यो। बाक्लो हिउँ पऱ्यो र उनीहरू फर्कन वाध्य भए। अर्को दिन मौसम सफा भयो तर अभाग्यवश खाद्य साम्रगी सिद्धिएको हुनाले उनीहरूलाई फर्कन कर लाग्यो। गिब्सन खूबै निराश भए तर उनले निराशा प्रकट गरेनन्। साथीलाई दुःखमा मदत गर्ने हुँदा उनी आफ्नो लक्ष्यमा पुग्न असफल भएका थिए। गिब्सनजस्ता अति भद्र व्यक्तिको संगति पाउनु तेञ्जिङ आफ्नो सौभाग्य सम्झन्थे।

बन्दर पूँछदेखि घर फर्कंदा बाटामा भएको एउटा स्मरणीय घटना तेञ्जिङले कहिल्यै भुलेनन्। दुत्ती तालको छेउमा पुग्दा थकाइ मार्न र न्यानो घाम ताप्न टोपले मुख छोपेर उनी ढल्के। निकै बेरपछि अर्द्ध–निद्रित अवस्थामा उनले आफ्नो टोप छामे। कुनै चिसो र चिप्लो वस्तुको स्पर्शको अनुभव भयो। टोप विस्तार भूइँमा राखेर उनी जुरूक्क उठे। उनले छोएको वस्तु साँप थियो। उनी चिच्याए औ साँपलाई निकै टाढ़ो फ्याँके। सुतिरहेका अरू शेर्पाहरू तेञ्जिङको चिच्याहट सुनेर ब्युँझे। उनीहरूले साँप मारे। स्थानीय गढ़वाली भरियाहरूले भने,''साँप स्वेच्छाले मानिसकहाँ आएको सौभाग्यको लक्षण हो। जसको शिरमा साँप बस्छ, ऊ राजा हुन्छ।''

# नंगा पर्वत



दास्रो विश्वयुद्धको अवधिभरि र त्यसपछि प्रायः दुइ वर्षसम्म बेरोजगारी तेञ्जिङलाई अभिशाप भएको थियो। कैयौं दिनसम्म रोजगारीको खोजीमा यताउता भौंतारिनुपर्थ्यो र मुश्किलले बाह्र आना दैनिक भत्ताको मजदूरी पाइन्थ्यो। दुइवटा घोड़ाबाट पनि उनले जीवन निर्वाहमा मदत पाए। पर्यटकहरूलाई टाइगर हिल, सन्दकपू, आदि स्थान घुमाएर उनले दुर्दिनहरू टारे। त्यस्ता दिनहरूमा आङ ल्हामूको सहयोग र माया औ दुइ छोरीहरूको सामीप्य पाएर तेञ्जिङ निस्तेज भएनन्। विभिन्न पर्वतहरू विशेषतः एभरेष्ट आरोहण गर्ने उनको ध्येयलाई कुनै विषम परिस्थितिले पनि नष्ट गर्न सकेन। उनको सपना जपना नै एभरेष्ट थियो। अब उनको दिन फर्क्यो।

बन्दर पूँछ आरोहण गरेर घर फर्केको केही दिनपछि अगस्ट १९५० मा तेञ्जिङ सातौं गोर्खा राइफल्सका क्याप्टन जे॰ डबल्यु॰ थर्नलीसित काराकोरम र तुर्कीस्तान जान सहमत भए। तेञ्जिङ त्यो दलका सरदार थिए अनि सहायकका रूपमा आङ तेम्पा, आजिबा र फू थार्के जाने भए। क्याप्टन थर्नलीसित उनका दुइ साथी, आठौं गोर्खा राइफल्सका क्याप्टन डबल्यु॰ एच॰ क्रेस र बंगाल इञ्जीनियर्सका लेफ्टिनेण्ट रिचार्डले त्यो अभियानको लागि एक वर्षभन्दा केही अधिक समय तोकेका थिए।

तेञ्जिङ र तीन शेर्पा साथीहरूले रिचार्ड मार्शलाई कलकत्तामा भेटे। थर्नली र क्रेस पहिले नै अभियानको व्यवस्था मिलाउन रावलपिण्डी पुगिसकेका थिए। मार्श, तेञ्जिङ र तीन शेर्पाहरूको ती दुइसित भेट रावलपिण्डीमा भयो। त्यहाँदेखि

उनीहरू पेशावर हुँदै गिलगिट पुगे। पेशावरदेखि गिलगिटसम्मको यात्रा छोटो भए तापनि जीवनमा पहिलो चोटि हावाजहाजमा चढ्न पाउँदा तेन्जिङ र तीन साथीहरूले अपार आनन्द अनुभव गरे।

गिलगिटमा पुगेर अभियान दल दुइ दलमा विभक्त भयो। पहिलो दलमा मार्श, तेन्जिङ र बीसजना स्थानीय भरिया थिए। उनीहरू शिमशालतर्फ लागे। थर्नली र क्रेसको दोस्रो दल दश दिनपछि गिलगिटदेखि शिमशाल प्रस्थान गर्ने योजना बनियो। रसिया र अफगानिस्तानको सीमान्त क्षेत्रमा अवस्थित शिमशाल जानलाई पुरानो खच्चरको बाटो हिँड्नुपर्थ्यो। ढुंगै ढुंगाले बनिएको त्यो पठारमा रूखपात, खोलानाला र कुनै किसिमको प्राणी उनीहरूले देखेनन्। जसोतसो उनीहरू शिमशाल पुगे तर त्यहाँ पुगेर मार्श र तेन्जिङलाई पखाला लाग्यो। यस्तो स्थितिमा ती दुइले पालैसित एक–अर्काको स्याहार गरे। निको भएर पनि धेरै दिनसम्म उनीहरू कमजोर र स्फूर्तिहीन भए।

त्यो दलले पाकिस्तान, अफगानिस्तान, तिब्बत र रसियाको साझा सीमान्त क्षेत्रको सर्वेक्षण गर्नु थियो। मार्श र तेन्जिङले शिमशाल छोड़ेर त्यो क्षेत्रतिर लागेको केवल केही दिन भएको थियो पाकिस्तानी अधिकारीहरूले उनीहरूलाई फर्कने आदेश दिए। अभियान दलको भेट रसियाली सीमा प्रहरीसित भएको खण्डमा अन्तर्राष्ट्रिय झमेला सृष्टि हुन सक्छ भनी पाकिस्तानी अधिकारीहरू डराएका थिए। आदेश मान्न उनीहरू वाध्य भए। उनीहरू काराकोरम पनि जान सकेनन्।

काराकोरम जान नपाउँदा तेन्जिङ खूबै निराश भए किनभने काराकोरम श्रृंखलाभित्र संसारको दोस्रो सर्वोच्च पर्वत गुडविन अस्टिन वा $k^2$ अवस्थित छ अनि गुडविन अस्टिनको आरोहण गर्न नपाए पनि त्यसको रमणीयताको रसास्वादन गर्ने उनको अभिलाषा थियो। मार्श र तेन्जिङ खिन्न हृदय लिएर गिलगिट फर्के। थर्नली र ग्रेस त्यहीं थिए। पूर्वनियोजित अभियान रद्द गर्नुपरेर उनी निरूत्साहित भएनन्। तीनजना साहेबले नंगा पर्वत आरोहणको योजना बनाए। नंगा पर्वतको आरोहण दाहिनेदेखि सजिलो हुन्छ। उनीहरू त्यति बेला पाकिस्तान र दाहिने दिशामा भएको हुनाले आरोहणको लागि कुनै किसिमको राजनैतिक अड़चन पैदा हुने सम्भावना थिएन।

नंगा पर्वत आरोहणको लागि सबभन्दा उत्साही देखिन्थे क्याप्टन थर्नली। नंगा पर्वत आरोहणमा उनी आशावान थिए तर परिस्थिति प्रतिकूल थियो। पर्वतारोहणको अनुमति उनीहरूले लिएका थिएनन्। आरोहण दल सानो थियो।

नन्दा देवी पर्वत आरोहणमा अंसख्य प्रयासीहरूले प्राण गुमाइसकेका थिए। नवम्बर लागिसकेको थियो तर साहेबहरूले योजना बनाइसकेका हुनाले उनीहरू पछि हट्न चाहेनन्। थर्नली भन्थे,''जेसुकै होस्!, पर्वाह छैन। कोशिश गरिहेरौं।''

२६,६६० फीटको उँचाइमा अवस्थित नंगा पर्वत संसारको नवौं सर्वोच्च शिखर हो। यसलाई यसको बुनियाददेखि चोटीसम्म हेर्नु हो भने संसारको सर्वोच्च शिखर यसैलाई भने हुन्छ। जर्मन पर्वतारोहीहरूले आरोहण शुरू गरेकै ठाउँमा थर्नलीको दलले बेस क्याम्प बनायो। बेस क्याम्पको छेउमा ढुंगाको एउटा अग्लो स्तम्भ गाड़िएको थियो। त्यो स्तम्भमा १९३४ र १९३७ को नंगा पर्वत आरोहणमा प्राण गुमाएका जर्मन र शेर्पा पर्वतारोहीहरूको नाम कुँदिएको थियो। १९३४ मा चारजना जर्मन र छः जना शेर्पाको प्राण भीषण आँधीले लिएको थियो। यो दुर्घटनामा दलका नायक विली मर्किललाई बचाउने प्रयास गर्दा ग्याली शेर्पा पनि मरेका थिए। १९३७ को आरोहणमा सातजना जर्मन र नौजना शेर्पा निर्मम हिम स्खलनको शिकार भएका थिए। जब तेञ्जिङले नंगा पर्वतको चोटीमा दृष्टि पुऱ्याए उनको विचारमा त्यहाँ ती वीर पर्वतारोहीहरूका प्रेतात्मा विचरण गरिरहेका थिए।

नवम्बर बित्न लागेको थियो र जाड़ोको प्रबलता निकै बढ़िसकेको थियो तैपनि तीन आँटी साहेब र चार निर्भीक शेर्पा प्रत्येकले अस्सी/नब्बे पाउण्डको भारी बोकेर उकालो लागे। साहेबहरूले शेर्पा भरियाहरूले झैं नाम्लो लाएर भारी बोके। पर्वतारोहणको अनुभव नभएका ती युवा साहेबहरू बलिया र साहसी थिए। उनीहरूले मालिक र नोकरको भिन्नता नदेखाई एक–अर्काको सहायता गरे। उकालो चढ़ने क्रमसितै साहेबहरूले तापक्रमको रेकर्ड राख्ने र हिउँको अवस्था अध्ययन गर्ने वैज्ञानिक अनुसन्धान जारी राखे। यसरी उनीहरू क्याम्प एकसम्म पुग्न सफल भए। जाड़ो झन् बढ़्यो। हिउँको आँधी र जोर हावा चल्न थाल्यो। विशेष गरी थर्नलीको दृढ़ सङ्कल्प देखेर तेञ्जिङलाई उनी सबभन्दा शक्तिशाली पर्वतारोही लाग्थ्यो। अनुकूल मौसम, अनुकूल सामग्री र अनकूल सहयोगी प्राप्त भएको स्थितिमा उनी नंगा पर्वत मात्र होइन एभरेष्ट पनि चढ़न सक्छन् भन्ने तेञ्जिङको विचार थियो।

थर्नलीले भने, ''हामी जान सक्छौं।'' मार्श र क्रेसले हाँमा हाँ मिलाए। सरदारको रूपमा तेञ्जिङ पनि जान सहमत भए। आङ तेम्बा, आजीबा र फू तार्के त्यहाँदेखि अघि जान डराए। उनीहरू जाड़ो र आँधीदेखि डराए। उनीहरूको मृत्यु पनि १९३४ र १९३७ का पर्वतारोहीहरूको मुत्यु झैं हुन सक्छ भनी उनीहरू डराएका थिए। उनीहरूको मृत्यु भएको खण्डमा उनीहरूका पत्नी र छोराछोरीको दुर्दशा हुन्छ भनी उनीहरूले सोचे।

तेन्जिङले भने, ''ठीक छ। यदि तिमीहरू जान चाँहदैनौ भने बेस क्याम्पमा गएर बस। म साहेबहरूसित जान्छु।''

तेन्जिङबाट सहयोगको केही आशा नदेखेर तीनैजना रोए। उनीहरूको रोदन तेन्जिङलाई असह्य भयो। उनले सोचेः ''साथीहरू ठीक भन्दैछन्। हामीले आफ्नो मात्र नसोचेर परिवारप्रतिको दायित्वबारे पनि सोच्नुपर्छ।''

उनी तुरन्तै साहेबहरूकहाँ गए। निःसंकोच उनले भने, ''म पनि तपाईंहरूसित जान असमर्थ छु। जाड़ो शुरू भएकोले त्यहाँ जानु जोखिमपूर्ण छ।''

थर्नलीले भने, ''हुन्छ तेन्जिङ, तिमी जान चाहँदैनौ भने बेस क्याम्पमा बस्दै गर। हामी तीन भाइले दृढ़ संकल्प गरिसकेका छौं। जस्तै कठिनाइ आइपरे तापनि प्रयास गर्नेछौं। हामीसित कुनै दुर्घटना भएको खण्डमा तिमीहरू जिम्मेवार हुने छैनौ। तिमीहरूले पूरा भत्ता पाउनेछौ। हामीले त्यसको लागि पैसा छुट्याइराखेका छौं। हामीलाई दुइ साता पर्ख।''

थर्नलीले जे भने, त्यही लेखेर तेन्जिङको हातमा दिए। तेन्जिङ र तीन शेर्पा बेस क्याम्पतिर झरे। छः दिनपछि मार्श पनि बेस क्याम्प आए। हिउँले गर्दा उनका दुवै खुट्टा बिग्रिसकेका थिए र उकालो चढ़न उनी असमर्थ थिए। खुट्टाको रक्त–सञ्चालन नियमित गर्नलाई तेन्जिङ र साथीहरूले पालैसित उनका खुट्टा मालिस गरिदिए। उनीहरू दिनहुँ थर्नली र क्रेसका गतिविधि हेर्न चाहन्थे। उनीहरूले ती पर्वतको पूर्वी भागतिर गइरहेको देखे। ती दुइले एउटा अर्को गर्दै १८००० फीटको उँचाइसम्म क्याम्प बनाउँदै गए। एक दिन तेन्जिङ र साथीहरूले ती दुइलाई अँध्यारो भइञेल तम्बु टाँग्दै र खाना बनाउँदै गरेको देखे, त्यसपछि केही देखेनन्। त्यो रात तेन्जिङले एउटा डरलाग्दो सपना देखे जसमा थर्नली र क्रेस नयाँ लुगा लाएर उनीतर्फ आइरहेका थिए। थर्नली र क्रेसको वरिपरि अनुहारबिनाका असंख्य मानिस थिए। सपनाको दर्दनाक परिणाम सम्झेर तेन्जिङ खूबै चिन्तित भए। शेष रात उनले ओछ्यानमा यताउता पल्टेर बिताए। बिहान उठेर उकालो हेर्दा उनले तम्बु देखेनन्।

थर्नली र क्रेसले तम्बु अन्यत्र सारे होलान् भन्ने सन्देह भयो र उनीहरूले उकालो हेरिरहे। साँझसम्म मानिस र तम्बु दुवै नदेख्दा मार्श र साथीहरूलाई दुःखद घटनाको सन्देह भयो। रात निकै बितेपछि मार्श र साथीहरूले थर्नली र क्रेसलाई खोजेर निकाल्ने निर्णय लिए। मार्श, तेन्जिङ र आजीबा यो कामको लागि तयार भए। आङ तेम्पा र फू तार्केलाई बेस क्याम्पमा बस्ने आदेश भयो। मार्शले ती

दुइलाई भने, ''यदि हामी दुइ सातासम्म फर्कनौं भने तिमीहरू घर फर्कन सक्नेछौ।''

बिहान हुनेबितिक्कै मार्श, तेन्जिङ र आजीबा थर्नली र क्रेसको खोजीमा निस्के। हिउँले खाइसकेका दुइ खुट्टा लिएर साहसी मार्श साथीहरूको लागि आफ्नो प्राण दिन पनि पछि हटेनन्। गत रात प्रचुर हिमपात भएर पहिले हिँड़ेको बाटो खोज्नु कठिन थियो। छातीसम्मको हिउँ पन्साउँदै उनीहरू अघि बढ़े। यसपल्टको भारी झन् गह्रौं थियो। यस्तो परिस्थितिमा पर्वतारोहण असम्भव भए तापनि उनीहरूले यात्रा जारी राखे। साँझमा उनीहरू क्याम्प एक भएको ठाउँमा पुगे औ त्यहाँ नयाँ क्याम्प खड़ा गरे। तेन्जिङले अघि कहिल्यै भीषण जाड़ोमा हिमनदीमाथि तम्बु खड़ा गरेका थिएनन्। तापमान शून्यदेखि झरेर चालीस डिग्री पुगेको थियो। तम्बु र डोरी फलाम झैं चिसो भइसकेका थिए। केवल केही सेकण्डको लागि उनीहरूले पञ्जादेखि हात बाहिर निकालेको भए हात ढुंगामा परिणत हुने थिए। येनकेन प्रकोरण उनी चियाको लागि एउटा भाँड़ा र प्रेशर कुकुरमा हिउँ पगाल्न थाले तर पग्लन थालेको मात्र थियो त्यो तरल पदार्थ फेरि हिउँ भयो र भाँड़ा चर्क्यो। उनले अर्को भाँड़ा ल्याएर चिया बनाए। त्यसपछि उनीहरू आ–आफ्ना स्लीपिङ ब्यागभित्र पसे औ जीउ तताउनलाई तीनैजना एक–अर्कासित टाँसिएर बसे। अँध्यारो भएपछि हावा जोरले चल्न थाल्यो। तम्बुका दुलोहरूबाट हिउँ पस्न थाल्यो। ओछ्यानमन्तिर हिमनदी चर्केको र गड़गड़ाएको आवाज सबभन्दा भयावह थियो। यस्तो अवस्थामा पनि मार्शले सोधे, ''तेन्जिङ, तिमीलाई थाह छ आज कुन दिन हो?''

तेन्जिङले भने, ''अहँ, थाह छैन। आज के हो?''

''क्रिसमस।''

त्यसपछि उनीहरूको बातचीत भएन, उनीहरू थर्नली र क्रेसको विषयमा सोच्दा सोच्दै निदाए।

बिहान जाड़ो झन् बढ़ेको थियो। चिया पाक्नु एकदमै लामो समय लाग्यो। चियासित उनीहरूले टिनको खाना खाए। मुखदेखि निस्केको सास हिउँ भएर झरेको देखेर जाड़ोको प्रबलताको अनुमान लाउन सकिन्थ्यो। जाड़ो र परिणामको वास्ता नगरी उनीहरू उकालो चढ़न थाले। एक घण्टामा उनीहरू १५० फीटभन्दा अधिक चढ़न सकेनन्। दोस्रो घण्टा उनीहरू झन् कम हिँड़न सके। मार्शका खुट्टामा अझ अधिक हिँड़ने शक्ति थिएन तर उनी आफ्नो असमर्थता व्यक्त गर्न तयार थिएनन्। तेन्जिङ र आजीबाको शक्ति पनि क्षीण हुँदै गइरहेको थियो। तेस्रो घण्टा केही फीट हिँड़ेर उनीहरू रोकिए। उनीहरूले नंगा पर्वततिर हेरे क्षणभर मात्र र

असफलताको दोष आ–आफ्ना भाग्यलाई दिँदै दृष्टि भूइँतिर झारे। तेञ्जिङलाई जोरले चिच्याउन मन लाग्यो तर उनको आवाजमा पचास गजभन्दा टाढ़ा जान सक्ने शक्ति थिएन। शारीरिक रूपले पनि उनी एकदम कमजोर भएका थिए।

मार्श, तेञ्जिङ र आजीबा त्यही साँझ बेस क्याम्प पुग्न सके। आङ तेम्पा र फू तार्केले उनीहरूलाई भोजन खुवाए औ स्याहारे। भोजन र शरीरमा केही गर्मी पसेर तेञ्जिङ स्वस्थ भए।

अर्को बिहान चार बजेतिर तेञ्जिङ र आङ तेम्पा गिलगिटतिर लागे। कहिले दगुर्दै, कहिले हिँड्दै उनीहरू त्यही मध्यरात गिलगिट पुगे अनि अधिकारीवर्गलाई विस्तृत विवरण दिए। आर्मी स्काउट्सले थर्नली र क्रेसलाई खोज्नमा उनीहरूलाई सहयोग गर्ने आश्वासन दिए। एकजना लेफ्टिनेण्ट र एघारजना सिपाही जीपमा निस्के। आधा बाटोसम्म उनीहरू जीपमा गए तर शेष बाटो हिँडनुपर्‍यो। ती सिपाहीहरू र तेञ्जिङको दल क्याम्प एकसम्म पुग्न सकेनन् अनि उनीहरूलाई फर्कन कर लाग्यो।

गिलगिट पुगेपछि उनीहरूलाई एउटा सैनिक हावाजहाज दिइयो। हावाजहाजमा चढ़ेर उनीहरूले नंगा पर्वतको वरिपरि हराएका दुइ साहेबलाई खोजे तर सब प्रयास विफल भयो। १९३७ मा झैं उनीहरूले पनि हिमस्खलनमा प्राण गुमाए होलान् भनी सबैले सन्देह गरे।

मार्शका खुट्टामा कुनै सुधार आएन। त्यो अभियान दलको कुनै प्रयास सफल भएन। विदाको बेला मार्शले तेञ्जिङलाई अमृतसरमा सोधे, ''तेञ्जिङ, अब तिमी के गर्छौ?''

तेञ्जिङले हाँस्ने प्रयास गरेर पुड्के, मोटो र अनौठो ढंगले हिँड्ने आङ तेम्पालाई हेरेर भने, ''म आङ तेम्पाको नाकमा एउटा औंठी झुण्ड्याउँछु अनि यसलाई बजारमा देखाएर पैसा कमाउँछु।''

मार्श मुसुक्क हाँसे।

ææææ

# नन्दा देवी र काङ पिक



१९५० मा फ्रान्सेली दल अन्नपूर्ण आरोहणमा सफल भएको थियो। त्यो सफलताले फ्रान्समा ठूलो उत्तेजना ल्यायो अनि त्यो विजयी दलले अझ अग्लो पर्वत आरोहण गर्ने योजना बनायो। उनीहरूको लक्ष्य थियो नन्दा देवी। हिमालयन क्लबले तेञ्जिङलाई नन्दा देवी अभियानको लागि फ्रान्सेली दलसित अनुवन्धित गऱ्यो। त्यही समय एरिक शिप्टनको नेतृत्वमा एभरेष्ट अभियानमा उनी सहभागी हुन चाहन्थे तर हिमालयन क्लबमार्फत नन्दा देवी अभियानको लागि अनुवन्धमा हस्ताक्षर गरिसकेका हुनाले उनी नन्दा देवी अभियानको लागि सहमत हुन विवश थिए।

नन्दा देवी अभियानको लागि अठाह्रजनाको चयन भएको थियो–आठजना फ्रान्सेली, भारतीय सेनाको प्रतिनिधिको रूपमा क्याप्टन नन्दु जयाल, सरदारको रूपमा तेञ्जिङ र आठ अन्य शेर्पा। रोजर डुप्ला दलका नायक थिए। असंख्य स्थानीय भरियाहरू पनि नियुक्त गरिएका थिए। भत्ताको लागि तेञ्जिङको उनीहरूसित लामो बहस भयो।

फ्रान्सेलीहरू नन्दा देवीका दुवै शिखर चढ्न चाहन्थे। नन्दा देवीको मुख्य शिखर २५,६६० फीट अग्लो छ र पूर्वपट्टिको शिखर २४,४०० फीट अग्लो छ। ती दुइ शिखर दुइ माइलको दूरीमा अवस्थित छन्। तेञ्जिङलाई दुवै शिखरको आरोहणमा सफलता पाउने आशा लागेको थिएन। तर दलका नायक डुप्ला आशावादी थिए। दुवै शिखरको आरोहण थोरै समयमा गर्न सकिन्छ भनी उनले आशा गरेका थिए। पहिले मुख्य शिखर चढेपछि पूर्वतिरको होचो शिखरमा चढ्ने योजना बनियो। अन्तिम चढाइ गर्नको लागि दुइ व्यक्ति चयन भयो। ती थिए दलका नायक डुप्ला स्वयं र

एकाइस वर्षीय जवान विगनिस। आल्प्समा कैयौं चोटि चढ़ेर सर्वश्रेष्ठ रक आरोहीको रूपमा विगनिसले आफूलाई परिचित गराइसकेका थिए।

आरोहण दल क्याम्प तीनसम्म पुगे। त्यहाँदेखि डुप्ला र विगनिसले केही शेर्पाहरू आफूसित लगे। २३,६०० फीटमा उनीहरूले क्याम्प चार खड़ा गरे। शेर्पाहरू दुइ भाइलाई क्याम्प चारमा छोड़ेर ओह्रालो झरे। डुप्ला र विगनिसले त्यो रात क्याम्प चारमा बिताए अनि अर्को दिन २९ जूनको बिहान शिखरतिर प्रस्थान गरे। उनीहरूले आफूसित पर्वतारोहणका आवश्यक सामग्री, एउटा हल्का तम्बु, खानेकुरा लगे।

नन्दा देवीको मुख्य शिखर चढ़ेर उनीहरू नन्दा देवी इष्टतिर फर्कंदा उनीहरूलाई बाटामा भेट्नको लागि लुई डुबोस्ट, डा० पयान र तेन्जिङ तैनाथ गरिएका थिए । ती तीनजना एउटा अग्लो घाटी 'लंगस्टाफ कोल' सम्म पुगे। उनीहरूले त्यहाँ आफ्नो डेरा बनाए अनि डुप्ला र विगनिसलाई पर्खिरहे। २९ जूनको बिहान लुई डुबोस्ट र साथीहरूले दुइवटा साना वस्तुलाई मुख्य शिखरदेखि केही माइल टाढ़ा उकालो चढ़दै गरेको देखे। उनीहरू केही समयपछि अदृश्य भए। अर्को दिन डुबोस्ट र दुइ साथी क्याम्पदेखि पूर्वीय शिखरतिर लागे। डुप्ला र विगनिस मुख्य शिखर चढ़िसकेर ओह्रालो झर्दै होलान् भनेर डुबोस्टको दल उनीहरूलाई भेट्न गए। डुबोस्ट, डा० पयान र तेन्जिङले ती दुइलाई दिनभरि पर्खे, स्पाई ग्लासको सहायताले शिखरमा हेरे तर उनीहरूको कतै नामोनिशान थिएन। उनीहरूले ठूलो आवाजले बोलाए तर उत्तर आएन। रात झमक्क परेपछि डुबोस्ट र दुइ साथी क्याम्प फर्के।

चार फ्रान्सेली, क्याप्टन नन्दु जयाल र आठजना शेर्पा क्याम्प तीनमा थिए। उनीहरूलाई निर्देश दिइएको थियो कि डुप्ला र विगनिस असफल भई त्यही बाटो फर्केको खण्डमा क्याम्प तीनमा बसेको दलले डुबोस्टको दललाई सिगनलद्वारा सूचित गर्नेछ औ डुबोस्टको दल पनि ओह्रालो झर्नेछ। दुइ दिनसम्म क्याम्प तीनदेखि कुनै सिगनल प्राप्त नहुँदा डुबोस्ट र साथीहरूलाई दुर्घटनाको सन्देह भयो। लंगस्टाफ कोलमा बसेर पर्खिरहनुको कुनै अर्थ थिएन। उनीहरू ओह्रालो क्याम्प तीनतिर झर्नुपर्छ कि साथीहरूको खोजीमा फेरि उकालो लाग्नुपर्छ भन्ने उनीहरूको मनमा द्वन्द्व चल्न थाल्यो।

डा० पयानलाई क्याम्पको दायित्व सुम्पेर डुबोस्ट र तेन्जिङ नन्दा देवी इष्टको बाटो लागे। एउटा तम्बु र गह्रौं भारी बोकेर उनीहरू चढ़े। उनीहरू तीन

दिनसम्म हिँड़े र प्रतिदिन एउटा क्याम्प खड़ा गरे। उनीहरू जति उकालो चढ़थे बाटो झन् साँघुरो हुँदै जान्थ्यो। त्यो बाटोमा उनीहरूले बाह्र वर्षअघि पोल्याण्डका दलले गाड़ेका खुट्टीहरू र मक्किसकेका डोरी देखे।

डुबोस्ट र तेन्जिङले डुप्ला र विगनिसलाई जीवित भेट्ने आशा मारिसकेका थिए तैपनि आरोहण जारी राखे। बाटो डरलाग्दो चिप्लो र उकालो थियो। चिप्लेर लड़ने सम्भावना अधिक थियो। त्यो घमाइलो मौसम उनीहरूको लागि खूबै सहायक सिद्ध भयो। ६ जुलाईमा डुबोस्ट र तेन्जिङले क्याम्प तीन छोड़े। उनीहरूको लक्ष्य नन्दा देवीको शिखर थियो। उनीहरूको रशिन –पानी सिद्धिन आँटेको थियो। उकालो बाटोमा चिप्लिँदै र कड़ा संघर्ष गर्दै अघि बढ़िरहे। अन्तमा आफ्नो अघिल्तिर र वरिपरि नीलो आकाश देखा पर्‍यो। आफू उभिएको ठाउँदेखि उँभो जाने बाटो थिएन किनभने उनीहरू नन्दा देवी इष्टको शिखरमा थिए। त्यो सफा मौसममा शिखरदेखि मुन्तिरका ससाना पर्वत श्रृंखला र निकै तल देखिने तिब्बतको समतल तेन्जिङले देखेका अति मनमोहक दृश्यहरूमध्ये एक थियो।

शिखरमा धेरै बेर उभिरहने आवश्यकता थिएन र नन्दा देवी इष्टका आरोहीद्वय ओह्रालो झरे। उकालोको चढ़ाइभन्दा चिप्लो हिमाच्छादित बाटोमा ओह्रालो हिँड़नु झन् कठिन। खूबै सावधानीसित बिस्तारै उनीहरू ओह्रालो झरे। डा॰ पयानले उनीहरूलाई लंगस्टाफ कोलमा पर्खिरहेका थिए। अर्को दिन तीनजना बेस क्याम्पतिर लागे। बेस क्याम्पमा पर्खिरहेको दलले उनीहरूलाई बतायो कि नन्दा देवी शिखरको नगीचसम्म त्यो दलले डुप्ला र विगनिसलाई देखेको थियो, त्यसपछि ती दुइ अदृश्य भए। बेस क्याम्पमा बसेको दलले सोचेको थियो कि डुप्ला र विगनिस नन्दा देवीको आरोहणमा सफलता प्राप्त गरेर डुबोस्ट र तेन्जिङलाई भेटन नन्दा देवी इष्टतिर गए होलान्। तर जब बेस क्याम्पमा बसिरहेका साथीहरूले डुबोस्ट र तेन्जिङलाई मात्र फर्केको देखे, उनीहरूको अनुहार अँध्यारो भयो। डुबोस्ट र तेन्जिङको सफलता अभियान दलको लागि सानो सान्त्वना थियो तर दुइजना साथीको दुःखद अन्तसित दाँज्दा त्यो सफलता नगण्य थियो।

डुप्ला र विगनिसलाई सबैले नन्दा देवीको शिखरको छेउमा देखेका थिए। उनीहरूको सन्देह थियो कि ती दुइजना नन्दा देवी आरोहणमा सफल भएका थिए। त्यसपछि योजनाअनुसार उनीहरू नन्दा देवी इष्टतिर जाँदै गर्दा चिप्लेर हिमनदीमा परे औ उनीहरूको प्राणपखेरू त्यहीं उड़्यो। तेन्जिङले पनि त्यस्तै सन्देह गरे।

दुइ अभियानमा चारजनाको मृत्यु । दुवै अभियानमा तेन्जिङले व्यक्तिगत

# स्वीससित एभरेष्ट अभियान



विभिन्न पर्वतहरूका अभियानमा तेन्जिङले सरदारको रूपमा प्रख्याति आर्जन गरिसकेका थिए। सरदार मात्र नभएर उनी सफल आरोही पनि बनिसकेका थिए। १९५२ को बसन्तको आरम्भसितै दार्जीलिङको मनोहारितामा वृद्धि हुँदै गइरहेको थियो। देशीलगायत विदेशी पर्यटकहरूको आगमनले दार्जीलिङको अर्थनीतिलाई सधैँ झैं ऊर्ध्वग दिशा दिन थाल्यो। साधारण खेती वा रोजगारीबाट जीवन निर्वाह गर्ने तन्नमवर्गदेखि लिएर भव्य अट्टालिकाका सम्पन्नवर्ग रम्न–रमाउन थालेका थिए भने तीसितै आनन्दले विभोर भए तेन्जिङ स्वीजरल्याण्डदेखि पठाइएको पत्रको प्राप्तिमा। अर्को पत्र हिमालयन क्लबकी सचिव श्रीमती जे° सी° हेण्डरसनले पाएकी थिइन्। उनी रंगनीट कमानका म्यानेजर जे° सी° हेण्डरसनकी धर्मपत्नी थिइन्।

तेन्जिङ सरदारको रूपमा नियुक्त भएका थिए। दोस्रोपल्ट एभरेष्ट अभियानमा जाने अवसर पाउँदा उनी अति हर्षित र उत्तेजित भएका थिए। केही दिनसम्म आफूमा आएको परिवर्तित व्यवहारबारे उनी आफैं मन मनमा सोच्थे: ''मलाई आङ ल्हामू र छोरीहरूले कतै प्रेतले भेटेको छ भनी शंका त गर्दैनन्!''

उनलाई दार्जीलिङदेखि तेह्रजना शेर्पा भरिया खोज्ने अभिभारा दिइएको थियो। अन्य दशजना शेर्पा सोलुखुम्बुदेखि लैजाने योजना थियो। उनलाई तेह्रजना

लाएर फ्रेलाई सोधे, ''महाशय, मैले स्पाइक लाएँ। तपाईं लाउनुहुन्न?''.

''लाउँदिनँ, मलाई त्यसको आवश्यकता छैन।''

जर्ज फ्रे उत्तम आरोही थिए। उनलाई आल्पस अभियानको अनुभव थियो। काङ पिकको बाटोभन्दा अपठ्यारा बाटाहरूमा उनी हिँड्सिकेका थिए। त्यसकारण अहिलेको बाटो उनलाई सजिलो लागेको प्रतीत हुन्थ्यो। तीनजना आरोही प्रायः पन्ध्र–पन्ध्र फीटको दूरीमा उकालो चढ्रिहेका थिए–फ्रे सबभन्दा अघि, बीचमा तेञ्जिङ र अन्तमा आङ दावा। कुनै डोरी प्रयोग नगरी उनीहरू चढ्दै गए। प्रायः १७,००० फीट चढिसकेर अचानक फ्रे चिप्लेको तेञ्जिङलाई महसूस भयो। तेञ्जिङले फ्रेलाई समाल्न हात फैलाए तर फ्रेको शरीरको ओजन र गतिवेगको कारण तेञ्जिङ उनलाई समाल्न असमर्थ थिए। हात फैलाएर फ्रेलाई समाल्ने कोशिश गर्दा तेञ्जिङको एउटा औंलामा असह्य पीड़ा भयो। तेञ्जिङको छेउबाट र आङ दावाको छेउबाट हुँदै जर्ज फ्रे प्रायः एक हजार फीट तल खसे। तेञ्जिङले उकालो हेरे फ्रेलाई देख्न सकिन्छ कि भनेर तर फ्रे अघिको ठाउँमा थिएनन्। उनले ओह्लालो हेरे जहाँ फ्रे सानो टाटाजत्रो देखिन्थे। तेञ्जिङ झरेर आङ दावा भएतिर पुगे। आङ दावा खूबै भयभीत थियो र ओह्लालो झर्न मानेन। तेञ्जिङले उसलाई सम्झाए। दुवैजना विस्तारै सतर्कतापूर्वक ओह्लालो झरे। उनीहरूलाई आफ्नो सन्तुलन हराउने भय थियो। आधा बाटेमा उनीहरूले फ्रेको क्यामेरा पाए।

तेञ्जिङ र आङ दावा जर्ज फ्रेको मृत शरीर बोकेर ओह्लालो लागे। बेस क्याम्पको छेउमा पुगेर ती सबै मिलेर फ्रेको दाह संस्कार गरे। त्यसपछि तेञ्जिङ, आङ दावा र साथीहरू खिन्न चित्त लिएर दार्जीलिङ फर्के।

अड़तीस वर्ष पुगेका तेञ्जिङलाई घर पुगेर पनि नंगा पर्वत, नन्दा देवी र काङ पिक अभियानका हर्ष–विषाद मिश्रित सम्झना आइरहन्थ्यो।

चिनापर्ची गर्ने मौका पाए। स्वीसहरूको व्यवहारदेखि उनी खूबै प्रभावित भए। पर्वतका उच्चतर भागहरूमा अभियान दलको नेतृत्व गर्ने डेटर्ट हँसिला र फूर्तिला थिए। उनी खूबै उफ्रन्थे र शेर्पाहरूले उनलाई उपियाँ नाम दिए। डेटर्टले ल्याम्बर्टलाई 'भालू' भनी तेन्जिङसित परिचय गराएका थिए तर ल्याम्बर्टको सट्टा टिलम्यानलाई भालू भन्नु सुहाउँथ्यो। ल्याम्बर्टलाई सबैले भालू साहेब भन्थे। ल्याम्बर्ट अंग्रेजीका केही शब्दबाहेक कुनै पनि पूर्वीय भाषा जान्दैन्थे। हातको इशाराले उनी शेर्पाहरूसित काम चलाउँथे।

नामचे बजार पुग्नअघि नै दार्जीलिङका चौधजना शेर्पा र अभियान दलबारे थाह पाएर नामचे बजारमा आफन्तहरू स्वागतार्थ एकत्र भएका थिए। तेन्जिङकी बूढ़ी आमा थामेदेखि पैदल त्यहाँ आएकी थिइन्। अठाह्र वर्षपछि आमा र छोराको भेट हुँदा दुवैका आँखामा खुशीको आँसु छचल्किए। आमाले एउटा नाति बोकेकी थिइन्। उनीसित आएका थिए तेन्जिङका तीनजना बहिनी र ज्वाइँ, भाञा–भाञी र काकाका छोराछोरीहरू। उनीहरूले खानेकुरा, जाँड़ र उपहार ल्याएका थिए। अन्य शेर्पा साथीहरूको लागि पनि आफन्तहरूले खानेकुरा, जाँड़ र उपहार ल्याएका थिए। भोलिपल्ट पहिलो बैशाख र इष्टर मण्डे परेको थियो। यसकारण सम्पूर्ण दलले जाँड़ खाँदै, गाउँदै, नाच्दै, त्यो दिनको उपलक्ष्य मनाए। नाचगान भइसकेर तेन्जिङ नामचे बजार घुम्न निस्के। अधिकांश कुरा पहिलेजस्तै थियो। सबभन्दा महत्त्वपूर्ण परिवर्तन थियो एउटा सानो स्कूलको स्थापना जसमा केवल एकजना शिक्षक थिए। शेर्पा विद्यार्थीहरूलाई नेपाली भाषा सिक्नु कठिन पर्थ्यो होला भनी तेन्जिङले सोचे। जे भए तापनि शेर्पा केटाकेटीको उज्ज्वल भविष्यतर्फ त्यो एउटा नौलो कदम थियो।

केवल एक दिन मोजमस्तीमा बिताएर अभियान दल काममा जुटे। काठमाड़ौंदेखि आएका भरियाहरूलाई भत्ता दिइवरी फिर्ता पठाउनुपर्थ्यो। योजनाअनुसार दार्जीलिङदेखि गएका तेह्रजना शेर्पा भरियाको अतिरिक्त खुम्बुबाट दशजना शेर्पाको चयन अनिवार्य थियो। खुम्बुका ती शेर्पाहरूमा केही महिला पनि थिए। दार्जीलिङदेखि गएका केही शेर्पाहरूका आफन्तहरू पनि खुम्बुदेखि दलमा सामेल भए।

अभियान दल थ्याङबुचे गुम्बा भएर उकालो लाग्नुपर्थ्यो। थ्याङबुचे गुम्बाका लामाहरूले दलको भव्य स्वागत गरे। सबैलाई तिब्बती चिया दिइयो जुन चौरी गाईको गन्हाउने घिउ र नूनले बनेको थियो। ल्याम्बर्टबाहेक अरू साहेबहरूले

शेर्पा जम्मा गर्नु निकै कठिन पर्‍यो। १९५१ को एभरेष्ट अभियानमा शिप्टनसित गएका धेरै शेर्पा भरियाहरू रिसाएका थिए। उनीहरूलाई पूरा भत्ता नदिइएको उनीहरूको गुनासो थियो। एउटा क्यामेरा हराउँदा उनीहरूमाथि चोरीको अभियोग लाग्यो। अभियानको अन्तमा उनीहरूले बकसीस पनि पाएनन्। उनीहरूले भने, ''एभरेष्ट जत्रो अग्लो र खतरा पर्वत दक्षिणबाट चढ्नु असम्भव छ।''

१९५१ का सरदार आङ थार्केले पनि भने,'' जसरी शिप्टनको दलले खुम्बु आइसफल पार गरेर उकालो जान सकेन, उसरी स्वीस दल पनि जान सक्तैन। पत्याउँदैनौ भने हामी दुइ बीस रूपियाँको बाजी राखौं।''

तेन्जिङले तेह्रजना शेर्पा साथीहरूलाई मनाइछोडे। उनीहरू अभियान दलका साहेबहरूलाई भेट्न काठमाडौं गए। दलका नौजना साहेबहरूमध्ये डा° विस डुनाण्ट, रेनी डेटर्ट र आन्द्रे रोचसित तेन्जिङको पहिले नै परिचय भइसकेको थियो। डेटर्ट र रोचसित उनले गढ्वाल अभियानमा भाग लिएका थिए। ती नौजनाकोअतिरिक्त दलमा दुइजना वैज्ञानिक पनि थिए। ती पर्वतारोहीहरूमा सबभन्दा प्रसिद्ध थिए रेमण्ड ल्याम्बर्ट। ल्याम्बर्टले अदभुत र केही फाटेका सानो जुत्ता लाएका थिए। धेरै वर्षअघि आल्प्स अभियानमा उनका दुवै खुट्टाका सबै औंला हिमदाहले नष्ट पारेको थियो। यस्तो अवस्थामा पनि उनले हरेश खाएका थिएनन्।

स्वीजरल्याण्डदेखि ल्याइएका अनेक टन खानेकुरा र सामान काठमाडौंको नयाँ हवाईअड्डामा राखिएका थिए। ती वस्तुहरूलाई बोक्न सकिने पोकाहरूमा छुट्याएर नेपाली भरियाहरूलाई दिनुपर्ने दायित्व तेन्जिङको थियो। भरियाहरूले ती भारीहरू सोलुखुम्बुसम्म लैजानुपर्नेथ्यो। सधैं झैं भत्ताबारे भरियाहरूले शुरूमा गुनासो पोखाए तर तेन्जिङले भरियाबाट पाइने कमिशन नलिएर भरियाहरूलाई दिएपछि भरियाहरू सन्तुष्ट भए।

सबै व्यवस्था मिलेपछि अभियान दल काठमाडौंदेखि २९ मार्चको दिन हिंडे। राशिन र भान्साका सामान बोक्ने भरियाहरू सबभन्दा पहिले हिंडे। दास्रो दलमा जानेहरूले तम्बु र व्यक्तिगत सामान बोकेका थिए। अन्तिम दलका भरियाहरूले अभियान सामग्री र विभिन्न प्रकारका भण्डार बोके। यो प्रक्रिया प्रतिदिन चल्थ्यो। उनीहरूको शुरूमा अधिकांश यात्रा उत्तरतर्फ थियो। अन्तिम केही दिनको यात्रा पूर्वतर्फ थियो। अनेक आली र उपत्यकाहरूका बाटामा उकालो–ओह्रालो गर्दै, असंख्य काठका साँघु र झोलुंगे पार गर्दै उनीहरू सोह्र दिनमा १८० माइलको यात्रा पूरा गरेर नामचे बजार पुगे। सोह्र दिनको यात्रामा तेन्जिङले अन्य शेर्पाहरूसित

सुरक्षित स्थानमा क्याम्प दुइ खड़ा भयो। त्यहाँदेखिको उकालो बाटो झन् कठिन थियो। तर उनीहरूले काम जारी राखे। कुनै दुर्घटनामा नपरी उनीहरू वेस्टर्न कुमको छेउमा पुगे। ल्याम्बर्ट भालूजस्तै देखिएका मात्र थिएनन् तर दशवटा भालूको शारीरिक सामर्थ्यसित काम गर्थे अनि ङिच्च हाँस्दै साथीहरूतिर फर्केर भन्थे, ''एकदम ठीक छ!''

तर वेस्टर्न कुम पुग्नलाई उनीहरूले एकदमै लामो र एकदमै गहिरो हिम–दरार पार गर्नुपर्थ्यो। पहिलो दिन घण्टौं बिताएर उनीहरूले बाटो पत्तो लाउने कोशिश गरे तर सकेनन् र क्याम्प दुइ फर्के। भोलिपल्ट फेरि उनीहरू त्यो ठाउँ पुगे। उनीहरूले हिम–दरारको प्रायः साठी फीट तलदेखि पल्लो किनारसम्म डोरीको पूल बनिने सम्भावना देखे। त्यो जोखिमपूर्ण कामको लागि दलका सबभन्दा कलिलो युवक आस्पर तयार भए। निकै समय लागे तापनि आस्परको सहायताले उनीहरूले डोरीको पूल बनाइछाड़े। असम्भव मानिएको काम सम्भव भयो।

एभरेष्टको चोटीमा पुगे झैं उनीहरूले त्यसलाई ठूलो विजय माने। वेस्टर्न कुमसम्म पुग्ने उनीहरू पहिलो व्यक्ति थिए। यो प्रायः साड़े चार माइल लामो र दुइ माइल चौडा़ गहिरो हिमाच्छादित उपत्यका हो। यसको देब्रेतिर एभरेष्ट, दाहिनेतिर नुप्छे र अघिल्तिर ल्होछे अवस्थित छन्। स्वीसहरूले यो उपत्यकालाई 'भ्याल्ली अब साइलेन्स' नाम दिएका थिए। साहेबहरूले त्यहीं क्याम्प तीन बनाए। बेस क्याम्पदेखि त्यहाँसम्म प्रायः अढ़ाई टन भारी ल्याइयो। भरियाहरूलाई प्रत्येक भारीको पैंतालीस पाउण्ड दिइन्थ्यो। भरियाहरूलाई भारी बोकाउने काममा सरदार भएको नाताले तेञ्जिङले कैयौं चोटि तल–माथि गर्नुपर्‍यो। तीन सातासम्म त्यहाँ बस्दा दलले उपत्यकाको बीचमा क्याम्प चार र ल्होछेको फेदमा क्याम्प पाँच बनायो।

२२,६४० फीटको उँचाइमा बनिएको क्याम्प पाँचदेखि साउथ कोल अझ तीन हजार फीटसम्म अधिक उँचाइमा छ। साउथ कोल जाने आधा बाटोमा सामानको गोदाम बनाइयो। केही आरोहीहरू जेनेभा स्परको चोटीसम्म पुगे। त्यहाँदेखि साउथ कोल पुग्नलाई र साउथ कोल पुग्न सकेको खण्डमा फेरि त्यहाँदेखि एभरेष्ट आरोहण गर्न जाने प्रथम आरोहीहरूको एउटा दलको चयन भयो। त्यो दलमा ल्याम्बर्ट , अबर्ट, फ्लोरी र तेञ्जिङ थिए। तेञ्जिङको दोहोरो भूमिका थियो। उनी आरोही थिए अनि साथै पासङ फुत्तर, फू थार्के, दा नामग्याल, आजीबा, मिङमा दोर्जी र आङ नर्बूलाई आवश्यक सामान बोकाएर गन्तव्यसम्म लैजाने दायित्व लिएका थिए। उनले आफूलाई असल पर्वतारोही प्रमाणित गर्ने प्रण गरे।

अलिकति पिउँदै, मुख थुन्दै, आधाभन्दा अधिक पिउन सकेनन् तर ल्याम्बर्टले आफ्नो प्याला रित्याएर साथीहरूले छोड़ेको चिया पनि सिध्याए। ल्याम्बर्ट बिमार हुनेछन् भनी सबैले शंका गरेका थिए तर उनलाई त्यस्तो केही भएन। सबैले उनको प्रशंसा गरे।

टिलम्यान र होसटनको दल १९५१ मा शिप्टनको दलले प्रयोग गरेको बाटो हिँड़ेर उनीहरू दूधकोशी पुगे। त्यहाँदेखि पूर्वतिर लाग्दा उनीहरू तावेचे र आमा डाबलाम शिखरबीचको उकालो बाटो हिँड़नुपर्थ्यो। खुम्बु ग्लेशियरको छेउबाट उनीहरूले एभरेष्टको सानो अंश देखे। एभरेष्टको दक्षिणमा र पश्चिममा नुप्छेद्वारा घेरिएको हुनाले उनीहरूले देखेको त्यो सानो भाग एभरेष्टको चोटी थियो।

एक साँझ क्याम्पमा ठूलो उत्तेजना फैलियो। एक दिनको सर्वेक्षण कार्यमा गएका दुइ स्वीस वैज्ञानिकले रहस्यमय पदचिन्ह देखेको कुरा क्याम्पमा सुनाए। ती पदचिन्हको लमाइ ११.५ इंच र चौड़ाइ ४.५ इंच थियो। ती पदचिन्ह येतीका थिए। येतीका कदमहरू १९४६ मा तेञ्जिङले कञ्चनजंगाको छेउ जेमु ग्लेशियरमा देखेका थिए। ती पदचिन्हरू कुनै पशुको पदचिन्हसित नमिलेको निष्कर्ष स्वीस साहेबहरूले निकाले। ती पदचिन्ह एक पंक्तिमा थिए। ती कहाँ शुरू भएका थिए औ कहाँ अदृश्य भए–पत्तो लाउन सकिएन। दुइ वैज्ञानिकहरूले खूबै खोज गरे। न कुनै येती भेटियो, न कुनै पदचिन्ह।

उनीहरूले २२ अप्रेलका दिन १६,५७० फीट अग्लो खुम्बु ग्लेशियरमा बेस क्याम्प स्थापित गरे। चालीसजना शेर्पाबाहेक अन्य शेर्पाहरू नामचे बजार फर्के। तीसजना शेर्पाले अर्को क्याम्पसम्म दाउरा र राशिन पुऱ्याउनुपर्थ्यो। दशजना शेर्पाले अभियान समाप्त नभइञ्जेल काम गर्नुपर्थ्यो। बेस क्याम्पको उत्तरमा ग्लेशियर हिउँको पर्खालमा अन्त भएको थियो। त्यो हिम पर्खालको टुप्पामा ल्हो ला घाटी थियो। पश्चिममा एभरेष्ट र नुप्छेको बीच साँघुरो बाटोदेखि हिउँको एउटा ठूलो ढिस्का झरेको थियो। टिलम्यान र होसटन यहाँ आइपुगेर उकालो हेरेपछि भयभीत भएका थिए। शिप्टन यहाँदेखि उँभो जान सकेनन्।

ग्लेशियरमा मौसम सुध्रेपछि बेस क्याम्पदेखि उनीहरू उकालो र तेर्सो लागे। एउटा सम्म ठाउँमा क्याम्प एक खड़ा भयो। त्यहाँदेखि उकालो जाने बाटो खोज्नलाई दल दुइ भागमा बाँड़ियो। सबैभन्दा वयस्क डा० डुनाण्टले बेस क्याम्प र क्याम्प एकबाट अभियान सञ्चालन गर्ने जिम्मा लिए। सुगम बाटो खोज्नु हिँड़ेका दुवै दल फर्के अनि सिँढ़ी बनाउँदै, डेरी गाँस्दै तेस्रो बाटो खोज्नमा तल्लीन भए। एउटा

पुगे। उनीहरूले एक दिनको खानेकुरा, प्रत्येकले अक्सिजनको सानो सिलिण्डर र अरू कम सामान आफूसित ल्याएका थिए। तीनजना साहेबहरूको सल्लाहअनुसार ल्याम्बर्ट र तेन्जिङ उनीहरूले ल्याएको एउटा तम्बुमा बस्ने भए अनि अबर्ट र फ्लोरी क्याम्प छः मा रात बिताउन र बिहान अन्य सामान ल्याउन ओह्रालो जाने भए।

ल्याम्बर्ट र तेन्जिङ जाड़ोले रातभरि सुत्न सकेनन्। बिहान भएपछि झन् जाड़ो भयो। धुम्मिएको दिनमा हावाले उड़ाइल्याएको हिउँ अनुहारमा पर्थ्यो। तर पनि हिँड़नलाई उनीहरू तयार थिए। बाटो साह्रै उकालो भएको ठाउँमा उनीहरू सिँढ़ी बनाउँदै हिँड़े। यस्तो साँघुरो बाटोमा हिँड़न ल्याम्बर्ट पारंगत थिए। औंलाबिनाका खुट्टाको सहायताले उनी बाख्राजस्तै जतिकै सानो ठाउँमा पनि उभिन सक्थे। यस्तो बेलामा तेन्जिङलाई दार्जीलिङको अनि आङ ल्हामू र दुइ छोरीको याद आउँथ्यो। उनलाई दोस्रो दलका नायक डेटर्ट र साथीहरूको पनि याद आउँथ्यो। म्याल्लोरी र इर्विन हराएको कुरा सम्झेर उनी अति भयभीत हुन्थे। यसरी घर, साथीहरू र अन्य पर्वतारोहीहरूको सम्झना गर्दै उनी हिँड़थे, रोकिन्थे, हिँड़थे, रोकिन्थे। यही क्रममा एक ठाउँ आएर उनी निकै बेर रोकिए। ल्याम्बर्ट पनि रोकिएछन्। उनीहरूले पछि फर्केर हेरे। पाँच घण्टामा उनीहरू २८,२५० फीटको उँचाइमा पुगिसकेछन्। एभरेष्टको छेउमा पुग्ने ती दुइ  प्रथम व्यक्ति थिए। त्यहाँदेखि उँभो जान न मौसमले साथ दियो, न उनीहरूमा शारीरिक सामर्थ्य नै थियो। ओह्रालो झर्नुबाहेक ल्याम्बर्ट र तेन्जिङसित अर्को विकल्प थिएन।

डेटर्टको दोस्रो दल एकै दिनमा साउथ कोलसम्म पुग्यो तर अत्यधिक उँचाइमा दुइ स्वीस र शेर्पाहरू बिमार भए। तीन दिनपछि निराश भएर उनीहरू फर्के।

२४ मईका दिन उनीहरूले आरोहण आरम्भ गरे तर खराब मौसमको कारण फर्कनुपर्‍यो। उनीहरू अर्को दिन क्याम्प पाँचदेखि हिँडे। एक घण्टापछि आजीबालाई जरो आएर उसलाई फर्काउनुपर्‍यो। उसको भारी साथीहरूले बाँड़ेर बोके। प्रायः आठ घण्टाको हिँड़ाइमा उनीहरूले २५,६८० फीट अग्लो नुप्छे चोटीलाई पछाड़ि छोड़िसकेका थिए। त्यहाँदेखि साउथ कोल टाढ़ो थिएन। घाम डुब्न आँटेकोले जाड़ोले उग्र रूप लिन थाल्यो। केही पर पुगेर आङ नर्बू र मिङमा दोर्जे खूबै थाकेको हुनाले त्यहाँदेखि अगाड़ि जान मानेनन्। उनीहरूलाई हिमदाहको भय पनि थियो। ती दुइजना ओह्रालो झरे। उनीहरूको भारी पनि साथीहरूले बाँड़ेर बोके। दुइ घण्टापछि झमक्क अँध्यारो भयो। बिसाएकै ठाउँमा दलले दुइवटा तम्बु खड़ा गरे। तीनजना स्वीस एउटा तम्बुमा पसे औ अर्को तम्बुमा पासङ फुत्तर, फू थार्के, दा नामग्याल र तेञ्जिङ पसे।

बिहान भएपछि ल्याम्बर्ट, अबर्ट, फ्लोरी र तेञ्जिङ उकालो लागे। फू थार्के र दा नामग्याल आधा बाटोमा छोड़िएको भारी लिन ओह्रालो झरे। प्रायः दश बजेतिर ल्याम्बर्टको दल साउथ कोल पुग्न सफल भयो। तीनजना स्वीस त्यहीं बसे। तेञ्जिङ साथीहरूलाई सघाउन ओह्रालो झरे।

पासङ फुत्तर तम्बुमै सुतेर पीड़ाले कराइरहेको थियो। ऊ साउथ कोलसम्म जान चाहँदैनथ्यो किनभने उसलाई मृत्युको भय थियो। उसलाई त्यहीं छोड़ियो भने उपचार र स्याहारको अभावमा ऊ अवश्य मर्नेछ भन्ने सन्देह भएर तेञ्जिङले उसलाई फकाए, आकाश–पाताल देखाए र उसलाई मनाइछाड़े। अन्तमा तीनजना साथीको सहायताले तेञ्जिङले सबै सामान साउथ कोलसम्म पुर्‍याए। राति ल्याम्बर्ट र तेञ्जिङ एउटा तम्बुमा सुते।

बिहान भएपछि ल्याम्बर्टले क्याम्प सात बनाएर एभरेष्टको चोटीमा पुग्न सकिन्छ भन्ने आशा व्यक्त गरे तर शेर्पाहरू त्यहाँदेखि उकालो जान इच्छुक थिएनन्। पासङ फुत्तर अझै बिमार थियो। साहेबहरूले फू थार्के र दा नामग्याललाई विशेष पुरस्कार दिने वचन दिए तर उनीहरू मानेनन्। उनीहरू केवल थाकेका थिएनन्, उनीहरूको जोशसमेत मरिसकेको थियो। साहेबहरूले तीन शेर्पाहरूलाई बेस क्याम्प फर्कने अनुमति दिए। एभरेष्टको चोटी त होइन, क्याम्प सात खड़ा गर्ने आशा पनि नभएका स्वीसहरू र तेञ्जिङले चढ़ाइ आरम्भ गरे। अबर्ट र फ्लोरीले एउटा डोरी प्रयोग गरे अनि ल्याम्बर्ट र तेञ्जिङले अर्को डोरी। असल मौसम भएकोले साह्रै उकालो भए तापनि सुस्त हिँड़ाइमा नै घण्टौं लाएर उनीहरू २७,००० फीटसम्म

आङ ल्हामूले व्यग्र भएर सोधिन्, ''तपाईंलाई थाह छ हेमन्त लाग्यो भनेर?''

''किन नहुनु, थाह छ।''

''योभन्दा अघि तपाईं कहिल्यै हेमन्तमा जानुभएको थिएन त?''

''तिमीले ठीक भन्यौ।''

''त्यसो हो भने यसपालि किन जानुहुँदैछ?''

''हाम्रो यो दोस्रो प्रयास हो। हामी जानैपर्छ।''

आङ ल्हामूले तेञ्जिङलाई रोक्ने कोशिश गरिन् तर एभरेष्ट अभियानको लागि प्राणसमेत त्याग्न इच्छुक पतिको अघि उनको केही जोर चलेन।

सेप्टेम्बरको पहिलो सातामा तेञ्जिङ साथीहरूसित काठमाडौं पुगे। स्वीस साहेब, शेर्पाहरू र नेपाली भरियाहरूको जमातमा प्रायः चार सय व्यक्ति थिए एउटा सानो सैन्यदलजस्तै। अमेरिकी पासपोर्टधारी डिरेनफर्थ नेपाली भिसाको लागि दिल्लीमा थिए औ उनलाई काठमाडौं आइपुग्नु अझ केही समय लाग्ने भयो। आङ दावा शेर्पालाई दुइ सातासम्म डिरेनफर्थको प्रतीक्षा गर्ने अनि उनी काठमाडौं आइपुगेपछि दुवैजना सोलुखुम्बुतिर प्रस्थान गर्ने आदेश दिइयो।

अभियान दल सेप्टेम्बरको अन्तिम साता काठमाडौंबाट हिँड्यो। ढिलो शुरू भएको वर्षा त्यति बेलासम्म समाप्त भएको थिएन। अविराम वर्षाको कारण उकालो ओह्रालो हिँड्नुपर्ने क्रममा डा० चिभ्यालीलगायत अनेक बिमार भए। सोलखुम्बु पुग्ने बेलामा पानीझरीमाथि असाध्य जाड़ो पनि थपियो। न्यानो लुगा नभएका नेपाली भरियाहरू संकटमा परे। चौधौं दिनमा उनीहरू प्रायः १३,००० फीट अग्लो श्यामुङ नामरेपकी ला पुग्दा मौसम झन् बिगऱ्यो। अनेक नेपाली भरियाहरू शिकस्त बिमार भए। तीमध्ये दुइजनाको मृत्यु अभियानको लागि शुभ लक्षण थिएन। धेरै नेपाली भरियाहरू काठमाड़ौं फर्के।

महीनाको अन्तमा उनीहरू नामचे बजार पुग्दा मौसम असल भयो। शेर्पाहरूलाई भेट्न स्थानीय आफन्त र साथीहरू खानेकुरा र प्रशस्त जाँड़ लिएर आए। आमा र बहिनीहरूसित तेञ्जिङको भेट भयो। पुनर्मिलनको खुशीमा खूब नाचगान भयो। काठमाड़ौं फर्किसकेका नेपाली भरियाहरूका ठाउँमा अनेक शेर्पाहरू नियुक्त भए।

खुम्बु ग्लेशियरको छेउमा बेस क्याम्प खड़ा भयो। बेस क्याम्पमा बसेर अभियानको रूपरेखा तयार गर्न व्यस्त रहेको बेला डिरेनफर्थ र आङ दावा त्यहाँ आइपुगे। ती दुइ दलमा समावेश भएपछि दलमा खुशीको लहर छायो तर आङ नर्बूको घिच्रोमा ठूलो सुज आएकोले दलको काम गर्ने जोश सेलायो। डा० चिभ्यालीले उसको ओपरेशन गरेपछि ऊ निको भयो।

# हेमन्तमा स्वीससित अर्को एभरेष्ट अभियान



*रेमण्ड ल्याम्बर्ट र तेञ्जिङ नोर्गे*

नेपाल सरकारले ब्रिटिश दललाई १९५३ मा एभरेष्ट अभियानको अनुमति दिइसकेको हुनाले स्वीस दलले लगत्तै हेमन्तमा अर्को एभरेष्ट अभियानको अनुमति लियो अनि ग्रीष्मभरि अभियानको व्यवस्था मिलाउन स्वीस दल व्यस्त रह्यो। बसन्त अभियान दलबाट दुइजना साहेब मात्र जाने भए। ती थिए हेमन्त अभियान दलका नायकको रूपमा डा॰ गाब्रियल चिभ्याली र रेमण्ड ल्याम्बर्ट। चारजना अन्य नयाँ पर्वतारोहीहरू थिए आर्थर सोफेल, गुस्ताफ ग्रेस, अर्नेष्ट रीज र जान बसियो। उनीहरूको अतिरिक्त अर्को पर्वतारोही थिए नोर्मन डिरेनफर्थ जसलाई फोटोग्राफरको अभिभारा पनि सुम्पिएको थियो। तेञ्जिङलाई केवल सरदार नबनाएर स्वीस दलले अभियान दलको एक सदस्य पनि बनायो। तेञ्जिङले त्यसलाई ठूलो सम्मान सम्झे।

तेञ्जिङले दार्जीलिङमा शेर्पा साथीहरू खोजे जसमा अधिकांश बसन्त अभियान दलका थिए। सेप्टेम्बरको पहिलो सातामा नै तेञ्जिङ साथीहरू लिएर काठमाडौं पुग्नुपर्ने थियो। अभियानमा जानलाई तेञ्जिङमा बेचैनी र खुशी देखेर

जारी राख्ने निर्णय भएपछि भोलिपल्ट तीन घाइते शेर्पाहरूलाई बेस क्याम्प पुऱ्याउने काम भयो।

चढ़ाइ शुरू गर्नअघि उनीहरूले गर्नुपर्ने सर्वप्रथम काम थियो साउथ कोलसम्म पुग्ने अर्को नयाँ बाटोको खोजी। फेरि सिँढ़ी खन्ने, डोरी गाँस्ने र गह्रौं भारी ओसार्ने काम शुरू भयो। एक सातामा काम शेष भयो। डोरीको लमाइ प्रायः २५०० फीट थियो। क्याम्प छः र क्याम्प सात तयार भए। मध्य नभेम्बर बितेर असली शिशिर शुरू भइसकेको हुनाले साउथ कोल पार गरेर अझ उँभो जान उनीहरूलाई हतार लागिरहेको थियो। पहिलो प्रयासको लागि दशजनाको एउटा दलको चयन भयो। नायकको रूपमा ल्याम्बर्ट, रीज र तेन्जिङ औ सातजना शेर्पा भरिया थिए। भरियाहरू थिए आङ तेम्पा, पेम्बा सुन्दर, आङ निमा, आङ नामग्याल, गोनदिन, पेम्बा र तोपगे। सबभन्दा कलिलो थियो सत्रह वर्षीय तोपगे, तेन्जिङको भानिज।

उनीहरू क्याम्प छः भएर क्याम्प सात पुगे अनि १९ नभेम्बरका दिन साउथ कोलतर्फ प्रस्थान भए। बिहान प्रायः नौ बजे हिँड़ेर उनीहरू दिउँसो साड़े चार बजे साउथ कोल पुग्न सके। पहिलो चोटि बसन्त अभियानमा बनाइएको क्याम्पको केही अवशेष अझ देखिन्थ्यो। उनीहरूले जब दुइवटा क्याम्प खड़ा गरिसके, सातजना शेर्पा क्याम्पतिर पसे, फेरि अदृश्य भए। राति तीनजनाले चकलेट तताएर पेट भरे। औधी जाड़ो भएकोले केही पकाएर खानु सम्भव थिएन। ल्याम्बर्टको सानो थर्मामिटरमा तापमान शून्यदेखि झरेर तीस डिग्री तल पुगेको थियो।

बिहान सबैले अलिअलि चिया पिए। गोनदिन बिमार थियो र जान सकेन। अरू छः जना शेर्पा उकालो जान मुश्किलले राजी भए। उनीहरूलाई क्याम्प नौको लागि सामान बोकाउनु थियो। त्यहाँदेखि हिँड़दा साड़े एघार भइसकेको थियो। साउथ कोल पार गर्नु नै उनीहरूलाई एक घण्टा लाग्यो। ल्याम्बर्ट, रीज र तेन्जिङ अक्सिजन प्रयोग गरेर भरियाहरूभन्दा अगाड़ि हिँड़े। हावा र जाड़ो यति तीव्र थियो कि तीनवटा पञा लाएर पनि उनीहरूका औंलालाई केही महसूस हुँदैनथ्यो। उनीहरूका ओंठ, नाक, सम्पूर्ण अनुहार नीलो हुँदै गइरहेका थिए। उनीहरूको पछिल्तिर धरमरिँदै उकालो चढ़िरहेका शेर्पाहरूमा अब अधिक हिँड़ने शक्ति थिएन। रीजले शिर हल्लाएर अझ हिँड़ने असमर्थता प्रकट गरे। अब फर्कनुबाहेक अर्को उपाय थिएन तर त्यो निर्णय ल्याम्बर्ट र तेन्जिङको लागि ठूलो आघात थियो। ल्याम्बर्ट र तेन्जिङको त्यो दोस्रो प्रयास थियो अनि दुवैले दोस्रो प्रयासमा सफलता प्राप्त गर्ने संकल्प गरेका थिए। ल्याम्बर्ट र तेन्जिङले एक–अर्कालाई हेर्न सकेनन्। दुवै मौन ओह्रालो झरे।

भ्याली अव् साइलेन्ससम्म आइपुग्न उनीहरूलाई कठिन भएन तर त्यहाँदेखि उकालो चढ्दा उनीहरूले खूबै चिसो हावाको सामना गर्नुपर्‍यो। अक्टोबरको अन्तमा ल्होछेको फेदीमा उनीहरूले क्याम्प पाँच खड़ा गरे। त्यहाँदेखि जेनेभा स्परसम्म पुग्नलाई पहिलेजस्तै उपदलमा बाँड्एिर बाटो खन्दै, डोरी गाँस्दै आरोहण गर्ने योजना तयार भयो। चार उपदल थिए औ प्रत्येक दलमा तीन व्यक्ति डोरीको सहाराले उँभो जाने भए। ३१ अक्टोबरमा चढ़ाइ शुरू गरेकै दिन एउटा दुर्घटना भयो। डोरीको सहाराले उकालो चढ्दै गर्दा हिउँको एउटा ठूलो ढिस्का उनीहरूमाथि खस्यो। ढिस्का चोइटिएर ससाना टुक्रा काँधमा लागेका एघारजना हल्का घाइते भए तर आजीबा र तेञ्जिङको भानिज तोपगेसित एउटै डोरीमा भएको मिङमा दोर्जे शिकस्त घाइते भयो। उसको अनुहार रक्ताम्मे भएको थियो अनि एउटा तीखो टुक्रा घाँटीभित्र छिरेको थिएछ। डा० चिभ्याली र सोफेलले शेर्पाहरूको सहायताले मिङमा दोर्जेलाई ओह्रालो झार्दै गर्दा चौथो डोरीका तीनजनामध्ये एकजनाको खुट्टा चिप्लिँदा प्रायः दुइ हजार गज तल उँधोमुण्टो भएर खसे अइला, नर्बू र मिङमा रिता। अइला र दा नर्बू नराम्रो ढंगले पछारिएर उनीहरूको शरीरमा खोस्रिएको दाग मात्र थियो। मिङमा रिताको घिच्रोको हड्डी भाँचिएछ। डा० चिभ्यालीको अथक परिश्रमले पनि मिङमा दोर्जेलाई बचाउन सकेन।

मिङमा दोर्जेको दाह संस्कार क्याम्प चार र पाँचको बीचमा गरियो। साथीहरूले काठको क्रस बनाए अनि त्यसमा उसको नाम र निधनको मिति लेखेर चिहानमाथि गाड़िदिए। उसको मृत्युले शेर्पाहरूलाई जति दुःखी र निरूत्साहित बनाएको थियो त्यतिकै दुःखी स्वीसहरू पनि थिए। केवल स्वार्थ नहेरेर सेवकहरूको हिततिर ध्यान दिनु पनि उनीहरूको नैतिक जिम्मेवारी थियो। स्वीसहरूले तेञ्जिङलाई भने, ''तेञ्जिङ, हामी जान्दछौं कि मिङमा दोर्जेको निधनले तिमीहरूलाई हृदयमा ठूलो चोट दिएको छ। यस्तो मनस्थितिमा अभियानलाई निरन्तरता दिन कसैको इच्छा हुँदैन। यो स्वाभाविक हो। यदि तिमीहरूको बहुसंख्या अभियानलाई यहीँ टुंग्याउन चाहन्छ भने हामी त्यो निर्णयसित सहमत हुनेछौं। तिमीले साथीहरूसित विचार विमर्श गर औ जे निर्णय निस्कन्छ, हामीलाई जनाऊ।''

राति शेर्पाहरूको सभा बस्यो। सबैले गहिरो दुःख प्रकट गरे। अभियान जारी राख्नुपरे तापनि त्यो सफल हुन सक्तैन भनी केही शेर्पाहरूले अनुमान लाइसकेका थिए। तर अन्तमा सबै शेर्पा अभियानलाई जारी राख्न सहमत भए। जस्तै कठिनाइ आइपरे तापनि साहेबहरूलाई लक्ष्यसम्म पुर्‍याउन उनीहरू तत्पर भए। अभियान

साउथ कोलदेखि प्रायः एक हजार फीट अग्लो ठाउँमा उनीहरूले सबै सामान फ्याँके अनि साउथ कोलको क्याम्पदेखि गोनदिनलाई लिएर फेरि ओह्रालो लागे। साउथ कोलमा उनीहरूले छोड़ेको सामान पनि तीन सय पौण्डदेखि कम्ति थिएन। क्याम्प सातमा उनीहरूले रात बिताए। डा० चिभ्यालीसित उनीहरूको त्यहीं भेट भयो। मिङमा दोर्जेको मृत्युको खबर सुनेर तेञ्जिङको बहिनी नानीहरूसित क्याम्प एकसम्म उनलाई भेट्न आएकी थिइन्। नामचे बजारमा पुग्दा आमा र दिदी–बहिनीहरू उनको प्रतीक्षामा थिए।

नेपालको घनघोर जंगल हुँदै काठमाड़ौं फर्किरहेको बेला लगातार पानी परिरह्यो र यही अवधिमा तेञ्जिङले आफ्नो गोलीगाँठा मर्काए। अभियानमा त्यो उनको प्रथम दुर्घटना थियो। काठमाड़ौंमा नेपाल नेरशले तेञ्जिङलाई नेपाल प्रताप वर्द्धक पदक प्रदान गरे। नेपाल प्रताप वर्द्धक पदकको सम्मानबाट उनी अति प्रफुल्लित भइरहेको समयमा जरोको आक्रमण उनलाई असहनीय भयो। शेर्पाहरू र तेञ्जिङलाई स्वीस साहेबहरूले हावाजहाजमा पटनासम्म लगे। पटनाको होली फेमिली हस्पिटलमा तेञ्जिङलाई भर्ना गरेर स्वीस साहेबहरू यूरोपतिर लागे अनि शेर्पाहरू दार्जीलिङतिर।

अमेरिकाका क्याथलिक धर्मप्रचारकहरूद्वारा सञ्चालित अस्पतालमा दश दिन बसेर तेञ्जिङ निको भए। केही दिनपछि दार्जीलिङ पुग्दा उनको ओजन सोह्र पौण्ड घटिसकेको थियो।

# सातौं एभरेष्ट अभियान



क्याम्प नौमा अन्तिम आरोहणको हिल्लेरी र तेन्जिङ तयारीमा

तेन्जिङको स्वास्थ्य देखेर आङ ल्हामू र दुइ छोरी खूबै सुर्ताए। आङ ल्हामूले भनिन्, ''तपाईंले एक वर्ष पूरै आराम गर्नुपर्छ र स्वास्थ्य सपार्नुपर्छ।''

स्वीकृतिसूचक शिर हल्लाए तेन्जिङले तर केही बोलेनन्। उनमा केही गर्ने शक्ति थिएन। पतिको स्वास्थ्यमा सुधार ल्याउनलाई आङ ल्हामूले आवश्यक पौष्टिक भोजन थुपारिन्, पतिलाई मन पर्ने सबै प्रकारका सामग्रीको व्यवस्था मिलाइन्, दिलोज्यानले सेवा गरिन्। एकातिर पत्नीको प्रयासले उनले द्रुत गतिले स्वास्थ्य लाभ गरिरहेका थिए अनि योजना बनाइरहेका थिए भने अर्कातिर अनेक देशहरूबाट दिनहुँ आएका पर्वतारोहणका निमन्त्रणले उनको मनलाई चञ्चल बनाउँथ्यो। पटनाको अस्पतालमा हुँदा पनि मेजर चार्ल्स विलीले नयाँ ब्रिटिश दलसित आगामी बसन्तमा एभरेष्ट अभियानको निमन्त्रण पठाएका थिए।

१९५३ लागेर एभरेष्ट अभियानको योजना फेरि बन्न थाल्यो। हिमालयन क्लबकी सचिव श्रीमती हेण्डरसनले तेन्जिङलाई भनिन्,''तिमी ब्रिटिश दलसित निकैपल्ट गइसक्यौ। उनीहरूलाई तिम्रो खूबै आवश्यकता छ।''

तेन्जिङ झट्ट उत्तर दिने स्थितिमा थिएनन्। एक वर्षमा दुइवटा अभियानमा सहभागितालाई उनी आफ्नो थकाइ र जीर्ण स्वास्थ्यको कारण ठान्थे। त्यहीमाथि

आङ ल्हामूको घोर विरोधको सामना उनले गर्नुपर्‍यो। श्रीमती हेण्डरसनले धैर्य धारण गरेर उनको सकरात्मक उत्तरको प्रतीक्षा गरिन् अनि एक सातासम्म उनको लागि दूध र ओभलटिन पठाइन्।

उनी सोचाइमा डुबे। उनले अधिकांश अभियान ब्रिटिश दलसित गेरका थिए। गिब्सन, मेजर व्हाइट, मेजर ओसमास्टन, टिलम्यान, स्मिथ र लेफ्टिनेण्ट मार्श उनका प्रिय र घनिष्ठ मित्र थिए। अन्य देशका मानिसहरूभन्दा ब्रिटिशहरू अधिक औपचारिक र संकोची हुन्छन्। उनीहरू दयालु, साहसी र न्यायपरायण हुन्छन्। तर बाहिरका मानिसहरू उनीहरूसित सधैं मालिक र सेवकको सम्बन्ध राख्न चाहन्छन्। त्यसको तुलनामा स्वीस र फ्रान्सेलीहरूले तेन्जिङसित सधैं मित्रताको व्यवहार गर्थे, तेन्जिङलाई उनीहरू आफ्नै स्तरका पर्वतारोही सम्झन्थे। १९५३ मा नेपाल सरकारले ब्रिटिश दललाई एभरेष्ट अभियानको अनुमति दिएको थियो। ब्रिटिश दल असफल भएको खण्डमा नेपाल सरकारले १९५४मा फ्रान्सेली दललाई अनुमति दिने भएको थियो। स्वीसहरूले तीन वर्षपछि मात्र एभरेष्ट अभियानको अनुमति पाउने सम्भावना थियो।

तेन्जिङले आफैंसित प्रश्न गरे, ''तिमी ब्रिटिशहरूसित कुनै विवाह वा टी पार्टीमा गइरहेका छैनौ, एभरेष्ट जाँदैछौ। एभरेष्ट नै तिम्रो सपना हो, तिम्रो जीवन हो। स्वीस र फ्रान्सेली दललाई पर्खिनु तिम्रो मूर्खता हो। यदि तिमी ब्रिटिश दलमा सामेल भएनौ तर ब्रिटिश दलको एभरेष्ट अभियान सफल भयो भने तिमीलाई कस्तो हुन्छ? तिम्रो लागि यही सुनौलो मौका हो, नत्र कहिल्यै होइन।''

उनको टाउको घुम्यो क्षणभर र उनी निष्कर्षमा पुगे। उनले सोचे, ''म उनचालीस वर्ष पुगिसकें। अब अझै कति पहाड चढ्न सक्छु र ? म छः चोटि एभरेष्ट अभियानमा गइसकें। यो मेरो सातौं अभियान हुनेछ। जसरी अधिकांश मानिसको लागि सात भाग्यमानी अंक हो, शेर्पाहरूको लागि पनि भाग्यमानी अंक हो। सातको समूह कुनै कामको लागि राम्रो हो। परिवारमा सातजना नानीको संख्या सर्वोत्तम अंक हो। हामी सात भाइ छोरा थियौ। यो मेरो सातौं एभरेष्ट अभियान हुनेछ।''

उनले श्रीमती हेण्डरसनलाई भने, ''म जान तयार छु।'' आफ्नो निर्णय आङ ल्हामूलाई सुनाउनु उनलाई कठिन भइरहेको थियो, तापनि भन्नैपर्ने उनको विवशता थियो।

पतिको निर्णय सुनेर आङ ल्हामू एक छिन अवाक् भइन् र नरिसाई भनिन्,

'' तपाईं अझसम्म राम्ररी तंग्रिनुभएको छैन। यस्तो अवस्थामा तपाईं कसरी जानुहुन्छ? फेरि बिमार भएर आफैंलाई मार्न चाहनुहुन्छ?''

''म आफ्नो हेरचाह गर्न जान्दछु।''

''तपाईंले आफैंलाई जोखिममा पार्नुहुँदैछ।''

''मलाई यही कामको लागि उनीहरूले पैसा दिन्छन्। यो मेरो जीवन हो। मेरो काममा तिमी हस्तक्षेप नगर। जब एभरेष्टको कुरा आउँछ, मलाई कसैको हस्तक्षेप मन पर्दैन।''

''तपाईं बौलाहा हुनुभएको छ। तपाईंले यही एभरेष्टमा आफूलाई मार्ने रहेछ।''

''ठीक छ, म मर्छु। तिम्रो घरमा मर्नुभन्दा बरू एभरेष्टमा मर्नु निको।''

तेन्जिङ भावावेशमा थिए। गनगर्निँदै कोठामा यताउता गरिरहे केही बेर। यस्तो स्थितिमा आङ ल्हामू आफूलाई नियंत्रणमा राख्न जान्दथिन्। तेन्जिङको अन्तिम वाक्यतिर केही ध्यान नदिई उनी मौन बसिन् पतिको गतिविधि हेर्दै। उनलाई पतिको मनमा कुनै प्रकारको आघात पुऱ्याउने इच्छा थिएन। उनलाई केवल पतिको स्वास्थ्यको चिन्ता थियो। पतिको दृढ़ संकल्पअघि उनको पतिप्रतिको आसक्ति धराशायी भयो र उनी भन्न विवश भइन्, ''लौ म हारें, तपाईंको जीत भयो।''

आफूले अपेक्षा गरेअनुसार पत्नीको स्वीकारोक्ति सुनेर तेन्जिङको हर्षको सीमा रहेन। हाँस्दै उनले भने, '' तिमीले यही भन्छ्यौ भनेर मलाई थाह थियो।''

जहिले पनि कुनै अभियानमा जानअघि उनी केही दिनसम्म न्यापस्याकमा ढुंगा बोकेर लामो बाटो ओहोर दोहोर गर्थे। यो अवधिभरि उनले धूम्रपान र मदपान गरेनन्, पार्टीतिर गएनन्। आफ्नो शरीरलाई ऊर्जा र शक्ति प्रदान गर्न उनले कुनै कसर बाँकी राखेनन्।

श्रीमती हेंण्डरसनसित मिलेर तेन्जिङले बीसवटा शेर्पाको चयन गरे। प्रायः सबै एभरेष्ट अभियानका अनुभवी। दावा थोण्डुप सबभन्दा पाको थिए। सबभन्दा अल्पवयस्क थिए तोपगे र नावाङ गोम्बु, दुवै तेन्जिङका भानिज । यस अभियानमा तेन्जिङले सरदार र पर्वतारोही दुवैको भूमिका निर्वाह गर्नुपरेको थियो।

१ मार्चका दिन तेन्जिङ र साथीहरूले दार्जीलिङ छोडे। तुङसुङका अनेक युवतीहरू नामचे बजार र बेस क्याम्पसम्म भरियाको रूपमा जानलाई अनुबन्धित भए। तुङसुङ प्रायः निर्जन भयो। साथीहरूले तेन्जिङलाई खदा र शुभकामनाद्वारा विदा दिए। उनका घनिष्ठ मित्र र सल्लाहकार रवीन्द्रनाथ मित्रले एक रूपियाँमा एउटा तिरंगा झण्डा ल्याएर तेन्जिङलाई दिँदै भने ''यो अभियान अवश्य सफल

हुनेछ भन्ने मलाई विश्वास छ। तपाईं एभरेष्टको शिखरमा चढ्नुभएपछि यो तिरंगा झण्डा त्यहाँ गाड्दिदिनुहोला।''

छैवैमा उभिरहेकी कान्छी छोरी निमाले पनि रातो र नीलो रंगको एउटा ठुटे पेन्सिल उनलाई दिँदै भनी, ''आपा, यो झण्डीको छेउमा मेरो यो पेन्सिल पनि गाड्दिदिनुहोस् है।''

रवीन्द्रनाथ मित्रको दार्जीलिङमा आफ्नो छापाखाना थियो। दुइ वर्षअघिदेखि उनी तेन्जिङका मित्र, शुभचिन्तक र परामर्शदाता थिए। एभरेष्ट आरोहणलाई जारी राख्ने प्रोत्साहन उनी तेन्जिङलाई दिइरहन्थे। उनी तेन्जिङलाई बेला बेलामा भनिरहन्थे, ''तपाईं ढुक्क भएर अभियानमा जानुहोस्। तपाईंको अभियान योपल्ट अवश्य सफल हुनेछ। तपाईं खूबै भाग्यमानी हुनुहुन्छ। यदि दुर्भाग्यवश केही दुर्घटना भइहालेको खण्डमा तपाईंको परिवारलाई आर्थिक सहायता प्रदान गर्न म कदम उठाउने छु, मलाई तपाईंको भाग्यमाथि पूरा विश्वास छ, त्यस्तो दुर्दिन आउने छैन।''

ब्रिटिश सञ्चालित १९५३ को एभेरष्ट अभियानमा तेन्जिङलाई मासिक वेतन ३०० रूपियाँ दिइने र अभियानमा दुर्घटनावश मृत्यु भएको खण्डमा उनको परिवारलाई दुइ हजार रूपियाँको क्षतिपूर्ति दिइने तय भएको थियो।

तेन्जिङ र शेर्पा भरियाहरूको जमात रकसौल भएर काठमाड़ौ पुगे। ब्रिटिश अभियान दलमा कर्णेल जोन हण्ट, मेजर विंली र एडमण्ड हिल्लेरीबाहेक टम बर्डिलन, डा॰ चार्ल्स इभान्स, अल्फ्रेड ग्रेगोरी, न्यूजिल्याण्डका जर्ज लोवे, विलफ्रिड नोयस, जर्ज ब्याण्ड र माइकल वेस्टम्याकट थिए। ती सबै पर्वतारोही थिए। उनीहरूको अतिरिक्त अभियानमा डा॰ माइकल वार्ड, वैज्ञानिक ग्रिफिथ पग र 'दि टाइम्स' का सम्वाददाता जेम्स मोरिस थिए। त्यो अभियानमा जेम्स मोरिसले केही पैसा हालेका थिए।

काठमाड़ौंमा तेन्जिङ र साथीहरूको भव्य स्वागत भयो तर राति सुत्ने प्रबन्ध राम्रो नभएकोले सबै शेर्पाहरू रिसाए। साहेबहरूलाई ब्रिटिश दूतावास दिइयो तर तेन्जिङबाहेक अन्य शेर्पाहरूले शौचालयको सुविधा नभएको दूतावासको ग्यारिज पाए। त्यसको विरोधमा तेन्जिङ होटलमा रात बिताउन चाहन्थे तर अबेर भइसकेकोले उनी त्यहाँ बस्न विवश भए। उनले साथीहरूलाई 'केवल एक रातको कुरा त हो नि' भनेर फकाए। गनगनिँदै साथीहरू ग्यारिजमा सुत्न सहमत भए। तेन्जिङलाई भिन्नै कोठा दिइएको थियो तापनि उनले साथीहरूसित ग्यारिजमा नै रात बिताए। बिहान

भएपछि शेर्पाहरूले दूतावासछेउको बाटोलाई नै शौचालय बनाएछन् र दूतावासका अधिकारीवर्ग खूबै रिसाए।

दूतावासदेखि एउटा ट्रकद्वारा उनीहरू काठमाडौंको पूर्वमा अवस्थित भदगाउँ गए। अभियानमा चाहिने सबै प्रकारका सामग्री विभिन्न स्थानदेखि भदगाउँमा ल्याउनुपर्ने व्यवस्था मिलाइएको थियो। त्यहाँदेखि सबै सामग्री सैकड़ौं नेपाली भरियाहरूमाझ बाँड़ेर शेर्पा भरियाहरूसहित ठूलो दल बनाएर सोलु खुम्बु पठाउनुपर्नेथ्यो। भदगाउँमा फेरि अर्को समस्या खड़ा भयो। शेर्पा भरियाहरूलाई सोलु खुम्बु नपुगिञ्जेल स्लीपिङ ब्यागबाहेक केही नदिइने भयो। शेर्पाहरूको गुनासो थियो, ''अरू अभियानहरूमा शुरूमा नै हामीलाई सबै कुरा दिइन्थ्यो। यो अभियानमा पनि हामी ती कुराहरू यहीँ चाहन्छौं।''

तेञ्जिङले शेर्पाहरूको गुनासो कर्णेल जोन हण्टलाई सुनाए। ब्रिटिश व्यवस्थाका सन्तोषजनक स्पष्टीकरण कर्णेल जोन हण्टसित थियो र उनले भने, ''उनीहरूलाई नदिइएका वस्तुहरूको आवश्यकता पर्वतारोहणमा पर्छ, अहिले बाटामा पर्दैन। अहिले ती वस्तुहरूको उपयोग गरिएन भने मात्र पछि पर्वतारोहणमा ती वस्तुहरूको सदुपयोग हुनेछ।''

दुवै दलको मध्यस्थता गर्दै तेञ्जिङले शेर्पा साथीहरूलाई सम्झाए, '' ससाना कुरामा झ्याउला ननिकाल। ती कुराहरू अहिले तिमीहरूलाई दिइएको भए तिमीहरूले लामो बाटोको यात्रामा बोक्नुपर्ने थियो तर अहिले ती कुराहरू नेपाली भरियाहरूले बाँड़ेर बोक्दैछन्। यो बन्दोबस्तले गर्दा तिमीहरूलाई असुविधा भएन,होइन र?''

साथीहरूको चित्त बुझ्यो। दल दुइ भागमा विभक्त भयो। पहिलो दिन जाने दलका माल सामानको दायित्व तेञ्जिङले लिए औ दोस्रो दलको दायित्व मेजर विलीले। स्पष्ट नेपाली बोल्न सक्ने मेजर विलीको स्थानीय भरियाहरूसित राम्रो सम्बन्ध थियो। तेञ्जिङ र मेजर विलीले प्रायः दिनहुँ भरियाहरूको केही न केही गुनासो सुन्नपर्थ्यो। तेञ्जिङ सबैलाई सम्झाउँथे, ''साथी हो, ससाना कुरामा गनगन नगर। हामी एभरेष्ट चढ्न आएका हौं।''

शेर्पाहरू भन्थे, ''यी ब्रिटिशहरू स्वीसजस्तै राम्रा छैनन्।''

''उनीहरू भिन्नभिन्न मानिस हुन्। एउटै किन हुनुपर्‍यो र,'' तेञ्जिङ उनीहरूलाई भन्थे।

ब्रिटिशसित तेञ्जिङको सम्बन्ध राम्रो थियो। ब्रिटिशहरूको व्यवहारमा

स्वीसभन्दा अधिक औपचारिकता थियो। उनीहरूसित ख्याल ठट्टा हुँदैनथ्यो। ल्याम्बर्टसित तेन्जिङ एउटै तम्बुमा सुत्थे तर ब्रिटिशसित त्यस्तो सामीप्य थिएन। कर्णेल हण्ट असल व्यक्ति र योग्य नायक थिए। हिलेरी अल्पभाषी तर मिलनसार थिए।

२५ मार्चका दिन उनीहरू नामचे बजार पुग्दा थामेदेखि आएका आमा र परिवारका सदस्यहरूसित तेन्जिङको भेट भयो। जाँड्ले सबैलाई नाच्ने र गाउने बनायो। आमाले कर्णेल हण्ट र अभियान दललाई आशीष दिइन्। आमाले तेन्जिङलाई भनिन्, ''नानी होशियार गर।''

तेन्जिङले आश्वासन दिए, ''आमा सुर्ता नगर्नुहोस्। हामी यसपल्ट सफल भएर फर्कनेछौं र फेरि जानुपर्ने छैन।''

थ्याङबुचे पुगेर सबभन्दा ठूलो र अन्तिम समस्या खड़ा भयो। ब्रिटिशहरूले भने, ''तिमीहरूले धेरजसो सामान र लुगाफाटा पर्वतमा प्रयोग गरेपछि फर्काउनुपर्नेछ।''

अधिकांश शेर्पाहरूलाई ब्रिटिशको यो निर्णय पटक्कै मन परेन। उनीहरूले भने, ''पहिलेका अभियानहरूमा, ब्रिटिश अभियानलगायत, सामान र लुगाफाटा सम्बन्धी यस्तो शर्त थिएन। पहिलेको जस्तो सहूलियत दिइएन भने हामी जाने छैनौं।''

कर्णेल हण्टले आफ्नो स्पष्टीकरण दिए, ''पहिले झैं यी सामान र लुगाफाटा शुरूमै उपहारको रूपमा नदिएर पछि असल कामको लागि पुरस्कारको रूपमा दिने मेरो विचार छ।''

विरोधमा फेरि शेर्पाहरूको समवेत स्वर सुनियो, '' यी सामान र लुगाफाटालाई पनि हामी हाम्रो तलबको अंश मान्छौं नत्र हामी फर्कन्छौं।''

मेजर विली र तेन्जिङले मध्यस्थ भएर दुवै पक्षलाई निकै बेर सम्झाए। अन्तमा जक्की पासङ फुत्तर र आङ दावाबाहेक सबै शेर्पा र ब्रिटिशको बीच एउटा सम्झौता भयो। पासङ फुत्तर र आङ दावा थ्याङबुचेदेखि घर फर्के। अभियान दलको उप सरदार पासङ फुत्तर योग्य र राजनैतिक दाउपेचको जानकार भएकोले उसकै बहकाउमा अधिकांश समस्याको सृजना हुन्थ्यो। ती दुइजनाले थ्याङबुचे छोड़ेपछि शान्ति कायम भयो र सबै आ–आफ्ना काममा वयस्त भए।

तेन्जिङले काममा फेरि तन्मय मन्मय भएका साथीहरूलाई हेरे अनि दार्जीलिङ फर्किरहेका दुइ साथीलाई हेरे अनि सोचे: ''यी वाद–विवाद, आक्षेप, समस्या केही होइनन्। एभेरष्टबाहेक संसारको कुनै वस्तुको हामीलाई केही अर्थ छैन। एभरेष्ट हाम्रो चुनौती हो, सपना हो।''

मदोन्मत्तजस्तै भई उनी चिच्याए,"लौ है साथी हो, चाँडो गर, राम्रो गर। हाम्रो लागि यही उपयुक्त समय हो।"

शेर्पाहरू नेपाली, शेर्पा र अंग्रेजीमा गफ गर्दै जिस्किँदै काम गरिरहेका थिए।

कर्णेल हण्टको योजनाअनुसार अभियान दल तीन भागमा बाँड़ियो। तीनवटा उपदल १७,००० फीटको उँचाइका भिन्ना भिन्नै पर्वतमा गएर बाटो खन्ने, अक्सिजन उपकरण प्रयोग गर्ने, पर्वतारोहण, आदिको अभ्यासमा लागे। एक सातापछि उनीहरू थ्याङबुचे फर्के।

पासाङ फुत्तर गइसकेपछि साहेब र शेर्पाहरूको सम्बन्ध राम्रो भयो तापनि खाना र भारीको ओजनबारे तेन्जिङले गुनासो व्यक्त गर्नैपर्‍यो। प्रत्येक शेर्पाले बोक्नुपर्ने साठी पौण्डको भारी तेन्जिङले साहेबहरूसित कुरा गरेर पचास पौण्ड बनाए। त्योबाहेक असंख्य हिम–दरारहरूमा काठको पूल बनाउने तेन्जिङको सुझाउ पनि लामो बहसपछि साहेबहरूले स्वीकार गरे। तेन्जिङको विचारमा ब्रिटिशले ल्याएको लामो हल्का धातुको सिँढ़ी घरिघरि तल–माथि लानु फर्काउनु समयको बर्बादी थियो।

बेस क्याम्प सानोतिनो शहर झैं देखिन्थ्यो किनभने चारैतिरबाट अभियान सामग्री थुपारिएका थिए अनि सैकड़ौं स्थानीय शेर्पा र शेर्पेनी भरियाहरू बेस क्याम्पदेखि निकै माथिसम्म भारी लैजान नियुक्त गरिएका थिए। भरियाहरूको डाक्टरी जाँच हुँदा अनुभवी ग्याल्छेनको मुटुमा दोष भेटियो। बेस क्याम्पदेखि उँभो जाने अनुमति उसलाई दिइएन र ऊ दार्जीलिङ फर्कनुपर्ने भयो।

वेस्टर्न कुमको फेदसम्म क्याम्प एक, दुइ र तीन खड़ा भए। सिँढ़ीहरू बनाइए, डोरीहरू टाँगिए, हिम दरारहरूमाथि सिँढ़ी र काठका पूलहरू बनाइए। भरियाहरूले क्याम्प तीनसम्म सामानहरू पुर्‍याइसके। बेस क्याम्पमा हुँदा कर्णेल हण्टले एभरेष्टको अन्तिम आरोहणको योजना बनाए। उनले तेन्जिङलाई भने,"तेन्जिङ, तिम्रो स्वास्थ्यको जाँच हुनेछ र डाक्टरले तिमीलाई शिखर आरोहणको लागि योग्य पाए भने मात्र तिमीले अन्तिम आरोहण गर्न सक्नेछौ।"

स्वास्थ्य जाँचमा तेन्जिङलगायत तीनजना साहेब अन्तिम आरोहणको लागि चुनिए। पहिलो दलमा थिए डा० इभान्स र बोर्दिलोन औ दोस्रो दलमा हिलेरी र तेन्जिङ। दुवै दल असफल भएको खण्डमा तेस्रो दलको चयन हुने योजना बनियो। तेस्रो दलको आवश्यकता नपर्ने सबैको अनुमान थियो। अन्तिम आरोहणको लागि तेन्जिङको चयन हुँदा उनलाई लागेको आनन्द उनी व्यक्त गर्न सक्तैनथे। यो कुरा

सुनेर शेर्पा साथीहरूले अर्कै अर्थ लाए। उनीहरूले भने, ''काका, के तपाईं बौलाहा हुनुभयो? तपाईं अन्तिम आरोहणमा जानुभयो भने तपाईं आफैंलाई मार्नुहुनेछ। तब हामीले आङ ल्हामू काकीलाई कसरी अनुहार देखाउनु?''

तेन्जिङले भने, ''मलाई केही हुँदैन। तिमीहरू बूढ़ी आइमाईजस्तै सुर्ता नगर।''

''मानिलियौं कि तपाईंलाई केही हुनेछैन। तपाईं एभरेष्टको शिखरमा चढ़ेर फर्कनुहुन्छ। त्यो राम्रो होइन किनभने हामी सबैले जीवन निर्वाहको बाटो गुमाउनेछौं।''

''तिमीहरूले कस्तो कुरा गरेको ?''

शेर्पाहरूले आफ्नो सन्देह खुलस्त पारे, ''यदि एभरेष्ट आरोहण भयो भने भविष्यमा पर्वत अभियानहरू हुने छैनन्। त्यसो हुँदा हामीले रोजगार पाउने छैनौं।''

केही रिसाएको मनस्थितिमा तेन्जिङले भने, ''बौलाहा म होइन, तिमीहरू भएछौ। एभरेष्टको आरोहण भयो भने विश्वमा हिमालय प्रसिद्ध हुनेछ। अभियानहरू झन् अधिक हुनेछन् र रोजगार पहिलेभन्दा धेरै ज्यादा हुनेछ।''

शेर्पाहरू मौन बसे। उनलाई तेन्जिङको स्पष्टीकरण तर्कसंगत लाग्यो।

तेन्जिङ र हिलेरीको काम थियो बेस क्याम्पदेखि वेस्टर्न कुमसम्म हल्का भारी बोक्नु, अक्सिजन उपकरणको अभ्यास गर्नु, भरियाहरूलाई उकालोमा सहायता गर्नु र आफ्नो स्वास्थ्यको हरेचाह गर्नु। एक दिन ती दुइ वेर्स्टन कुम पुगेर बेस क्याम्प फर्के।

कम्ति बोलेर बढ़ता काम गर्ने हिलेरी अदभुत पर्वतारोही थिए। उनले न्यूजील्याण्डमा पर्वतारोहणको प्रशस्त अभ्यास गरेका थिए। हँसिलो स्वभावका हिलेरी शेर्पाहरूका प्रिय थिए। उनी खानेकुरा र अरू चीजबीज शेर्पाहरूसित बाँड़थे। हिलेरी र तेन्जिङको जोड़ी हाँसउठ्दो देखिन्थ्यो। छः फूट तीन इञ्च अग्लो हिलेरीको छेउमा पाँच फूट आठ इञ्चको तेन्जिङ उभिँदा नसुहाउँदा देखिए तापनि उनीहरूले त्यसको वास्ता गरेनन्। उनीहरू एक–अर्काप्रति प्रगाढ़ प्रेम र विश्वास गर्थे। एक साँझ हिलेरी र तेन्जिङ क्याम्प दुइदेखि क्याम्प एकतर्फ डोरीको सहायताले झर्दै गर्दा हिउँ धस्केर हिलेरी हिम–दरारमा खसे अनि तेन्जिङले आफ्नो आइस एक्स भूइँमा गाड़े, प्रायः पन्ध्र फीट ओह्रालो झरेर हिलेरीलाई हिम दरारदेखि निकाले।

''श्यावाश तेन्जिङ !'' हिलेरीको ठूलो स्वरमा कृतज्ञता ज्ञापन ।

बेस क्याम्प पुगेर हिलेरीले सबैलाई तेन्जिङको साहसिक कार्य सुनाए, ''तेन्जिङ नभएको भए म अवश्य मर्ने थिएँ।''

उनीहरूले वेस्टर्न कुमभित्र तेस्रो, चौथो र पाँचौं क्याम्प बनाए। स्वीसहरूले

गत वर्ष क्याम्प चारमा गाड़ेका खानेकुरा र उपकरणहरू तेन्जिङले खनेर निकाले। हिल्लेरी र तेन्जिङ वेस्टर्न कुममा व्यस्त रहँदा अन्य साहेबहरू र शेर्पाहरू साउथ कोलसम्म पुग्ने बाटोको योजना बनाउनमा लागे। उनीहरूले तीन सातामा दुइवटा क्याम्प खड़ा गरे। उनीहरू जति उकालो चढ्थे, उनीहरूको काम उति नै धीमा हुँदै जान्थ्यो। प्रत्येकको स्वास्थ्यमाथि उँचाइको प्रभाव पर्थ्यो। असल पर्वतारोही भए तापनि सबभन्दा कम उमेरका माइकल वेस्टनम्याकट र जर्ज ब्याण्ड फर्कनुपर्‍यो। उँचाइमा टाउको दुख्ने, घाँटीमा घाउ हुने, वाकवाकी लाग्ने, भोक र निद्रा नलाग्ने रोगदेखि कोही बाँच्न सक्तैनथ्यो। ब्रिटिशहरूले स्लीपिङ पिल नखाई धर पाएनन्।। अरूहरूको ठीक विपरीत तेन्जिङ जति उँभो चढ्थे, उनी उतिनै फूर्तिला र स्वस्थ हुन्थे। उनको तेस्रो फोक्सोले गर्दा त्यसो हुन सकेको भनी अरूहरूको सन्देह थियो। उनी आफूलाई व्यस्त राख्न सामानहरू मिलाउँथे, तम्बुहरू सफा गर्दै पट्याउँथे, चियाको लागि पानी उमाल्थे। अग्लो ठाउँमा रक्त सञ्चालन ठीक राख्नलाई केही न केही काम गरिरहनु अत्यावश्यक हुन्थ्यो। तेन्जिङको टाउको कहिल्यै दुखेन, न उनलाई बान्ता हुन्थ्यो। उनलाई स्लीपिङ पिल खाने आवश्यकता परेन।

क्याम्प छ र सात खड़ा भइसकेर २० मईका दिन साउथ कोल जाने अग्रिम दल तयार भयो। त्यो दलमा विलफ्रेड नोयस र सोह्रजना शेर्पा थिए। तर २१ मईका दिन साउथ कोल पुग्ने बेलामा क्याम्प चारको दलले दूरवीनले हेर्दा दुइजना मात्र देखे। ती दुइ नोयस र आनुलु शेर्पा हुन् भन्ने अनुमान लगाइयो। अरूहरूलाई के भयो, कसैलाई थाह भएन। सबै चिन्तित भए।

मेजर विली र केही शेर्पाहरू क्याम्प छः मा थिए। क्याम्प सातसम्म सामानहरू लैजाने अभिभारा उनीहरूको थियो। कर्णेल हण्ट, डा० इभान्स, बोर्डिलोन, लोवे, ग्रेगोरी, हिल्लेरी र तेन्जिङ क्याम्प चारमा थिए। कर्णेल हण्टले उनीहरूलाई अधिक काम गरेर नथाक्ने आदेश दिएका थिए किनभने अन्तिम आरोहणको लागि उनीहरूको चयन भइसकेको थियो। तापनि नोयसको दलका शेर्पाहरूको अवस्था बुझ्नुलाई हिल्लेरी र तेन्जिङ साउथ कोलसम्म जानुपर्ने भयो। ती दुइ अक्सिजन प्रयोग गरेर उकालो लागे अनि साँझ झमक्क हुँदा क्याम्प सातमा पुगे। नोयस र आनुलु साउथ कोल पुगेर फेरि क्याम्प सातमा फर्किसकेका थिए। क्याम्प छः देखि आएका विली र उनको दल अनि नोयसको दलका पन्ध्रजना शेर्पा पनि क्याम्प सातमा थिए। ती पन्ध्र शेर्पाहरूमध्ये कसैको टाउको दुखिरहेको थियो, कसैको घाँटी। सबै थाकेका थिए तर वास्तवमा कोही बिमार थिएन। तेन्जिङले उनीहरूलाई तातो चिया दिए,

पालैसित सबैको मालिस गरिदिए औ सबैको हौसला बढ़ाए। उनीहरू अर्को दिन साउथ कोल जान सहमत भए।

अर्को बिहान नोयस र आनुलुको बाटो पैल्याएर हिल्लेरी र तेन्जिङ साउथ कोल पुगे औ त्यही दिन क्याम्प चार फर्के। प्रायः तीस घण्टामा उनीहरूले पाँच हजार फीट ओहोर–दोहोर गरे। लखतरान भएका ती दुइ केही आराम गरेपछि ताजा भए। अन्तिम आरोहण शुरू हुन आँटेको थियो। योजनानुसार बोर्डिलोन र इभान्स कर्णेल हण्ट र केही शेर्पाहरूसित साउथ कोलसम्म पुगेर फेरि शिखरमा जानुपर्ने थियो। कर्णेल हण्ट र शेर्पाहरूको दल बोर्डिलोन र इभान्सको सहायतार्थ खटिएका थिए। एक दिनपछि उनीहरू अन्तिम आरोहणको लागि जाँदा हिल्लेरी र तेन्जिङले साउथ कोलसम्म जाने आदेश पाएका थिए। लोवे, ग्रेगोरी र शेर्पाहरूको अर्को दल हिल्लेरी र तेन्जिङको सहायतार्थ तैनाथ भएको थियो। बोर्डिलोन र इभान्स शिखरमा पुग्न असफल भएको खण्डमा हिल्लेरी र तेन्जिङले प्रयास गर्नुपर्ने योजना बनिएको थियो। साउथ कोल र एभरेष्ट शिखरको दूरत्व ३३०० फीट थियो। बीचमा कुनै क्याम्प थिएन।

बोर्डिलोन र इभान्स २३ मईका दिन वेस्टर्न कुमदेखि हिँड़े। दुइ दिनपछि हिल्लेरी र तेन्जिङले अन्तिम आरोहण शुरू गरे। लोवे, ग्रेगोरी र आठजना सर्वश्रेष्ठ भरिया उनीहरूसित थिए। तेन्जिङले आइस एक्सको बीँड़मा चारवटा झण्डा बाँधेका थिए। ब्रिटेन र संयुक्त राष्ट्रको झण्डा अभियान दलबाट प्राप्त भएको थियो। तेस्रो नेपालको झण्डा काठमाड़ौंमा उनीहरूलाई उपहार दिइएको थियो। चौथौ झण्डा थियो भारतको तिरंगा झण्डा जुन उनलाई परम मित्र रवीन्द्रनाथ मित्रले दिएका थिए। तिरंगा झण्डाको लागि उनले कर्णेल हण्टलाई अनुमति मागेका थिए। बोर्डिलोन र इभान्सले पनि झण्डा लगेका थिए।

बोर्डिलोन र इभान्सले 'क्लोज्ड सर्किट' अक्सिजन बोकेका थिए भने हिल्लेरी र तेन्जिङसित 'ओपन सर्किट' अक्सिजन थियो। ओपन सर्किट अक्सिजनबाहेक हिल्लेरी र तेन्जिङले नाइट अक्सिजन पनि बोकेका थिए जुन राति सुत्नमा असुविधा हुँदा अथवा निस्सासिँदा प्रयोग हुन्थ्यो।

हिल्लेरी र तेन्जिङले क्याम्प सातमा रात बिताए। बिहान उकालो चढ़नअघि साउथ सम्मिटको केहीमुनि उनीहरूले बोर्डिलोन र इभान्सलाई दुइवटा ससाना टाटा झैं झलक्क देखे। उनीहरू साउथ कोलको क्याम्प आठमा पुग्दा त्यहाँ आङ तेन्जिङ मात्र थियो। कर्णेल हण्टसित जाने दुइजना शेर्पामध्ये आङ तेन्जिङ एक

थियो जसलाई सबैले 'भालू' भनेर गिज्याउँथे। आङ तेञ्जिङले भन्यो, ''बोर्डिलोन र इभान्स बिहानै हिँड़े। कर्णेल हण्ट र दा नामग्याल सर्वोच्च क्याम्पको लागि राशिन र सामान लिएर गएका छन्।''

केही छिनपछि थाकेर लखतरान भएका कर्णेल हण्ट र दा नामग्याल त्यहाँ आइपुगे। कर्णेल हण्ट केही मिनट मूर्च्छा परे झैं हल–न–चल भए। तेञ्जिङले उनलाई लेमन जूश पिलाएर तम्बुभित्र लगे। लेमन जूश पिएर अलिक स्वस्थ भएपछि कर्णेल हण्टले तेञ्जिङलाई भने, ''हामी २७,३५० फीटसम्म पुग्यौं, गत वर्ष ल्याम्बर्ट र तिमी पुगेको उँचाइभन्दा प्रायः दुइ सय फीट अधिक। हामीले क्याम्प नौको लागि सामानहरू त्यहीँ राख्यौं। हामीले २८,००० फीटसम्म पुग्ने आशा गरेका थियौं तर हाम्रो सीमा त्यहींसम्म भएकोले हामी फर्क्यौं।''

कर्णेल हण्ट र दा नामग्यालले अक्सिजन ट्यांक क्याम्प नौ बनिने ठाउँमा छोड़ेको हुनाले फर्कँदा उनीहरूलाई अक्सिजनबिना ओह्रालो झर्नु कठिन परेको थियो। तेञ्जिङले ती दुइलाई तम्बुभित्र लेमन जुश र चिया केही चोटि पिलाएपछि उनीहरू स्वस्थ भए । स्लीपिङ ब्यागदेखि शिर बाहिर निकालेर कर्णेल हण्टले ''तेञ्जिङ, म तिम्रो यो सद्गुण कहिल्यै बिर्सने छुइनँ''भनेको वाक्य तेञ्जिङले मृत्युपर्यन्त बिर्सन सकेनन्।

तेञ्जिङ तम्बुभित्र पसेर घरि कर्णेल हण्ट र दा नामग्यालको स्याहार गर्थे, घरि बाहिर निस्केर उकालोतिर बोर्डिलोन र इभान्सलाई हेर्थे। यसरी बाहिर–भित्र भइरहेको समयमा कर्णेल हण्टले तेञ्जिङलाई भने, ''बोर्डिलोन र इभान्स महारानीको राज्यभिषेककै दिन एभरेष्ट चढ़न सके अत्युत्तम हुनेछ।''

तेञ्जिङले सोचेः ''यसैकारण दुइजना ब्रिटिश पहिलो दलमा गएका रहेछन्।''

उनले आफैंलाई भने, ''होइन, यो सोच्नु भूल हो। पहिलो वा दोस्रो कोही छैन। हिल्लेरी र मेरो लागि सामान लैजाने हुँदा हण्टले आफैलाई झण्डै मारे। पहिलो वा दोस्रो छैन, केवल एभरेष्ट छ। कुनै एकले एभरेष्ट अवश्य चढ़्नैपर्छ।''

गत वर्ष स्वीसहरूले क्याम्प बनाएको ठाउँमा नै चारवटा तम्बु खड़ा गरिएका थिए। तीनवटा तम्बुमा प्रायः ७५०पौण्ड खाद्य सामग्री र उपकरण राखिएका थिए। सत्रहजना शेर्पाहरूले साउथ कोलसम्म यी सबै सामान पुऱ्याएका थिए। तीमध्ये छः जना दुइपल्ट साउथ कोल पुगे। क्याम्पमा सबैको लागि सुत्ने ठाउँ नभएकोले अधिकांश शेर्पा ओह्रालो बेस क्याम्पतिर फर्कन वाध्य भए। त्यो हूलमा सबभन्दा वयस्क दावा थोण्डुप र सबभन्दा कलिलो तोपगेबाहेक आनुलु, आङ नर्बु र दा

तेञ्जिङ थिए। तेञ्जिङलाई उनीहरूले शुभकामना दिए अनि सतर्क हुने सुझाउ दिए। साउथ कोलमा तेञ्जिङसित आङ निमा, आङ तेम्पा र पेम्बा बसे। हिल्लेरी र तेञ्जिङलाई क्याम्प नौसम्म सघाउनलाई ती तीनजना शेर्पा तैनाथ भएका थिए।

पर्खंदा पर्खंदा बोर्डिलोन र इभान्स दिउँसो साउथ कोल आइपुगे। उनीहरू साह्रै थाकेका थिए। उनीहरूलाई बोल्न पनि कठिन भइरहेथ्यो। उनीहरूलाई लेमन जूश र चिया दिइयो। उनीहरू प्रत्येकले प्रायः दुइ–दुइ लिटर तरल पेय पिएकोबाट उनीहरू कति तिर्खाएका थिए, सहजै अनुमान लाउन सकिन्थ्यो। निकै बेर आराम गेरपछि बोर्डिलोन र इभान्स स्वस्थ भए। तेञ्जिङले उनीहरूलाई बाटो र अन्य समस्याबारे सोधे। इभान्सले भने, ''हिल्लेरी र तिमी सफल हुनेछौ भन्ने मलाई विश्वास छ। तर सतर्क भएर चढ़ किनभने बाटो साह्रै उकालो र डरलाग्दो छ। मौसम राम्रो भयो भने चार/पाँच घण्टामा तिमीहरू माथि पुग्न सक्छौ। अर्को साल फेरि आउनुपर्दैन।''

शिखरसम्म पुग्न नसकेकोमा बोर्डिलोन र इभान्स खूबै निराश थिए तापनि तेञ्जिङका सबै प्रश्नका उत्तर दिए अनि सुझाउ पनि दिए। भोलिपल्ट एकाबिहानै हिल्लेरी र तेञ्जिङले शिखर चढ्ने योजना बनाए तर रातभरि बतास चल्यो अनि बिहान हुँदा बतास झन् तीव्र भयो मानों एक हजारवटा बाघ एक स्वरले गर्जिरहेका थिए। दिउँसो बतासको वेग केही कम भयो तर आरोहणको समय बितिसकेको हुनाले हिल्लेरी र तेञ्जिङ उकालो नगइञ्जेल साउथ कोलमा बस्न चाहन्थे तर बोर्डिलोनको खराब स्वास्थ्यलाई ध्यानमा राखेर उनी बोर्डिलोनको सहायतार्थ ओह्रालो झरे। बिमारी आङ तेम्बा पनि उनीहरूसित झर्‍यो। जाने बेलामा इभान्सले हिल्लेरी र तेञ्जिङलाई शुभेच्छा व्यक्त गरे।

साउथ कोलमा छः व्यक्ति थिए–लोवे, ग्रेगोरी, हिल्लेरी, तेञ्जिङ, आङ निमा र पेम्बा। अझ एक दिन पुग्ने खानेकुरा उनीहरूसित थियो। चिया, लेमन जूश, सूप र कफीको प्रचुर परिमाण पिएर उनीहरूले आफूलाई तातो राख्ने प्रयास गरे। बतास जोरसित तम्बुमा लाग्दा उनीहरू चिन्तित हुन्थे। यस्तो अवस्थामा पनि तेञ्जिङ घरिघरि बाहिर निस्केर उकालो एभरेष्टको शिखरतिर हेर्थे।

रात परेपछि मौसम झन् बिगर्‍यो। शेर्पाहरू नाइट अक्सिजन लिँदै टाँसिएर सुते। तीनजना साहेबले स्लीपिङ पिल लिए। तेञ्जिङको निद्रा कता उड्यो कता। अँध्यारोमा उनी उँघ्दै, ब्युँझँदै, के के सोचिरहन्थे। युद्धभूमिमा झैं एभरेष्ट अभियानमा मरेका असंख्य मानिसको स्मरणले उनी विह्वल हुन्थे तर पनि एभरेष्टको चोटीमा

मानिस पदचिन्ह छोड्न अवश्य सफल हुनेछ भन्ने उनमा दृढ विश्वास थियो। विगतका कुरा सोच्ने क्रममा उनले प्राध्यापक टूचीलाई पनि सम्झे। उनलाई प्राध्यापक टूचीले पण्डित नेहरूसित परिचय गराइदिने आश्वासन दिएका थिए। उनले सोचे: ''यदि म एभरेष्टमा चढ्न सफल भएँ भने यो कुरा सम्भव हुनेछ।''

तेन्जिङलाई सम्झना आयो सोलुखुम्बु, पुरानो घर र आमाबाबुको। उनका आमाबाबु ईश्वरमा विश्वास गर्थे औ तेन्जिङको लागि ईश्वरलाई प्रार्थना गर्थे। उनले सपनामा चरिरहेका चौरी गाईको बथान र एउटा ठूलो सेतो घोड़ा देखे। सपनामा पशुहरू देख्नु राम्रो हो भन्ने शेर्पाहरूको विश्वास छ।



# सपना साकार भयो



*सर एडमण्ड हिल्लेरी र तेन्जिङ नोर्गे*

२८ मईको सूर्योदय हुँदा हावा चलिरहेको थियो तर आठ बजेसम्म हावा थामियो। हिल्लेरी र तेन्जिङले एक अर्कालाई हेरे। दुवैको अनुहार प्रदीप्त भयो, शरीरमा स्फूर्ति आयो। ती अन्तिम आरोहणको लागि तयार भए। उनीहरूसित जानलाई केवल आङ निमा स्वस्थ थियो। पेम्बा राति बिमार भएर उनीहरूसित जान असमर्थ थियो। अब क्याम्प नौसम्म लैजानुपर्ने सबै गह्रौं भारी तीनजनाले बोक्नुपर्ने भयो। त्यसको फलस्वरूप उनीहरूको चढ़ाइ झन् कठिन र धीमा हुने सम्भावना थियो। लोवे, ग्रेगोरी र आङ निमा प्रत्येकले चालीस पौण्डभन्दा अधिक भारी लिएर गइसकेका थिए। त्यो सहायक दलले हिउँमा बाटो बनाउँदै उकालो चढ़नुपर्थ्यो। प्रायः एक घण्टापछि हिल्लेरी र तेन्जिङले आफ्नो यात्रा शुरू गरे।

अग्रिम सहायक दलले हिउँमा बाटो बनाउँदै गएको हुनाले हिल्लेरी र तेन्जिङको आरोहण सजिलो भयो। उनीहरू मध्यान्ह हुने बेलामा अग्रिम दलसित रिज पुगे। त्यहाँदेखि अलिक मास्तिर उनीहरूले केही नांगो खाँबा र तम्बुका टुक्रा देखे जुन ठाउँसम्म ल्याम्बर्ट र तेन्जिङ पुगेर फर्केका थिए। त्यो दृश्यले तेन्जिङलाई पुरानो याद दिलायो। उनीहरू अझ १५० फीट उकालो चढ़े जहाँ दुइ दिनअघि कर्णेल

हण्ट र दा नामग्यालले तम्बु, खानेकुरा र अक्सिजन ट्यांक छोड़ेका थिए। छोड़िएका ती सामानहरू थपिँदा प्रत्येकको भारी साठी पौण्ड पुग्यो।

लोवे सबभन्दा अघि थिए। उनले खन्दै गएको बाटोमा सबै हिँड़िरहेका थिए तर रिज झन् उकालो हुँदै गइरहेको थियो। दिउँसो दुइ बजेसम्म उनीहरू साह्रै थाकेर बिसाउने जग्गाको खोजीमा लागे। पोहोर साल ल्याम्बर्ट र तेञ्जिङले एउटा समतल जग्गा देखेका थिए र तेञ्जिङ सबभन्दा अघि हिँड़दै त्यो जग्गा खोज्न थाले। लोवे र ग्रेगोरीले तेञ्जिङलाई सोधे, ''तिमीले हामीलाई कहाँ लाँदैछौं? हामी ओह्रालो जान चाहन्छौं।''

''पाँच मिनट पर्खनुहोस्, हामी पुग्न आँटेका छौं,'' तेञ्जिङले आश्वासन दिए।

धेरै समयसम्म उनीहरू रिजमा हिँड़िरहे। हताश भएर आङ निमाले सोध्यो, ''काका, तपाईंले भन्नुभएको पाँच मिनट अझ कति बाँकी छ?''

निरूत्तर तेञ्जिङ हिँड़िरहे अनि एकै छिनमा हिउँको एउटा समतल जग्गा भेटेर त्यहीं भारी बिसाए। त्यहाँ पुगेर सबभन्दा खुशी भए लोवे, ग्रेगोरी र आङ निमा। भारी बिसाउनेसाथ तीनैजना 'शुभकामना' भनेर साउथ कोलतिर झरे। २७,९०० फीटको उँचाइमा पुगेर तेञ्जिङले ओह्रालो हेरे। संसारको चौथो सर्वोच्च शिखर 'लोछे' उनीहरूको मन्तिर थियो। हिलेरी र तेञ्जिङले क्याम्प बनाए। तम्बुभित्र पसेर हिलेरी अक्सिजन उपकरण जाँच्न थाले अनि तेञ्जिङले कफी र लेमन जूशको लागि स्टोभमा पानी उमाले। साह्रै तिर्खाएका दुइवटा उँटजस्तै ती दुइले अत्यधिक लेमन जूश र कफी पिए। रातिको भोजनमा केही सूप, सार्डिन, बिस्कुट र डिब्बाबन्द फल खाए। डिब्बाको फल साह्रै कड़ा भएकोले उनीहरूले स्टोभमा सेकाएर नरम पारे।

भोजन गरिसकेर उनीहरूले भोलिपल्टको योजना बनाए। बेला बेलामा तीव्र गतिले हावाले तम्बु नै उड़ाउला झैं गर्थ्यो। नाइट अक्सिजनको सहायताद्वारा उनीहरूले सुत्ने प्रयास गरे। आफ्ना जम्मै लुगा लाएर उनीहरू नरम रौं हालेको स्लीपिङ ब्यागभित्र पसे। तेञ्जिङ बूट नखोली ब्यागभित्र पसे।

रातभरि हावा चलिरह्यो। तेञ्जिङ उँघ्दै, ब्युँझँदै, उँघ्दै, ब्युँझँदै गर्थे। जब ब्युँझन्थे, हावाको वेग सुन्थे। मध्यरातसम्म हावाको वेग कम्ति हुँदै पूर्णतया बन्द भयो। उनले ईश्वरलाई धन्यवाद दिए, छोमोलुङमालाई धन्यवाद दिए। चारैतिर चकमन्न थियो। उनीहरूको कानमा केवल आफ्नै श्वास प्रश्वास पर्थ्यो।

२९ मई। पोहोर साल यही दिन ल्याम्बर्ट र तेञ्जिङ साउथ कोलदेखि फर्केका थिए। ब्रह्म मुहुर्तमा तेञ्जिङले स्टोभमा हिउँ पगालेर लेमन जूश र कफी तयार पारे अनि राति उब्रेको अलिकति खाना पनि खाए। केही छिनपछि तम्बु उघारेर हेर्दा बाहिर छर्लङ्ग उज्यालो भइसकेको थियो। प्राय: १६,००० फीट तल एउटा सानो टाटा देखियो। तेञ्जिङले हिल्लेरीलाई त्यो टाटा थ्याङबुचे गुम्बा भनी चिनाए। तेञ्जिङले मनमनै प्रार्थना गरे, ''मेरा आमाबाबुद्वारा पुजिने हे भगवान! आज मलाई मदत गर।''

जब हिल्लेरी र तेञ्जिङले अन्तिम ओराहणको लागि पर्वतारोहण पोशाक लाइसकेर जुत्ता लाउन चाहे, हिल्लेरीको जुत्ताको अवस्था देखेर दुवैजनाको होश उड्यो। बूट खोलेर स्लीपिङ ब्यागको छेउमा राखेका थिए। दुवै बूट चिसोले कक्रेर फलामजस्ता भइसकेका थिए। एक घण्टासम्म बूट स्टोभमाथि राखेर सेकाउँदा छाला डढेको गन्धले दुइजनालाई तम्बुभित्र बसिनसक्नु बनायो। हिल्लेरीले मलीन अनुहार बनाएर भने, ''हिमदाहले गर्दा मेरो खुट्टाका औंलाहरू पनि ल्याम्बर्टका खुट्टाका औंलाजस्तै हुनेछन् भनी डर लागिरहेछ।'' अन्तमा बूट नरम भएपछि हिल्लेरीले लाए।

अन्तिम आरोहणको लागि तेञ्जिङले अरूहरूबाट उपहारस्वरूप प्राप्त भएका विभिन्न किसिमको लुगा लाएका थिए। उनका बूट स्वीस थिए। ऊनी मोजा आङ ल्हामूले बुनेकी थिइन्। स्वेटर हिमालयन क्लबकी सचिव श्रीमती हेण्डरसनको उपहार थियो। हेलमेट अर्ल डेनम्यानले दिएका थिए। रातो स्कार्फ ल्याम्बर्टको स्मृति चिन्ह थियो। ज्याकेट र बाँकी सबै लुगा ब्रिटिशले दिएको थियो।

हिल्लेरी र तेञ्जिङ छ: बजेर तीस मिनट जाँदा तम्बुदेखि बाहिर निस्के। हावा चलेको थिएन। मौसम सफा थियो। दुवैजनाले हातमा तीन–तीनवटा पञ्जा लाएका थिए। रेशमी, ऊनी र हावा नछिर्ने। हिउँमा हिंड्नलाई बूटमा क्याम्पन बाँधिएका थिए। दुवैजनाको पिठ्यूँमा चालीस–चालीस पौण्डको अक्सिजन उपकरण थियो। तेञ्जिङको आइस–एक्सको बीड्मा चारवटा झण्डा कसिलोसित बाँधिएका थिए। उनको ज्याकेटको गोजीमा छोरी निमाले दिएको सानो दुइरंगे पेन्सिल थियो।

''सब ठीक भयो?'', हिल्लेरीले सोधे।

''अच्छा । ठीक भयो।''

अलिकति हिन्दी जान्ने साहेबहरू र शेर्पाहरू 'हुन्छ' र 'लौ' को अर्थमा 'अच्छा' शब्द खूबै प्रयोग गर्थे।

हिल्लेरीले भने, ''तेन्जिङ, तिमी अगाडि हिंड। कड़ा बूटले मलाई असुविधा भइरहेछ।''

तेन्जिङको संक्षिप्त उत्तर, ''अच्छा।''

तेन्जिङ अघि, हिल्लेरी पछि, क्याम्पदेखि डोरीको सहायताले पहिले दक्षिण–पूर्वको रिजतिर, त्यहाँदेखि साउथ सम्मिटतिर। बोर्डिलोन र इभान्स हिंड़ेको बाटो पैल्याउँदै उनीहरू हिंड़े तर अधिकांश बाटो दुइ दिनअघि चलेको हावाले मेटाइसकेको थियो। केही क्षणमा नै उनीहरू त्यो ठाउँ पुगे जहाँसम्म गत वर्ष ल्याम्बर्ट र तेन्जिङ पुगेर फर्कनुपरेको थियो। त्यस दिनको मौसम र आजको मौसममा आकाश–पातालको भिन्नता थियो। दिन धुम्मिएको र असाध्य जाड़ो थियो। घामको प्रभावले हिल्लेरीका बूट नरम भए अनि उनी राम्ररी हिंड़न सक्ने भए। अब हिल्लेरी अघि र तेन्जिङ पछि हिंड़ने भए। साउथ सम्मिटको छेउमा पुग्दा उनीहरूले बोर्डिलोन र इभान्सले उनीहरूको निम्ति छोड़ेको दुइ बोतल अक्सिजन भेटे।

ओह्रालो फर्कंदा प्रयोग गर्ने अभिप्रायले दुइ बोतल अक्सिजन उनीहरूले त्यहीं छोड़िराखे। त्यहाँदेखि साउथ सम्मिट पुग्नु खूबै जोखिमपूर्ण थियो किनभने उनीहरू हिंड़नुपर्ने बाटोको हिउँ धस्किँदै गइरहेको थियो। अझसम्मको आरोहणमा उनीहरूले त्यस्तो डरलाग्दो हिमक्षेत्र देखेका थिएनन्। भाग्यवश उनीहरू नौ बजे साउथ सम्मिट सुरक्षित पुगे। बोर्डिलोन र इभान्स त्यहाँदेखि उकालो चढ़न नसकेर फर्केका थिए। साउथ सम्मिटदेखि एभरेष्ट शिखरको दूरत्व तीन सय फीटदेखि अधिक थिएन तर रिज झन् साँघुरो र उकालो थियो। यसर्थ चढ़ाइ असम्भव नभए तापनि सहज अवश्य थिएन । देब्रेतिर वेस्टर्न कुमतिर ढल्केको चट्टान जसको फैलाउ ८००० फीटसम्म थियो जहाँ क्याम्प चारका तम्बुहरू ससाना टाटाजस्तै देखिन्थे। दाहिनेतिर हिउँका कार्निस थिए जुन काङसुङ ग्लेशियरसम्म फैलिएको थियो। साउथ सम्मिट पुग्दा पिठ्यूँको भारीको ओजन निकै हल्का भएको दुवैले अनुभव गरे। दुवैजनाको एक एक बोतल अक्सिजन पूर्णतया खाली भएर उनीहरू प्रत्येकको भारी चालीस पौण्डदेखि घटेर बीस पौण्ड पुगेछ।

साउथ सम्मिटदेखि आरोहण गर्नुपर्दा उनीहरू पहिले केही फीट तल झरेर उकालो लागे। धस्किँदै जाने हिउँ नभएर अब कड़ा र स्थिर हिउँको बाटोमा उनीहरू हिंड़न थाले। मौसम असल थियो। उनीहरू साह्रै थाकेका थिएनन् तर सास फेर्न उनीहरूलाई कठिन भइरहेको थियो। कार्निस र ठाड़ो चट्टानबीचको बाटोमा उनीहरू बिसाउँदै हिंड़िरहेका थिए। अन्तमा उनीहरू एउटा एकदमै भिरालो चट्टानमा आइपुगे

जुन शिखरमा पुग्नलाई अन्तिम ठूलो वाधा थियो। थ्याङबुचेदेखि दूरवीनद्वारा उनीहरूले त्यो भिरालो चट्टान पहिले नै देखिसकेका थिए। हवाई सर्वेक्षणको बेला लिइएको फोटोमा पनि त्यो भिरालो चट्टान देखाइएको थियो। दुवैको सल्लाहअनुसार हिल्लेरी पहिले चढ्ने भए। उनको कम्मरमा बाँधिएको डोरी पछि हिँड्ने तेन्जिङले पक्रेका थिए। हिउँ धस्किहालेको खण्डमा डोरीको सहायताले तेन्जिङ हिल्लेरीलाई बचाउन सक्थे। कार्निसमा खुट्टा अड़ाउँदै हिल्लेरी सतर्कतापूर्वक चढे अनि चट्टानको टुप्पामा सुरक्षित पुगे। त्यसपछि तेन्जिङ।

चट्टानको टुप्पामा दुवैजनाले केही छिन आराम गरे। एभरेष्टको शिखर साह्रै नजीक देखेर तेन्जिङ अति उत्तेजित र हर्षित भए। दुवैजना हिँड्न थाले। दाहिनेतिर कार्निस र देब्रेतिर ठाड़ो चट्टान तर रिज साह्रै उकालो थिएन। तर उनीहरू कार्निसको डरले रिज छोड़ेर देब्रेतिर ठाड़ो चट्टानमाथि हिँड्न थाले। तेन्जिङले दुइवटा ससाना ढुंगा टिपेर गोजीमा हाले। ती ढुंगा उनी बेस क्याम्पमा सबैलाई देखाउन चाहन्थे। चट्टानमाथि निकै बेर हिँड़ेर उनीहरू फेरि हिउँको राशमा पुगे। उनीहरूले दाहिने घुम्ती पार गरे। त्यस्ता केही घुम्ती उनीहरूले पार गर्नुपर्थ्यो। प्रत्येक घुम्ती पार गर्दा 'अब आइपुग्यौं होला' भनेर उनीहरूको मन उत्तेजित हुन्थ्यो। अन्तमा उनीहरू एउटा यस्तो ठाउँमा पुगे जहाँदेखि खुल्ला आकाश र समतल देखिन्थे। तिब्बत मास्तिरको पहाड़ पनि उनीहरू देख्न सक्थे। अब एक चढ़ाइमा उनीहरू शिखर पुग्न सक्थे। हिउँको ढलानमा दुइ व्यक्ति सँगसँगै हिँड्न सक्थे। तीस फीट जति हिँड़ेर उनीहरूले एक मिनट बिसाएर उकालो हेरे, फेरि हिँड़े।

दुइजनाको कम्मर एउटा तीस फीट लामो डोरीले बाँधिएको थियो। डोरीको अधिकांश भाग तेन्जिङले हातमा गाँठो पारेका हुनाले हिल्लेरी र तेन्जिङबीच छः फीटको दूरी थियो। शिखरको केहीमन्तिर पुग्दा ती दुइ रोके, उकालो हेरे, फेरि हिँड़े बिस्तारै, स्थिर गतिले। तेन्जिङले पहिले एभरेष्टको शिखरमा टेके, त्यसपछि हिल्लेरीले। सपना साकार भयो।

दुइजनाले हात मिलाए। तेन्जिङले हावामा हात हल्लाए अनि हिल्लेरीलाई अँगालो हाले। दुवैजनाले एक अर्काको पिठ्यूँमा थपथपाएर हार्दिक बधाइ आदान–प्रदान गरे। बिहानको ११:३० बजेको थियो। बादलरहित स्वच्छ नीलो आकाशमा तेजस्वी सूर्य एडमण्ड हिल्लेरी र तेन्जिङ नोर्गे शेर्पाको विजयमा हाँसिरहेको प्रतीत हुन्थ्यो। तिब्बतदेखि बहिरहेको मन्द समीरले ती दुइलाई एभरेष्टको शिखरमा स्वागत जनाइरहेथ्यो। शिखरदेखि निकै टाढ़ा देखिने स्थानहरूले तेन्जिङलाई

पहिलेका अभियानहरूको याद दिलाउँथे। ती स्थानहरू थिए रोङबुक गुम्बा, शेकार जोङ शहर, खर्ता उपत्यका, रोङबुक ग्लेशियर, इष्ट रोङबुक ग्लेशियर र नर्थ कोल। फनक्क फर्कंदा केही समयअघि पार गरिएको साउथ सम्मिट दृष्टिगोचर भयो। त्यसपछि साउथ कोल, वेस्टन कुम, खुम्बु ग्लेशियर, थ्याङबुचेको बाटो अनि अन्तमा सोलुखुम्बुका पहाड़ र उपत्यका।

हिलेरी र तेन्जिङले पिठ्यूँको अक्सिजन उपकरण बन्द गरे। अक्सिजनबिना पनि उनीहरू त्यहाँ उभिन समर्थ थिए। तेन्जिङले मास्कमा थुप्रिएको हिउँ पुछेर एउटा मिठाई मुखमा हाले। दुवैले मास्क फुकाले। हिलेरीले लुगाभित्र राखेका क्यामेरा निकाले, तेन्जिङले आइस–एक्सको बींड़मा बाँधिएका चारवटा झण्डा फुकालेर आइस–एक्स माथि उचाले। तेन्जिङको त्यही मुद्रामा हिलेरीले तीनवटा फोटो खिँचे। तेन्जिङले शिखरमा गाड़ेको आइस–एक्सको सबभन्दा माथि थियो संयुक्त राष्ट्रको झण्डा, दोस्रो ब्रिटिश झण्डा र क्रमशः नेपाली र भारतीय।

तेन्जिङ हिलेरीको फोटो खिँच्न चाहन्थे तर हिलेरीले तेन्जिङलाई त्यसको स्वीकृति नदिएर आफैंले शिखरको वरिपरिका अनेक फोटो खिँचे। हिलेरी फोटो खिँच्नमा व्यस्त हुँदा तेन्जिङले गोजीबाट मिठाईका पोकाहरू र छोरी निमाले दिएको रातो–नीलो पेन्सिल हिउँभित्र गाड़े। हिलेरीले पनि उनलाई गाड्न भनी लुगाको एउटा कालो बिरालो दिए। ती वस्तुहरू हिउँभित्र गाड़दा उनले ईश्वरलाई प्रार्थना गरे औ धन्यवाद दिए। त्यसपछि एभरेष्टप्रति कृतज्ञता ज्ञापन गर्दै भने, ''थुजी छे, छोमोलुङमा।''

प्रायः पन्ध्र मिनट शिखरमा उभिएर हिलेरी र तेन्जिङ ओह्लालो झर्न तयार भए। ओह्लालो झर्दा चाहिने आइस–एक्स तेन्जिङले उखेले, चारवटा झण्डाहरू खोलेर शिखरमा फैलाए अनि डोरीको अन्त हिउँमा गहिरोसित गाड़े। ओह्लालो झर्नअघि हिउँमा शिखरको वरिपरि आँखा दौड़ाए। तेन्जिङलाई ती स्वीस र ब्रिटिश साहेबहरू र शेर्पा साथीहरूको स्मरण भयो जसले गत तेंत्तीस वर्ष एभरेष्टको शिखरमा पुग्ने प्रयास गरेका थिए। बेस क्याम्पमा उनीहरूको प्रतीक्षारत साहेबहरू र साथीहरूलाई तेन्जिङले आज धन्यवाद दिए जसको सहयोग र त्यागको फलस्वरूप आज उनीहरू एभरेष्टको शिखरमा पुग्न सक्षम भएका थिए। सबै साहेबहरूमध्ये तेन्जिङको घनिष्ठ मित्र ल्याम्बर्ट थिए। उनी जहिले पनि ल्याम्बर्टलाई आफ्नो समीप महसूस गर्थे मानों ल्याम्बर्ट उनलाई भनिरहेका छन्, ''ठीक छ, तेन्जिङ! ठीक छ!''

ल्याम्बर्टको सम्झना आएपछि उनले ल्याम्बर्टले दिएको रातो स्कार्फ झन् कसिलो गरी घिच्रोमा बेह्रे।

अक्सिजन उपकरण चालू गरेर दुवैजना ओह्रालो झरे बिस्तारै, सतर्क भएर। हिलेरी अघि, तेन्जिङ पछि। डरलाग्दो ठाउँमा डोरी समातेर ती दुइ झर्थे। उनीहरूलाई खूबै तिर्खा लागिरहेको थियो तर फ्लास्कको पानी जमिसकेको थियो। हिउँ खाएर तिर्खा मेटाउन सकिन्थ्यो तर त्यसो गर्नाले मुख र घाँटीमाथि नराम्रो प्रभाव पर्ने सम्भावना अधिक थियो। साउथ कोलको नजीक पुग्दा जर्ज लोवेले तातो कफीसित उनीहरूको स्वागत गरे अनि दुवैलाई अँगालो हाले। तम्बुभित्र पसेपछि नोयसले चिया दिए। साहेबहरूले उनीहरूलाई अनेक प्रश्न गरे तर थाकेका हुनाले केवल केही प्रश्नको उत्तर दिए। उनीहरू आराम गर्न चाहन्थे। हिलेरी लोवे र नोयसको तम्बुमा गए। तेन्जिङको लागि शेर्पाहरूको तम्बु थियो।

बिहान साउथ कोलदेखि ओह्रालो झर्दा घाम लागिरहेको थियो। साहेबहरूले उनीहरूका अधिकांश सामान क्याम्प आठमा छोडे तर तेन्जिङले तीन–चार झोला अभियान सामग्रीबाहेक फ्लास्क र लोवेका एउटा क्यामेरा बोकेका थिए। बेस क्याम्पसम्म पुग्दा हिलेरी र तेन्जिङले बीचका क्याम्पहरूमा उनीहरूलाई पर्खिरहेका साथीहरूलाई भेटे। क्याम्प सातमा मेजर विली र केही शेर्पाहरू, क्याम्प छः मा टम स्टोबर्ट अनि क्याम्प पाँचमा दावा थोण्डुप, नावाङ गोम्बु र केही शेर्पाहरू उनीहरूलाई पर्खिरहेका थिए। क्याम्प पाँचमा चिया दिँदै शेर्पाहरूले तेन्जिङलाई भने, "काका, अब तपाईं रित्तै हिँड्नुहोस्। तपाईंको भारी हामी बाँड्रेर बोक्नेछौं।"

बधाइ दिने साथीहरूको परोक्ष तरीकामा हर्षित हुँदै तेन्जिङले भने, "धन्यवाद, केटाहरू हो।"

क्याम्प चारमा उनीहरूको प्रतीक्षामा थिए अभियानका नायक र अन्य महत्त्वपूर्ण व्यक्तिहरू। कुमदेखि ओह्रालो झर्दै गर्दा क्याम्पदेखि निस्केर उनीहरू दुइ विजेताको स्वागतार्थ अघि बढे। उनीहरू प्रायः पचास गज टाढ़ा हुँदा लोवेले एउटा हातको बूढी औंला माथि उठाए औं अर्को हातले आइस–एक्स उठाएर एभरेष्टतिर देखाउँदै एभरेष्ट आरोहणको संकेत दिए। त्यो संकेतले उनीहरू यति उत्तेजित र आल्हादित भए कि उनीहरू कड़ा हिउँमाथि बूटसहित कुद्ने प्रयास गरिरहेका थिए। हण्टले हिलेरी र तेन्जिङलाई अँगालो हाले अनि दुवैलाई 'यो साँचो हो के?' भनी सोधे। सबैले एक–अर्कालाई अँगालो हाले। मालिक र भरियाबीच त्यहाँ कुनै भेदभाव थिएन, सबै पर्वतारोही थिए।

त्यो साँझ खान, पिउन र गफमा बित्यो। तेन्जिङको लागि त्यो साँझ सबभन्दा अदभुत र सबभन्दा सुखदायक दिन थियो। त्यो राति एकजना साथीले तेन्जिङको

लागि आङ ल्हामूलाई चिठी लेखिदियो "२९ मईको दिन एकजना साहेब र म एभरेष्टको शिखरमा चढ्यौं। तिमीलाई खुशी लाग्छ होला। योभन्दा ज्यादा लेख्न सक्तिनँ। माफ गर।" चिठीको अन्तमा तेन्जिङले सही गरे।

अर्को बिहान आङ छिरिङ र गोम्बुलाई लिएर तेन्जिङ बेस क्याम्प झरे। बेस क्याम्पमा एक रात बिताएर उनी अर्को दिन एक्लै पैंतीस माइल लामो बाटो हिँड़ेर आमालाई भेट्न थामे पुगे। घरमा पुगेर उनले आमालाई ढोग्दै भने, "म तपाईंको आशीर्वादले एभरेष्टको चोटीमा पुग्न सफल भएँ!"

छोराको अनुहारमा विस्फारित नेत्रले हेरेर आमाले भनिन्,"मैले तिमीलाई 'छोमोलुङमा चढ्नु नजानू' धेरैपल्ट भनेकी हुँ। अब फेरि जानुपर्दैन। तिमीले छोमोलुङमाको टुप्पामा सुनौलो भँगेरा र सुनको जग्गर भएको सिँह देख्यौ के?"

"अहँ, देखिनँ।"

"रोङबुक गुम्बा नि त?"

"रोङबुक गुम्बा चाहिँ त्यहाँबाट देखें।"

आमा खुशी भइन्।

तेन्जिङले आमा र बहिनीसित थामेमा दुइ दिन बिताए। थामेका जम्मै मानिस जाँड़ लिएर उनीहरूलाई भेट्न आए। दुइ दिनभित्र तेन्जिङले थ्याङबुचेदेखि काठमाड़ौं अभियान सामग्री लैजानलाई एक सयजना शेर्पा भरिया थामेमा जम्मा गरे। थामे छोड़नअघि तेन्जिङले आमालाई भने, "आमा, अब तपाईं र बहिनी कति दिनसम्म यसरी दु:ख गरेर यहाँ बसिरहनुहुन्छ? म तपाईं र बहिनीलाई दार्जीलिङ लैजान चाहन्छु।"

"तिमीले ठीक भन्यौ। तर म साह्रै बूढ़ी भइसकेकी छु। दार्जीलिङ गएँ भने मेरो कारण तिमीलाई दु:ख हुनेछ।"

तेन्जिङले आमालाई निकै सम्झाए तर आमा आफ्नो निर्णयमा अडिग रहिन्। आमादेखि विदा लिई थ्याङबुचेतिर लागे। बाटामा उनलाई भेट्न आइरहेकी दिदी ल्हामू कीपा, उनको लोग्ने र दुइवटी छोरीसित उनको भेट भयो। दिदी भेना र भाञ्जीहरूलाई आमालाई जस्तै दार्जीलिङ गई उनीसित बस्ने आग्रह गरे। उनीहरू सहमत भए।

अभियान दलका सदस्यहरू अलिअलि गर्दै थ्याङबुचेमा एकत्रित हुँदै थिए। तेन्जिङ थ्याङबुचे पुग्दा एकजनाले उनको हातमा सर विन्सटन चर्चिलले पठाएको वधाइको केबल दियो। त्यसपछि वधाइका सन्देशहरूको राश भयो। तेन्जिङ आङ

ल्हामू र दुइ छोरीलाई काठमाड़ौंमा भेट्न चाहन्थे। उनले मेजर विलीलाई भने ,'' म आफ्नी पत्नी र छोरीहरूलाई काठमाड़ौं बोलाउन चाहन्छु। कृपया टेलिग्रामको व्यवस्था मिलाइदिनोस्, त्यसको खर्च म दिनेछु।''

केही झर्केर मेजर विलीले भने, ''तिमीले कस्तो कुरा गरेको, तेन्जिङ? तिमी अभियान दलको सदस्य हौ भने टेलिग्राममा लागेको सबै खर्च अभियान दलले बेहोर्नेछ। तिमी फिक्री नगर। म व्यवस्था मिलाउनेछु। अब तिम्रो जीवन शैली नै बदलिनेछ।''

मेजर विली दयालु र हितैषी थिए। उनले तेन्जिङका वधाइ सन्देशहरू प्राप्त गर्ने र आवश्यकता परेको खण्डमा प्रत्युत्तर दिने दायित्व लिए। एभरेष्ट आरोहणले कतिपय मानिसलाई महान् उपलब्धि दिलाएर आल्हादित तुल्याएको थियो भने अनेक भरियाहरू अँध्यारो भविष्यको कल्पनामा अति विह्वल भएका थिए। अब एभरेष्ट र अन्य पर्वतहरूको अभियान हुनेछैन औ उनीहरू जीविकोपार्जनको स्रोतदेखि वञ्चित हुनेछन् भनी भरियाहरू डराएका थिए। अभियान दल काठमाड़ौं प्रस्थान हुनअघि कर्णेल हण्टले तेन्जिङलाई भने, ''म अब हिँड़िहाल्छु। चाँड़ो काठमाड़ौं पुगेर धेरै कुरा मिलाउनुपर्नेछ। तिमीलाई हामी इंगल्याण्ड लैजानेछौं।''



नेपाल नरेश वीरन्द्र वीर विक्रम शाहदेवबाट पेमा डोमा शेर्पालाई
गोर्खा दक्षिण वाहु प्रदान भइरहेछ।

# तेञ्जिङ जिन्दावाद!



नेपाल तारा



कल्लम मेडल र हब्बार्ड मेडल



सोभियट मेडल



जर्ज मेडल र कोरोनेशन मेडल

कर्णेल हण्ट काठमाडौं हिँड़िहाले। भरियाहरूको प्रबन्ध मिलिसकेपछि मात्र अभियान दलले यात्रा शुरू गऱ्यो। मेजर विलीले यात्राभरि तेञ्जिङलाई सुझाउहरू दिइरहे अनि अपरिचित व्यक्तिहरूसित परिचय गराइदिए। उनका सुझाउहरूमा 'पत्रकारहरूका प्रश्नका उत्तर नआत्तिई खूबै होशियारीसित देऊ' भन्ने सुझाउ खूबै महत्त्वपूर्ण थियो।

प्रायः दश दिनपछि काठमाडौं पुगेको बेलामा आङ ल्हामू र दुइ छोरी काठमाडौं पुगेको खबर तेञ्जिङले पाए। काठमाडौं पुग्नअघि बाटामा अनेक नेपाली, भारतीय, ब्रिटिश, अमेरिकी पत्रकारहरूसित तेञ्जिङको भेट भयो। तीमध्ये केही पत्रकारहरूले उनलाई उनको राष्ट्रियता र राजनीतिबारे अनेक प्रकारका विवृत्ति दिन लाए। तर उनले होशियारीसित पत्रकारहरूका प्रश्नोत्तर दिए। हुकसे नामक ठाउँमा 'लाइफ' पत्रिकाका जेम्स बर्कसित उनको राम्रो अन्तर्वार्ता भयो। त्यहाँदेखि केही पर यूनाइटेड प्रेस एशोसिएशनका जोन ल्हावासेकसित उनको भेट भयो। केही समयपछि यूनाइटेड प्रेस एशोसिएशनसित केही लेखहरूको लागि उनले एउटा अनुबन्धमा सही गरे। ब्रिटिश आरोहीहरूले अभियान शुरू हुनअघि नै सबै कथा र चित्रहरू अभियान

दलको सम्पत्ति हुनेछन् भनी सम्झौतामा सही गरिसकेका थिए अनि 'द टाइम्स' सित उनीहरूको अनुबन्ध भइसकेको थियो। कर्णेल हण्टले तेन्जिङलाई पनि त्यो सम्झौतामा सही गर्ने आदेश दिए तर उनी मानेनन् किनभने जीवनमा पहिलो चोटि उनले अलिकति पैसा कमाउने अवसर पाएका थिए।

काठमाडौंको केहीअघि धौलाघाटमा एउटा ठूलो भीड़ले तेन्जिङलाई झण्डै दलदेखि बाहिर निकाले अनि ऊटपटाङ प्रश्नहरू सोधे। उनीहरूलाई राजनीतिबाहेक एभरेष्टबारे केही रूचि थिएन। उनीहरूले भने, ''तपाईंले हामीलाई विवृत्ति दिनुहोस् कि तपाईं नेपाली नागरिक हो, भारतीय होइन अनि सगरमाथाको चोटीमा तपाईं पहिले पुग्नुभएको थियो, हिल्लेरी पछि।''

तेन्जिङले स्पष्ट उत्तर दिए, ''मलाई राजनीतिसित केही सरोकार छैन। म ब्रिटिशहरूसित कुनै विवादमा फँस्न चाहँदिनँ। मलाई एक्लै छोड़िदिनुहोस्। अहिलेसम्म कसैलाई मेरो राष्ट्रियताबारे चिन्ता थिएन। आज किन छ? म भारतीय भए पनि, नेपाली भए पनि, यसले केही फरक पर्दैन।''

भीड़ले उनको कुरातिर केही ध्यान दिएन। उनीहरूले तयार गरिल्याएका उत्तरहरू नै उनीहरूले तेन्जिङलाई भन्न लाए अनि एउटा कागजमा जबर्जस्ती सही गर्न लाए। अनपढ़ तेन्जिङ केही नबुझी कागजमा सही गर्न विवश भए। भीड़ बढ़दै गयो। अनि त्यो अनियंत्रित भीड़ले दलदेखि बाहिर निकालेर नानीको खेलौनाजस्तै उनलाई तान्न र घचेट्न थाल्यो। आफूलाई भीरको चिण्डोको स्थितिमा पाएर तेन्जिङले सोचे: ''थामेमा नै म बसिरहेको भए यस्तो कदापि हुने थिएन।''

अभियान दल २० जूनमा बनेपा पुग्यो। भीड़ले पछ्याइरहेको थियो। काठमाडौं जाने गाड़ीको बाटो बनेपादेखि शुरू हुन्थ्यो। केही व्यक्तिहरूले तेन्जिङलाई उनीहरूले ल्याएको नेपाली पोशाक लाउन कर लाए औ एउटा जीपमा चढ़ाए। उनी थाकेका र अल्मलिएका थिए। अपार जनसमूह झण्डा लिएर अभियान दलको स्वागतार्थ उभिएको थियो अनि 'तेन्जिङ जिन्दावाद!' र 'तेन्जिङ अमर रहोस्!' जस्ता नारा गुञ्जिरहेका थिए।

काठमाड़ौंदेखि तीन माइलबाहिर आङ ल्हामू र छोरीहरू तेन्जिङलाई पर्खिरहेका थिए। आङ ल्हामूले खदा लगाइदिइन् औ दुइ छोरीहरूले फूलको माला लाइदिए। तेन्जिङले छोरी निमालाई भने, ''नानी, मैले तिम्रो रंगीन पेन्सिल छोमोलुङ्माको शिखरमा गाड़िदिएँ है।''

परिवारसित पाँच छः मिनट कुरा गरेपछि तेन्जिङलाई जीपदेखि निस्कने

अनुरोध गरियो र उनलाई एउटा रथमा राखियो। केही ब्रिटिश पर्वतारोहीहरू अगाड़ि नै रथमा बसिरहेका थिए। थ्याङबुचेदेखि छुट्टिएपछि त्यही दिन मात्र उनले ती ब्रिटिशहरूलाई देखेका थिए। कर्णेल हण्ट र हिल्लेरी पनि रथमा पसे। उनीहरूलाई राजदरवार लगिए। बाटामा उनीहरूको स्वागतार्थ जनसमूहले उनीहरूमाथि चामल, रंगीन पाउडर र पैसाको वर्षा गरे। तेन्जिङले रथमा उभिएर दुइ हात जोड़ी उनीहरूको भव्य स्वागतको उत्तर दिए।

नेपाल नरेश त्रिभुवनले राजदरवारमा अभियान दलको भव्य स्वागत गरे। अभियान दल आफ्नै पुराना मैला अभियान पोशाकमा थियो। स्वागत समारोहमा महाराज त्रिभुवनले तेन्जिङलाई देशको सर्वोच्च पदक 'नेपाल तारा' द्वारा विभूषित गरे अनि हण्ट र हिल्लेरीलाई अन्य पदक प्रदान गरे।

प्रायः त्यही समय इंगल्याण्डकी महारानीले हण्ट र हिल्लेरीलाई नाइटको उपाधि औ तेन्जिङलाई जर्ज मेडलद्वारा सम्मानित गर्ने राजकीय घोषणा जारी गरेको खबर काठमाड़ौंमा सुनियो।

स्वागत समारोहहरूमा र उपाधिहरू दिने प्रक्रियामा राजनीति पसेर ब्रिटिश दल र तेन्जिङबीच मनोमालिन्य पैदा भयो। नेपालीहरूले तेन्जिङलाई गरेको स्वागत र सम्मान उनी एक सय जन्ममा पनि बिर्सन सक्तैनथे। तेन्जिङलाई 'एभेष्ट हिरो' बनाउने प्रयासमा उनीहरूले ब्रिटिशहरूको उपेक्षा गरे। ब्रिटिशहरूलाई सम्माननीय अतिथिको रूपमा नहेरेर कतिपय पत्रकारहरूले राजनैतिक लाभको लागि तथ्यहरू बंग्याएर पेश गरे। ''हिल्लेरी आफैं एभरेष्टको शिखरमा पुगेका होइनन्। उनलाई तेन्जिङले तान्दै लगेका हुन्। तेन्जिङ कसैको सहायताबिना एक्लै एभरेष्टको शिखर चढ़ेका हुन्।'' ती कुराबाहेक काठमाड़ौंबाहिर पत्रकारहरूको भीड़ले तेन्जिङलाई एउटा लिखित विवृतिमा जबर्जस्ती सही गर्न लाएका थिए। ती सबै कुराहरू सुनेर कर्णेल हण्टले विवेकहीन भएर यतिसम्म भने, ''तेन्जिङ कसरी हिरो भयो? ऊ त असल पर्वतारोही पनि होइन प्रविधिको दृष्टिले हेर्नु हो भने।'' कर्णेल हण्टको त्यस्तो अपमानजनक कुरा आगोमा घिउ हालेको जस्तो भयो। तेन्जिङबारे कर्णेल हण्टको त्यस्तो टिप्पणी तेन्जिङलाई असह्य भयो र उनले पनि रीसको झोंकमा केही विवृति दिए।

ब्रिटिश दल र तेन्जिङबीच भएका परस्परविरोधी विवृतिले सृजना गरेको मनोमालिन्य मेटाउन दुवै दलले एउटा उपाय निकाले। उनीहरूको भेट नेपालका प्रधान मंत्रीको कार्यालयमा २२ जूनका दिन भयो। हिल्लेरीले तेन्जिङको पक्षमा

एउटा विवृति दिए औ तेञ्जिङले हिल्लेरीको पक्षमा। हिल्लेरीले दिएको विवृति तेञ्जिङले महत्त्वपूर्ण दस्तावेजको रूपमा आफूसित राखेका थिए।

*On May the 29 th Tenzing Sherpa and I left our high camp on Mount Everest for our attempt on the summit.*

*As we climbed upwards to the south summit first one and then the other would take a turn at leading.*

*We crossed over the south summit and moved along the summit ridge. We reached the summit almost together.*

*We embraced each other, overjoyed at our success, then I took photographs of Tenzing holding aloft the flags of Great Britain, Nepal, the United Nations, and India.*

*(signed) E.P. HILLARY*

प्राय: एक सातापछि काठमाड़ौंदेखि कलकत्ता जानलाई तेञ्जिङलाई महाराज त्रिभुवनको निजी हावाजहाज दिइयो। हावाजहाजमा तेञ्जिङको परिवारबाहेक तेञ्जिङका सल्लाहकार लाकपा छिरिङ शेर्पा थिए। अभियान दलका अन्य सदस्य काठमाड़ौंदेखि आ–आफ्ना घरतिर लागे। कलकत्ता पुगेर आङ ल्हामू र छोरीले तेञ्जिङको सफलताको खबर दार्जीलिङमा कसरी फैलियो औ त्यसपछि के के भए, विस्तारपूर्वक बताए।

३० मईका दिन अभियान दलले क्याम्प चारमा घण्टौंसम्म खानपिन र नाचगानद्वारा विजय उत्सव मनाए। अभियान दलमा 'द लण्डन टाइम्स' का सम्वाददाता जेम्स मोरिस एक सदस्य थिए। उनी हतारिएर नामचे बजार पुगे। एभरेष्ट आरोहणको समाचार सबभन्दा प्रथम महारानी एलिजाबेथले सुन्न पाऊन् भन्ने मोरिसको ध्येय थियो। उनले नामचे बजारको पुलिश रेडियोको सहायता लिएर त्यो समाचार कोडमा काठमाड़ौंको ब्रिटिश दूतावासलाई प्रसारित गरे। काठमाड़ौंमा त्यो समाचार प्राप्त गर्नेबित्तिकै राजदूत सम्मरहेयिसले त्यो समाचार लण्डनलाई प्रसारित गरे। उनले पन्ध्र घण्टासम्म त्यो

समाचार काठमाड़ैंका अन्य प्रेस एजेन्सीहरूलाई दिएनन्।

२ जून १९५३ महारानी द्वितीय एलिजाबेथको राज्याभिषेकको दिन। त्यही अवसरमा लण्डनको रेडियोबाट हिल्लेरी र तञ्जिङको सफल एभरेष्ट आरोहणको समाचार प्रसारित भयो। अल इण्डिया रेडियोले त्यो समाचार प्रसारित २ जूनको राति प्रसारित गर्‍यो। समाचार सुनेर रवीन्द्रनाथ मित्र त्यति नै बेला तुङसुङतिर लागे। चकमन्न रातमा सबै सुतिसकेका थिए। मित्रले आङ ल्हामूको ढोका ढकढकाए। इण्डिया रेडियोले १ जूनको ब्रिटिश दलको एभरेष्ट अभियान असफल भयो भनी आधारहीन र गलत समाचार प्रसारित गरेको थियो। त्यो समाचारले आङ ल्हामू र दुइ छोरी मर्माहत भएका थिए। आङ ल्हामू एक प्रकारले ढुक्क भएकी थिइन् किनभने १९५३ को एभरेष्ट अभियान असफल भएपछि उनका पति फेरि अभियानमा जाने छैनन् भन्ने उनको सोचाइ थियो। मित्रले ढोका ढकढकाउँदै भने, ''भाउज्यू, म मित्र बाबु हुँ। म तपाईंलाई खुशीको समाचार सुनाउन आएको छु। चाँड़ो ढोका खोल्नुहोस्।''

भर्खरै मात्रै निदाएकी आङ ल्हामू मित्रको स्वर सुनेर आँखा मिच्दै उठिन्, लालटिन बालिन् र ढोका उघारिन्। रवीन्द्रनाथ मित्रले हाँस्दै भित्र पसेर भने, ''म भर्खरै रेडियोमा समाचार सुनेर आएको! तेञ्जिङ दाज्यू र हिल्लेरी भन्ने न्यूजील्याण्डको साहेब एभरेष्ट चढ़ेछन्।''

''पक्का हो के त? हिजको समाचारले त उनीहरू असफल भएर फर्कंदैछन् भन्ने बताएको थियो'' आङ ल्हामूलाई मित्रको कुरामा विश्वास गरिहाल्नु कठिन थियो औ विश्वास नगर्नु मित्रको अपमान किनभने उनी निराधार कुरा गर्दैनथे, विश्वसनीय थिए।

''यो समाचार पक्का हो, भाउज्यू! यो समाचार बिहान बी० बी० सी० ले दिएछ। बी० बी० सी० को समाचार गलत नहुनुपर्ने। त्यही समाचारको आधारमा त अल इण्डिया रेडियोले समाचार भनेको हो,'' मित्रसित आङ ल्हामूलाई विश्वास दिलाउने प्रमाण थियो।

आङ ल्हामूले सुतिरहेका दुइ छोरीलाई उठाइन् औ खुशीको समाचार सुनाइन्। दुइ छोरीले गाउँभरि समाचार फैलाए। तुङसुङमा त्यति राति पनि मानिसको चहलपहल शुरू भयो। आङ ल्हामूको सानो काठको घरमा वधाइ दिने छिमेकीहरूको घुइँचो लाग्यो।

३ जूनका दिन दार्जीलिङका सम्पूर्ण स्कूल, कालेज र कार्यालयहरू बन्द भए। तेञ्जिङका फोटोहरू बजारभरि टाँगिए। अनेक सरकारी पदाधिकारी र विशिष्ट

व्यक्तिहरू आङ ल्हामूलाई वधाइ दिन तुङसुङ गए। तेन्जिङको सम्मानार्थ कार्यक्रमहरू तयार भए। अब उनी अन्तर्राष्ट्रिय व्यक्ति भइसकेका थिए। उनको ख्याति संसारको कुना–कुनामा फैलियो अनि उनकै माध्यमबाट संसारले 'शेर्पा' जातिलाई २ जून १९५३ को दिन चिन्यो।

नेपालबाट जनकवि धर्मराज थापा केही साथीहरूसित दार्जीलिङ घुम्न आएका थिए। दार्जीलिङमा नेपालीहरूले पाश्चात्य भेषभूषालाई प्राथमिकता दिएको देखेर उनले एउटा गीत रचेर गीतांगे डाँड़ादेखि सुनाए–''जन्मेको देशलाई, नेपाली भेषलाई नेपालीले माया मार्‍यो बरिलै।

उनको यो गीत खूबै लोकप्रिय भयो। रवीन्द्रनाथ मित्र धर्मराज थापालाई भेट्न होटेल गए अनि तेन्जिङ र एभरेष्ट आरोहणमाथि एउटा गीत लेखेर औ संगीतवद्ध गरेर गाइदिने अनुरोध गरे। अबेर नगरी धर्मराज थापाले एउटा गीत रचे, संगीतवद्ध गरे औ दार्जीलिङमा नै स्वयंले गाएर सुनाए–

***हाम्रो तेन्जिङ शेर्पाले चढ्यो हिमाल चुचुरा***
***झम्केर बज्यो खैंजड़ी, चम्केर नाच्यो मुजुर***

भारत, नेपाल र तिब्बतका रेडियोबाट यो गीत प्रसारित भयो औ प्रत्येकको मुखबाट यो गीत सुनिन थाल्यो। केही समयपछि धर्मराज थापा र दार्जीलिङका नवीन वरदेवाले आफ्ना शब्द र संगीतमा दुइ नयाँ गीत गाए:

धर्मराज थापा– **तेन्जिङ तिमी संसारभरि अमर हुनेछौ**
नवीन वरदेवा– **वीर तेन्जिङ तिम्रो विश्वले गाउनेछ जयगान,**
**गर्दै तिम्रो वीरताको बखान।**

तेन्जिङ विश्ववख्यात भए। त्यो आङ ल्हामू र दुइ छोरीको लागि अत्यधिक हर्षको कुरा थियो तर उनले निकै दिन बित्दा पनि कुनै चिठी वा टेलिग्राम नपठाएकोमा आङ ल्हामू चिन्तित थिइन्। ''उनले मलाई किन अझसम्म तार पठाएनन्? जसले डाक–तार विभागदेखि मेरो तार ल्याउँछ, उसलाई म दश रूपियाँ दिनेछु,'' उनी आफ्नो गुनासो अरूहरूलाई सुनाउँथिन्।

एघार दिनसम्म पतिको तारको प्रतीक्षा आङ ल्हामूलाई असह्य भएकोले उनी दुइ छोरी लिई काठमाडौं जाने भइन्। उनीहरूसित न यात्रा खर्च थियो, न राम्रो लुगाफाटा। तेन्जिङका फोटोहरूबाट जम्मा भएको एक सय रूपियाँ रवीन्द्र मित्रले औ त्यसको अतिरिक्त हिमालयन क्लबकी सचिव श्रीमती हेण्डरसन र केही साथीहरूले चार सय रूपियाँ चन्दा उठाएर दिए। उनीहरूसित परिवारको एक

घनिष्ठ मित्र र अनुभवी पर्वतारोही पासङ फुत्तर औ दार्जीलिङ शेर्पा बौद्ध संघका प्रतिनिधि लाकपा छिरिङ शेर्पा पनि सम्मिलित थिए। उनीहरू अभियान दलभन्दा चार दिनअघि काठमाड़ौं पुगे।

कलकत्तामा झन् अधिक स्वागत समारोहहरू आयोजित भए। 'तेन्जिङ जिन्दावाद!' को नारा झन् बढ़ता गुँजिए। तेन्जिङको निमन्त्रणमा रवीन्द्र मित्र दार्जीलिङदेखि कलकत्ता पुगे। तेन्जिङको परिवार, लाकपा छिरिङ शेर्पा र रवीन्द्र मित्रलाई सरकारी अतिथि गृहमा राख्ने व्यवस्था थियो। कलकत्ता छँदा तेन्जिङले यूनाइटेड प्रेसलाई आफ्नो कथा बताए अनि निकै समयपछि उनीहरूसित एउटा अनुबन्धमा सही गरे। कर्णेल हण्ट्ले तेन्जिङलाई इंगल्याण्ड लैजाने योजना बनाएका थिए तर तेन्जिङ पत्नी र छोरीहरूबिना इंगल्याण्ड जान इच्छुक थिएनन्। अभियान दलले उनीहरूलाई इंगल्याण्ड लैजान चाहे तापनि उनीहरूसित धन थिएन। डेली एक्सप्रेसले तेन्जिङको लागि एउटा लामो भ्रमणको योजना बनायो, सबै खर्च बेहोर्ने भयो तर त्यो भ्रमणमा राजनैतिक गन्ध भएको सन्देहमा उनले त्यो भ्रमण अस्वीकार गरे। उनी राजनीतिदेखि टाढ़ो रहन चाहन्थे। रवीन्द्र मित्र दार्जीलिङ फर्कने बेलामा उनलाई एउटा रातो स्कार्फ दिँदै तेन्जिङले भने,''मित्र बाबु, यो रातो स्कार्फ रेमण्ड ल्याम्बर्टको हो। दार्जीलिङदेखि यो स्कार्फ उनीकहाँ स्वीजरल्याण्ड पठाउने कृपा गर्नुहोला।''

कलकत्ताका स्वागत समारोहहरू शेष भएपछि अभियान दललाई दिल्लीमा निमन्त्रण भयो। दिल्ली हवाईअड्डामा जस्तो जनसमूह तेन्जिङले अघि कहिल्यै देखेका थिएनन्। नेपाली राजदूतावासमा तेन्जिङको परिवारलाई रात्रि भोजको लागि निम्त्याए। केही वर्षअघि तिब्बत भ्रमणमा हुँदा प्राध्यापक गिसेप टुचीले तेन्जिङलाई पण्डित नेहरूसित भेट गराइदिने वचन दिएका थिए। तेन्जिङ स्वयं पनि पण्डित नेहरूलाई भेट्न लालायित थिए। अर्को दिन पण्डित नेहरूले तेन्जिङलाई आफ्नो कार्यालयमा बोलाएर भने, ''तेन्जिङ, तिमी लण्डन जानैपर्छ। तिम्रो परिवार पनि तिमीसित जान सक्नेछ। मेरो विचारमा एभरेष्ट आरोहणमाथि विवाद भएको राम्रो होइन। एभरेष्ट राजनीतिबिना ठीक थियो। मनमा कुनै किसिमको रीसराग नराख। सबै कुरा ठीक हुँदै जानेछ भन्ने म आशा गर्छु।''

पण्डित नेहरूले तेन्जिङलाई आफ्नो घर लगे अनि आलमारी खोलेर उनका कोट, प्याण्ट, कमीज, टाई, रूमाल इत्यादि अनि उनका पिता स्व० मोतीलालका केही मूल्यवान जिनिस पनि तेन्जिङलाई उपहार दिए। पण्डित नेहरू र तेन्जिङको

उँचाइसित शारीरिक बनावट मिल्ने भएकोले ती सबै लुगा तेन्जिङलाई ठीक भए। उनले आङ ल्हामूलाई एउटा महँगो पाकिट बूक र रेनकोट दिँदै भने, ''लण्डनमा खूबै पानी पर्छ र यो रेनकोट त्यहाँ जरूरी छ।''

समारोह, भोज, अन्तर्वार्ता, आदिमा लाउनलाई तेन्जिङसित आफ्नै उत्कृष्ट गुणस्तरका लुगाफाटा थिएनन्। नेहरूद्वारा उपहृत लुगाफाटामा सजधज भएर, नेहरूले दिएकै सुन्दर ब्रिफ केस हातमा लिएर तेन्जिङले आफूलाई गरीब शेर्पा होइन तर धनाढ्य वा कूटनीतिज्ञ सम्झे।

तेन्जिङ र तेन्जिङ परिवारको भारतीय र नेपाली पासपोर्ट बनेपछि ब्रिटिश आरोहण दलका अधिकांश सदस्य, श्रीमती हण्ट र तेन्जिङ परिवार बी० ओ० ए० सी० हावाजहाजद्वारा लण्डनको लागि प्रस्थान भए। उनीहरू कराँची, बगदाद, कैरो हुँदै रोम पुगे। रोमको एक रातको बासमा त्यहाँका ब्रिटिश र भारतीय राजदूतहरूले भव्य स्वागत गरे। बिहान हावाजहाज भर्खरै उत्तरतिर उड्न शुरू गर्दा अँध्यारो अनुहार लिएर कर्णेल हण्ट तेन्जिङको छेउमा आए अनि भने, ''तेन्जिङ, तिमीले कलकत्तामा यूनाइटेड प्रेसलाई जुन कथा भनेका थियौ, त्यसको प्रथम अंश प्रकाशित भएछ र मैले पढें। ब्रिटिश र शेर्पाबीच जुन तनाउ सृष्टि भएको थियो त्यसको जिम्मेवार तिमीले ब्रिटिशलाई बताएछौ।''

उत्तर मुखैमा झुण्डिएका स्पष्टवादी तेन्जिङले मनस्थिति नियन्त्रण गरेर भने, '' मैले जे भनें, त्यो वास्तविक थियो, त्यस्तो भएकै थियो। तपाईंले पनि मलाई निम्न स्तरको अनुभवहीन पर्वतारोही बताउनुभयो, यो कुरा छापामा आएको थियो। हामीले प्रेसलाई जेजे भन्यौं, त्यसको खण्डन अब गर्नु व्यर्थ छ। व्यक्तिगत वैमनस्यको कारण मैले त्यसो भनिनँ।''

कर्णेल हण्टले भने, ''मैले अनेक प्रकारका समस्याको सामना गर्नुपरेको थियो।''

''ठीक छ। जे भयो भयो। महत्त्वपूर्ण छ हामीले एक अर्काप्रति दुर्भावना त्याग्ने काम।''

हाँस्तै तेन्जिङको कुममा धाप मारेर कर्णेल हण्ट आफ्नो सीटतिर गए।

उनीहरूको अर्को स्टप थियो ज्यूरिक जहाँ पुराना स्वीस साथीहरू तेन्जिङलाई भेट्न आए। तेन्जिङले ल्याम्बर्टलाई हिलेरीसित भएको अन्तिम आरोहणको कथा संक्षेपमा सुनाएर भने, '' एभेरेष्टको शिखरमा उभिँदा मलाई तपाईंको याद आयो।''

केही क्षणपछि हावाजहाज लण्डन एयरपोर्टमा उत्रिनअघि आइस–एक्समा

यूनियन ज्याक बाँधेर सबभन्दा अघि उभिएर कर्णेल हण्टले तेञ्जिङलाई सोधे ''म यसरी सबभन्दा पहिले उत्रिन्छु। तिमीलाई ठीक छ?''

''एकदम ठीक छ,'' आफूले कल्पना पनि नगरेको लण्डनमा आइपुग्दा हर्षातिरेकले झुमिरहेको तेञ्जिङसित अधिक भन्ने शब्दावली थिएन।

कर्णेल हण्टको पछि उत्रे अन्य यात्रीहरू।

एयरपोर्टमा उत्रिनेबित्तिकै ब्रिटिश सदस्यहरू आ–आफ्ना परिवारसित पुनर्मिलनको आशामा विभिन्न गन्तव्यतिर छरपष्टिए। तेञ्जिङको अभ्यथनार्थ तैनाथ थिए लण्डनस्थित भारतीय राजदूत बी॰ जी॰ खेर जसले इण्डियन सर्विसेस् क्लबमा उनीहरू बसिञ्जेल खूबै सत्कार गरे।

लण्डनमा बिताएको सोह्र दिन तेञ्जिङको परिवारलाई सपनामा बिताएको एक क्षणजस्तो लाग्यो। सोह्र दिनभित्र तेञ्जिङको अनेक विशिष्ट व्यक्तिसित भेट भयो। उनको वासस्थानमा उनको अन्तर्वार्ता लिन चाहने पत्र–पत्रिकाका सम्वाददाता र सम्पादकको सधैँ घुइँचो हुन्थ्यो। सबै किसिमका सार्वजनिक सभामा उनी बोले। ब्रिटिशहरूले उनलाई जहाँ पनि न्यानो स्वागत जनाए, दया र उदारता प्रदर्शित गरे, खूबै सत्कार गरे। लण्डनमा छँदा एउटै कारणले उनी शोकाकुल थिए। त्यो थियो पेमपेमको अस्वस्थता। पेमपेमले अधिकांश समय अस्पतालमा बिताई। कतै निमन्त्रण नभएको बेला उनी आङ ल्हामू र निमासित थिएटर, दोकान र दर्शनीय स्थानहरूमा जान्थे। उनीहरू जहाँ जान्थे, मानिसहरू उनीहरूलाई मूल्यवान उपहार दिन अघि आउँथे। उपहारहरू स्वीकार्ने क्रममा एक दिन तेञ्जिङको पत्नी र छोरीसित मतभेद भयो। तेञ्जिङले भने, ''मेरो विचारमा साह्रै बेसी उपहार स्वीकार गर्नु ठीक होइन।''

आमाछोरीको समवेत स्वरमा विरोध,''किन ठीक होइन? उनीहरूले दिन्छन् र हामी लिन्छौं।''

आमाछोरीसित व्यर्थको विवाद गरिरहने तेञ्जिङको न इच्छा थियो, न समय।

एक दिन एउटा क्यामेरा पसलमा पसलका मालिकले तेञ्जिङलाई भने, ''सर, तपाईंलाई मन परेको कुनै पनि क्यामेरा छान्नुहोस्। त्यो तपाईंप्रति मेरो उपहार हुनेछ।''

निमाले तुरन्तै बहुमूल्य रोलिफ्लेक्स क्यामेरा छानी। तेञ्जिङले प्रतिवाद गरे, ''होइन, त्यो क्यामेरा राम्रो छैन। अर्को साधारण छान।''

आदेशको उल्लंघन नगरी निमाले अर्को साधारण क्यामेरा छानी तर बाबुको त्यो निर्णय छोरीलाई पटक्क मन परेन।

कर्णेल हण्टको वासस्थान लण्डनदेखि निकै टाढ़ो बस्तीमा थियो। यसर्थ उनको निमंत्रण पाएर तेञ्जिङ इच्छा हुँदा हुँदै त्यहाँ जान सकेनन् किनभने बिमारी पेमपेमलाई छोड़ेर जान उनीहरू असमर्थ थिए। नगीचै घर हुने मेजर विलीकहाँ उनी दुइ चोटि गए। एरिक शिप्टन र रटलेजबाहेक अनेक पुराना साथीहरूसित पनि उनको भेट भयो। डा० एन० डी० ज्याकब पाँच सय माइलको यात्रा गरेर उनलाई भेट्न लण्डन आए। कहिले काहीँ उनी एक्लै कसैले नचिनोस् भनेर पाश्चात्य पोशाकमा लण्डनका सड़क र गल्लीमा घुम्न जान्थे।

सबै ब्रिटिश आरोहीहरू आ–आफ्ना घरदेखि लण्डन फर्केपछि एभरेष्ट अभियान दललाई महारानी एलिजावेथको दर्शनार्थ बकिङ्गहाम प्यालेस लगियो। प्यालेसभित्र प्रवेश गर्नअघि उनीहरूलाई प्यालेसको आँगनमा अपार जनसमूहको उपस्थितिमा चिया वितरण गरियो। त्यसपछि उनीहरू प्यालेसभित्र पसे। अभियान दलका प्रत्येक ब्रिटिश सदस्य सपरिवार त्यहाँ उपस्थित थिए। भव्य स्वागत कक्षमा महारानी र ड्यूकले पुरस्कार र पदक प्रदान गरे। चिया–चमेनाको समयमा महारानी एलिजाबेथले एभरेष्ट र अन्य अभियानबारे अनेक प्रश्न तेञ्जिङलाई सोधिन्। कर्णेल हण्टले सबै प्रश्न हिन्दीमा अनुवाद गर्दै तेञ्जिङलाई सुनाए तर अंग्रेजी प्रश्न स्पष्ट बुझ्न सकेकोले तेञ्जिङले सम्पूर्ण उत्तर अंग्रेजीमा दिए।

स्वागत समारोहपछि केवल पुरूषहरूका निम्ति ड्यूकले रात्रिभोजको आयोजन गरेका थिए। त्यो अवसरमा अभियान दलका सदस्यहरू छातीभरि पदक भिरेर गएका थिए। त्यसपछि दिनहुँ स्वागत समारोहहरू भए। अधिकांश स्वागत समारोहहरू विभिन्न राजदूतहरूद्वारा आयोजित थिए। समारोहहरूमा दिइएका प्रशस्त चिया र लेमन जूशको सट्टा छ्याङ दिइएको भए मेरो अवस्था के हुने थियो भनी तेञ्जिङ छक्क परेर सोच्थे।

फर्कने बेलामा लण्डन एयरपोर्टमा तेञ्जिङलाई विदा दिन कर्णेल र श्रीमती हण्ट, मेजर र श्रीमती विलीलगायत अनेक ब्रिटिशहरू पुगे। ब्रिटिशहरूले तेञ्जिङलाई आनन्ददायक र सुरक्षित यात्राको शुभेच्छा दिँदै विदा दिए। ब्रिटिश दल र तेञ्जिङबीच अब कुनै मनमुटाउ थिएन। अभियानको अवधिभरि ब्रिटिश पर्वतारोहीहरूले आफूप्रति देखाएको सोहार्द्र र सहयोगको स्मरण गर्दै तेञ्जिङ सपरिवार स्वीजरल्याण्डतिर उड़े। उनीहरूसित तेञ्जिङका सचिव र सल्लाहकार लाकपा छिरिङ शेर्पा थिए। स्वीस फाउण्डेशन फर अल्पाइन रिसर्चको निमन्त्रणमा उनी दुइ साताको लागि

शेर्पाहरूलाई 'टाइगर' पदक १९३८ देखि दिन शुरू भयो।

१९३५ को एभरेष्ट अभियानको लागि एरिक शिप्टनले तेन्जिङ नोर्गे शेर्पालाई पनि छाने। त्यसपछिका प्रत्येक एभरेष्ट अभियान र अन्य विभिन्न पर्वत अभियानमा शेर्पाहरूको सहभागिता अनिवार्य थियो। आफ्ना अदम्य साहस, ईमान्दारी र महत्त्वाकांक्षाको कारण शेर्पाहरूले पर्वतारोही र भरिया दुवैको भूमिका सफलतापूर्वक निर्वाह गरे अनि विश्वविख्यात बने।

पर्वतारोहण शुरू भएको समयदेखि नै पाश्चात्य पर्वतारोहीहरूले, विशेष गरी ब्रिटिश, शेर्पाहरूको शारीरिक शक्तिको मुक्तकण्ठले प्रंशसा गर्दै आएका छन्। उनीहरूले शेर्पाहरूलाई उत्तम मानिस, उत्तम भरिया, उत्तम मित्र मान्दै आएका छन्। आफ्नो पुस्तक 'Twenty Years in the Himalayas' मा मेजर सी० जी० ब्रुशले लेखेका छन्–"*समतलका भारतीयहरू र नेपालीहरूभन्दा शेर्पाहरूले अतिशय जाड़ो खप्न सक्छन्। स्वजातीय न्यानो पोशाक र जुत्ता लाएर उनीहरू जस्तै विकट परिस्थितिसित पनि जुझ्न सदा तयार रहन्छन्।*"

हाँस्दै, गीत गाउँदै, ख्याल–ठट्टा गर्दै काम गर्ने शेर्पाहरूको चरित्र र मिजासको सराहना सबै पर्वतारोहीले गरेका छन्। सहनशील र विनोदी स्वभावका शेर्पाहरूको संगति आनन्ददायक हुन्छ भन्ने मन्तव्य सबै पर्वतारोहीले व्यक्त गरेका छन्। आफ्नो दोस्रो पुस्तक "Nothing Venture, Nothing Win" मा तेन्जिङ नोर्गे शेर्पाको प्रशंसा गर्दै सर एडमण्ड हिलेरीले लेखेका छन् – "I was impressed with his strength, his sound technique, and particularly his willingness to rush off on any variation I might suggest."

शेर्पाहरूले देखाएका उदारताका कथाहरू पनि अनेक छन्। अत्यधिक उँचाइमा पनि स्वयंलाई नभई नहुने अक्सिजन कुनै साहेबलाई चाहिँदा दिएका छन्। असाध्य जाड़ोमा पनि थरथर काम्दै आफ्नो कम्बल वा स्लीपिङ ब्याग जाड़ोले प्राण जान आँटेको साहेबलाई सुम्पेका छन्। आफूभन्दा दोबर उँचाइ र ओजन भएको साहेब बिमार हुँदा बोकेर हिउँको चिप्लो बाटोमा हिंड्ने बहादुर शेर्पाको गुणगान गर्न कसले बिर्सेला? K2 अभियान(१९३९) मा पासङ किकुलीको, चो ओयु अभियान (१९५९)मा छेवाङको, नंगा पर्वत अभियान (१९५०) मा आजीबा शेर्पाको र एभरेष्ट अभियान (१९७८) मा सुंगदरे शेर्पाको नाम पर्वतारोहणको इतिहासमा सुनको अक्षरले लेखिनेछ।

पर्वतारोहणमा सर्वप्रथम आफ्नो र शेर्पा जातिको नाम दर्ता गर्ने व्यक्ति थिए छितेन शेर्पा। १९२२ को दोस्रो एभरेष्ट अभियानमा मेजर ब्रुशले उनलाई लिएका थिए। १९२४ को एभरेष्ट अभियानमा हिउँले अन्धा हुन लागेका नोर्टनलाई बचाए। १९३० को कञ्चनजंगा अभियानमा उनको मृत्यु भएपछि स्मिथले लेखे, "हामीले

# जीवनको अर्को घुम्ती



दार्जीलिङ फर्कंदा दिल्लीमा एक दिन बस्ने कार्यक्रम थियो। तेन्जिङले भारतका राष्ट्रपति डा° राजेन्द्र प्रसादसित दर्शन भेट गरे। राष्ट्रपतिको आग्रहमा तेन्जिङले एभरेष्ट आरोहणपछिका आफ्नो सम्पूर्ण यात्राको कथा सुनाए अनि डा° राजेन्द्र प्रसादले तेन्जिङलाई भविष्यको लागि राम्रा सुझाउहरू दिए। त्यसपछि पण्डित नेहरूले उनलाई बोलाएर सबै प्रकारको सहायता दिने आश्वासन दिए।

तुङसुङको सानो काठको घरमा अब उपहार राख्ने ठाउँ थिएन भने परिवार कहाँ बस्ने? दार्जीलिङ पुगेको दिनदेखि नै तेन्जिङ सपरिवार एउटा होटलमा केही दिन बसे। त्यसपछि आफ्नो नयाँ घरको निर्माण नसिद्धिञ्जेल उनले एउटा फ्ल्याट बजारमा किराइमा लिए। एभरेष्ट अभियानका साथीहरू, दार्जीलिङका पुराना साथीहरू, प्रशंसकहरू र पत्रकारहरूको दिनहुँ घरमा आउजाउ भइरहन्थ्यो। स्वागत समारोह र अन्तर्वार्तामा तेन्जिङ खूबै व्यस्त रहे। अब उनी सामान्य व्यक्ति थिएनन्। उनलाई हेर्न जहाँ पनि मानिसको भीड़ लाग्थ्यो। शहरका बाटा र गल्लीहरूमा उनलाई एक्लै डुल्न मन पर्थ्यो तर त्यो अब सम्भव थिएन। यसर्थ कहिले काहीं उनी उज्यालो हुनअघि घरदेखि निस्केर शहर परिक्रमा गरी फर्कन्थे। पत्रकारहरूले पनि

स्वीजरल्याण्ड गइरहेका थिए। स्वीस फाउण्डेशनले १९५२ का दुइ एभेरष्ट अभियानको आयोजना गरेको थियो।

ज्यूरिकमा एक रात बिताएर भोलिपल्टदेखि तेन्जिङ पुराना साथीहरूसित स्वीजरल्याण्डका विभिन्न पर्वत हेर्न र चढ्न व्यस्त रहे। स्वीस फाउण्डेशनका अर्न्सट फ्यूज र उनकी पत्नीले सबै व्यवस्था मिलाइदिए औ प्रत्येक स्थलमा उनको साथ दिए। उनले सर्वप्रथम हेरेको र चढ्को पर्वत सेमिलिस्टक नामक चट्टानको शिखर थियो। जंगफ्रउको शिखरमा चढ्दा रेमण्ड ल्याम्बर्ट पनि थिए। त्यति बेला दुवैजनाको मनमा एउटै विचार थियो: ''आजजस्तै अलिक असल मौसम भए औ भाग्यले साथ दिएको भए हामी दुवैजना एकसाथ एभरेष्टको शिखर चढ्न सक्ने थियौं।''

उनले प्रसिद्ध आल्प्स पनि चढे। फ्रान्सको सीमान्त इलाका च्यामोनिक्समा ल्योन्स अभियानका अनेक साथीहरू भेटे जोसित मिलेर १९५१ मा उनी नन्दा देवी चढ्न सफल भएका थिए। १९५० को अन्नपूर्ण अभियानको अधिनायक मरिस हेस्जोगसित पनि उनको भेट भयो। अभाग्यवश उनले मण्ट ब्ल्यांक केवल हेर्न सके, चढ्ने समय थिएन। स्वीजरल्याण्डका उपत्यकाहरू सोलुखुम्बुका उपत्यकाहरूजतिकै अग्ला र मन मोहक थिए। पुरुष, स्त्री, बूढ़ो, तन्हेरी र ससाना केटाकेटीसमेतले पर्वतारोहणमा रूचि लिएको देखेर उनी खुशी भए। तर च्यामोनिक्सको भीड़ देखेर त्यसलाई पर्वतको सट्टा रेलवे स्टेशन भन्न मन लाग्यो।

स्वीजरल्याण्डमा दुइ व्यस्त सातापछि साथीहरूदेखि विदा लिएर तेन्जिङ सपरिवार दार्जीलिङ फर्के। उनले १ मार्च १९५३ का दिन एभरेष्ट अभियानको लागि दार्जीलिङ छाड़ेका थिए औ अगस्टको पहिलो साता फर्किरहेका छन्। एभरेष्ट आरोहणले उनको जीवन सम्पूर्ण रूपले परिवर्तित गरेको थियो। महारानीहरू र प्रध ाान मन्त्रीहरूसित हात मिलाउनु र सँगै बसी खानपिन गर्न पाउनु सामान्य उपलब्धि थिएन। सारा विश्वले उनलाई चिन्यो तर उनी अझ पनि उही तेन्जिङ हुन्। घर फर्केपछि केही समय झन् अधिक स्वागत समारोह, अन्तर्वार्ता र नारा होलान् तर जीविका चलाउने कसरी?

प्रचुर परिमाणमा किनियो। भान्साकोठामा आवश्यक ठानिएका संख्याभन्दा अधिक आधुनिक सामग्री ल्याइए। सजावटको लागि तेन्जिङले विभिन्न अभियान र यात्रादेखि संग्रह गरिएका वस्तुहरू थिए अनि उपहारमा प्राप्त बहुमूल्य जिनिसहरूको पनि भरमार थियो। नयाँ घरको लागि घरमा जति सामान थिए त्यसलाई यथेष्ठ ठानेर तेन्जिङले आङ ल्हामूलाई भने, ''लौ अब भयो। यहाँदेखि बढ्ता सामान ल्याउनु हुँदैन।''

तेन्जिङले संग्रह गरेका असंख्य विरल सामानहरू देखेर मानिसहरूले टिप्पणी गरे, ''उसको घर अजायबघर भइसक्यो। यस्ता चीजहरू बटुल्न उसले छोड्नुपर्छ।''

नयाँ घर बनाउनमा पासाङ फुत्तर, अनेक साथी र अनेक आफन्तको सहयोग थियो। नयाँ घरमा तेन्जिङको परिवारबाहेक उनका दुइजना भाञी बस्थे जसले भान्सा घरमा र घरको सञ्चालनमा सघाउँथे। उनीहरूका आमाबाबु ल्हामू कीपा र लामा नावाङ ला तेन्जिङको पुरानो घरमा बस्न थाले। ल्हासादेखि ल्याइएको टेरियरको नाम घांगर राखिएको थियो औ अब त्यसका अनेक बच्चाहरू थिए।

टोंगा रोडमा अवस्थित नयाँ घरलाई तेन्जिङले 'घाङ–ला' नाम दिएका थिए। घरको वरिपरि प्रशस्त जमीन थियो। परम्परागत बौद्ध स्थापत्यकलामा निर्मित एउटा पुरानो तिब्बती बाकसमा तेन्जिङले पाएका पदक र पुरस्कार राखिए। कुनै विशिष्ट अतिथि घरमा आउँदा उनी ती पदक र पुरस्कार देखाउँथे। 'घाङ–ला' बनाउनको लागि एउटा समाचार पत्रले सिमेन्ट, काठ, गिलास र अन्य सामान दिएको थियो। अर्को समाचार पत्रले पनि घर बनाउनको लागि प्रशस्त धन संग्रह गरेको थियो। अपठ्यारो स्थितिमा परेर पण्डित नेहरूको परामर्श लिन उनी दिल्ली गए। पण्डित नेहरूले भने, ''तेन्जिङ, यति प्रशस्त धन संग्रह गरेर मानिसहरूले तिमीप्रति स्नेह दर्शाएका छन्। तर त्यो धन अनेक किसिमका मानिसले दिएको चन्दा हो। तिमीले त्यो धन घर बनाउनमा खर्च गर्छौ। तिमी बूढो भएपछि तिम्रो घर जनताको चन्दाले बनिएको हो' भन्न मानिसहरू हिच्किचाउने छैनन्। त्यसो भनेको खण्डमा तिमीले अपमानित महसूस गर्नेछौ। तिम्रो घर छँदैछ। यसैलाई आकर्षक बनाऊ। यसकारण यो चन्दाद्वारा उठेको धन स्वीकार नगर।''

पण्डित नेहरूको परामर्श उनलाई ठीक लाग्यो तर उनी समाचार पत्रका अधिकारीहरूको मन दुखाउन पनि चाहँदैनथे। यसकारण आफ्नो इच्छाको विरूद्ध उनले संग्रहित अगाध धनराशिबाट सानो अंश ग्रहण गरे अनि शेष धन शेर्पा ट्रष्ट फण्डको लागि राखे। उनी 'शेर्पा ट्रष्ट फण्ड' का अध्यक्ष थिए।

उनलाई अपठ्यारो स्थितिमा पार्थे। उनले भनेका कुराहरू बंग्याएर लेखिँदा अनि नभनेका कुराहरू पनि समाचार पत्रहरूमा प्रकाशित हुँदा उनी खूबै दु:खी हुन्थे।

तेन्जिङको आर्थिक स्थिति देखेर खुशी हुनेहरू असंख्य थिए भने उनको उन्नतिमा ईर्ष्या गर्नेहरूको संख्या पनि केही त थियो नै। एभरेष्ट अभियानको कथा दिएबापत यूनाइटेड प्रेसले उनलाई प्रशस्त धनराशि दिएको थियो। त्यो बाहेक असंख्य भारतीय संस्थाहरूले उनलाई उपहारस्वरूप प्रचुर धनराशि प्रदान गरे। त्यसो हुनाले उनको चन्द्रमा दाहिने भएको देखेर उनलाई अझ उन्नतिको शुभेच्छा दिने व्यक्तिहरू थिए तर ईर्ष्यालुहरूले यस्तो घटिया टिप्पणी गर्न पनि हिच्किचाएनन्: ''आजकल आङ ल्हामू पहिलेजस्ती छैन किनभने वर्षामा ओढ्ने उसको छाता छ।''



*श्री र श्रीमती तेन्जिङ नोर्गेसित श्री र श्रीमती तेन्जिङ ल्होडु शेर्पा*

तेन्जिङले आफ्ना सल्लाहकार लाकपा छिरिङ शेर्पासित सम्बन्ध विच्छेद गरेर उनको स्थानमा रवीन्द्र मित्रलाई नियुक्त गरे किनभने उनका भूतपूर्व सल्लाहकारको नियत उनलाई मन परेन। मित्रका उत्तम परामर्श औ निस्वार्थ र समर्पित सेवा तेन्जिङको जीवनलाई सुगम र सुखी बनाउनमा सहायक सिद्ध भए। कञ्चनजंगा स्पष्ट देख्न सकिने शहरदेखि केही टाढ़ो भिरालो ठाउँमा स्थित एउटा ठूलो पुरानो घर तेन्जिङले किनेका थिए। त्यो घरमा सर्नअघि घरको पूर्ण जीर्णोद्धार र आधुनिक ढंगको फर्निचरद्वारा सजावटलाई प्राथमिकता दिनुपर्नेथ्यो। असंख्य अंग्रेज परिवारमा आयाहको काम गरिसकेकी आङ ल्हामूको सुझाउअनुसार पाश्चात्य ढंगको फर्निचर

सम्बन्ध राम्रो छैन जसको फलस्वरूप तेन्जिङ निमन्त्रण अस्वीकार गर्न वाध्य भए। केही समयपछि अमेरिकी राजदूत जर्ज एलेन उनलाई दार्जीलिङमा भेट्न आउँदा उनले आफ्नो अस्वीकृतिका सही कारण स्पष्ट बताए। दोस्रोपल्ट जर्ज एलेन तेन्जिङलाई नेशनल ज्योग्राफिक सोसाइटीको हब्बार्ड मेडल प्रदान गर्न दार्जीलिङ आए।

एभरेष्ट अभियानबाट फर्केपछि उनले आराम कहिल्यै पाएनन्। प्रायः एक वर्ष उनी अत्यधिक व्यस्त रहे। नयाँ अभियानहरूका अनेक निमन्त्रण उनले पाए तर कुनै पनि निमन्त्रण स्वीकार गर्न उनी सक्तैनथे। एउटा ब्रिटिश–भारतीय दल एभरेष्ट क्षेत्रमा येतिको खोजीमा गइरहेको थियो। त्यो दलमा सामेल हुने उनको ठूलो इच्छा थियो तर अड्चनहरू अनेक थिए। अत्यधिक दौड़धूपको कारण उनको शरीरको ओजन प्रायः बाह्र किलोग्राम घटेको थियो। यस्तो अवस्थामा उनले बम्बई र दिल्लीमा 'द कंक्वेस्ट अव् एभरेष्ट' फिल्मको प्रिमियर शोमा जानैपर्ने भयो। तर बम्बईमा उनी जरोले निस्लोट भए। पश्चिम बंगालका मुख्य मन्त्री डा॰ बी॰ सी॰ रायको सुझाउअनुसार यात्रा रद्द गरेर उनी घर फर्के। उनलाई पूर्ण आरामको आवश्यकता थियो। आरामको अवधिभरि उनी आफ्नो आत्मकथा लेखाउन व्यस्त रहे। उनको स्वास्थ्यमा विस्तारै सुधार हुन थाल्यो।

२९ मई १९५४ का दिन एभरेष्ट आरोहणको वार्षिकोत्सवको उपलक्ष्यमा दार्जीलिङमा 'द कंक्वेस्ट अव् एभरेष्ट' को प्रदर्शनी तय भयो। प्रायः त्यही दिन मकालु २ को अभियानमा गएका सर एडमण्ड हिल्लेरी बाटामा बिमार भए भन्ने खबर नेपालदेखि आयो। फिल्म शुरू हुनअघि तेन्जिङले दर्शकवृन्दलाई भने, ''मेरा मित्र हिल्लेरी अस्वस्थ छन् र म साह्रै दुःखी छु। अहिले खुशी नमनाएर उनी चाँड़ो स्वस्थ होऊन् भनी प्रार्थना गर्ने समय हो। एभरेष्ट आरोहण दलको उपलब्धि हो। एभरेष्ट विजयमा मलाई साथ दिने मित्रलाई म शुभेच्छा पठाउँछु।''

जीवन–स्तरमा बढोत्तरी भएपछि दुइ छोरी पेमपेम र निमालाई उनले दार्जीलिङको लरेटो कन्भेण्टमा भर्ना गराए। स्वयं अंग्रेजी सिक्नलाई उनले एउटा लिंग्वाफोन किने। उनले अंग्रेजी बोल्ने कलामा निकै दक्षता प्राप्त गरे।

दार्जीलिङ फर्केपछि उनलाई भारतका विभिन्न स्थान अनि बर्मा र श्रीलंकादेखि निमन्त्रण आए तर उनले बर्मा र श्रीलंकाका निमन्त्रण स्वीकार गर्न सकेनन्। उनी गएका भारतका विभिन्न स्थानहरूमा दिल्ली, कलकत्ता, बम्बई, मद्रास र पञ्जाब प्रमुख थिए। जतातते मानिसहरूका भव्य स्वागत र सत्कार देखेर उनी खूबै खुशी भए तर केही स्थानका घटना र अनुभवको उनले अपेक्षा गरेका थिएनन्। मानिसहरू उनीबाट एभरेष्टको शिखरमा भएका अलौकिक घटनाहरू सुन्न चाहन्थे तर त्यस्ता फिजूल र उटपटाङ प्रश्नको उनीसित उत्तर थिएन। धेरैजना उनलाई छुन चाहन्थे किनभने उनलाई छोएर उनीहरूको बिमारी निको हुनेछ भन्ने उनीहरूको विश्वास थियो। कैयन्ले उनलाई दोस्रो बुद्ध अथवा शिवको अवतार सम्झे। मद्रासमा हातमा कपूर बत्ती लिएर आएका केही वृद्धाहरू मुख भूइँमा पारेर उनको अघिल्तिर पसारिए। उनले ती महिलाहरूलाई विस्तार उठ्नमा मदत गरे औ उनीहरूसित दयापूर्वक बातचीत गरे।

पैसा कमाउने उनले अनेक अवसर पाएका थिए। महाराज हुने सौभाग्य नभए तापनि आफूलाई चाहिए जति धन कमाउन उनी सक्थे। यूनाइटेड प्रेसको पारिश्रमिक,असंख्य् नगर र संस्थाहरूबाट प्राप्त उपहारबाहेक अनेक व्यापारिक संस्थाहरू पर्याप्त धन दिन तयार भए। तर दुइवटा व्यापारिक संस्था मात्रको प्रस्ताव उनले स्वीकारे। उनले एभरेष्ट शिखरको केहीमुन्तिर ढुंगाहरू टिपेका थिए। यो कुराको जानकारी प्रेसलाई दिएपछि ती जिनिसहरू स्मृतिचिन्हको रूपमा राख्न चाहने व्यक्तिहरूले उनलाई प्रशस्त धन दिन चाहे तर उनी मानेनन्। उनले केही ढुंगा र नमूना पण्डित नेहरूलाई दिए अनि बाँकी आफूसित राखे।

१९५४ को शुरूमा उनको घर धमाधम बनिँदै थियो औ हिमालयन माउण्टेनियरिङ इन्स्टिटय्यूटको पूर्वाधार तयार हुँदै थियो। त्यति बेला ग्रीसका प्रिन्स पिटरले उनलाई न्यूयोर्क एक्सप्लोरर्स क्लबको पक्षमा यूनाइटेड स्टेट्समा निम्त्याए। उनीसित जाने अन्य व्यक्तिहरूको खर्च बेहोर्न एक्सप्लोरर्स क्लब तयार थिएन। यी सब कारणले गर्दा अमेरिकाको निमन्त्रण उनले अस्वीकार गरे। कारण नितान्त व्यक्तिगत थियो तर केही मानिसले त्यसको गलत अर्थ लाए। उनीहरूको भनाइअनुसार अमेरिकाले पाकिस्तानलाई सामरिक सहायता दिएको हुनाले अमेरिका र भारतको



*भारतका राष्ट्रपति डा॰ सर्वपल्ली राधा कृष्णनसित एच॰ एम॰ आई॰ का अधिकारीवर्ग*

ग्लाटहार्डले मेजर जयाल र तेञ्जिङको सहयोगमा इन्स्टिट्यूटबारे एउटा विस्तृत दस्तावेज तयार पारेर कलकत्ता पठाए। इन्स्टिट्यूटको सञ्चालन शुरू गर्नअघि मेजर जयाल र तेञ्जिङलाई उच्च आरोहण प्रविधिको प्रशिक्षण र छः जना शेर्पाहरूलाई प्रशिक्षकको प्रशिक्षण लिन स्वीजरल्याण्ड पठाउने निर्णय भयो। तेञ्जिङले एच॰ एम॰ आई॰ का इन्सट्रक्टर पदका निम्ति छः जना अनुभवी शेर्पा पर्वतारोहीहरूको चयन गरे।

ती थिए–आङ थार्के, ग्याल्जेन मिकचेन, दा नामग्याल, आङ तेम्बा, नावाङ गोम्बु र नावाङ तोपगे।

नवम्बर १९५४ मा एच॰ एम॰ आई॰ को उद्घाटन हुनुपर्ने अनि त्यसअघि स्वीजरल्याण्डमा प्रशिक्षण लिनुपर्ने तय भइसकेको हुनाले तेञ्जिङले १९५३ को अन्तमा नै सोलुखुम्बु जाने योजना बनाए। उनी पेमपेम र निमासित २५ दिसम्बरका दिन दार्जीलिङदेखि हिंड़े। उनले दुइ छोरीलाई थ्याङबुचे गुम्बालगायत ससाना गुम्बाहरू देखाए अनि १९५३ अभियानको बेस क्याम्पसम्म पुऱ्याए। घर फर्कंदा उनले आफ्नी चौरासी वर्षीया आमा किन्जोमलाई दार्जीलिङ ल्याए। घरदेखि जीवनमा पहिलो चोटि विदेश गइरहेकी आमाले जयनगरमा ट्रेन देखिन्। वेटिङ रूममा निकै बेर बस्नुपऱ्यो। ट्रेन हिंड़ेर निकै पर पुगेपछि वेटिङ रूमको अघिल्तिरको रूख अदृश्य हुँदा आमाले सोधिन्, ''तेञ्जिङ, अघि देखिएको रूख के भयो?''

बोज्यूको अनौठो प्रश्न सुनेर दुइ नातिनी खित्का छाड़ेर हाँसे। उनीहरूसितै हाँसे तेञ्जिङ पनि र आमालाई रेलबारे बताए। आमाले छक्क पर्दै भनिन्, ''एक ठाउँदेखि अर्को ठाउँ हिंड़ने घर मैले जीवनमा पहिलोपल्ट देखेकी हुँ।''

# (हिमालयन माउण्टेनियरिङ इन्स्टिटट्यूट)



एभरेष्ट ओराहणको लगत्तैपछि काठमाडौंमा स्वागत समारोह र अन्तर्वार्ताहरूमा तेन्जिङ व्यस्त हुँदा उनका मित्र रवीन्द्रनाथ मित्रले पश्चिम बंगालका मुख्य मन्त्री डा० बी० सी० रायलाई एउटा पत्रद्वारा भारतमा एउटा पर्वतारोहण प्रशिक्षण केन्द्रको स्थापना हुनुपर्छ औ यसका प्रमुखको रूपमा तेन्जिङ नोर्गे शेर्पा नियुक्त गरियोस् भनी सुझाउ दिएका थिए। डा० रायले मित्रको सुझाउ मन पराएर दार्जीलिङ आउँदा तेन्जिङसित कुरा गरे। दुवैजनाको सल्लाहमा प्रशिक्षण केन्द्रको नाम 'हिमालयन माउण्टेनियरिङ इन्स्टिटट्यूट' राखिने भयो। पण्डित नेहरू र डा० रायले यस विषयमाथि लामो विचार विमर्श गरे। भारतीयहरूलाई विभिन्न पर्वत र तिनका सौन्दर्यसित अवगत गराउनु, विभिन्न हिमाली समुदायहरूसित उनीहरूको सम्पर्क स्थापित गर्नु अनि प्रशिक्षणार्थीहरूलाई पर्वतहरूका भूगोल, भूविज्ञान, वनस्पति विज्ञान र मौसम विज्ञान सिकाउनु यो प्रशिक्षणको पाठ्य–तालिका हुनुपर्छ–ती दुइ शीर्ष नेताहरूको विचार थियो। दिल्लीको भेटघाटमा पण्डित नेहरूले तेन्जिङलाई भने, "हामी हिमालयन माउण्टेनियरिङ इन्स्टिटट्यूट शुरू गर्नेछौं। तपाईं फिल्ड ट्रेनिङका डाइरेक्टर हुनुहुनेछ। तपाईंको नाम तेन्जिङ हो। तपाईंले यहाँबाट एक हजार तेन्जिङ निकाल्नुहोस्। तपाईंले अधिकभन्दा अधिक मानिसलाई प्रशिक्षण दिनुहुनेछ।"

इन्स्टिटट्यूटका प्रशासन प्रमुखको रूपमा मेजर एन० डी० जयाल नियुक्त भए। उनको पदनाम 'प्रिन्सिपल' राखियो। स्वीजरल्याण्डदेखि आर्नोल्ड ग्लाटहार्ड अक्टोबरमा दार्जीलिङ आए अनि मेजर जयाल र तेन्जिङसित प्रशिक्षणका लागि सिक्किमका रातोङ र काब्रुको छेउको क्षेत्र सर्वेक्षण गर्न गए। त्यहाँदेखि फर्केर

एच० एम० आईं०ले त्यही महीनादेखि बेसिक कोर्स शुरू गऱ्यो। शुरूमा अठाह्रजना पुरुष विद्यार्थी थिए। प्रत्येक विद्यार्थीले छः साताको लागि ४०० रू० तिरेर बस्ने, खाने, स्वास्थ्य चिकित्सा, लुगा र सामान, आदि सुविधा पाउँथे। उनीहरूको पाठ्य–तालिका स्वीसहरूले बनाएका थिए जसमा मौसम विज्ञान, भूविज्ञान, मानचित्र कला, भूगोल, फोटो खिँच्ने कला, पर्वतारोहणको इतिहास र स्वास्थ्य विज्ञान समाविष्ट छन्। प्रतिदिन छेउछाउका सजिला चट्टानहरूमा दुइ घण्टासम्म चट्टान आरोहणको प्रशिक्षण दिइन्छ। त्यसपछि विद्यार्थीहरूले पैंतीस पौण्डको भारी बोकेर एकपल्टमा प्रायः आठ किलोमिटर उकालो–ओह्रालो हिंड्नुपर्छ।



*१९७२ मा न्यूजील्याण्डदेखि फर्केपछि तेन्जिङको सम्मानमा सांस्कृतिक कार्यक्रम*

प्रथम सातामा सिक्नुपर्ने अनेक कामहरूमध्ये माउण्टेन बूट लाएर हिंड्नमा अभ्यस्त हुनु एउटा हो। आठ दिनसम्म हिंडेर बेस क्याम्प पुग्नु बुनियादी प्रशिक्षणको अंग हो। यात्रा शुरू हुनअघि जानुपर्ने क्षेत्रका भौगोलिक बनावट, इतिहास र परम्पराको जानकारी विद्यार्थीहरूलाई सिकाइन्छ। प्रत्येक दिन प्रत्येक विद्यार्थीले आफ्नो स्लीपिङ ब्याग, आरोहण उपकरण र व्यक्तिगत सामान मिलाएर प्रायः साठी पौण्ड वा तीस किलोग्रामको भारी बोकेर हिंड्नुपर्दछ। दश हजार फीटको उँचाइसम्म पुगेपछि उँचाइसित अभ्यस्त गराउन विद्यार्थीहरूलाई त्यहीं दिनभरि राखिन्छ। उनीहरूको लागि एउटा सैनिक डाक्टर तैनाथ गरिएको हुन्छ। दिनभरि दश हजार फीटको उँचाइमा हुँदा विद्यार्थीहरूले लेकचर सुन्नबहेक उकालो–ओह्रालो हिंड्ने अभ्यास र चट्टान आरोहणको अभ्यास गर्नुपर्दछ। त्यहाँदेखि बाह्र हजार फीटको उँचाइमा पुगेर विद्यार्थीहरू दुइ दिन विश्राम लिन्छन्। त्यो दुइ दिनभित्र उनीहरूले त्यहाँको हावापानीसित अभ्यस्त हुने अवसर पाउँछन्। दुइ दिनपछि उनीहरूलाई पन्ध्र हजार फीटको उँचाइमा अवस्थित बेस क्याम्प लगिन्छ। दुइ सातासम्म बेस क्याम्पको वरिपरिका चट्टान र हिमाच्छादित पर्वतहरूमा विद्यार्थीहरूलाई आरोहणको प्रशिक्षण



आङ थार्के

स्वीजरल्याण्डको रोजेनलाउइमा पवतारोहणको प्रशिक्षण लिनअघि मेजर जयाल र तेन्जिङले च्याम्पेक्समा गाइडको सर्टिफिकेट कोर्स गर्नुपर्छ भनेर स्वीस अधिकारीहरूले योजना बनाएका थिए। यसर्थ ती दुइजनाले ४ जूनदेखि २७ जूनसम्म स्वीस अल्पाइन क्लबको तत्त्वावधानमा गाइड कोर्स गरे। उनीहरूबाहेक चालीस/पचासजना स्वीस प्रशिक्षणार्थीहरू थिए। धेरै वर्ष पर्वतारोहणसित संलग्न भएकाले तेन्जिङले पर्वतारोहणको प्रविधिहरू राम्ररी जानिसकेका थिए तर उनलाई चट्टान आरोहणको अनुभव थोरै थियो। छः जना शेर्पा इन्सट्रक्टरलगायत मेजर जयाल र तेन्जिङले आधुनिक उपकरणको प्रयोग, चट्टान र हिउँमा डोरी बाँध्ने विधि,कार्निस र हिम–स्खलनदेखि जोगिने उपायबाहेक पर्वतारोहणको प्रत्येक अत्यावश्यक प्रविधि जान्ने अवसर पाए। सामान्य प्रशिक्षण र रिफ्रेशर कोर्स सिध्याएर फर्कंदा उनीहरूलाई स्वीस फाउण्डेशनले एच॰ एम॰ आई॰लाई चाहिने प्रत्येक वस्तुका पच्चीस सेट दियो। खाद्य–सामग्रीहरूबाहेक भान्साघरको उपकरणसमेत स्वीस फाउण्डेशनले प्रदान गर्‍यो।

१४ नवम्बर १९५४ का दिन भारतका प्रधान मन्त्री पण्डित जवाहरलाल नेहरूले एच॰ एम॰ आई॰ को विधिवत् उद्‌घाटन गरे। आरम्भमा एच॰ एम॰ आइ॰को लेबोङ कार्ट रोडमा अवस्थित सिस्टर निवेदिता हाउस (राय भिल्ला) मा सञ्चालन भयो। सञ्चालनका निम्ति पदाधिकारीहरू नियुक्त भएका थिए। तेन्जिङ नोर्गे शेर्पा फिल्ड ट्रेनिङका डाइरेक्टर भए। प्रिन्सिपल अथवा प्रशासकको पदभार मेजर एन॰ डी॰ जयालले सम्हाले। इन्सट्रक्टर वा प्रशिक्षकका पदमा आसीन भए आङ थार्के, ग्याल्छेन मिकचेन, दा नामग्याल, नावाङ गोम्बु र नावाङ तोपगे। तीबाहेक अन्य काम सम्हानलाई एउटा स्टोरकीपर र चार–पाँचजना चौथो श्रेणीका कर्मचारी नियुक्त भएका थिए।

# एच॰ एम॰ आई॰: इतिहास र उपलब्धि

*(एक झलक)*

| | | | |
|---|---|---|---|
| १. | १४ नवम्बर | १९५४ | पण्डित नेहरूद्वारा एच॰ एम॰ आई॰ को उद्घाटन |
| २. | नवम्बर | १९५४ | पहिलो बेसिक कोर्स (पुरूष) आरम्भ |
| ३. | जून | १९५५ | एडभान्स कोर्स (पुरूष) आरम्भ |
| ४. | जुलाई | १९५५ | कामेत (२५,४४७फीट) ओराहण, प्रथमपल्ट |
| ५. | नवम्बर | १९५५ | एच॰ अम॰ आई॰ राय भिल्लादेखि बर्च हिल सारियो |
| ६. | जुलाई | १९५६ | साक्याङ आरोहण, प्रथमपल्ट |
| ७. | मार्च | १९५८ | चो ओयु आरोहण, प्रथमपल्ट |
| ८. | अप्रेल | १९६२ | एडभान्सकोर्स (महिला) आरम्भ, फ्रे पिक (२०,०००फीट) आरोहण |
| ९. | नवम्बर | १९६२ | राथोङ पिक (६६७९फीट) आरोहण |
| १०. | १ मई | १९६३ | नावाङ गोम्बुद्वारा एभरेष्ट आरोहण |
| ११. | मई | १९६५ | प्रथम एडभेञ्चर कोर्स (पुरूष) आरम्भ |
| १२. | मई | १९६५ | एडमेञ्चर कोर्स (महिला) आरम्भ |
| १३. | मई | १९६५ | नावाङ गोम्बुद्वारा दोस्रोपल्ट एभरेष्ट आरोहण |
| १४. | मई | १९७६ | तेन्जिङ नोर्गेले डाइरेक्टर पददेखि अवकाश पाउँछन् |
| १५. | मई | १९८४ | दोर्जी ल्हाटू र बचिन्द्री पालद्वारा एभरेष्ट आरोहण दल नायक–कर्णेल डी॰ आर॰ खुल्लर (प्रिन्सिपल) |
| १६. | अप्रेल | १९८५ | कोर्स फर भिजुअल्ली ह्याण्डीक्याप्ड आरम्भ |
| १७. | ९ मई | १९८६ | तेन्जिङ नोर्गेको स्वर्गारोहण |
| १८. | सितम्बर | १९८६ | एम॰ ओ॰ आई॰ कोर्स आरम्भ |
| १९. | अक्टोबर | १९९१ | भारतका राष्ट्रपति श्री आर॰ भेंकटरमनद्वारा एच॰ एम॰ आई॰ परिदर्शन |
| २०. | मई | १९९३ | इन्सट्रक्टर निमा नर्बुद्वारा एभरेष्ट आरोहण |
| २१. | मई | १९९३ | कुसाङ शेर्पा र कुंगा भोटियाद्वारा एभरेष्ट ओराहण |
| २२. | | १९९६ | शेर्पा कफी हाउसको छेउमा तेन्जिङ नोर्गे शेर्पाको मूर्तिको अनावरण |
| २३. | | १९९९ | नावाङ गोम्बुले डाइरेक्टर पददेखि अवकाश पाउँछन्। |
| २४. | नवम्बर | २००२ | सत्रहौं नेशनल स्पोर्ट्स क्लाइम्बिङ कम्पिटिशन |
| २५. | मई | २००३ | एच॰ एम॰ आई॰ दलद्वारा एभरेष्ट आरोहण(नर्थ फेशबाट) |
| २६. | अप्रेल | २००६ | एच॰ एम॰ आई॰ दलद्वारा काब्रु नर्थ आरोहण |
| २७. | अक्टोबर | २००७ | एच॰ एम॰ आई॰ स्वर्ण जयन्ती |

दिइन्छ। त्यसपछि उनीहरू दार्जीलिङ फर्कन्छन्। तीस दिनको अवधिमा विद्यार्थीहरूले आफ्ना सामानहरू ठीकसित राख्ने, क्याम्प र क्याम्पवरिपरि सफा राख्ने, क्याम्प बनाउने–भत्काउने औ अन्य अनेक कामहरू सिक्छन्।

जून १९५५ देखि एच॰ एम॰ आई॰ ले बाह्रजना पुरुष विद्यार्थीसित एडभान्स कोर्स शुरू गस्यो। एडभान्स कोर्स बेसिक कोर्सदेखि सर्वथा भिन्नै हुन्छ। बेसिक कोर्समा प्रमाण पत्र पाउने विद्यार्थीलाई मात्र एडभान्स कोर्समा भर्ना गरिन्छ। दुइ महीनाव्यापी एडभान्स कोर्सले विद्यार्थीलाई अति योग्य पर्वतारोही बनाउँछ र ऊ संसारको कुनै पनि पर्वतारोहीसित प्रतिस्पर्धा गर्न सक्षम हुन्छ। जुलाई १९५५ मा मेजर जयालको नेतृत्वमा एच॰ एम॰ आई॰ दलले कामेत (२५,४४७फीट) आरोहण गस्यो। त्यो दलमा एडभान्स कोर्समा विद्यार्थी क्याप्टन जे॰ जी॰ डायस, क्याप्टन आर॰ के॰ मल्होत्रा, बंगाल स्यापर्सका दुइ विद्यार्थी औ पाँच शेर्पा इन्सट्रक्टर थिए।

नवम्बर १९५५ मा एच॰ एम॰ आई॰ राय भिल्लादेखि बर्च हिल सारियो जुन ग्लाटहार्डले चुनेका थिए।



एच॰ एम॰ आई॰ का प्रथम प्रशिक्षकहरू
देब्रेदेखि दाहिनेतिर–
दा नामगेल, फूर्बा शेर्पा, ग्याल्जेन, वाङदी शेर्पा, आङ तेम्बा

**एच॰ एम॰ आई॰ का अन्य आकर्षण हुन् :–**

**(क) सूवनिर शप–यहाँ विभिन्न प्रकारका स्मृतिचिन्ह, साहित्य, प्रस्पेक्टस, स्मारिका, आदि कम मूल्यमा पाइन्छ।**

**(ख) कल्चरल ग्यालेरी**

**(ग) एभरेष्ट ग्यालेरी**

**(घ) न्यू माउण्टेनियिरिङ म्यूजियम**

**(ङ) आर्टिफिशियल क्लाइम्बिङ वाल**

**(च) रेस्टुरेण्ट र टी पार्लर**

एच॰ एम॰ आई॰ महत्त्वपूर्ण पर्यटन केन्द्र हो। यहाँदेखि संसारको तेस्रो सर्वोच्च पर्वत कञ्चनजंगा (८,५८९मिटर) देखिन्छ। यो प्रशिक्षण केन्द्रबाट आजसम्म २५,००० विद्यार्थी प्रशिक्षित भइसकेका छन्। तीमध्ये १२०० विद्यार्थी विभिन्न देशका हुन्। एच॰ एम॰ आई॰ को प्रमाण–पत्रलाई संसारभरि मान्यता प्राप्त छ।

एच॰ एम॰ आई॰ को सबभन्दा मुख्य आकर्षण तेञ्जिङ नोर्गे स्वयं थिए। एच॰ एम॰ आई॰ परिसरमा होस् अथवा घरमा, उनलाई भेट्न सधैँ पर्यटकहरूको भीड़ लाग्थ्यो। कोही कार्यालयको ढोकामा उभिएर निर्निमेष उनलाई हेरिरहन्थे। कोही भित्रै पसेर उनीसित हात मिलाउन चाहन्थे। कोही उनीसित फोटो खिँचाउन चाहन्थे। कहिले काहीँ उनीसित फोटो खिँचाउन चाहने मानिसको भीड़ सम्हालिनु नसक्ने हुँदा उनी भागेर कफी हाउस वा छेउको कुनै स्टाफ क्वार्टरमा लुक्न पुग्थे। उनी गनगनाउँथे, ''जो पनि मसित फोटो खिँचाउन चाहन्छ। म चिड़ियाखानाको बाँदरजस्तै भइसकें।''

घरमा पनि पर्यटकहरू र दर्शनार्थीहरूको उतिकै भीड़ हुन्थ्यो। अत्यधिक भीड़मा ढोकादेखि भित्र पस्न नपाउनेहरू झ्यालदेखि भित्र पस्थे। कहिले काहीँ यस्तो स्थितिमा घरमा बाँधिएका ल्हासा टेरियर र भोटाङे आफ्नु मुक्त गर्न उनी वाध्य हुन्थे। वास्तवमा उनी सबै दर्शनार्थीसित हाँसेर, नम्र भएर, शिष्टतापूर्वक व्यवहार गर्थे। उनीहरूका सबै प्रश्नका उत्तर दिन्थे तर कसैले अपेक्षातीत अभद्र व्यवहार देखाएको खण्डमा उनको सहनशीलताको बाँध टुट्थ्यो। केही छिन उनी खूबै उदास हुन्थे तर लगत्तै उनी प्रफुल्लित मनस्थितिमा फर्कन्थे।

फिल्ड ट्रेनिङका डाइरेक्टरको रूपमा अधिकांश समय व्यस्त रहन्थे। विदेश भ्रमणका निमन्त्रणहरू उनी पाइरहन्थे। सबै देशमा उनको ठूलो माग थियो। यसरी उनी विदेश गइरहँदा एच॰ एम॰ आई॰ को काममा वाधा हुन्थ्यो र कतिपय विदेश

१९५४–१९७६ को अवधिमा फिल्ड ट्रेनिङका डाइरेक्टरको पदमा तेन्जिङ रहँदा ४,६२८ विद्यार्थी प्रशिक्षित भए–३,०२० (बेसिक कोर्स), ४९२ (एडभान्स कोर्स) र १,११६ (एडभेञर कोर्स)। सातजना प्रशिक्षणार्थीले १९६५ मा एभरेष्ट आरोहण गरे।

एच० एम० आई० का सबै प्रशिक्षक शेर्पा छन्। उनीहरू सुशिक्षित छन् अनि अंग्रेजी, नेपाली, शेर्पा, हिन्दीबाहेक तिब्बती, सिक्किमे र बंगाली भाषा जान्दछन्। एच० एम० आई० सित संलग्न शेर्पा क्लाइम्बर्स एशोशियसन १९६३ मा स्थापित भएको हो। पण्डित नेहरूको सिफारिशमा यसको स्थापना भएको थियो औ यो सरकारद्वारा मान्यताप्राप्त संस्था हो। तेन्जिङ यो संस्थाका आजीवन अध्यक्ष थिए।

एच० एम० आई० को माउण्टेनियरिङ म्यूजियम १९५७ मा स्थापित भएको थियो। पर्वतारोहणका प्रशिक्षणार्थीहरू र शोधकार्यमा लागेका विद्वानहरूको लागि यो म्यूजियम शैक्षिक र अनुसन्धान केन्द्र हो।

यो म्यूजियममा १८५२ ई० देखि शुरू भएको एभरेष्ट अभियानको कालक्रमिक इतिहास, मोडल, चित्र, मूर्ति, पाण्डुलिपि, फोटो, अटोग्राफ, पुस्तक, प्रसिद्ध पर्वतारोहीहरूले प्रयोग गरेका उपकरण अनि पार्वतीय लोकका पोशाक र सांस्कृतिक वस्तुहरूको अमूल्य संग्रह छ। ती मध्ये महत्त्वपूर्ण छन्–

१. दलाई लामाद्वारा प्रथम ब्रिटिश अभियान दललाई २० दिसम्बर १९२० मा प्रदान गरिएको अनुमति पत्रको प्रतिलिपि।
२. थम्बु (सिक्किम) स्थित डाक बंगालाको रेजिस्टर जसमा १९२१ देखिका विभिन्न विश्वविख्यात पर्वतारोहीहरूको हस्ताक्षर छ। त्यति बेला नेपाल र तिब्बतबाट पर्वतारोहणको अनुमति पाइँदैन थियो।
३. १९२४ को विवादास्पद एभरेष्ट अभियानमा म्याल्लोरी र इर्विनद्वारा प्रयोग गरिएका उपकरण, हस्ताक्षर र महत्त्वपूर्ण दस्तावेज।
४. १९५३ को एभरेष्ट अभियानमा तेन्जिङ, सर जोन हण्ट र सर एडमण्ड हिल्लेरीले प्रयोग गरेका उपकरण।
५. १९६३ र १९६५ को एभरेष्ट अभियानमा नावाङ गोम्बुले प्रयोग गरेका उपकरण।
६. जनरल शभशेर जंग बहादुर राणाले जुलाई १९६१ का दिन उपहार दिएको शक्तिशाली दूरवीन। यो दूरवीन उनका पिता कमाण्डर–इन–चीफ महाराजा युद्ध शमशेर जंग बहादुर राणालाई एडोल्फ हिटलरले उपहार दिएका थिए। खगोल निरीक्षण गर्न सक्ने यो दूरवीनको नाम हो **(Veb Cal Zeiss Jena telescope)**

यसरी एक दुइ गर्दै चार वर्ष बिते। मई १९७६देखि डाइरेक्टर अव् फिल्ड ट्रेनिङको पददेखि उनले अवकांश लिए। डिपुटी डाइरेक्टर नावाङ गोम्बुलाई पदोन्नति दिइयो।

उनलाई डाइरेक्टरको पदमा नियुक्त गर्दा पण्डित नेहरू र डा॰ बी॰ सी॰ रायले मौखिक आश्वासन दिएका थिए, ''तपाईंले चाहनुभएको खण्डमा यो तपाईंको आजीवन नोकरी हो। यदि तपाईं अवकाश लिन चाहनुहुन्छ भने पनि तपाईंले आजीवन तलब पाउनुहुनेछ।''

पण्डित नेहरू र डा॰ रायको निधन क्रमशः १९६४ र १९६२ मा भयो। त्यसपछि एच॰ एम॰ आई॰ ले सरकारी नियमअनुसार काम गर्‍यो। उनी अवकाश लिन विवश भए तर विडम्वना के थियो भने उनलाई अन्य कर्मचारीहरूलाई जस्तै पेन्शन दिइएन। आरम्भदेखि अन्तसम्म उनको वेतनमालामा वार्षिक वेतन–वृद्धिको प्रावधान थिएन। उनलाई सरकारले न घरको व्यवस्था गर्‍यो, न घर भत्ता दियो। उनी स्वयंले वेतन वृद्धि र घर–भत्ताबारे सरकारसित केही माग गरेनन्। गुनासो गर्ने उनको स्वभाव थिएन। उनलाई एच॰ एम॰ आई॰ का सल्लाहकार बनाइयो। उनी मानसिक रूपले अवकाश लिन तयार थिएनन् तर त्यो गर्नबाहेक उनीसित अरू उपाय पनि थिएन। उनले सल्लाहकारको पद लिन नचाहेर पनि उनी बेरोजगार रहने थिएनन्। उनी विभिन्न अभियानमा सहभागी हुन समर्थ थिए। दार्जीलिङमा नबसेर सोलु खुम्बुमा गएर पनि त्यहाँ एच॰ एम॰ आई॰ जस्तै सानो स्कूल उनी खोल्न चाहन्थे। उनको योजनाअनुसार बीसजना विद्यार्थी राख्न सकिने सामान्य घरहरू लुकलाको वरिपरि बनाएर, कम सुविधा प्रदान गरेर पनि उनी शेर्पा युवकवर्ग र सोलुखुम्बुलाई विकासको बाटोमा लैजान सक्थे। काठमाडौंदेखि हावाजहाजद्वारा सोलखुम्बु पुग्न पैंतीस मिनट लाग्छ अनि एभरेष्ट बेस क्याम्पदेखि हिंड़ेर चार दिनमा पुगिन्छ। सोलुखुम्बुका शेर्पाहरू नोकरीको खोजीमा काठमाड़ौं र दार्जीलिङतिर लाग्ने गर्थे। त्यसको फलस्वरूप खेतीपातीदेखि उनीहरूको ध्यान जीविकाका अन्य साधनतिर गइरहेको थियो। खेतीपातीको परम्परा लुप्त नहोस् अनि किसानको संख्यामा ह्रास नआओस् किनभने खेतीपातीले नै सोलुखुम्बुका शेर्पाहरूलाई एकताको सूत्रमा बाँध्न सकेको थियो भन्ने तेञ्जिङको विचार थियो।

सोलुखुम्बुका शेर्पाहरूको गुनासो थियो कि तेञ्जिङले नेपाल छोड़ेर भारतीय नागरिकता लिए औ सोलुखुम्बु र त्यहाँका शेर्पाहरूको लागि केही गरेनन्। उनीहरूको त्यो गुनासोलाई आधारहीन बनाउने तेञ्जिङसित सबल बूँदाहरू थिए। रोजगारको खोजीमा उनी दार्जीलिङ आएका थिए र दार्जीलिङ उनको कर्मभूमि भयो। एच॰

भ्रमणको लागि उनलाई सरकारी अनुमति दिइँदैनथ्यो अनि उनी साह्रै दुःखी हुन्थे। तापनि वर्षमा कमसे कम एक चोटि उनले विदेश भ्रमण गर्ने अवसर पाउँथे। विदेश भ्रमणमा उनले प्रायः बाह्रवटा वक्तव्य दिए। एक्सप्लोरर्स क्लबद्वारा लस एञ्जेल्समा आयोजित कार्यक्रममा उनीसित अर्को वार्ताकार थिए अन्तरिक्ष यात्री बिल एण्डर्स। उनको वार्ता खूबै सफल भएको थियो।

१९७२ मा न्यूजील्याण्डबाट उनलाई सर एडमण्ड हिलेरीको निमंत्रण आयो। शेर्पा क्षेत्रमा स्कूल र अस्पताल निर्माण गर्ने ध्येयले हिलेरीले हिमालयन ट्रस्ट गठन गरेका थिए। हिमालयन ट्रस्टलाई प्रशस्त धनराशिको आवश्यकता थियो। यसकारण हिलेरीले तेन्जिङलाई त्यो ट्रस्टको पक्षमा चन्दा संग्रह गर्न निम्त्याएका थिए। न्यूजील्याण्डका विभिन्न ठाउँमा वार्ताहरू प्रस्तुत गर्दै हिलेरी र तेन्जिङले १४,००० पौण्ड संग्रह गरे। हिलेरीले छोटा–मीठा वक्तव्यहरू राखे। तेन्जिङले कतै बोल्नुपरेन। 'द कंक्वेस्ट अव् एभरेष्ट' फिल्म देखाएपछि स्टेजमा उभिनुपर्थ्यो।

हिलेरीले आफ्नो घर न्यूजील्याण्डवासीहरूले जस्तै नबनाएर तिब्बती गुम्बाजस्तै बनाएका थिए। उनीहरूले वेलिङ्गटनमा न्यूजील्याण्डका प्रधान मन्त्रीसित दर्शन भेट गरे। उनीहरूको दिउँसोको भोजन भारतीय दूतावासमा थियो।

अन्तमा क्विन्सटाउनमा दुइ दिन बसेर तेन्जिङ र दाकु अमेरिका गए। त्यहाँदेखि दार्जीलिङ फर्कंदा छोरी निमालाई भेट्न उनीहरूले हङकङ जाने योजना बनाएका थिए। छोरी निमा एउटा प्रख्यात चिया कम्पनीमा सेवारत थिइन्। उनले 'एशिया म्यागजिन' का कला निदेशक नोले केलाङसित बिहे गरेकी थिइन्। उनीहरूको एउटा छोरा थियो। तेन्जिङ संसारका अनेक महानगर पुगे। तीमध्ये उल्लेखनीय छन् लण्डन, न्यूयोर्क, मस्को, जेनेभा, ज्यूरिक, कोपेनहेगेन, रोम, दिल्ली, लस एञ्जेल्स, सन फ्रान्सिस्को, सिडनी, अकल्याण्ड, लेनिनग्राड। उनले विदेशका अनेक पर्वतहरू देखे तर ती पर्वतहरू दार्जीलिङ, खुम्बु र हिमालयका पर्वतजतिकै लोमहर्षक छैनन् भन्ने उनको विचार थियो।

तेन्जिङ १९७२ मा अवकाश लिन चाहन्थे। बीस वर्षमा एच० एम० आई० एउटा अति सुव्यवस्थित स्कूल भइसकेको थियो। सुयोग्य प्रशिक्षकहरूको समूहबाट कुनै पनि व्यक्ति उनको पदमा आसीन हुन समर्थ थिए। आफ्नो पदभार सम्हाल्न उनको शारीरिक र मानसिक क्षमता अझ पनि थियो। आफ्नो काममा पनि उनी त्यतिकै समर्पित थिए तापनि अवकाश प्राप्त गर्न नै आफ्नो हितमा छ भन्ने उनलाई लाग्थ्यो तर कर्मचारी र हितैषीहरूले उनलाई अझ एक वर्ष काम गर्ने आग्रह गरे।

एम० आई० का धेरैजनालाई ती दुइजनाको सम्बन्धबारे थाह थियो। यस्तै बेलामा एक दिन आङ ल्हामूले भनिन् ''आप्पा, म अभागिनी छु। मैले तपाईंलाई एउटै सन्तान दिन सकिनँ। आफ्नो उत्तराधिकारीको रूपमा तपाईंलाई एउटा छोराको आवश्यकता छ। यसकारण तपाईंले अर्की स्वास्नी नल्याई हुँदैन। मैले मनले खाएकी चाहिँ दाकु नै हो। साली बिहे गर्दा केही हुँदैन।''

तेन्जिङले भने, ''स्वास्नी हुँदा हुँदै अर्की स्वास्नी ल्याउनु कानूनको विरूद्ध हो। मलाई बिहे गर्ने इच्छा पनि छैन। तिमीप्रतिको मेरो प्रेम म अर्की आइमाईसित बाँड्न सक्तिनँ।''

त्यो दिन कुरा त्यही टुँगियो। भोलिपल्ट आङ ल्हामूले बिहेको कुरा झिकिन् र आफ्ना पतिलाई बिहेको लागि मनाइछाड़िन्। आङ ल्हामू स्वयंले दाकुलाई फकाइन् र १९६१ मा दाकु तेन्जिङकी कान्छी पत्नी बन्न सहमत भइन्। बिहे गरेपछि दाकुले एच० एम० आई० मा बेसिक र एडभान्स कोर्स गरिन्। जेठा छोरा नर्बु जन्मनअघि उनी धेरै चोटि तेन्जिङसित पर्वतारोहणमा गइन्। उनी एक कुशल पर्वतारोही र कुशल वक्ताबाहेक हँसिली र स्पष्टवादी थिइन्। अमेरिका र नर्थ वेल्समा पनि उनले पर्वतारोहण गरिन्। उनको अगुवाइमा सिक्किम र नेपालका असंख्य दलगत भ्रमणहरू आयोजित हुन्थे। दाकुको जेठा छोरा नर्बु तेन्जिङ नोर्गेको जन्म भएपछि १९६३ मा हृदयाघातको कारण आङ ल्हामूको मृत्यु भयो।

दाकुका दुइजना भाइ पनि दार्जीलिङ आएका थिए। उनीहरूको भरण–पोषण र शिक्षाको दायित्व तेन्जिङले लिए। पढ़ाइ सिध्याएर उनीहरूलाई खुम्बु गई खेतीपाती गर्ने तेन्जिङले सुझाउ दिए तर उनीहरू दार्जीलिङ छोड़ेर जान मानेनन्।पछि एक भाइ एच० एम० आई० मा इन्सट्रक्टर भए। अर्कोलाई क्याप्टन एम० एस० कोहलीले इण्डो–टिबेटन बोर्डर पुलिसमा भर्ना गरे। दाकुका आमाबाबु र खेतीपाती हेर्नलाई एक भाइ खुम्बुमा बसे।

तेन्जिङको जीवनलाई तीन अध्यायमा विभाजित गर्न सकिन्छ। पहिलो अध्याय थियो खुम्बुको चरन भूमिमा चौरी गाईहरूसित बिताएको बाल्यकाल र दार्जीलिङतर्फ देशान्तरण। दोस्रो थियो एउटा महत्त्वाकांक्षी शेर्पा पर्वतारोहीको जीवन जुन एभरेष्ट विजयमा अन्त भयो र अन्तिम अध्याय थियो एभेरष्ट विजयपछि अनेक विदेश भ्रमण, एच० एम० आई० सित बिताएको व्यस्त समय र अवकाश प्राप्तिपछिको जीवन।

उनको निवास स्थान 'घाङ–ला' मा भ्रमणार्थीहरूको भीड़ लागिरहन्थ्यो। ती

एम० आई० को स्थापनापछि इन्सट्रक्टर पदको लागि सोलुखुम्बुका शेर्पाहरूलाई उनले प्राथमिकता दिए। उनकै सिफारिशमा एच० एम० आई० का इन्सट्रक्टर र शेर्पा प्रशिक्षणार्थीहरूलाई एभरेष्ट र अन्य पर्वतहरूको अभियानमा पठाउने काम भयो। सोलुखुम्बुका अनेक स्कूल, अस्पताल, एयरफिल्ड र बाटाघाटाको निर्माणको लागि उनले हिलेरीसित मिलेर प्रशस्त धन संग्रह गरे। उनले थामेको पूर्ख्यौली घर र जमीन छोड़ेनन्। त्यहाँ उनले आफ्ना बहिनी ज्वाइँलाई बस्न लाए। उनी आफ्नो परिवारलाई जति माया गर्थे, उतिकै माया उनी सोलुखुम्बु र शेर्पालाई गर्थे।

तेन्जिङले जे सोचेका थिए त्यो वास्तविकतामा परिणत हुन सकेन। एच० एम० आई० बाट अवकाश लिएपछि उनका विदेश–भ्रमण र वक्तव्य दिने क्रियाकलाप बन्द हुनेछन् भन्ने उनको विचार थियो। तर उनको जीवनको उत्तरार्धमा अनेक विदेश भ्रमण हुनेछन् भनी विधाताले लेखेको कुरा मेटिएन। अवकाश प्राप्त भएको केही समयपछि संसारका सबभन्दा धनी टूर ओपरेटर लार्स एरिक लिण्डब्लाड एक दिन उनको निवास स्थान 'घाङ–ला' पुगे। लिण्डब्लाडले पहिले आफ्नो परिचय दिएपछि आफ्नो प्रस्ताव तेन्जिङसमक्ष राखे। उनको प्रस्तावअनुसार दार्जीलिङमा एउटा ट्रेकिङ एण्ड टुरिङ कम्पनी शुरू गरेर तेन्जिङकै नायकत्वमा भ्रमण दल अफ्रिका, एन्टार्कटिका, इजिप्ट, चीन र संसारका अन्य मनोरम स्थानहरूमा पठाउनुपर्ने थियो। अनि तेन्जिङ हर्षित हुनुपर्ने कारण थियो उनलाई लिण्डब्लाडद्वारा प्रदान गरिएको कम्पनीमा बराबरको साझेदारी। कम्पनीमा उनले कुनै पूँजी लाउनुपरेन। लिण्डब्लाडले नियमित रूपमा भ्रमण दलहरू पठाइरहन्थे। यो ट्रेकिङ एण्ड टुरिङ कम्पनीको केन्द्रविन्दु तेन्जिङ भएकोले खूबै राम्रो व्यापार गर्‍यो। उनकी पत्नी दाकुले गाड़ी चलाउन सिकिन् किनभने कम्पनीको काम लिएर स्थानीय कार्यालयहरूतिर उनी गइरहनुपर्थ्यो। कम्पनी धेरै वर्ष खूबै राम्ररी सञ्चालन भएको हुनाले तेन्जिङ आफ्ना सबै छोराछोरीलाई अमेरिकाका कलेजहरूमा पढ़ाउन सक्षम भए।

दाकुको पूरा नाम दावा फुटी थियो। उनी खुम्बुको चिन्याक नामक गाउँदेखि दार्जीलिङ घुम्न आएकी थिइन्। आमाबाबुका छः जना छोराछोरीमा उनी एक थिइन्। शेर्पा कफी हाउसमन्तिरको एउटा घरमा उनी आफन्तसित बस्थिन्। केही दिनको बसाइपछि उनलाई दार्जीलिङ मन पर्‍यो र उनले दार्जीलिङलाई स्थायी बास बनाउने निर्णय लिइन्। आङ ल्हामूको माध्यमबाट दाकुसित तेन्जिङको परिचय भयो किनभने दाकु आङ ल्हामूकी आफन्त थिइन्। दाकुसित तेन्जिङको घनिष्टता बढ़दै गयो। एच०

मन्त्री राजीव गान्धी र सर एडमण्ड हिल्लेरीलगायत अनेक गण्यमान्य व्यक्ति उनलाई भेट्न गए। अधिक पीड़ा र असन्तुलित मनस्थितिको कारण उनी खूबै कम बोल्थे।

निको भएपछि उनले दिल्लीको सरकारी गेस्ट हाउसमा केही दिन बिताउने इच्छा व्यक्त गरे। अमेरिकामा पढ्न गइरहेका छोरा जामलिङ बाबुको अन्तिम दर्शन गर्न गेस्ट हाउस गए। विख्यात भारतीय पर्वतारोही कर्णेल 'बुल' कुमार र कमाण्डर जोगिन्दर सिँह तेन्जिङलाई भेट्न आएका थिए। उनले ती दुइ व्यक्तिसित जामलिङको परिचय गराइदिए। उनी जहिले पनि छोराछोरीलाई परिश्रमी, ईमानदार बन्ने उपदेश दिन्थे। उनले जामलिङलाई भने, ''नानी त्यो कलेज तिम्रो लागि नयाँ हो, त्यो विदेश हो। मलाई थाह छ तिमीले आफ्नो हेरचाह गर्न जान्दछौ। मलाई तिमीमाथि विश्वास छ।''

बाबुदेखि विदा लिँदा जामलिङको आँखामा आँसु थियो। बाबुसितको भेटलाई उनले अन्तिम भेट सम्झेका थिए।



आ ङ छिरिङ, नावाङ गोम्बु, नावाङ तोपगे

भ्रमणार्थीहरूमध्ये बंगालीहरूले उनलाई शिवको प्रतिरूप मानेर उनको खुट्टामा ढोग्थे। उनीहरूको विश्वासअनुसार एभरेष्ट शिवको बासस्थान हो र उनले शिवलाई देखे होलान्। बूढ़ो हुँदै र स्वास्थ्य बिग्रँदै गएपछि भ्रमणार्थीहरूदेखि उनी तर्कन चाहन्थे। अनेक भ्रमणार्थी उनको दर्शन गर्न नपाउँदा आँखाभरि आँसु पारी मुख्य फाटकलाई नमन गरेर फर्कन्थे। कहिले काहीँ बिहान उनी फूलबारीमा पानी हालिरहेको बेला भ्रमणार्थीहरू उनलाई सोध्थे, ''ए माली! तेन्जिङ साहेब घरमा छन् कि छैनन्?''

उनी ढाँट्थे, ''छैनन्। उनी बिहानै शहरतिर लागे।''

एभरेष्ट आरोहणपछि नेपाल, इंगल्याण्ड, भारत, फ्रान्स, इटली, रसिया र अमेरिकाजस्ता देशहरूबाहेक विश्वका अनेक प्रसिद्ध संस्थाहरूले तेन्जिङलाई उपाधि र पदकहरूद्वारा विभूषित पारे। तीमध्ये नेपाल तारा, जर्ज मेडल र पद्म भूषण सबभन्दा महत्त्वपूर्ण थिए। विश्वविख्यात राष्ट्रिय संस्थाहरूबाट प्राप्त दुइ पदक थिए रोयल ज्योग्राफिकल सोसाइटीको कल्लम मेडल र अमेरिकन नेशनल ज्योग्राफिकल सोसाइटीको हब्बार्ड मेडल। नर्थल्याण्ड कलेजले उनलाई अनरेरी पी॰ एच॰ डी॰ डिग्री प्रदान गर्‍यो। भारतबाहेक केही अन्य देशमा बाटाका नामहरूलाई तेन्जिङ रोड नाम दिइएका छन्। हेमेल हेम्पस्टेड र हर्ट फोर्डशायरमा तेन्जिङ रोड छन्। इंगल्याण्डमा अनेक बाटाहरूलाई हण्ट, हिल्लेरी, विली र ग्रेगोरीको नामसित तेन्जिङको नाम पनि दिइएका छन्।

१९५५ मा तेन्जिङले जेम्स रामसे अलम्यानको सहयोगमा आत्म कथा लेखे जसलाई "TIGER OF THE SNOWS" नाम दिइएको थियो। अर्को संस्करणमा त्यो पुस्तकको नाम 'म्यान अव् एभरेष्ट तेन्जिङ नोर्गे शेर्पा' राखियो। एच॰ एम॰ आई॰ देखि अवकाश लिएपछि म्यालकम बार्न्ससित मिलेर उनले अर्को आत्म कथा **'AFTER EVEREST'** प्रकाशित गरे।

तेन्जिङका सुझाउमा १५ मई १९८५ का दिन हिमालयन माउण्टेनियरिङ एण्ड टुरिज्म' दार्जीलिङमा आयोजित भयो। यो कार्यक्रमको अध्यक्षता नेपालमा भारतीय राजदूत एच॰ सी॰ सरिनले गर्नुपर्थ्यो तर उनको अस्वस्थताको कारण कार्यक्रमको अध्यक्षता एम॰ एस॰ कोहलीले गरे। कार्यक्रममा सर एडमण्ड हिल्लेरीबाहेक अनेक विश्वप्रसिद्ध पर्वतारोहीहरूको उपस्थिति थियो।

त्यो कार्यक्रमपछि तेन्जिङ बेला बेलामा बिमार भइरहन्थे। उनलाई दिल्लीको अल इण्डिया इन्स्टिट्यूट अव् मेडिकल साइन्सेसमा भर्ना गरियो। भारतका प्रधान

राष्ट्रिय मुक्ति मोर्चाले डाकेको '७२ घण्टा गोर्खाल्याण्ड बन्द' शुरू भएको थियो। १२ देखि १४ मईको बन्दको अवधिभरि तेञ्जिङ नोर्गेको दाह संस्कारमा भाग लिने आफन्त र मलामीलाई आवागमनको छूट दिइएको थियो तर गाड़ी चल्न दिइएन। यसकारण हिल्लेरी दम्पति, नर्बु, जामलिङ र दिकी आर्मी जीपको कनभोइमा दार्जीलिङ पुगे। सिलिगड़ी आइपुगेका नेपालका आफन्त र मलामीहरूलाई दार्जीलिङको यात्रा गर्ने अनुमति दिइएन।

१४ मई दाह–संस्कारको लागि धर्मगुरूहरूद्वारा निश्चित गरिएको थियो। परिवारका सदस्यहरूले घाङ–लाको कोठेबारीमा नै दाह–संस्कार गर्ने निर्णय गरेका थिए तर तेञ्जिङ नोर्गे शेर्पाजस्ता विश्वविख्यात कथापुरूषको मलामीको संख्याको अनुमान लाएपछि दाह संस्कार एच॰ एम॰ आई॰ परिसरमा गर्ने अन्तिम निर्णय लिइयो।

तीनजना छोरा र तीनजना भानिजले अर्थी फूलहरूले सजिएको एउटा सैनिक गाड़ीमा हाले। खदा र सयपत्रीले सजिएको त्यो कारले बौद्ध नियमअनुसार शवयात्राको अगुवाइ गऱ्यो। शवयात्रा अघि बढ़िरहेको बेला शहरका बाटाका दुइतिर उभिएका शोकाकुल जनताले शवमाथि फूल र खदा छरेर सगरमाथा पुत्रलाई श्रद्धाञ्जलि अर्पण गरे। जनताको अतिरिक्त सन्त जोसेफ कालेजलगायत अनेक कालेज र हाई स्कूलका विद्यार्थीहरू बाटाका दुइतिर लाम लागेका थिए। परम पावन चट्रल रिम्पोछे र उनका लामाहरू, दार्जीलिङका सबै महान धर्मगुरू, सर एडमण्ड हिल्लेरी, लेडी जून हिल्लेरी, भारतस्थित इंगल्याण्डका राजदूत, पश्चिम बंगालका मुख्य मन्त्रीसित उनका वरिष्ठ मन्त्रीगण, र ख्यातिप्राप्त व्यक्तिहरू मलामी भएको शवयात्रा दार्जीलिङका जनताले प्रथमपल्ट देख्न पाएको थियो। एच॰ एम॰ आई॰ पुग्दा शवयात्रीहरूको ताँती प्रायः डेढ़ किलोमिटरको थियो।

शेर्पा कफी हाउसको छेउमा दाह–संस्कार सम्पन्न भयो। लामाहरूले मन्त्रोच्चारण आरम्भ गरेका केही छिनपछि एच॰ एम॰ आई॰ को सोझो माथि आकाशमा कालो बादलको झुण्ड देखा पऱ्यो र सिमसिम पानी वर्षन थाल्यो। लामाहरूले मन्त्रोच्चारण रोके। अचानक एक मिनटसम्म मुसलधारे पानी पऱ्यो।

पानी रहेपछि लामाहरूले मन्त्रोच्चारण शुरू गरे। सैनिकहरूले एक्काइस बन्दूकको सलामी दिएपछि तीन छोरा र भानिज लोब्जाङले चार दिशादेखि सगरमाथा पुत्र तेञ्जिङ नोर्गे शेर्पाको पार्थिव शरीरलाई अग्निको आहुति दिए।

# अन्तिम यात्रा



दिल्लीदेखि फर्केपछि उनी घरमै बसे। ट्रेकिङ र टुरको धन्धा दाकुले सम्हाल्थिन्। उनका निजी सचिव किशोर कुमार देवानले उनीहरूका व्यापारको हिसाब किताब राख्थे अनि पत्राचारमा सहयोग गर्थे। अप्रेल १९८६ मा उनी उपचारको लागि स्वीजरल्याण्ड गए। विशेषज्ञहरूले उनलाई पूर्ण स्वस्थ घोषित गरेपछि उनी घर फर्के। ९ मई १९८६ को बिहानै उनी शौचालयदेखि फर्केपछि उनी अचानक शिकस्त बिमारी भए। घरमा पत्नी दाकु, कान्छा छोरा धामे र नोकरहरू थिए। डाक्टरकहाँ उपचारार्थ लैजाने व्यवस्था हुँदै गर्दा नै उनको प्राणपखेरू उड्यो। उनको भानिज फिओले जेठा छोरा नर्बुलाई हेम्पशायरमा फोन गरे। नर्बुले तुरन्तै भाइ जामलिङलाई विसकनसिनमा र बहिनी दिकीलाई मिचिग्यानमा दुःखद समाचार सुनाए।

बहत्तर वर्षको उमेरमा ब्रेन ह्यमरेजको कारण स्वर्गारोहण भएका बाबुका अन्तिम दर्शन गर्न नर्बु, जामलिङ र दिकी न्यूयोर्कमा भेला भए। दुइजना दाज्यू र एकजना बहिनी रूँदै न्यूयोर्कदेखि दिल्ली भएर बाघडोग्रामा उत्रे। उनीहरूसित दिल्लीदेखि दिल्लीमा न्यूजील्याण्डका राजदूत सर एडमण्ड हिल्लेरी र उनकी पत्नी लेडी जून हिल्लेरी आएका थिए। जुन दिन उनीहरू बाघडोग्रा आइपुगे, त्यही दिनदेखि गोर्खा

# तेन्जिङ नोर्गे शेर्पाले भ्रमण गरेका एशियाली र पाश्चात्य देशहरूको सूची

| | | |
|---|---|---|
| १९५५ | इगल्याण्ड | व्यक्तिगत काममा |
| | फ्रान्स | लाओनेल टेरेको निमन्त्रणमा |
| | इटली | एकिली कमप्यागनोनीको निमन्त्रणमा |
| १९५७ | इटली | ऐजन<br>उनले चौबीसौं पोप जोनको दर्शन गरे |
| १९६३ | रसिया | उनलाई रसियाली पदक प्रदान गरियो। उनी लेनिनको समाधि हेर्न गए। उनले लेनिनग्राडमा वार्ता पेश गरे। तासकन्दमा उनलाई लेनिन पदक प्रदान गरियो। |
| | सिक्किम | छोग्याल थोण्डुप नामग्याल र होप कूकको विवाह |
| | अष्ट्रेलिया | अष्ट्रेलियन एडल्ट एडुकेशन बोर्डको निमन्त्रणमा सिडनी र मेलबोर्नका केही कलेज र क्लबमा एभरेष्ट आरोहणबारे वक्तव्य दिए। |
| | क्वालालम्पुर | तुंकु अब्दुल रहमानलाई एउटा तिब्बती शंख उपहार चढ़ाए औ सट्टामा एउटा मलेशियायी तलवार पाए। सिंगापुरमा गोर्खा रेजिमेण्टका ब्यारेक परिदर्शन गरे। |
| १९६४ | स्वीजरल्याण्ड | एभरेष्ट आरोहणको दशौं वार्षिक उत्सवमा |
| | लण्डन | ,, |
| | न्यूयोर्क | वर्ल्ड टी फेयरमा दार्जीलिङ चियाको प्रचारमा। उनले संयुक्त राष्ट्र संघका महासचिव ऊ थाण्टसित दर्शन भेट गरे। |
| १९६५ | अष्ट्रिया | फ्रिज मोराविकलाई भेट्न। |
| | जर्मनी | जर्मन पर्वतारोही पाल बावेरलाई भेट्न |
| १९६८ | नर्वे | ब्यांकक–कोपेनहेगेन हवाई मार्गको उदघाटनमा उपस्थित हुन |

यसरी शेष भयो एउटा महान कथापुरूषको युग जसले एभरेष्ट आरोहणको अठचालीस घण्टाभित्र सारा संसारलाई शेर्पा जातिको परिचय दिएका थिए।

अप्रेल १९९७ मा एच॰ एम॰ आई॰ परिसरमा शेर्पा कफी हाउसको छेउमा तेन्जिङ नोर्गे शेर्पाको बीस फीट अग्लो मूर्ति सर एडमण्ड हिल्लेरीले अनावरण गरे। मूर्ति अनावरण हुनसाथ प्रायः सबै दर्शकको आँखामा आँसु थियो। त्यो भावुकतापूर्ण र हृदयस्पर्शी दृश्य अविस्माणीय छ।

हामीलाई तेन्जिङ नोर्गे शेर्पाको सदा स्मरण गराउनलाई हिमालयन माउण्टेनियरिङ इन्स्टिट्यूट र तेन्जिङ नोर्गे बस टर्मिनसबाहेक तेन्जिङ रक, तेन्जिङ नोर्गे एडभेञ्चर्स र अनेक तेन्जिङ नोर्गे रोड छन्।



*नाम्चेमा तेन्जिङको स्मारक*

# पर्वतारोहण र शेर्पा



Tenzing Norgay Sherpa



Ngawang Gombu Sherpa



Sangay Furi Sherpa



Pasang Phuttar Sherpa



Wangchuk Sherpa

हिमाली क्षेत्रमा सर्वेक्षण, ट्रेकिङ, र अभियानजस्ता साहसिक कामका निम्ति १९०७ देखि दार्जीलिङ प्रारम्भिक विन्दु भएको थियो। विभिन्न हिमाली अभियानको निम्ति तिब्बत प्रवेश गर्नलाई दार्जीलिङ ठीक जग्गा प्रमाणित भयो। हिमाली अभियानहरूलाई दार्जीलिङले आकर्षित गरेको मुख्य कारण थियो शेर्पाहरूको उपस्थिति। नर्वेका रूबेनसन र मोनराड आसले १९०७ मा सिक्किमको काब्रु अभियानमा दार्जीलिङका केही शेर्पाहरूलाई भरियाको रूपमा लगे। उनीहरू २४,०१५ फीट काब्रु चढ्नमा असफल भए तापनि उनीहरूले शेर्पाहरूका तत्परता र साहसको प्रशंसा गरे। १९०९ मा अंग्रेज उद्भिद शास्त्री डा° ए° एम° केल्लास दार्जीलिङ आए। मानव स्वास्थ्यमाथि पहाड़ी जलवायुको प्रभावबारे शोधकार्य गर्ने ध्येयले उनी दार्जीलिङ आएका थिए। उनले सिक्किम हिमालयको सर्वेक्षणको लागि केही शेंर्पा भरियाहरू नियुक्त गरे। प्रथम अभियान सफल भएपछि डा° केल्लासले शेर्पाहरूबारे मन्तव्य व्यक्त गरे:

*उनीहरूको व्यवहार असल छ। अन्तसम्म हामीले मिलेर काम गर्‍यौं। उनीहरू साँच्चै नै अति उत्तम मानिस हुन्। विभिन्न सम्प्रदायका भरियाहरूमा शेर्पा सबभन्दा*

| | | |
|---|---|---|
| | बर्मा | बर्मिज माउण्टेनियरिङ इन्स्टिट्यूटका कर्णेल वाङको निमन्त्रणमा |
| १९६९ | जर्म्याट | लेडिज अल्पाइन क्लबको निमन्त्रणमा |
| १९७० | भोटाङ | भोटाङ नेरश जिग्मी दोर्जी वाङचुकले उनको परिवारलाई चियामा निम्त्याए। उनीहरू ताकछाङ गुम्बा र पुनाखा जोङ गए। |
| १९७१ | जापान | जापनिज अल्पाइन क्लबका निमन्त्रणमा |
| १९७२ | न्यूयोर्क | ल्यूट जेर्सटाडको निमन्त्रणमा। उनले अनेक समारोहमा एभरेष्ट र एच॰ एम॰ आई॰ बारे वक्तव्य दिए। |
| | न्यूजील्याण्ड | सर एडमण्ड हिल्लेरीको निमन्त्रणमा। हिल्लेरीले तेञ्जिङको सहयोग लिएर सोलुखुम्बुमा स्कूल, अस्पताल, हवाई अड्डा र बाटो बनाउनलाई चन्दा संग्रह गरे। |
| | स्वीजरल्याण्ड | १९५२ को एभरेष्ट अभियानको वार्षिक उत्सवमा उपस्थित हुन। |
| १९७३ | इंगल्याण्ड | लर्ड जोन हण्टको निमन्त्रणमा एभरेष्ट आरोहणको बीसौं वार्षिक उत्सव मनाउन। दाकुसित त्यहाँ निकै दिन बस्दा उनले म्यालकम बर्न्ससित 'आफ्टर एभरेष्ट' पुस्तकबारे विस्तृत चर्चा गर्ने मौका पाए। |
| १९७६ | जापान<br>मनिला<br>हङकङ | एयर इण्डियाको पक्षमा<br>दार्जीलिङको प्रचार गर्न। |



Kushang Sherpa    Pasang Tenzing Sharpa    Tashi Tenzing    Pemba Chuti Sharpa

प्रथम माउण्ट एभरेष्ट अभियान १९२२ मा भयो। ब्रिटिश पर्वतारोही र शेर्पाहरूले ग्लेशियर, नर्थ कोल र त्यहाँदेखि केहीमाथि एक–एकवटा क्याम्प खड़ा गरे तर २७,००० फीटदेखि केहीमाथि चढ़ेपछि हिमस्खलनले सातजना शेर्पाको प्राण लियो। एभरेष्ट अभियानमा भएको यो पहिलो र सबभन्दा दर्दनाक घटना थियो। ती सात अभागी शेर्पाहरू थिए लाकपा, नर्बु, पासङ, पेमा, सांगे, दोर्जे र रेम्बा।

१९२४ को एभरेष्ट अभियानमा मेल्लोरी र एण्ड्रु इर्विनको मृत्यु भयो। लाकपा छेदी, नर्बु हिसे र सेमछुम्बी शेर्पा २६,८०० फीटसम्म पुगेर फर्के। कर्णेल ई० एफ० नोर्टनले २८,००० फीटको उँचाइ पार गरे तर त्यहाँदेखि उँभो जान सकेनन्। तीन दिनसम्म हिम–आँधीमा फँसेका चारजना शेर्पाहरूलाई बेहोशीको अवस्थामा मुक्त गरिए।

१९३० र १९३१ को जर्मनीद्वारा आयोजित कञ्चनजंगा अभियानमा शेर्पाहरूको सहभागिता थियो। दुवै अभियानमा शेर्पाहरूले प्राण गुमाए। १९३० मा हिम स्खलनले छितेन शेर्पाको प्राण लियो भने १९३१ को अभियानमा हिउँको ठूलो ढिस्को लागेर पासङ शेर्पाले सन्तुलन हरायो र निकै उँचाइदेखि लड़ेर प्राण गुमायो।

१९३४ मा जर्मनीद्वारा आयोजित नंगा पर्वत अभियान शेर्पाहरूको जीवनको आवर्त्त विन्दु थियो। विल्ली मर्किलको नायकत्वमा त्यो अभियानमा आठजना जर्मन र अष्ट्रियाली पर्वतारोहीसित तीसजना शेर्पा भरिया थिए। यो अभियानमा तीनजना साहेबबाहेक छःजना शेर्पाहरूको हिम आँधीमा मृत्यु भयो। विल्ली मर्किलको प्राण बचाउने प्रयासमा आफ्नै प्राणको आहुति दिने ग्याली शेर्पाको नाम पर्वतारोहणको इतिहासमा अमर रहनेछ।

त्यसभन्दा एक वर्षअघिको एभरेष्ट अभियानमा सातजना शेर्पा भरियाले सबभन्दा उँचाइमा छैटौं क्याम्प खड़ा गरेर अंग्रेजहरूबाट 'टाइगर' को उपाधि प्राप्त गरे। ती शेर्पाहरू थिए आङ थार्के (सरदार), पासङ, रिञ्जिङ, ओलो, दावा, छिरिङ र कीपा। त्यही अभियानमा भरिया हुन चाहने एक उम्मेदवार थिए तेञ्जिङ नोर्गे शेर्पा तर उनमा पर्वतारोहणको विगत अनुभव नभएको हुनाले उनको चयन भएन।



Jamling Tenzing Norgay



Dorjee Lhatoo



Ongda Gyalje Sherpa



Nima Norbu Sherpa



Nima Dorjee Sherpa

*असल छन्। उनीहरू बलिष्ठ छन्। उनीहरूसित राम्ररी व्यवहार गरियो भने उनीहरूबाट पनि त्यस्तै व्यवहारको अपेक्षा गर्न सकिन्छ। बौद्ध भएको नाताले कुनै खाद्यवस्तु उनीहरूको लागि वर्जित छैन। उच्च पहाड़मा यो कुरा उनीहरूको लागि लाभदायक छ।*

प्रथम विश्वयुद्ध समाप्त नभइञ्जेल डा॰ केल्लास दार्जीलिङ आइरहे औ प्रत्येक सिक्किम हिमाली अभियानमा उनले शेर्पाहरूको सहयोग लिए। उनको शोधकार्यको फलस्वरूप पर्वत अभियानहरूमा अतिरिक्त अक्सिजन प्रयोग गर्ने प्रचलन शुरू भयो। पर्वत अभियानमा शेर्पाभन्दा योग्य भरिया अरू कोही छैन भन्ने उनको सिफारिशमा भावी पर्वत अभियानका नायकहरूले शेर्पाहरूलाई छान्ने गरेका थिए। शेर्पाहरू २७,००० फीटको उँचाइसम्म भारीसित सहजै पुग्न सक्थे।

१९२१ मा डा॰ केल्लासको नायकत्वमा माउण्ट एभरेष्टको सर्वेक्षण भयो। सर्वेक्षण चलिरहेको बेला हृदयगति बन्द भएर डा॰ केल्लासको मृत्यु भयो। एउटा भरियाको पनि मृत्यु भयो। 'एभरेष्ट: ए माउण्टेनियरिङ हिस्ट्री'मा वाल्ट अन्सवर्थले मर्ने भरियाको जातिको उल्लेख गरेका छैनन्। जर्ज लिफ र मेल्लोरीको नायकत्वमा रोङबुक गुम्बादेखि शुरू भएको यात्रामा डा॰ केल्लासले सिफारिश गरेका भरियाहरू थिए भने त्यति बेला मरेको भरिया सम्भवत: शेर्पा थिए।

भरिया होइन, एउटा मूल्यवान मित्र गुमायौं। जोखिमको काम गर्नमा अद्वितीय व्यक्ति र साँचो पर्वतप्रेमीको यसरी अन्त भयो।''

१९५१ मा हिमालयन क्लबकी सचिव श्रीमती जे॰ सी॰ हेण्डरसन भएपछि उनले शेर्पा पर्वतारोही र भरियाहरूको हितको लागि रूचि लिन थालिन्। १९५३ को एभरेष्ट अभियानमा शेर्पाहरूको मृत्यु वा शिकस्त घाइते भएको खण्डमा ब्रिटिश अभियान दलले पूर्ण क्षतिपूर्ति दिनुपर्नेछ भनी ब्रिटिश अभियान दलसित पत्राचार र बहस गर्ने उनी प्रथम व्यक्ति थिइन्। यो काममा उनका सहयोगी थिए रवीन्द्रनाथ मित्र।

टाइगर ब्याजको प्रचलन भएपछि शेर्पा सरदार र भरियाहरूले प्रत्येक अभियानमा अझ अधिक दक्षता, ईमानदारी र साहस देखाउन थाले। १९३३ को एभरेष्ट अभियानमा २७,४०० फीट (क्याम्प छ) सम्म पुग्ने आठजना शेर्पाहरू 'टाइगर' घोषित भए। ती थिए आङ थार्के, दा छिरिङ, निमा दोर्जे, आङ छिरिङ, किपा लामा,पासङ रिञ्जिङ र छिरिङ थार्के। तर टाइगर ब्याजलाई १९३८ देखि मात्र औपचारिक मान्यता दिइयो। बिल टिलम्यानको सातौं एभरेष्ट अभियानमा क्याम्प छ (२७,०००) सम्म पुग्ने छः जना शेर्पा टाइगर घोषित भए। तेञ्जिङ नोर्गे शेर्पा तीमध्ये एक थिए। उनी अन्य पदकहरूभन्दा टाइगर पदकलाई अधिक मूल्यवान् ठान्थे। अन्य शेर्पाहरूको लागि पर्वतारोहणमा टाइगर ब्याज सर्वोत्तम पुरस्कार हो।

प्रथम समूह वा पींढ़ीका विख्यात शेर्पा पर्वतारोहीहरूको नाम पर्वतारोहण साहित्यका विद्वानहरूले वरीयताअनुसार यसरी राखेका छन्–

(क) तेञ्जिङ नोर्गे शेर्पा
(ख) आङ थार्के
(ग) आङ छिरिङ
(घ) पासङ दावा लामा
(ङ) नावाङ गोम्बु
(च) थोण्डुप
(छ) ग्याल्छेन मिकचेन
(ज) पासङ फुत्तर
(झ) आङ तेम्बा
(ञ) नावाङ तोपगे
(ट) एन॰ डी॰ शेर्पा
(ठ) दोर्जी ल्हाटु

आजसम्म तेञ्जिङ नोर्गेको परिवारबाट मात्र कमसे कम बाह्रजना एभरेष्टको

चोटीमा पुग्न सफल भएका छन्। नावाङ गोम्बु र नावाङ तोपगे–तेन्जिङ नोर्गेका भानिज हुन्। दोर्जी ल्हाटु तेन्जिङ नोर्गेकी भाञ्जी सोनाम डोमाका पति हुन्। तेन्जिङ नोर्गेका अर्को भानिज लोबजाङ छिरिङ भोटिया १० मई १९९३ का दिन एभरेष्टको चोटीमा पुगे तर लगत्तै त्यही वर्षको अर्को एभरेष्ट अभियानमा उनको दर्दनाक मृत्यु भयो। तेन्जिङ नोर्गेका माहिला छोरा जामलिङ तेन्जिङ नोर्गेले पनि १९९६ मा एभरेष्ट आरोहण गरेर बाबुको कीर्तिलाई अझ देदीप्यमान बनाउने काम गरे। न्यूयोर्कस्थित नर्थल्याण्ड कालेजबाट स्नातक बनेका जामलिङ तेन्जिङ नोर्गे हाल दार्जीलिङमा तेन्जिङ एडभेञ्चर्सका सञ्चालक हुन्। दक्षिण–पूर्व मार्गदेखि २३ मई १९९७ का दिन एभरेष्टको शिखरमा पुग्ने टासी वाङचुक तेन्जिङ दिल्ली विश्वविद्यालयका स्नातक हुन्। अष्ट्रेलियाकी जूडी पिनसित बिहे गरेपछि उनी सिडनीमा बस्न थालेका छन्। पत्नी जूडीसित मिलेर आफ्ना बाज्ये तेन्जिङ नोर्गे शेर्पाको नाममा स्थापित 'Tenzing's Himalayan Travel Centre' को सञ्चालनमा उनी व्यस्त रहन्छन्। टासी वाङचुककी आमा हुन् तेन्जिङ नोर्गेकी जेठी छोरी पेमपेम। नावाङ गोम्बुकी छोरी रीता गोम्बु मार्वाह काब्रु डोम (२१,६५३फीट) र माना (२३,८५३फीट) चढ्न सफल भइन्। १९४८ को भारतीय एभरेष्ट अभियानमा उनी २८,४२८फीटसम्म पुगेर मौसमको खराबीले गर्दा फर्कन वाध्य भइन्। नौ वर्षपछि उनी प्रथम भारत–नेपाल महिला एभरेष्ट अभियानकी सह नायिका भइन् तर शिखरसम्म पुग्ने उनको इच्छा थिएन। छःजना महिला एभरेष्टको शिखरसम्म पुग्न सफल भए। रीता भन्छिन्, "तेन्जिङ नोर्गेका सन्तान अहिले जुन अवस्थामा छन्, त्यसको श्रेय उनीहरू एभरेष्टलाई दिन्छन्। तेन्जिङले एभरेष्ट नचढेको भए हामी साधारण पहाड्वासी भएर जीवन निर्वाह गरिरहेका हुने थियौं।"

बीसौं शताब्दीको अन्तदेखि एकाइसौं शताब्दीको प्रथम तीन वर्षसम्म शेर्पा पर्वतारोहीहरूले पर्वतारोहणमा नयाँ कीर्तिमान बनाए। ती यशस्वी शेर्पाहरूका नाम सबैको जानकारीको लागि यहाँ दिने काम गरिन्छः

१. सोलु खुम्बुको यारालुङ गाउँका आङ रीता एभरेष्टमा दशपल्ट चढ्ने प्रथम व्यक्ति हुन्। उनका दुइ छोराले पनि एभरेष्ट चढिसकेका छन्।
२. थामे गाउँका आपा शेर्पाले २४ मई २००२ मा एभरेष्ट एघारौंपल्ट चढेर आङ रीताको कीर्तिमान तोडे। उनले तेह्रौंपल्ट एभरेष्ट चढेर आफ्नो कीर्तिमान तोडेको समाचार २१ जनवरी २००३ को 'The Asian Age' मा प्रकाशित भएको थियो।
३. १७ अक्टोबर १९९८ का दिन चौथोपल्ट लगातार एभरेष्ट चढ्ने सोलुखुम्बुका काजी शेर्पालाई बेस क्याम्पदेखि शिखर पुग्न २० घण्टा २४

मिनट लागेको थियो। फ्रान्सेली पर्वतारोही मार्क बटार्ड २२ घण्टा २९ मिनटमा बेस क्याम्पदेखि एभरेष्टको शिखर पुगेका थिए। यसरी मार्क बटार्डको कीर्तिमान तोड़ेर काजी शेर्पा आफ्नो नाम 'गिनिज बूक अव् वर्ल्ड रेकर्ड्स' मा दर्ता गराउने पहिलो शेर्पा थिए।

४. काजी शेर्पाको कीर्तिमान तोड़ने अर्को यशस्वी शेर्पा भए बाबु छिरी। नौपल्ट एभरेष्टको शिखरमा पुगेर कीर्तिलब्ध भइसकेका बाबु छिरी २१ मई २००० को बिहान ९:५६ बजे एभरेष्टको शिखरमा पुगेर दशौं पल्ट एभरेष्ट चढ्ने तेस्रो शेर्पा भए। बेस क्याम्पदेखि साँझ पाँच बजे हिंड़ेको बाबु छिरी (३४वर्षको) १६ घण्टा ५६ मिनटमा शिखरमा पुगे औ त्यहाँ २१ घण्टा बसेर नयाँ कीर्तिमान बनाउने बाबु छिरीको नाम पनि 'गिनिज बूक अव् वर्ल्ड रेकर्डस' मा दर्ता भएको छ। बाबु छिरी आफ्नो गाउँ टाकसेन्दुमा एउटा स्कूल बनाउन चाहन्थे तर अभाग्यवश २००१ को एभरेष्ट अभियानमा एभरेष्टछेउको एउटा हिम दरारमा खसेर उनको मृत्यु हुनाले उनको योजना पूरा हुन सकेन।

५. काठमाडौंस्थित सिद्धार्थ वनस्थली हाई स्कूलको नवौं श्रेणीका सोह्र वर्षीय छात्र तेम्बा छिरी शेर्पा २३ मई २००१ का दिन एभरेष्टको शिखरमा पुग्ने विश्वका सबभन्दा कम उमेरका पर्वतारोही भए। २००० को एभरेष्ट अभियानमा उनी बाबु छिरीको दलमा थिए। पन्ध्र वर्षीय तेम्बा छिरी शेर्पा बाबु छिरी, उनका दाज्यू र पाँचपल्ट एभरेष्ट चढ़िसकेका दावा शेर्पासित ८,७५० मिटरसम्म पुगे तर मौसम साह्रै बिग्रेको हुनाले उनी फर्कन विवश भए जबकि बाबु छिरी र साथीहरूले चढ़ाइ जारी राखे औ चोटीमा पुगे। २००० को एभरेष्ट अभियानमा असाध्य जाड़ोको कारण हुने 'चिलब्लेन' रोगले गर्दा उनले दाहिने हातका तीन र देब्रे हातका दुइ औंला गुमाएका थिए। उनले बूढ़ी औंला र कान्छी औंलालें लेख्ने अभ्यास गरे, विज्ञान प्रयोगशालामा शेष पाँच औंलाले काम गरेर सबैलाई चकित पारे अनि अब्बल अंक प्राप्त गरेर वार्षिक परीक्षामा उत्तीर्ण भए।

पाँच फीट पाँच इञ्च अग्लो तेम्बा छिरी शेर्पालाई एभरेष्ट आरोहणपछि नेपाल सरकारले एक लाख रूपियाँको नगद पुरस्कार दियो। अचेल काठमाड़ौंका अनेक खेलकूद र सांस्कृतिक कार्यक्रममा उनलाई प्रमुख अतिथिको निमन्त्रण आउँछन्। अल्जेरियाको यूथ फेस्टिवलमा उनी नेपालको प्रतिनिधि भएर गए। अनवरत प्रयास, आँट र लगनशीलता छ भने मानिसले गर्न नसक्ने काम केही छैन भन्ने शिक्षा तेम्बा छिरी शेर्पाको जीवनीबाट पाइन्छ।

तीन विभिन्न मार्ग–नर्थ कोल, साउथ कोल र इष्टर्न काङसुङ फेशबाट

एभरेष्ट आरोहण गर्ने इण्डो–टिबेटन बोर्डर पुलिसका सव–इन्सपेक्टर सांगे र एच॰ एम॰ आई॰का प्रशिक्षक कुसाङको नाम पनि नयाँ कीर्तिमान बनाउने पर्वतारोहीहरूको सूचीमा समाविष्ट छ।

नयाँ कीर्तिमान बनाउने दिशामा शेर्पा महिलाहरू पनि पछि छैनन्। १९ वर्षीया दिकी डोल्मा एभरेष्ट चढ्ने विश्वकी सबभन्दा कम उमेरकी महिला भइन्।

पर्वतारोहणको अर्को चाखलाग्दो कीर्तिमान बनाउने शेर्पा दम्पति हुन् लाकपा नर्बु र उनकी पत्नी निमी शेर्पा जो एकसाथ साउथ सम्मिट पुगे।

पर्वतारोहणमा शेर्पा महिलाको भूमिकाको कुरा गर्नुपर्दा तेन्जिङका दुइ छोरी पेमपेम र निमा औ भाञ्जी डोमाको उल्लेख नगरी हुँदैन। १९५९ मा आयोजित अन्तरराष्ट्रिय महिला अभियान दलको चो ओयु अभियानमा उनीहरू सहभागी थिए। पर्वतारोहणमा अंश ग्रहण गर्ने उनीहरू सम्भवत:प्रथम शेर्पा महिला थिए। जुलाई १९५९ मा चो ओयु अभियानको व्यवस्था मिलाउनलाई क्लाउड कोग्यान नामक सानो डालकी, सुन्दरी र बलिष्ठ फ्रान्सेली महिला आफ्नो दलबलसित काठमाड़ौं पुगे। उनलाई पर्वतारोहणको प्रशस्त अनुभव थियो। पाँच वर्षअघि रेमण्ड ल्याम्बर्टसित गरिएको उनको चो ओयु अभियान असफल भएको हुनाले उनी दोस्रो चोटि चो ओयु अभियानमा आएकी थिइन्। म्याडम कोग्यानसित थिए उनकी सह नायिका काउण्टेस ग्राविना, दुइ ब्रिटिश महिला, तीन फ्रान्सेली महिला, एक स्वीस महिला र एक बेल्जियमकी महिला। सरदारको रूपमा थिए वाङदी र सहायकको रूपमा शेर्पाहरू। म्याडम कोग्यानले तेन्जिङ नोर्गेलाई उनका दुइ छोरी र भाञ्जी पनि अभियानमा सम्मिलित गराउने सुझाउ दिइन्।

मौसमको खराबीले गर्दा पेमपमेम र निमा २२,००० फीटसम्म पुगेर फर्के। त्यो अभियान असफल भयो।

नेपाल माउण्टेनियरिङ एशोसिएशनको स्थापना भएपछि १९७६ मा दुइजना शेर्पा महिला पर्वतारोहणमा प्रशिक्षित भए। १९६९ मा जुम्बेसीकी आङ निमी शेर्पाले आमा डाब्लाम आरोहण गरेर प्रथम शेर्पा महिला पर्वतारोही भइन्। त्यसपछि उनी १९८४ मा नुप्छे (२५,७९७फीट) र १९८६ मा माउण्ट मकालु चढ्न सफल भइन्। पर्वतारोहणको क्षेत्रमा निमी शेर्पासित प्रतिस्पर्धा गर्न अर्की शेर्पा महिला थिइन् पासाङ ल्हामू। १९८६ मा उनी पिसाङ पिक र याला पिक चढिन् अनि १९९० मा फ्रान्सको माउण्ट ब्लांक चढ्न सफल भइन्। १९९१ मा फ्रेञ्च वुमन एभरेष्ट एक्सपेडिशनकी सदस्या भएर उनी २६,२४० फीटसम्म पुगिन्। उनी एभरेष्टको शिखर पुग्न चाहन्थिन् तर अक्सिजनको अभावले गर्दा फ्रान्सेली दलनायकले उनलाई अनुमति दिएनन्।

पासाङ ल्हामूले नेपाल वुमन एक्सपेडिशन गठन गरिन् अनि आफ्ना पति लाकपा सोनामसहित पाँचजना युवा शेर्पा पर्वतारोही लिएर एभरेष्ट अभियानमा हिँड़िन्। २३ अप्रेल १९९३ को बिहान २: १५ बजे पासाङ ल्हामू र चारजना शेर्पा एभरेष्टको चोटीमा पुगे। उनका पति त्यो दलमा सामेल थिएनन्। अभाग्यवश फर्कँदा पासाङ ल्हामू र सोनाम छिरिङको बाटैमा मृत्यु भयो। सोनाम छिरिङको मृत शरीर भेटिएन, एउटा रूकस्याक भेटियो। पासाङ ल्हामूको मृत शरीर एकाइस दिनपछि पाइयो। नेपाल नरेश वीरेन्द्र वीरविक्रम शाहले उनलाई मरणोपरान्त नेपाल तारा प्रदान गरे। काठमाडौँस्थित पासङ ल्हामू माउण्टेनियरिङ फाउण्डेशनले समस्त शेर्पा जाति र पर्वतारोहीहरूलाई सुन्दरी, स्वस्थ र साहसी पासङ ल्हामूको स्मरण गराइरहनेछ।

पासाङ ल्हामूदेखि प्रेरित भएर लाकपा शेर्पा र पेम्बा डोमा शेर्पा मई २००० मा एभरेष्ट चढ़न सफल भए। लाकपा शेर्पा २३ मई २००१ मा दोस्रोपल्ट एभरेष्ट चढ़न सफल भइन्। उनीहरू दुवैजना सुप्रबल गोर्खा दक्षिण बाहु पुरस्कारद्वारा सम्मानित भए।

अनेक शेर्पा पर्वतारोही पर्वतारोहणमा शेर्पा महिलाको सहभागिताका विरोधी छन्। उनीहरूको विश्वासअनुसार अभियानको सफलता पर्वतका देवहरूको अनुग्रहमाथि निर्भर गर्दछ। पर्वतमा कुनै महिलाको रजस्वला भयो भने पर्वत अपवित्र हुन्छ र पर्वतारोहीहरूमाथि ठूलो विपत्ति आइपर्दछ। १९७९ को धवलागिरि अभियानमा फ्रान्सेली दलनायकले आफ्नी प्रेमिका आफूसित लगेका थिए। त्यो महिलाको रजस्वलाको कारण उनीहरू निकै दिनसम्म पर्वतमा बसे। त्यसरी पर्वत अपवित्र भएको हुनाले एउटा शेर्पाको मृत्यु भयो औ स्वयं दलनायकले आफ्ना दुवै हात र दुवै खुट्टाका औंलाहरू हिमदाहको कारण गुमाए। अनेक शेर्पा सरदारहरूको भनाइ छ कि पर्वतारोहणमा महिलाको उपस्थिति पर्वतारोहीहरूबीच फूट र झगड़ाको कारण हो। अधिकांश शेर्पा सरदारहरू शेर्पा महिलालाई पर्वतारोहणमा लैजाने पक्षमा छैनन्।

शेर्पाहरूबारे प्रथम पुस्तक लेख्ने मानवशास्त्री क्रिस्टोफ भोन फ्यूरर–हैमेनडोर्फको मतअनुसार बौद्ध धर्मावलम्बी भएका हुनाले नै शेर्पाहरू स्पष्टवादी, मिलनसार, उदार र सहयोगी भएका हुन्। एम० एस० कोहली आफ्नो पुस्तक 'Sherpas-the Himalayan Legends' मा लेख्छन्– The Sherpas are devout Buddhists but, like other simple hill people, are superstitious. On the 1959 Nanda kot Expedition, Sherpa sirdar Ang Tshering refused to ascend the summit as he had dreamt that the Goddess Nanda Devi had forbidden him to do so.

त्यही पुस्तक मा कोहलीज्यू लेख्छन्– Education and their natural ability

help Sherpas compete in their changing society, to become leaders and not followers, executives and not peons

यो भनाइले के संकेत दिन्छ भने पर्वतारोहणको पर्यायवाची मानिएको शेर्पा जातिमा कुनै पनि क्षेत्रमा अरूहरूसित प्रतिस्पर्धा गर्न सक्ने स्वाभाविक गुण छ।

***(नोट– यो लेखमा भएका फोटोहरू दार्जीलिङका शेर्पा पर्वतारोहीहरूका हुन् जो विभिन्न समयमा सगरमाथाको आरोहणमा सफल भएका हुन्। ती शेर्पा पर्वतारोहीहरू हुन्– सर्वश्री तेन्जिङ नोर्गे शेर्पा, नावाङ गोम्बु शेर्पा, पासङ फुत्तर शेर्पा, जामलिङ तेन्जिङ नोर्गे, दोर्जी ल्हाटु शेर्पा, वाङचुक शेर्पा, निमा नर्बू शेर्पा, पेम्बा चुटी शेर्पा, निमा दोर्जे शेर्पा, सांगे फूरी शेर्पा, कुसाङ शेर्पा, टासी छिरिङ शेर्पा, ओङदा ग्याल्जे शेर्पा, पासङ तेन्जिङ शेर्पा)***

## सगरमाथा आरोहणमा नयाँ कीर्तिमान बनाउने र कीर्तिमान तोड्ने शेर्पा पर्वतारोहीहरू


आपा शेर्पा


आ ङ रीता


बाबु छिरी


काजी शेर्पा


लाकपा शेर्पा


पेम्बा डोमा शेर्पा


पासङ ल्हामू


तेम्बा छिरी

*(क) एभरेष्ट आरोहणमा सफलता प्राप्त गरेका विदेशी अभियानदलको सूची*

| | | |
|---|---|---|
| १. | अमेरिका नेपालबाट | २४.५.२००० |
| २. | रोमानिया तिब्बतबाट | २१.५.२००३ |
| ३. | क्यानाडा तिब्बतबाट | १५.५.२००७ |
| ४. | पोल्याण्ड नेपालबाट | २२.५.२००८ |
| ५. | पोल्याण्ड तिब्बतबाट | २१.५.२००९ |

*(ख) भारतीय पर्वतारोहीहरूद्वारा भारतमा अवस्थित पर्वतहरू आरोहण गरिएको सूची*

| | | |
|---|---|---|
| १. | बिर्कपान | २०.५.१९९९ |
| २. | इन्द्र सोन | ३०.८.२००४ |
| ३. | सिपलिङ | २७.८.२००५ |
| ४. | पावलीद्वार | २२.८.२००६ |
| ५. | कामेट | ३०.७.२००७ |
| ६. | थाली साँगर | १.९.२००९ |
| ७. | सातुपान | |
| ८. | नन्दा खाट | |
| ९. | खाङला तार्बु | |
| १०. | लाङसार खाङरी–चामसार खाङरी | |
| ११. | नन्द बानार | |

*(ग) क्यानाडा अभियान दलमा सम्मिलित श्री पासङ फुत्तर शेर्पाले १५.५.२००७ मा एभरेष्ट आरोहण गरे।*


सानोः सानुमारुहत्
HIMALAYAN MOUNTAINEERING INSTITUTE
DARJEELING